# आर्थिक वर्ष २०८१/८२ को बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन

नेपाल सरकार

अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं

२०८१ माघ

# आर्थिक वर्ष २०८१/८२ को बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन

(आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २३ को उपदफा (५) बमोजिम तयार पारिएको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन, २०८१)


नेपाल सरकार

अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं

२०८१ माघ

www.mof.gov.np

## मन्तव्य

चालु आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यान्वयनको अर्धबार्षिक प्रगतिको अवस्था, बजेट कार्यान्वयनका क्रममा देखा परेका समस्या, सुधारका प्रयासहरू, प्रदेश तथा स्थानीय तहमा वित्त हस्तान्तरणको स्थिति, आर्थिक वर्षको बाँकी अवधिमा गर्नुपर्ने सुधारका काम र संशोधित अनुमान लगायतका विषयहरू समावेश गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व कानूनमा भएको व्यवस्था बमोजिम यो मूल्याङ्कन प्रतिवेदन प्रकाशन गरिएको छ।

आर्थिक सुधारका कार्यक्रमको कार्यान्वयनमार्फत आर्थिक क्रियाकलापमा तिब्रता ल्याउने उद्देश्यसहित कार्यान्वयनमा रहेको चालु आर्थिक वर्षको बजेटको अर्धवार्षिक प्रगतिको अवस्था मिश्रित रहेको छ। छिमेकी मुलुकहरूको आर्थिक वृद्धिमा आएको सुस्तता, भू-राजनीतिक तनाव तथा अन्य अन्तर्राष्ट्रिय कारणले मूल्य श्रृंखला प्रभावित भएको, अपेक्षित रुपमा कर्जा विस्तार हुन नसेकेको, निर्माण क्षेत्रमा सुधार आउन नसकेको लगायतका कारणले आर्थिक वृद्धिको लक्ष्य हासिल गर्ने चुनौति देखिएको छ। यद्यपि, सरकारले अबलम्वन गरेका नीतिगत व्यवस्था तथा सुधारका प्रयासका साथै बाह्य क्षेत्रको सन्तुलन, तरलताको पर्याप्तता तथा न्यून ब्याजदरको सुविधाले आर्थिक गतिविधि विस्तार भई यस वर्षको आर्थिक वृद्धिदर लक्ष्यको नजिक हासिल हुने अपेक्षा गरिएको छ।

सार्वजनिक वित्त व्यवस्थापन प्रणालीमा निरन्तर सुधारको प्रयास एवम् अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप लेखाङ्कन तथा प्रतिवेदन प्रणाली कार्यान्वयनमा रहेकोले वित्त प्रणालीको पारदर्शिता र विश्वसनीयता बढेको छ। समीक्षा अवधिमा समग्र खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १७.६६ प्रतिशतले बढेको छ। यद्यपि, आर्थिक वृद्धिको परिचालकको रुपमा रहेको पुँजीगत खर्च आर्थिक वर्षको मध्यसम्म सुस्त रहने विगतको प्रवृत्तिमा उल्लेख्य सुधार हुन सकेको छैन। पूर्व तयारी सम्पन्न नभएका आयोजना बजेटमा समावेश गर्ने, वन क्षेत्रको उपयोगमा प्रक्रियागत जटिलताले स्वीकृति प्राप्त गर्न समय लाग्ने, खरिद कानूनमा रहेका जटिलता तथा अन्तर निकाय समन्वयमा कमी लगायतका कारणले लक्ष्य अनुरुप पुँजीगत खर्च गर्न सकिएको छैन।

पुँजीगत खर्च बढाउन संग्रहित समस्याहरूको प्रणालीगत समाधान खोज्नु आवश्यक छ। विकास सहायताको उपयोग क्षमता बढाउन आयोजना व्यवस्थापन क्षमता अभिवृद्धि तथा खरिद कानूनमा सुधार गरी थप स्पष्टता ल्याउनु पर्ने छ। बहुवर्षीय तथा अनिवार्य दायित्व बजेटमा समावेश गरेर बाँकी रहने स्रोत मात्र नयाँ आयोजनामा विनियोजन गर्ने, आयोजना बैंकको प्रभावकारी कार्यान्वयन गरी दोहोरोपना हटाई आयोजनहरूलाई अध्ययन गर्ने र कार्यान्वयन गर्ने गरी दुई समूहमा बर्गीकरण गरी व्यवस्थित गर्न आवश्यक भएको छ।

सार्वजनिक ऋण सुरक्षित तहमा भएपनि बढ्दो साँवा व्याज भुक्तानी खर्च, अन्तर सरकारी वित्त हस्तान्तरणको दायित्व व्यवस्थापन, बढ्दो सामाजिक सुरक्षा दायित्व, विपद् व्यवस्थापन मा हुने थप खर्च लगायतका कारण साधारण खर्च नियन्त्रण गरी पुँजीगत खर्चको लागि थप स्रोत जुटाउने कार्य चुनौतीपूर्ण बन्दै गएको छ। एकातर्फ विनियोजित पुँजीगत बजेट खर्च नहुने अवस्था छ भने अर्कोतर्फ बजेटमा अनिवार्य दायित्वको हिस्सा बढ्दै गएको, बहुवर्षीय दायित्व भुक्तानी तथा विपद्का कारण थप दायित्व सिर्जना भएकोले समग्र बजेट सन्तुलन कायम गर्न पनि चुनौती रहेको छ।

राजस्व परिचालनमा लिइएको क्रियाशीलताबाट गत वर्षको तुलनामा १२.७ प्रतिशतले वृद्धि भएतापनि महत्वकांक्षी लक्ष्य अनुमानले स्रोत व्यवस्थापनको दबाव कायमै छ। चुहावट नियन्त्रणमा नीतिगत, प्रणालीगत एवम् कानूनी सुधार, निकायगत समन्वय, सहकार्य एवम् सूचना आदान प्रदानलाई तिव्रता दिइएको छ। आर्थिक वर्षको अन्त्यसम्ममा सरकारले लिएका सुधारका प्रयासबाट राजस्व लक्ष्यको नजिक पुग्ने अपेक्षा गरिएको छ।

प्रस्तुत मूल्याङ्कन प्रतिवेदनमा चालू आर्थिक वर्षको बाँकी अवधिमा आर्थिक गतिविधि विस्तार भइ राजस्व सङ्कलनमा सकारात्मक प्रभाव पर्ने, आयोजना एवम् खर्च व्यवस्थापनमा सुधार आई आय-व्ययको समग्र प्रगति वार्षिक लक्ष्यको तुलनामा ९१ प्रतिशत प्रगति हासिल गर्ने गरी संशोधित अनुमान गरिएको छ।

अन्त्यमा, आर्थिक वर्षको बाँकी अवधिमा बजेट कार्यान्वयनमा तिब्रता ल्याउन सम्बन्धित सबैलाई आग्रह गर्दछु। साथै, यो प्रतिवेदन तयार गर्न आवश्यक विवरण उपलव्ध गराउने सबै निकाय तथा तयारीमा संलग्न हुने सबै कर्मचारीलाई धन्यवाद दिन चाहन्छु।

माघ, २०८१

विष्णुप्रसाद पौडेल
उपप्रधानमन्त्री एवम् अर्थमन्त्री

विषय सूची

| विषय | पाना नं. |
|---|---|


कार्यकारी सारांश १

**परिच्छेद - एक**

**समष्टिगत आर्थिक तथा वित्तीय स्थिति**

१.१ विश्व अर्थतन्त्रको परिदृश्य ९
१.२ राष्ट्रिय अर्थतन्त्र ९
१.२.१ उत्पादन क्षेत्र ९
१.२.२ मौद्रिक स्थिति १०
१.२.३ धितोपत्र ११
१.२.४ वाह्य क्षेत्र ११

**परिच्छेद - दुई**

**बजेट खर्च र स्रोत परिचालनको विश्लेषण**

२.१ समष्टिगत खर्च स्थिति विश्लेषण १४
२.१.१ आर्थिक वर्ष २०८१/८२ को पुस महिनासम्मको मन्त्रालयगत खर्च स्थिति १६
२.१.२ स्रोतगत खर्च विश्लेषण १६
२.१.३ विकास साझेदार अनुसार खर्चको स्थिति १७
२.१.४ कार्यगत खर्च स्थिति १८
२.१.५ बहुवर्षीय ठेक्का र स्रोत सहमति १८
२.१.६ सिर्जित दायित्वको अवस्था १९
२.१.७ खर्च व्यवस्थापनका लागि गरिएका महत्वपूर्ण कार्य २०
२.२ राजस्व परिचालन २१
२.२.१ राजस्व प्राप्तिको अनुमान २१
२.२.२ राजस्व प्राप्तिको अनुमानित संरचना २१
२.२.३ समीक्षा अवधिको राजस्व सङ्कलन अवस्था २१
२.२.४ राजस्व प्राप्तिको अनुमानका तुलनामा राजस्व सङ्कलन न्यून हुनाका प्रमुख कारण २३
२.२.५ राजस्व सङ्कलनको संरचनात्मक अवस्था २४
२.२.६ कर राजस्व सङ्कलनको शीर्षकगत तुलनात्मक विवरण २६
२.२.७ अन्य राजस्व ३०
२.२.८ करको दायरा विस्तार ३०
२.२.९ कर छुट तथा सहुलियत ३१
२.२.१० राजस्व परिचालनका सन्दर्भमा सम्पादन भएका प्रमुख कार्यहरू ३२
२.२.११ चालु आर्थिक वर्षको बाँकी अवधिमा सम्पादन गर्नुपर्ने प्रमुख कार्यहरू ३३
२.२.१२ चालु आर्थिक वर्ष २०८१/८२ को राजस्व सङ्कलनको संशोधित अनुमान ३४
२.२.१३ राजस्व सङ्कलनको संशोधित अनुमानका आधार ३५
२.३ आन्तरिक ऋण ३५
२.३.१ विगत पाँच वर्षको पुस मसान्तसम्म निष्काशित ऋणपत्रको विवरण ३६
२.४ अन्तर्राष्ट्रिय विकास सहायता परिचालन ३७
२.४.१ बजेटमा विकास सहायता परिचालनको लक्ष्य ३७
२.४.२ विकास सहायता प्रतिवद्धता ३८
२.४.३ विकास सहायता प्राप्तिको स्थिति ४०

२.४.४ विकास सहायताको सोधभर्ना स्थिति ४०
२.४.५ बजेटरी सहायताको अनुमान ४१
२.४.६ विकास सहायता परिचालनमा देखिएका समस्या र गर्नुपर्ने सुधार ४२

**परिच्छेद - तीन**

**राष्ट्रिय गौरवका आयोजनाको प्रगति अवस्था**

३.१ पृष्ठभूमि ४५
३.२ नीतिगत एवम् कानूनी व्यवस्था ४६
३.३ गत आर्थिक वर्षसम्मको प्रगतिको अवस्था ४७
३.४ राष्ट्रिय गौरवका आयोजनाको बजेट र प्रगति समीक्षा ४७
३.५ राष्ट्रिय गौरवका आयोजना व्यवस्थापनमा देखिएका चुनौतीहरू ५१
३.६ राष्ट्रिय गौरव तथा रुपान्तरणकारी आयोजनाहरूको कार्यान्वयनमा देखिएका समस्या र समाधानका उपायहरू ५१

**परिच्छेद - चार**

**मन्त्रालयगत उपलब्धी**

४.१ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ५५
४.२ अर्थ मन्त्रालय ५६
४.३ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ५७
४.४ कृषि तथा पशुपन्छी विकास मन्त्रालय ५९
४.५ भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय ६०
४.६ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय ६२
४.७ वन तथा वातावरण मन्त्रालय ६२
४.८ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ६४
४.९ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ६५
४.१० भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय ६६
४.११ शहरी विकास मन्त्रालय ६७
४.१२ ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय ६८
४.१३ सञ्चार तथा सूचना प्रविधि मन्त्रालय ७०
४.१४ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ७१
४.१५ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ७२
४.१६ खानेपानी तथा सरसफाई मन्त्रालय ७४
४.१७ महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय ७५
४.१८ युवा तथा खेलकुद मन्त्रालय ७६
४.१९ रक्षा मन्त्रालय ७७
४.२० गृह मन्त्रालय ७८
४.२१ कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय ७९
४.२२ परराष्ट्र मन्त्रालय ८०
४.२३ नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेटमा समावेश भएका कार्यक्रमको प्रगति स्थिति ८१

**परिच्छेद - पाँच**

**सार्वजनिक खर्च व्यवस्थापनमा भएका सुधारका प्रयास**

५.१ पृष्ठभूमि ८३
५.२ नीतिगत एवम् कानूनी सुधार ८३
५.३ प्रणालीगत सुधार ८३
५.४ कार्य पद्धतिगत सुधार ८५
५.५ अन्तरसरकारी वित्त हस्तान्तरणमा गरिएको सुधार ८६

५.६ प्रणालीको विकास र अन्तरआवद्धता (System Development and Integration) ८६
५.७ अन्य ८७

## परिच्छेद - छ
## खर्चको संशोधित अनुमान र पुनः प्राथमिकीकरण

६.१ समष्टिगत खर्च एवम् स्रोतको संशोधित अनुमान ८८
६.१.१ खर्चको संशोधित अनुमान ८८
६.१.२ खर्चको संशोधित अनुमानका आधार ९१
६.१.३ चालु खर्च अनुमान ९२
६.१.४ पुँजीगत खर्च अनुमान ९२
६.१.५ वित्तीय व्यवस्थातर्फको अनुमान ९२
६.२ स्रोतगत खर्च अनुमान ९३
६.३ खर्चको प्राथमिकीकरण ९३
६.३.१ चालु खर्च ९४
६.३.२ पुँजीगत खर्च ९४
६.३.३ अन्य ९५
६.३.४ वित्तीय हस्तान्तरण ९५

## परिच्छेद - सात
## प्रदेश तथा स्थानीय तहमा वित्त हस्तान्तरण तथा खर्चको स्थिति

७.१ प्रदेश तथा स्थानीय तहमा भएको वित्त हस्तान्तरण ९७
७.२ प्रदेश तथा स्थानीय तहलाई राजस्व बाँडफाँट ९८
७.३ प्रदेशगत वित्त हस्तान्तरण र खर्चको स्थिति ९९
७.४ प्रदेशको बजेट र खर्चको स्थिति ९९
७.५ स्थानीय तहमा वित्त हस्तान्तरण र खर्चको अवस्था १०२
७.६ नेपालमा वित्तीय संघीयताको सन्दर्भमा भएका उपलब्धिहरू १०२
७.७ नेपालमा वित्तीय संघीयताका चुनौतीहरू १०३
७.८ वित्तीय संघीयता कार्यान्वयनमा देखिएका समस्या १०३
७.९ सुधारका क्षेत्र १०४

## परिच्छेद - आठ
## बजेट कार्यान्वयन र स्रोत व्यवस्थापनका लागि गर्नुपर्ने कार्य

८.१ अल्पकालमा गर्नुपर्ने कार्य १०६
८.१.१ बजेट कार्यान्वयन १०६
८.१.२ अन्तर्राष्ट्रिय सहायतातर्फ १०८
८.१.३ राजस्व व्यवस्थापनतर्फ १०९
८.२ दीर्घकालमा गर्नुपर्ने कार्य ११०
८.२.१ बजेट तर्जुमा ११०
८.२.२ बजेट कार्यान्वयन ११३

## अनुसूचीहरू

## कार्यकारी सारांश

### समष्टिगत आर्थिक तथा वित्तीय स्थिति

- सन् २०२३ मा ३.३ प्रतिशतले वृद्धि भएको विश्व अर्थतन्त्र सन् २०२४ मा ३.२ प्रतिशतले र सन् २०२५ मा ३.३ प्रतिशतले बढ्ने अन्तर्राष्ट्रिय मुद्रा कोषको अनुमान रहेको छ।
- राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार चालु आर्थिक वर्ष प्रथम त्रैमासिक अवधिमा कुल गार्हस्थ उत्पादन (आधारभूत मूल्य) मा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ३.४ प्रतिशतले वृद्धि भएको अनुमान छ।
- कृषि तथा पशुपन्छी विकास मन्त्रालयको तथ्याङ्क अनुसार चालु आर्थिक वर्षमा धानको उत्पादन ४.०४ प्रतिशतले बढ्ने अनुमान गरिएको छ। गत वर्ष धानको उत्पादन ४.३३ प्रतिशत बढेको थियो।
- गत आर्थिक वर्ष २०८०/८१ को चौथो त्रैमासिक अवधिमा उद्योगको औसत क्षमता उपयोग ४८.३३ प्रतिशत रहेको थियो। बैंकिङ्ग क्षेत्रको तरलतामा देखिएको सुधार, घट्दो ब्याजदर, अन्तर्राष्ट्रिय बजारमा तेल तथा अन्य कच्चा पदार्थको मूल्यमा कायम रहेको स्थिरता लगायतका कारण उद्योग सञ्चालनमा केही सुधार आउने अनुमान रहेको छ।
- पर्यटन बोर्डको तथ्याङ्क अनुसार चालु आर्थिक वर्षको पुस महिनासम्म ५ लाख ७९ हजार ९ सय ४३ विदेशी पर्यटकले नेपाल भ्रमण गरेका छन्। गत वर्षको सोहि अवधिमा ५ लाख ५९ हजार ७ सय ६९ पर्यटकले नेपाल भ्रमण गरेका थिए।
- आर्थिक वर्ष २०८१/८२ मा मुद्रास्फीतिलाई ५.५ प्रतिशत सीमाभित्र राख्न सहयोग पुग्ने गरी मौद्रिक व्यवस्थापन गर्ने लक्ष्य रहेकोमा समीक्षा अवधिमा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित औसत मुद्रास्फीति ४.९७ प्रतिशत कायम रहेको छ।
- समीक्षा अवधिमा विस्तृत मुद्राप्रदाय ३.९ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष सोही अवधिमा उक्त मुद्राप्रदाय ६.५ प्रतिशतले बढेको थियो। वार्षिक बिन्दुगत आधारमा २०८१ पुस मसान्तमा विस्तृत मुद्राप्रदाय १०.२ प्रतिशतले बढेको छ।
- समीक्षा अवधिमा बैंङ्क तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा रू.२ खर्ब ६५ अर्ब ५६ करोड (५.२ प्रतिशत) ले बढेर रू.५३ खर्ब ३९ अर्ब ५२ करोड पुगेको छ।
- समीक्षा अवधिमा कुल आन्तरिक कर्जा १.२ प्रतिशतले बढेको छ। वार्षिक बिन्दुगत आधारमा २०८० पुस मसान्तमा यस्तो कर्जा ४.८ प्रतिशतले बढेको थियो।
- समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप रू.२ खर्ब ३९ अर्ब ६ करोड (३.७ प्रतिशत) ले बढेर रू.६६ खर्ब ९१ अर्ब ४४ करोड पुगेको छ।
- बैंक तथा वित्तीय संस्थाहरुबीचको अन्तर बैंक कारोबारको भारित औसत ब्याजदर २०८१ पुसमा ३.०० प्रतिशत रहेको छ। २०८० पुसमा यस्तो ब्याजदर २.८६ प्रतिशत रहेको थियो।

- समीक्षा अवधिमा तरलता सहजताका कारण अल्पकालीन तथा दीर्घकालीन ब्याजदरहरू घटेका छन्। २०८० पुसमा ९१ दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर ३.३७ प्रतिशत रहेकोमा २०८१ पुसमा २.८१ प्रतिशत रहेको छ।
- २०८१ पुस मसान्तमा धितोपत्र बजारमा सूचीकृत भएका कम्पनीहरूको संख्या २६७ पुगेको छ। समीक्षा अवधिमा रू.१६ अर्ब ८१ करोड मूल्य बराबरका थप धितोपत्र सूचीकृत भएका छन्।
- नेप्से सूचकाङ्क २०८१ असार मसान्तको २२४०.४१ विन्दुबाट बढेर २०८१ पुस मसान्तमा २५९४.१३ विन्दु रहेको छ।
- समीक्षा अवधिसम्म कुल वस्तु निर्यात अघिल्लो वर्षको सोही अवधिको तुलनामा ३१.८ प्रतिशतले वृद्धि भई रू.९८ अर्ब ७९ करोड कायम भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो निर्यातमा ७.२ प्रतिशतले कमी आएको थियो।
- समीक्षा अवधिमा कुल वस्तु आयात ७.१ प्रतिशतले वृद्धि भई रू.८ खर्ब २२ अर्ब ३७ करोड कायम भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु आयात ३.१ प्रतिशतले घटेको थियो।
- समीक्षा अवधिमा कुल वस्तु व्यापार घाटा ४.४ प्रतिशतले वृद्धि भई रू.७ खर्ब २३ अर्ब ५८ करोड कायम भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा २.६ प्रतिशतले घटेको थियो।
- समीक्षा अवधिसम्ममा विप्रेषण आप्रवाह (नेपाली मुद्रामा) ४.१ प्रतिशतले वृद्धि भई रू.७ खर्ब ६३ अर्ब ८ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २२.२ प्रतिशतले बढेको थियो।
- समीक्षा अवधिमा शोधनान्तर स्थिति रू.२ खर्ब ४९ अर्ब २६ करोडले बचतमा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रू.२ खर्ब ७३ अर्ब ५२ करोडले बचतमा रहेको थियो।
- २०८१ पुस मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०८१ असार मसान्तको रू.२० खर्ब ४१ अर्ब १० करोडको तुलनामा १३.५ प्रतिशतले वृद्धि भई रू.२३ खर्ब १६ अर्ब ८४ करोड कायम भएको छ।
- विदेशी विनिमय सञ्चिति १७.३ महिनाको वस्तु आयात र १४.४ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने देखिन्छ। २०८१ पुस मसान्तमा कायम कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्रा सञ्चितिको अंश २४.३ प्रतिशत रहेको छ।

**बजेट खर्च र स्रोत परिचालन**

- चालु आर्थिक वर्ष २०८१/८२ मा रू.१८ खर्ब ६० अर्ब ३० करोड ३० लाख बजेट विनियोजन भएकोमा २०८१ पुस मसान्तसम्म जम्मा रू.६ खर्ब ६७ अर्ब ६० करोड ७८ लाख बजेट खर्च भएको छ। यो कूल विनियोजनको ३५.८९ प्रतिशत हो र चालु आर्थिक वर्षको छ महिनासम्मको समग्र खर्च विगत वर्षको सोही अवधिको तुलनामा १७.६६ प्रतिशतले बढेको छ।
- समीक्षा अवधिमा नेपाल सरकारको स्रोततर्फ रू.६ खर्ब १८ अर्ब ५१ करोड ४३ लाख खर्च भएको छ। जुन गत आर्थिक वर्षको खर्चको तुलनामा १५.८६ प्रतिशतले बढी हो। वैदेशिक अनुदानतर्फ रू.७ अर्ब ७१ करोड ९२ लाख खर्च भई गत आर्थिक वर्षको तुलनामा ४३.७९ प्रतिशतले बढी खर्च भएको छ।

- चालु आर्थिक वर्षको पुस महिनासम्मको अवधिमा मन्त्रालय अन्तर्गतका आयोजनाको लागि रू.१ खर्ब १ अर्ब ९६ करोड ५५ लाखको स्रोत सहमति प्रदान गरिएको छ।
- गत आर्थिक वर्षसम्मको सिर्जित दायित्व रू.२८ अर्ब ५१ करोड ९० लाख भुक्तानी दिन बाँकी रहेकोमा समीक्षा अवधिसम्म रू.२२ अर्ब २२ करोड ८९ लाख भुक्तानीका लागि स्रोत व्यवस्थापन गरिएको छ। बाँकी रकमको पनि स्रोत व्यवस्थापन गरी दायित्व भुक्तानी गर्न सहजीकरण गरिएको छ।
- विभिन्न मन्त्रालयबाट अनुरोध भई आएका ६४ वटा ऐन, नियम, कार्यविधि, निर्देशिका र मापदण्डमा राय तथा सहमति प्रदान गरिएको छ।
- बजेट प्रणालीलाई व्यवस्थित गर्न तथा सार्वजनिक खर्चमा एकरुपता कायम गर्नका लागि कार्य सञ्चालन निर्देशिका, २०८१ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ।
- समीक्षा अवधिमा रू.६ खर्ब ७२ अर्ब ८० करोड ९४ लाख राजस्व प्राप्तिको अनुमान रहेकोमा यस अवधिमा विविध प्राप्ति समेत गरी जम्मा रू.५ खर्ब ६७ अर्ब ३९ करोड ७३ लाख संकलन भएको छ। यो रकम राजस्व प्राप्ति अर्धबार्षिक लक्ष्यको तुलनामा ८४.३३ प्रतिशत र गत आर्थिक वर्षको सोही अवधिसम्मको राजस्व सङ्कलन रू.५ खर्ब १५ अर्ब ३९ करोड ७६ लाखको तुलनामा करिव १०.०९ प्रतिशतले अधिक रहेको छ।
- समीक्षा अवधिसम्म आन्तरिक ऋण प्राप्ति रू.१ खर्ब ८१ अर्ब ५ करोड र आन्तरिक ऋणको साँवा भुक्तानी रू.१ खर्ब २७ अर्ब २४ करोड भई खुद आन्तरिक ऋण परिचालन रू.५३ अर्ब ८१ करोड भएको छ।
- चालु आर्थिक वर्षमा सार्वजनिक ऋणको सावाँ व्याज भुक्तानीमा रू.४ खर्ब २ अर्ब ८५ करोड बजेट विनियोजन भएकोमा पुस मसान्तसम्म रू.१ खर्ब ८२ अर्ब ४० करोड भुक्तानी भएको छ। जुन वार्षिक बजेट विनियोजनको तुलनामा ४५.२८ प्रतिशत हो भने गत आवको कूल गार्हस्थ उत्पादनको तुलनामा कूल ऋण सेवा खर्च ३.२० प्रतिशत हुन आउँदछ।
- चालु आर्थिक वर्षमा रू.२ खर्ब ७० अर्ब विकास सहायता परिचालन गर्ने अनुमान गरिएकोमा समीक्षा अवधिसम्म रू.४९ अर्ब ९ करोड ३५ लाख अर्थात् अनुमानको १८.१८ प्रतिशत प्राप्त भएको छ।
- समीक्षा अवधिमा रू.२ खर्ब ५ अर्ब बराबरको विकास सहायता प्रतिबद्धता प्राप्त भएको छ।

**राष्ट्रिय गौरवका आयोजनाको प्रगतिको अवस्था**

- आर्थिक वर्ष २०६८/६९ को शुरुमा १७ वटा राष्ट्रिय गौरवका आयोजना पहिचान गरिएकोमा नेपाल सरकारले आवश्यकता र औचित्यताको आधारमा क्रमागत तथा नयाँ आयोजनालाई समेत समावेश गरी यस्ता आयोजनाको संख्या विस्तार गरी २७ वटा पुगेकोमा सम्पन्न भइसकेका र कार्य प्रारम्भ नभएका बाहेक आर्थिक वर्ष २०८१/८२ सम्म आइपुग्दा १९ आयोजना कार्यान्वयनमा रहेका छन्।
- आर्थिक वर्ष २०८०/८१ मा राष्ट्रिय गौरवका आयोजनाहरूको लागि रू.६० अर्ब ३८ करोड ७१ लाख खुद बजेट विनियोजन गरिएकोमा रू.५४ अर्ब २४ करोड ८ लाख खर्च भई वित्तीय प्रगति ८९.८२ प्रतिशत र भौतिक प्रगति ५७.५० प्रतिशत भएको छ।

- २७ वटा राष्ट्रिय गौरवका आयोजनामध्ये चालु आर्थिक वर्षमा १९ वटा आयोजनाका लागि जम्मा रू.६६ अर्ब ७५ करोड ३ लाख विनियोजन गरिएकोमा समीक्षा अवधिमा जम्मा रू.१७ अर्ब १५ करोड ३२ लाख खर्च भएको छ। जस अनुसार राष्ट्रिय गौरवका आयोजनाको समीक्षा अवधिमा २५.७० प्रतिशत खर्च भएको छ।

**मन्त्रालयगत उपलब्धी**

- सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरीङ) निवारण नियमावली, २०८१; उजुरी जाँचबुझ तथा अनुसन्धानसम्बन्धी कार्यविधि, २०८१; कार्यक्रम तर्जुमा तथा सञ्चालन मार्गदर्शन, २०८१ तर्जुमा भई कार्यान्वयनमा आएको।

- राजस्व चुहावटतर्फ २० वटा मुद्दामा रू.४२ करोड विगो र रू.४२ करोड सजाय माग दावी गरी ५५ जना प्रतिवादीहरू उपर मुद्दा दायर भएको। विदेशी विनिमय अपचलनतर्फ ३६ वटा मुद्दामा रू.६७ करोड ८७ लाख विगो र रू.२ अर्ब ३ करोड ६१ लाख जरिवाना र सजाय माग दावी गरी ५८ जना प्रतिवादीहरू उपर मुद्दा दायर गरिएको।

- पहिलोपटक नेपालको सार्वभौम क्रेडिट रेटिङ सम्पन्न गरी BB- को रेटिङ्ग नतिजा प्राप्त भएको। क्रेडिट रेटिङबाट लगानीको वातावरणमा सुधार हुने अपेक्षा गरिएको।

- दैलेखमा पेट्रोलियम पदार्थ अन्वेषणको कार्य अन्तर्गत ४०१३ मी. ड्रिलिङ कार्य सम्पन्न भई थप अध्ययन भइरहेको। धौवादी फलाम खानीको विस्तृत सम्भाव्यता अध्ययन पूरा भई आर्थिक तथा प्राविधिक रुपमा सम्भाव्य देखिएको।

- हालसम्म कृषकहरूको २० अर्ब बराबरको पशुधन सुरक्षण एवम् ३७ हजार ५ सय पशुधन तथा मत्स्य बीमालेख जारी भएको।

- समीक्षा अवधिसम्म सामाजिक सुरक्षा योजनामा समावेश हुने रोजगारदाता प्रतिष्ठानको संख्या करिव २० हजार तथा कोषमा आबद्ध लाभग्राहीको संख्या १९ लाख २८ हजार पुगेको।

- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको पार्किङ् एप्रोन निर्माण कार्य ५५.४३ प्रतिशत, ह्याङ्गर एप्रोन निर्माण कार्य २४.५० प्रतिशत र ट्याक्सी वे निर्माण कार्य ३६.८८ प्रतिशत सम्पन्न भएको।

- सिद्धबाबा सुरुङ मार्गको ११२६ मिटर मुख्य सुरुङ खन्ने कार्य (Break Through) सम्पन्न भएको।

- समीक्षा अवधिमा ९०.५२ किलो मिटर सडक स्तरोन्नती (कालोपत्रे र ढलान), ७७.८६ किलो मिटर सडक स्तरोन्नती (ग्राभेल), ३६ वटा स्थानीय तहको प्रशासकीय भवन निर्माण, ७ वटा स्वास्थ्य भवन, ४ वटा सडक पुल तथा १२४ वटा झोलुङ्गे पुलको निर्माण सम्पन्न भएको।

- भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाको हेडवर्क्स निर्माण कार्यको ७१ प्रतिशत र विद्युत गृह निर्माण कार्यको ५० प्रतिशत प्रगति भएको।

- न्यू बुटवल-गोरखपुर ४०० के.भी. प्रसारण लाइन आयोजनाको निर्माण चरणमा रहेको, हेटौडा ढल्केबर-इनरुवा ४०० के.भी प्रसारण लाइन आयोजना अन्तर्गत इनरुवा देखी ढल्केबर खण्डको निर्माण कार्य सम्पन्न भएको।

- उच्च क्षमताको इन्टरनेटको पहुँच विस्तार गरी १०२.७१ प्रतिशत जनसंख्यामा मोबाइल सेवा विस्तार भएको र ८५.९८ प्रतिशत जनसंख्यामा 4G LTE सेवाको पहुँच पुगेको।

- हाल सम्म ४८ वटा ५/१०/१५ शैय्याका आधारभूत अस्पतालहरूको निर्माण कार्य सम्पन्न हुने क्रममा रहेको।

- मेलम्ची खानेपानी आयोजनाको पानी वितरणका लागि कीर्तिपुरमा ६० लाख लिटर र महाँकाल चौरमा ८० लाख लिटर क्षमताको पानी पोखरी निर्माण सम्पन्न भएको।

- अन्तर्राष्ट्रियस्तरको खेलकुद प्रतियोगितामा पदक हसिल गर्न सफल ५ वटा खेलका ५६ जना खेलाडी तथा प्रशिक्षकलाई रू.२ करोड २२ लाख ७७ हजार पुरस्कार प्रदान गरिएको।

- किर्तिपुर क्रिकेट मैदानमा स्कोरबोर्ड जडान कार्य सम्पन्न भएको। फ्लड लाइट जडान र प्यारापिट निर्माण प्रक्रिया अगाडि बढाइएको छ।

- द्रुतमार्गको ६.५ कि.मि. देखि ७०.९८ कि.मि. सम्मका १२ वटा निर्माण प्याकेजहरू कार्यान्वयनमा रहेको छ।

- सामाजिक सुरक्षा भत्ताका लाभग्राहीको २८ जिल्लामा बायोमेट्रिक भेरिफिकेसन प्रणाली लागू गरिएको छ।

- समीक्षा अवधिमा ११ वटा नयाँ विधेयक, २ वटा संशोधन विधेयक, ७ वटा नयाँ नियमावली तथा ८ वटा नियमावलीको संशोधनको मस्यौदा तर्जुमा गरिएको छ। त्यसैगरी १३ वटा कार्यविधि, मापदण्ड तथा निर्देशिकाको मस्यौदा तर्जुमा एवम् संशोधन गरिएको छ।

- चालु आर्थिक वर्षको पुस मसान्तसम्म सम्पन्न गर्नुपर्ने गरी लक्ष्य तोकिएका ६२१ वटामध्ये ३४५ वटा सम्पन्न भई अर्धवार्षिकको लक्ष्यको तुलनामा ५५.५६ प्रतिशत र वार्षिक लक्ष्यको तुलनामा १७.५९ प्रतिशत प्रगति हासिल भएको देखिन्छ।

**सार्वजनिक वित्त व्यवस्थापनमा सुधारका प्रयास**

- चालु आर्थिक वर्षको बजेट कार्यान्वयनका लागि सहजीकरण गर्न आर्थिक वर्षको शुरुमा नै अर्थ मन्त्रालयबाट मार्गदर्शन जारी गरिएको छ।

- आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व ऐन, २०७६ मा संशोधन गरी बजेट तर्जुमा सम्बन्धी समय सीमा, बजेट निर्माण, कोष व्यवस्थापन तथा बेरुजु फछ्र्यौटको कार्यलाई व्यवस्थित गरिएको छ।

- सार्वजनिक वित्त व्यवस्थापन प्रक्रियालाई व्यवस्थित र पारदर्शी बनाउन आवश्यक कार्यविधि/ मापदण्ड/निर्देशिका/दिग्दर्शन तर्जुमा गरिएको छ।

- कम्प्युटरमा आधारित सरकारी लेखा प्रणाली (CGAS) संघ र प्रदेश अन्तर्गतको सबै सरकारी कार्यालयमा लागू गरिएको छ।

- मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) लाई समयानुकूल परिमार्जन गरी पूर्ण रूपमा वेबमा आधारित बनाइएको। उक्त प्रणालीमा बजेट रोक्का/फुकुवा, बजेट समर्पण लगायतका कार्य गर्दा एकल कोष खाता प्रणाली (TSA) मा सोझै प्रतिविम्बित हुने गरी प्रणालीको विकास गरिएको छ।

- चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न संघीय निकायका लागि बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन र प्रदेश तथा स्थानीय तहका लागि अन्तरसरकारी वित्त हस्तान्तरण कार्यान्वयन मार्गदर्शन जारी गरिएको छ।
- सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS V2) लाई विद्युतीय सरकारी लेखा प्रणाली (CGAS) र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) सँग आवद्ध गरिएको छ।

**समष्टिगत खर्च एवम् स्रोतको संशोधित अनुमान**

- चालु आर्थिक वर्षमा रू.१८ खर्ब ६० अर्ब ३० करोड ३० लाख खर्च हुने अनुमान गरिएकोमा रू.१६ खर्ब ९२ अर्ब ७३ करोड ३५ लाख खर्च हुने संशोधित अनुमान छ। यो रकम शुरू विनियोजनको ९०.९९ प्रतिशत हो।
- चालुतर्फ रू.१० खर्ब २९ अर्ब ३० करोड अर्थात विनियोजनको ९०.२४ प्रतिशत, पुँजीगततर्फ रू.२ खर्ब ९९ अर्ब ५० करोड ९ लाख अर्थात विनियोजनको ८५ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रू.३ खर्ब ६३ अर्ब ९३ करोड २६ लाख अर्थात विनियोजनको ९९.०९ प्रतिशत खर्च हुने अनुमान छ।
- चालु वर्षको अन्त्यसम्ममा नेपाल सरकारको स्रोतबाट (राजस्व र आन्तरिक ऋण) रू.१४ खर्ब ७५ अर्ब २६ करोड ८२ लाख, वैदेशिक अनुदानतर्फ रू.३६ अर्ब ६२ करोड ८६ लाख र वैदेशिक ऋणतर्फ रू.१ खर्ब ८० अर्ब ८३ करोड ६७ लाख खर्च हुने संशोधित अनुमान रहेको छ।

**अन्तरसरकारी वित्त हस्तान्तरण**

- अन्तर सरकारी वित्त हस्तान्तरण र बजेट परिचालनका लागि विनियोजन ऐन, २०८१ र वित्तीय हस्तान्तरणको छुट्टै मार्गदर्शनमार्फत स्पष्ट गरिएको छ।
- समपुरक र विशेष अनुदानलाई व्यवस्थित गर्न अनुदान सम्बन्धी कार्यविधि संशोधन गर्ने प्रक्रिया अन्तिम चरणमा पुगेको छ।
- समीक्षा अवधिमा प्रदेशलाई रू.३४ अर्ब ८९ करोड २२ लाख र स्थानीय तहलाई रू.१ खर्ब ५० अर्ब २६ करोड ८ लाख वित्तीय हस्तान्तरण भएको छ। चालु आर्थिक वर्षमा विनियोजन भएको बजेटमध्ये समीक्षा अवधिमा प्रदेशतर्फ ३६.१७ प्रतिशत र स्थानीय तहमा ४८.१० प्रतिशत हस्तान्तरण भएको छ। समीक्षा अवधिमा प्रदेश र स्थानीय तहमा गरी कूल अनुदानको ४५.२८ प्रतिशत हस्तान्तरण भएको छ।
- समीक्षा अवधिमा मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट सङ्कलन हुने अन्तःशुल्क रकममध्ये प्रदेश र स्थानीय तहलाई सूत्र अनुसार (१५ प्रतिशतले हुने) रू.३२ अर्ब २७ करोड ९० लाखका दरले जम्मा रू.६४ अर्ब ५५ करोड ८० लाख बाँडफाँट गरि पठाइएको छ, जुन गत वर्षको तुलनामा १४.१७ प्रतिशतले बढि हो।

**बजेट कार्यान्वयन र स्रोत व्यवस्थापनमा गर्नुपर्ने सुधार**

- सबै सरकारी कार्यालय, नियामक निकाय र सार्वजनिक संस्थानमा नयाँ संगठन संरचना र दरबन्दी सिर्जना नगर्ने।
- खर्चको मापदण्ड बनाई चालु खर्चमा मितव्ययिता कायम गर्ने।

- स्रोतमा परेको चापलाई दृष्टिगत गरी अनिवार्य दायित्व बाहेक चालु खर्चतर्फ विनियोजित नेपाल सरकारको स्रोततर्फको रकममध्ये हालसम्म खर्च भई बाँकी रहेको रकमको २५ प्रतिशत रोक्का राख्ने।
- जग्गा प्राप्ति र मुआब्जा वितरण, वन क्षेत्र उपयोगको स्वीकृति लगायतका तयारी पूरा गरेर मात्र पूर्वाधार निर्माणसँग सम्बन्धित आयोजना कार्यान्वयनको लागि खरिद प्रक्रियामा लैजाने।
- राष्ट्रिय गौरवका आयोजना र राष्ट्रिय महत्त्वका प्राथमिकता प्राप्त आयोजना कार्यान्वयनमा स्रोतको अभाव हुन नदिने व्यवस्था मिलाउने।
- वैदेशिक सहायतामा सञ्चालित आयोजनाको कार्यसम्पादनमा सुधार ल्याउन सम्झौताको परिपालना तथा अन्तर निकाय समन्वय कायम गर्ने र प्रभावकारी अनुगमनमा जोड दिने।
- पुँजीगततर्फ चालु आर्थिक वर्षमा विनियोजित रकममध्ये खर्च संकेत ३११२२, ३११२३ र ३११३५ मा विनियोजित नेपाल सरकारको स्रोतमा हालसम्म बाँकी रहेको रकमको २५ प्रतिशत रोक्का राख्ने।
- अर्थ मन्त्रालयको पूर्व सहमति विना कुनै पनि निकायले थप आर्थिक दायित्व सिर्जना नगर्ने।
- बहुबर्षीय स्वीकृति प्राप्त आयोजनामा बाहेक चालु आर्थिक वर्षको दायित्व आगामी आर्थिक वर्षमा नसार्ने।
- विकास सहायतालाई राष्ट्रिय आवश्यकता र प्राथमिकताका आधारमा उच्च प्रतिफल प्राप्त हुने रणनीतिक तथा ठूला आयोजनामा परिचालन गर्ने।
- सबै प्रकारका विकास सहायतालाई राष्ट्रिय बजेट प्रणालीमा समावेश गरी पारदर्शी बनाउने। कार्यान्वयन निकायको क्षमता अभिवृद्धि गरी परामर्शदाता प्रतिको निर्भरता हटाउने।
- आयोजनाहरूको सोधभर्ना रकम समयमै प्राप्त गर्नका लागि सम्बन्धित आयोजनाका पदाधिकारी र विकास साझेदार बिच समन्वय र सहजीकरण गर्ने।
- वैदेशिक सहायताबाट सञ्चालित आयोजनाको लागि नेपाल सरकारले व्यहोर्नु पर्ने समपूरक कोष (Counterpart Fund) मा पर्याप्त बजेट विनियोजन प्रस्ताव गर्ने।
- राजस्व सङ्कलनको लक्ष्य हासिल गर्न राजस्व प्रणालीलाई थप प्रविधिमैत्री, स्वचालित, पारदर्शी र करदातामैत्री बनाई स्वेच्छिक कर सहभागिता एवम् कर परिपालना अभिवृद्धि गर्ने।
- करयोग्य अनौपचारिक आर्थिक क्रियाकलापहरूलाई औपचारिक प्रणालीमा आवद्ध गर्न थप क्रियाशिलता ल्याई कराधार विस्तार गर्ने।
- गैरकरको दायरा विस्तार गर्ने तथा विद्यमान दरहरूलाई समयसापेक्ष बनाउने।
- रोयल्टी आयको थप सम्भाव्यता अध्ययन गरी कर संरचनामा ल्याउने।
- आयोजना छनौट तथा प्राथमिकीकरण गर्दा आयोजना बैङ्कमा प्रविष्टी भएको, क्षेत्रगत प्राथमिकतामा परेको, लगानीको स्रोत सुनिश्चितता भएको, छोटो समयमा प्रतिफल दिने, आयोजना वर्गीकरण मापदण्ड बमोजिम आयोजनाको सम्पूर्ण पूर्व तयारीका काम सम्पन्न भएका आयोजना मात्र छनौट गर्ने।
- आयोजना कार्यान्वयन पूर्व गर्नुपर्ने तयारी पूरा नगरी ठेक्का सम्झौता नगर्ने/नगराउने।
- सार्वजनिक निजी साझेदारीबाट सञ्चालन गर्न सकिने आयोजनाको पहिचान र विकास गरी नयाँ वित्तीय उपकरणहरूबाट व्यवसायिक सम्भाव्यता भएका सार्वजनिक पूर्वाधार निर्माण गर्ने व्यवस्था मिलाउने।

- वार्षिक कार्ययोजना तथा त्रैमासिक लक्ष्य अनुरुप समयबद्ध रुपमा बजेट कार्यान्वयन गर्ने तथा भौतिक एवम् वित्तीय प्रगति हासिल गर्ने।
- सञ्चालित आयोजनाहरूको अनुगमन गर्दा निर्धारित समय, लागत र गुणस्तर कायम गर्ने गरी अन्तर सम्बन्धित पक्षहरूको साथै जोखिममा आधारित (Risk Based) विधि अवलम्वन गर्ने।
- अन्तर सरकारी वित्त हस्तान्तरण प्रणालीलाई राष्ट्रिय विकास लक्ष्य हासिल गर्न परिपुरक हुने गरी नतिजामूलक र व्यवस्थित रुपमा कार्यान्वयन गर्ने।
- बजेट कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाई कार्यान्वयनमा देखिएका समस्या तत्काल समाधान गर्ने। उच्चस्तरीय अनुगमन संयन्त्रमार्फत ठूला आयोजना कार्यान्वयनको नियमित अनुगमन गरी कार्यान्वयनको चरणमा देखिएका समस्या स्थलगतरुपमा नै समाधान गर्ने।

# परिच्छेद - एक
# समष्टिगत आर्थिक तथा वित्तीय स्थिति

## १.१ विश्व अर्थतन्त्रको परिदृश्य

सन् २०२३ मा ३.३ प्रतिशतले वृद्धि भएको विश्व अर्थतन्त्र सन् २०२४ मा ३.२ प्रतिशतले र सन् २०२५ मा ३.३ प्रतिशतले बढ्ने अन्तर्राष्ट्रिय मुद्रा कोषको अनुमान रहेको छ। चीन तथा भारत लगायतका देशमा देखा परेको आर्थिक सुस्तताका कारण विश्व अर्थतन्त्रको वृद्धिदर सन् २०२३ को तुलनामा सन् २०२४ मा केही कमी हुने अन्तर्राष्ट्रिय मुद्रा कोष (९ जनवरी २०२५ अपडेट) को अनुमान छ। चीन र भारतको आर्थिक वृद्धिदर सन् २०२३ मा क्रमशः ५.२ प्रतिशत र ८.२ प्रतिशत रहेकोमा सन् २०२४ मा क्रमशः ४.८ प्रतिशत र ६.५ प्रतिशत रहने अनुमान छ भने सन् २०२५ मा यी मुलुकहरूको आर्थिक वृद्धिदर क्रमशः ४.६ प्रतिशत र ६.५ प्रतिशत रहने प्रक्षेपण गरिएको छ। भूराजनीतिक तनाव र व्यापार द्वन्द्वका कारणसमेत विश्व अर्थतन्त्रको आगामी परिदृश्य भने चुनौतीपूर्ण रहने देखिन्छ।

## १.२ राष्ट्रिय अर्थतन्त्र

### १.२.१ उत्पादन क्षेत्र

राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार चालु आर्थिक वर्ष २०८१/८२ को प्रथम त्रैमासिक अवधिमा कुल गार्हस्थ उत्पादन (आधारभूत मूल्य) मा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ३.४ प्रतिशतले वृद्धि भएको प्रारम्भिक अनुमान छ।

#### कृषि

कृषि तथा पशुपन्छी विकास मन्त्रालयको तथ्याङ्क अनुसार चालु आर्थिक वर्षमा धानको उत्पादन ४.०४ प्रतिशतले बढ्ने अनुमान गरिएको छ। गत वर्ष धानको उत्पादन ४.३३ प्रतिशत, गहुँको उत्पादन २.७२ प्रतिशत र कोदो उत्पादन २.६६ प्रतिशतले बढेको थियो भने मकैको उत्पादन ३.२४ प्रतिशतले घटेको थियो।

#### उद्योग

आर्थिक वर्ष २०८०/८१ को चौथो त्रैमासिक अवधिमा उद्योगको औसत क्षमता उपयोग ४८.३३ प्रतिशत रहेको थियो। बैंकिङ्ग क्षेत्रको तरलतामा देखिएको सुधार, घट्दो ब्याजदर, अन्तर्राष्ट्रिय बजारमा तेल तथा अन्य कच्चा पदार्थको मूल्यमा कायम रहेको स्थिरता लगायतका कारण उद्योग सञ्चालनमा केही सुधार आउने अनुमान रहेको छ। विद्युत आपूर्ति बढ्दै गएको, सरकारले उत्पादनमूलक उद्योगका लागि सहज नीतिगत व्यवस्था लिएको, विप्रेषण आप्रवाहमा सुधार भई नागरिकको क्रयशक्तिमा वृद्धि भएको कारणसमेत उद्योग क्षेत्र क्रमशः सुधार हुँदै जाने अनुमान छ।

#### सेवा

राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार चालु आर्थिक वर्ष २०८१/८२ को प्रथम त्रैमासिक अवधिमा सेवा क्षेत्रमा क्रमशः सुधार भएको देखिएको छ। पर्यटकको आगमनका साथै होटल एवम्

यातायात क्षेत्रमा समेत सुधार हुँदै गएको छ। स्वास्थ्य सेवा र सार्वजनिक प्रशासनका क्षेत्रमा पनि क्रमशः सुधार हुँदै गएको छ। पर्यटन बोर्डको तथ्याङ्क अनुसार चालु आर्थिक वर्षको पुस महिनासम्म ५ लाख ७९ हजार ९ सय ४३ विदेशी पर्यटकले नेपाल भ्रमण गरेका छन्। गत वर्षको सोहि अवधिमा ५ लाख ५९ हजार ७ सय ६९ पर्यटकले नेपाल भ्रमण गरेका थिए।

**मुद्रास्फीति**

आर्थिक वर्ष २०८१/८२ मा मुद्रास्फीतिलाई ५.५ प्रतिशतको सीमाभित्र राख्न सहयोग पुग्ने गरी मौद्रिक नीति व्यवस्थापन गर्ने लक्ष्य रहेकोमा समीक्षा अवधिमा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित औसत मुद्रास्फीति ४.९७ प्रतिशत कायम रहेको छ।

### १.२.२ मौद्रिक स्थिति

**मुद्रा प्रदाय**

समीक्षा अवधिमा विस्तृत मुद्रा प्रदाय ३.९ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष सोही अवधिमा उक्त मुद्रा प्रदाय ६.५ प्रतिशतले बढेको थियो। वार्षिक बिन्दुगत आधारमा २०८१ पुस मसान्तमा विस्तृत मुद्रा प्रदाय १०.२ प्रतिशतले बढेको छ।

**कर्जा प्रवाह**

समीक्षा अवधिमा बैंङ्क तथा वित्तीय संस्थाबाट निजी क्षेत्रमा प्रवाहित कर्जा रू.२ खर्ब ६५ अर्ब ५६ करोड (५.२ प्रतिशत) ले बढेर रू.५३ खर्ब ३९ अर्ब ५२ करोड पुगेको छ। अघिल्लो वर्ष सोही अवधिमा यस्तो कर्जा रू.१ खर्ब ९२ अर्ब ६४ करोड (४ प्रतिशत) ले बढेर रू.४९ खर्ब ८९ अर्ब ६७ करोड पुगेको थियो। वार्षिक बिन्दुगत आधारमा २०८१ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ७.० प्रतिशतले बढेको छ।

समीक्षा अवधिमा कुल आन्तरिक कर्जा १.२ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष सोही अवधिमा उक्त कर्जा २.६ प्रतिशतले बढेको थियो। वार्षिक बिन्दुगत आधारमा २०८१ पुस मसान्तमा यस्तो कर्जा ४.८ प्रतिशतले बढेको छ।

**निक्षेप परिचालन**

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप रू.२ खर्ब ३९ अर्ब ६ करोड (३.७ प्रतिशत) ले बढेर रू.६६ खर्ब ९१ अर्ब ४४ करोड पुगेको छ। अघिल्लो वर्ष सोही अवधिमा यस्तो निक्षेप रू.३ खर्ब ७७ अर्ब ७ करोड (६.६ प्रतिशत) ले बढेर रू.६० खर्ब ८७ अर्ब ८ करोड पुगेको थियो। वार्षिक बिन्दुगत आधारमा २०८१ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप ९.९ प्रतिशतले बढेको छ। २०८१ पुस मसान्तमा बैंङ्क तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा चल्ती, बचत र मुद्दती निक्षेपको अंश क्रमशः ५.६ प्रतिशत, ३४.१ प्रतिशत र ५२.५ प्रतिशत रहेको छ।

**तरलता र ब्याजदर स्थिति**

समीक्षा अवधिमा बैंकिङ्ग प्रणालीमा तरलता स्थिति सहज रहेको छ। चालु आर्थिक वर्षको ६ महिनाको अवधिमा नेपाल राष्ट्र बैङ्कबाट निक्षेप संकलन बोलकबोलमार्फत रू.१४ खर्ब ८६ अर्ब ६५ करोड र स्थायी निक्षेप सुविधामार्फत रू.१२५ खर्ब १४ अर्ब १५ करोड गरी कुल रू.१४० खर्ब ८० करोड (कारोबारमा आधारित) तरलता प्रशोचन गरिएको छ भने बैंक तथा वित्तीय

संस्थाले रू.८० करोड ओभरनाइट तरलता सुविधा उपयोग गरेका छन्। अघिल्लो वर्षको सोही अवधिमा मौद्रिक व्यवस्थापनका विभिन्न उपकरणहरूमार्फत पटक पटक गरी खुद रू.१ खर्ब ९९ अर्ब ५६ करोड तरलता प्रवाह गरिएको थियो।

समीक्षा अवधिमा तरलता सहजताका कारण अल्पकालीन तथा दीर्घकालीन ब्याजदर घटेको छ। २०८० पुसमा ९१ दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर ३.३७ प्रतिशत रहेकोमा २०८१ पुसमा २.८१ प्रतिशत रहेको छ। बैंक तथा वित्तीय संस्थाहरूबीचको अन्तर बैंक कारोबारको भारित औसत ब्याजदर २०८१ पुसमा ३.०० प्रतिशत रहेको छ। २०८० पुसमा यस्तो ब्याजदर २.८६ प्रतिशत रहेको थियो।

२०८१ पुसमा वाणिज्य बैंकहरूको निक्षेपको भारित औसत ब्याजदर ४.७५ प्रतिशत, विकास बैंकहरूको ५.५६ प्रतिशत र वित्त कम्पनीहरूको ६.६६ प्रतिशत रहेको छ। २०८० पुसमा वाणिज्य बैंकहरूको निक्षेपको भारित औसत ब्याजदर ७.३२ प्रतिशत, विकास बैंकहरूको ८.५५ प्रतिशत र वित्त कम्पनीहरूको ९.६२ प्रतिशत कायम भएको थियो। त्यसैगरी, २०८१ पुसमा वाणिज्य बैंकहरूको कर्जाको भारित औसत ब्याजदर ८.६९ प्रतिशत, विकास बैंकहरूको १०.१० प्रतिशत र वित्त कम्पनीहरूको ११.१० प्रतिशत रहेको छ। २०८० पुसमा वाणिज्य बैंकहरूको कर्जाको भारित औसत ब्याजदर ११.३८ प्रतिशत, विकास बैंकहरूको १३.१४ प्रतिशत र वित्त कम्पनीहरूको १४.०९ प्रतिशत रहेको थियो।

## १.२.३ धितोपत्र

### धितोपत्र बजार

२०८१ पुस मसान्तमा धितोपत्र बजारमा सूचीकृत भएका कम्पनीहरूको संख्या २६७ पुगेको छ। समीक्षा अवधिमा रू.१६ अर्ब ८१ करोड मूल्य बराबरका थप धितोपत्र सूचीकृत भएका छन्। नेप्से सूचकाङ्क २०८१ असार मसान्तको २२४०.४१ विन्दुबाट बढेर २०८१ पुस मसान्तमा २५९४.१३ विन्दुमा पुगेको छ। २०८१ पुस मसान्तमा बजार पुँजीकरण रू.४३ खर्ब २ अर्ब ८८ करोड रहेको छ।

## १.२.४ वाह्य क्षेत्र

### वैदेशिक व्यापार

समीक्षा अवधिसम्म कुल वस्तु निर्यात अघिल्लो वर्षको सोही अवधिको तुलनामा ३१.८ प्रतिशतले वृद्धि भई रू.९८ अर्ब ७९ करोड कायम भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो निर्यातमा ७.२ प्रतिशतले कमी आएको थियो। समीक्षा अवधिमा सोयाविन तेल, चिया, पोलिस्टर यार्न तथा थ्रेड, पार्टिकल बोर्ड, अलैंची लगायतका वस्तुको निर्यात बढेको छ भने पाम तेल, जिंक सिट, अदुवा, तयारी पोशाक, जडीबुटी लगायतका वस्तुको निर्यात घटेको छ।

समीक्षा अवधिमा कुल वस्तु आयात ७.१ प्रतिशतले वृद्धि भई रू.८ खर्ब २२ अर्ब ३७ करोड कायम भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु आयात ३.१ प्रतिशतले घटेको थियो। समीक्षा अवधिमा कच्चा भटमास तेल, चामल, धान, यातायात उपकरण, सवारी साधन तथा अन्य सवारी साधनका स्पेयर पार्टस्, स्पन्ज आइरन, खाने तेल लगायतका वस्तुको आयात

बढेको छ भने पेट्रोलियम पदार्थ, कच्चा पाम तेल, सुन, रासायनिक मल, केराउ लगायतका वस्तुको आयात घटेको छ।

समीक्षा अवधिमा कुल वस्तु व्यापार घाटामा ४.४ प्रतिशतले वृद्धि भई रू.७ खर्ब २३ अर्ब ५८ करोड कायम भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा २.६ प्रतिशतले घटेको थियो।

**विप्रेषण आप्रवाह**

समीक्षा अवधिसम्ममा विप्रेषण आप्रवाह (नेपाली मुद्रामा) ४.१ प्रतिशतले वृद्धि भई रू.७ खर्ब ६३ अर्ब ८ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २२.२ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा खुद ट्रान्सफर ४.२ प्रतिशतले वृद्धि भई रू.८ खर्ब ३२ अर्ब ७६ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर २१.१ प्रतिशतले बढेको थियो।

समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत नयाँ) लिने नेपालीको संख्या ११.७ प्रतिशतले वृद्धि भई २ लाख ३० हजार ४ सय ३९ कायम भएको छ। त्यसैगरी, वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको संख्यामा समीक्षा अवधिमा २१.४ प्रतिशतले वृद्धि भई १ लाख ६२ हजार ६ सय २८ पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या ६ प्रतिशतले घटेको थियो। यसरी वैदेशिक रोजगारीमा जानेको संख्या अघिल्लो वर्षको ६ महिनाको तुलनामा १५.५ प्रतिशतले बढेको छ।

**शोधनान्तर स्थिति र विदेशी विनिमय सञ्चिति**

समीक्षा अवधिमा शोधनान्तर स्थिति रू.२ खर्ब ४९ अर्ब २६ करोडले बचतमा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रू.२ खर्ब ७३ अर्ब ५२ करोडले बचतमा रहेको थियो।

२०८१ पुस मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०८१ असार मसान्तको रू.२० खर्ब ४१ अर्ब १० करोडको तुलनामा १३.५ प्रतिशतले वृद्धि भई रू.२३ खर्ब १६ अर्ब ८४ करोड कायम भएको छ। उक्त सञ्चिति २०८१ असार मसान्तमा १५ अर्ब २७ करोड अमेरिकी डलर रहेकोमा १०.३ प्रतिशतले वृद्धि भई २०८१ पुस मसान्तमा १६ अर्ब ८४ करोड अमेरिकी डलर कायम भएको छ। यो सञ्चिति १७.३ महिनाको वस्तु आयात र १४.४ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने देखिन्छ। २०८१ पुस मसान्तमा कायम कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्रा सञ्चितिको अंश २४.३ प्रतिशत रहेको छ।

## तालिका १.१: समष्टिगत आर्थिक परिसूचकको तुलनात्मक अवस्था

| आर्थिक परिसूचक | वार्षिक | | प्रथम छ महिना | |
|---|---|---|---|---|
| | २०७९/८० | २०८०/८१ | २०८०/८१ | २०८१/८२ |
| कूल गार्हस्थ उत्पादनको वृद्धिदर (उत्पादकको मूल्यमा) | १.९५ | ३.८७ | | |
| कूल गार्हस्थ उत्पादन (प्रचलित मूल्यमा) (रू.अर्बमा) | ५३४८.५३ | ५७०४.८४ | | |
| उपभोक्ता मूल्य सूचकाङ्क (६ महिनाको औसत) | ७.७४ | ५.४४ | ६.४७ | ४.९७ |
| निर्यात वृद्धिदर | -२१.४ | -३ | -७.२ | ३१.८ |
| आयातको वृद्धिदर | -१६.१ | -१.२ | -३.१ | ७.१ |
| सोधनान्तर बचत (घाटा) (रू.अर्बमा) | २८५.८ | ५०२.५ | २७३.५ | २४९.३ |
| चालु खाता बचत (घाटा) (रू.अर्बमा) | -४६.६ | २२१.३ | १६२.६ | १४८.२ |
| विप्रेषण आप्रवाह (रू.अर्बमा) | १२४०.७ | १४४५.३ | ७३३.३ | ७६३.१ |
| व्यापार सन्तुलन(घाटा) (रू.अर्बमा) | १४५४.६ | -१४४१ | -६९३.२ | -७२३.६ |
| विदेशी विनिमय संचिति (रू.अर्बमा) | १५३९.४ | २०४१.१ | १८१६.६ | २३१६.८ |
| विदेशी विनिमय संचिति (अमेरिकी डलर दश लाखमा) | ११७०९ | १५२७१ | १३६९१.४ | १६८४३.६ |
| विस्तृत मुद्रा प्रदाय | ११.४ | १२.९ | ६.५ | ३.९ |
| आन्तरिक कर्जाको वृद्धिदर | ८.९ | ६.१ | २.६ | १.२ |
| ट्रेजरी बिलको व्याजदर (९१ दिने) | ६.३५ | ३ | ३.३७ | २.८१ |
| वाणिज्य बैंकहरूको अन्तर बैंक व्याजदर | २.९८ | २.९९ | २.८३ | ३ |
| औषत आधार दर | १०.०३ | ८ | ९.३५ | ६.६५ |
| कूल निक्षेप (रू.अर्बमा) | ५७१० | ६४५२.४ | ६०८७.१ | ६६९१.४ |
| बैंङ्क तथा वित्तीय संस्थाबाट निजी क्षेत्रमा जाने कर्जा (रू.अर्बमा) | ४७९७ | ५०७४ | ४९८९.७ | ५३३९.५ |
| नेप्से सूचकाङ्क | २०९७.१ | २२४०.४ | २१२०.६ | २५९४.१ |

*स्रोतः नेपाल राष्ट्र बैंङ्क, महालेखा नियन्त्रक कार्यालय र सार्वजनिक ऋण व्यवस्थापन कार्यालय*

# परिच्छेद - दुई

## बजेट खर्च र स्रोत परिचालनको विश्लेषण

### २.१ समष्टिगत खर्च स्थिति विश्लेषण

चालु आर्थिक वर्ष २०८१/८२ मा चालुतर्फ रू.११ खर्ब ४० अर्ब ६६ करोड ४५ लाख, पुँजीगततर्फ रू.३ खर्ब ५२ अर्ब ३५ करोड ४० लाख र वित्तीय व्यवस्थातर्फ रू.३ खर्ब ६७ अर्ब २८ करोड ४५ लाख गरी जम्मा रू.१८ खर्ब ६० अर्ब ३० करोड ३० लाख बजेट विनियोजन भएकोमा २०८१ पुस मसान्तसम्म जम्मा रू.६ खर्ब ६७ अर्ब ६० करोड ७८ लाख खर्च भएको छ। यो कूल विनियोजनको ३५.८९ प्रतिशत हो। चालुतर्फ रू.४ खर्ब ५२ अर्ब ५५ लाख अर्थात् ३९.६३ प्रतिशत, पुँजीगततर्फ रू.५६ अर्ब ९३ करोड ८४ लाख अर्थात् १६.१६ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रू.१ खर्ब ५८ अर्ब ६६ करोड ३९ लाख अर्थात् ४३.२० प्रतिशत खर्च भएको छ। चालु आर्थिक वर्षको छ महिनासम्मको समग्र खर्च विगत वर्षको सोही अवधिको तुलनामा १७.६६ प्रतिशतले बढेको छ।

चालु र गत आर्थिक वर्षको पुस महिनासम्मको शीर्षकगत खर्च बिचको तुलनात्मक विवरणलाई तालिकामा र विनियोजनको तुलनामा खर्च प्रतिशतलाई चित्रमा प्रस्तुत गरिएको छ।

**तालिका २.१: समष्टिगत खर्चको तुलनात्मक स्थिति** (रू.लाखमा)

| खर्च शीर्षक | विनियोजन | | पुस महिनासम्मको खर्च | | विनियोजनको तुलनामा खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | २०८०/८१ | २०८१/८२ | २०८०/८१ | २०८१/८२ | २०८०/८१ | २०८१/८२ |
| चालु (वित्तीय हस्तान्तरण समेत) | ११४१७८४१ | ११४०६६४५ | ४३७३३९९ | ४५२००५५ | ३८.३० | ३९.६३ |
| पुँजीगत | ३०२०७४४ | ३५२३५४० | ४९९१३१ | ५६९३८४ | १६.५२ | १६.१६ |
| वित्तीय व्यवस्था | ३०७४५३६ | ३६७२८४५ | ८०१३५३ | १५८६६३९ | २६.०६ | ४३.२० |
| **जम्मा** | **१७५१३१२१** | **१८६०३०३०** | **५६७३८८३** | **६६७६०७८** | **३२.४०** | **३५.८९** |

*स्रोत:अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय*

**चित्र २.१: विनियोजनको तुलनामा खर्च स्थिति**




*स्रोत: महालेखा नियन्त्रक कार्यालय*

प्रदेश र स्थानीय तहमा वित्तीय हस्तान्तरण हुने शिक्षा, स्वास्थ्य, कृषि एवम् भौतिक पूर्वाधार निर्माण लगायतका खर्च तथा अनुदान प्राप्त गर्ने विभिन्न निकायबाट गरिने पुँजीगत प्रकृतिका खर्च चालुतर्फ नै लेखाङ्कन हुने र वित्तीय व्यवस्थाबाट गरिने अधिकांश लगानी पुँजी निर्माणमा हुने भए तापनि पुँजीगत खर्चका रूपमा लेखाङ्कन नहुने हुँदा यसबाट वास्तविक पुँजीगत खर्चको चित्रण हुन सकेको छैन। त्यसैगरी वित्तीय हस्तान्तरणतर्फको सशर्त र विशेष अनुदानलाई आर्थिक वर्ष २०७८/७९ बाट चालु र पुँजीगत प्रकृतिको खर्चमा विभाजन गर्ने गरिएको भए तापनि यी दुबै खर्च शीर्षक संघतर्फ चालु खर्चमा नै लेखाङ्कन गरिने हुँदा समग्र पुँजीगत खर्चको अवस्था वास्तविक खर्चभन्दा कम देखिने गरेको छ।

**सार्वजनिक खर्च अपेक्षाकृत रूपमा बढ्न नसक्नुका कारणहरू**

- बजेट तर्जुमा गर्दा पुर्व तयारी पूरा भएका आयोजनामा मात्र विनियोजन हुन नसक्नु। वन क्षेत्रको उपयोग, आयोजना स्थलको जग्गा प्राप्ति, मुआब्जा निर्धारण र वितरण, क्षतिपूर्ति लगायतका प्रक्रिया पूरा नभएका आयोजनामा समेत बजेट विनियोजन गर्ने प्रवृत्ति विद्यमान रहेको।
- आयोजनाको निर्माण गर्ने मोडालिटी, कूल लागत, विस्तृत आयोजना प्रतिवेदन र आयोजनाको आर्थिक, सामाजिक, वित्तीय, प्राविधिक तथा भौगर्भिक पक्षको वस्तुगत विश्लेषण एवम् मूल्याङ्कन गरी बजेट प्रस्ताव गर्न नसकेका कारण बजेट कार्यान्वयन कार्ययोजनाको परिपालना हुन नसकेको।
- स्रोत सुनिश्चित भएका आयोजनाहरूमा न्यून बजेट प्रस्ताव गर्ने र प्राप्त बजेट सीमाबाट नयाँ आयोजना प्रस्ताव गरी आयोजनाको संख्या बढाउँदै जाँदा सिर्जित दायित्व भुक्तानीमा समस्या आउनुका साथै अधुरा आयोजना बढ्न गै समग्र खर्च व्यवस्थापन चुनौतिपूर्ण हुँदै गएको।
- संविधानको परिकल्पना अनुसार तीनै तहका सरकारका बिचमा पर्याप्त समन्वय र सहकार्य हुन नसक्दा सामाजिक सुरक्षाका कार्यक्रम, कतिपय अनुदानका कार्यक्रम र विकास आयोजनाहरू समेत दोहोरो पर्न गई खर्चको प्रभावकारिता एवम् स्रोतको समन्यायिक वितरणमा समेत नकारात्मक असर पर्न गएको।
- विकास आयोजनाहरूमा आयोजना प्रमुख लगायतका कर्मचारीहरूको समयमा पदपूर्ति नहुने, छिटो छिटो सरुवा हुने, निर्माण सामग्रीको निर्वाध उपलब्धता नहुने र श्रमिक व्यवस्थापनसम्बन्धी कार्य समयमै हुन नसक्ने प्रवृत्ति कायमै रहेको।
- कतिपय निकायको स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि, निर्देशिका, मापदण्ड लगायतका कानूनमा संशोधन वा नयाँ कानून तर्जुमा समयमै हुन नसकेका कारण अर्धवार्षिक अवधिसम्म पनि खर्चको आधार नै तय नहुने अवस्था रहेको।
- वैदेशिक स्रोतमा सञ्चालित आयोजनामा नेपाल सरकारको तर्फबाट व्यहोरिने समपुरक कोष (Counter- part fund) को रकम न्यून प्रस्ताव हुने गरेको।
- वैदेशिक सहायताबाट सञ्चालित कतिपय आयोजनामा विकास साझेदारले निर्धारण गरेको खरिद प्रक्रिया र लेखाङ्कनसम्बन्धी व्यवस्था पालना नहुँदा तोकिएको शर्त पूरा नभई समयमै शोधभर्ना प्राप्त नहुने गरेको।

- कतिपय नयाँ आयोजना तथा कार्यक्रमका लागि अवण्डामा राखेको रकम समयमा बाँडफाँट हुन नसक्दा आयोजना कार्यान्वयनमा ढिलाई हुने गरेको।
- राष्ट्रिय विकास समस्या समाधान समिति र मन्त्रालयगत विकास समस्या समाधान समितिबाट पहिचान भएका समस्या समाधानका लागि प्रस्तावित सुझाव कार्यान्वयन हुन नसक्दा सोही समस्या दोहोरिने गरेको।

### २.१.१ आर्थिक वर्ष २०८१/८२ को पुस महिनासम्मको मन्त्रालयगत खर्च स्थिति

**तालिका २.२: मन्त्रालयगत खुद बजेट र खर्चको स्थिति** (रू.लाखमा)

| क्र.स. | मन्त्रालय/निकाय | बजेट | पुससम्मको खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५५९६६ | १८५९९ | ३३.२३ |
| २ | अर्थ मन्त्रालय | ४३९८४३ | ९९८९२ | २२.७१ |
| ३ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ८०४१६ | ६१३० | ७.६२ |
| ४ | ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय | ४०४३७७ | ८१३३७ | २०.११ |
| ५ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ५४८१ | १७८३ | ३२.५४ |
| ६ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | ४९६९७१ | १५०२५६ | ३०.२३ |
| ७ | खानेपानी मन्त्रालय | १६३३१७ | २६३१० | १६.११ |
| ८ | गृह मन्त्रालय | २०३२८५६ | ८४१८९२ | ४१.४१ |
| ९ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ५३५२३ | १४९३४ | २७.९० |
| १० | परराष्ट्र मन्त्रालय | ६७९१२ | ३४३९२ | ५०.६४ |
| ११ | वन तथा वातावरण मन्त्रालय | ११९८३६ | ३५११५ | २९.३० |
| १२ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | ६६५२७ | २३४३८ | ३५.२३ |
| १३ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | १५०४२७१ | ३५४८१८ | २३.५९ |
| १४ | महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | १३०६९ | २३०१ | १७.६१ |
| १५ | युवा तथा खेलकूद मन्त्रालय | ३३४१९ | ५९७३ | १७.८७ |
| १६ | रक्षा मन्त्रालय | ५९८७५१ | २७७७७२ | ४६.३९ |
| १७ | शहरी विकास मन्त्रालय | ६८२४२८ | ७६४०२ | ११.२० |
| १८ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | ५७७०२१ | २४९५५२ | ४३.२५ |
| १९ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ७३७६९ | २१२२८ | २८.७८ |
| २० | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ६४९६७ | ८२७९ | १२.७४ |
| २१ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | ४६१४६८ | १५०२७४ | ३२.५६ |
| २२ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | १८५१२ | २६०६ | १४.०८ |

*स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय*

### २.१.२ स्रोतगत खर्च विश्लेषण

समीक्षा अवधिमा नेपाल सरकारको स्रोततर्फ रू.६ खर्ब १८ अर्ब ५१ करोड ४३ लाख खर्च भएको छ। जुन गत आर्थिक वर्षको खर्चको तुलनामा १५.८६ प्रतिशतले बढी हो। वैदेशिक अनुदानतर्फ रू.७ अर्ब ७१ करोड ९२ लाख खर्च भई गत आर्थिक वर्षको तुलनामा ४३.७९

प्रतिशतले बढी खर्च भएको छ। त्यस्तै, वैदेशिक ऋणतर्फ रू.४१ अर्ब ३७ करोड ४३ लाख खर्च भएको छ जुन गत वर्षको तुलनामा ४६.७५ प्रतिशतले बढी हो। स्रोतगत रुपमा भएको खर्चलाई तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका २.३ः स्रोतगत विनियोजन र खर्चको स्थिति** **(रू.लाखमा)**

| स्रोत | आर्थिक वर्ष २०८०/८१ | | | आर्थिक वर्ष २०८१/८२ | | | तुलनात्मक वृद्धि | |
|---|---|---|---|---|---|---|---|---|
| | विनियोजन | पुस महिनासम्मको खर्च | प्रतिशत | विनियोजन | पुस महिनासम्मको खर्च | प्रतिशत | विनियोजन | खर्च |
| नेपाल सरकार | १४८८६२०० | ५३३८२६४ | ३५.८६ | १५९०३०३० | ६१८५१४३ | ३८.८९ | ६.८३ | १५.८६ |
| अनुदान | ४९९४३० | ५३६८३ | १०.७५ | ५२३२६५ | ७७१९२ | १४.७५ | ४.७७ | ४३.७९ |
| ऋण | २१२७४९१ | २८१९३७ | १३.२५ | २१७६७३५ | ४१३७४३ | १९.०१ | २.३१ | ४६.७५ |
| **जम्मा** | **१७५१३१२१** | **५६७३८८३** | **३२.४०** | **१८६०३०३०** | **६६७६०७८** | **३५.८९** | **६.२२** | **१७.६६** |

*स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय*

### २.१.३ विकास साझेदार अनुसार खर्चको स्थिति

चालु आर्थिक वर्षको बजेटमा वैदेशिक स्रोत समावेश भएको आयोजना तथा कार्क्रमहरूमा अर्धवार्षिक अवधिमा भएको खर्चको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका २.४ः विकास साझेदारतर्फ विनियोजन र खर्चको स्थिति** **(रू.लाखमा)**

| क्र.सं. | विकास साझेदार | बजेट विनियोजन | पुस महिनासम्मको खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आई डि ए | ३९८६६५ | ८२११३ | २०.६० |
| २ | ए डि वि | ७१५८२९ | ६७०३३ | ९.३६ |
| ३ | ए डि वि/पि वि एल - पि एफ एम | ९५२९३ | २७९४८ | २९.३३ |
| ४ | ए डि वि/पि वि एल - ग्रिड | १३०००० | १७०८८ | १३.१४ |
| ५ | एस.इ.एस.पी. दाताको संयुक्त कोष | १२७०४७ | ४५३०० | ३५.६६ |
| ६ | आई एम एफ/ई सि एफ | १००००० | ३५३१६ | ३५.३२ |
| ७ | आई डि ए/डि पि सि - ग्रिड | १२९९८१ | ३०६०९ | २३.५५ |
| ८ | युरोपियन इन्भेस्टमेन्ट बैंक | ६११२८ | १९७८४ | ३२.३६ |
| ९ | भारत | ४५१५४ | ८७७१ | १९.४२ |
| १० | मिलिनियम च्यालेन्ज कार्पोरेशन यू एस ए | ९९०८२ | ८३८० | ८.४६ |
| ११ | दाताको संयुक्त कोष | ६७६०३ | ७७६९ | ११.४९ |
| १२ | आइ डि ए हाइअर एजुकेशन पि फर आर | २२९६९ | ५८७९ | २५.६० |
| १३ | जापान - जाईका | ४४०२७ | ४६८१ | १०.६३ |

*स्रोतःअर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय*

वैदेशिक स्रोतमध्ये एडिबिको सबैभन्दा बढी विनियोजन रू.७१ अर्ब ५८ करोड २९ लाख रहेकोमा यस अवधिमा रू.६ अर्ब ७० करोड ३३ लाख अर्थात् ९.३६ प्रतिशत खर्च भएको छ। त्यसैगरी खर्चको आधारमा विश्लेषण गर्दा एस.इ.एस.पी. दाताको संयुक्त कोषबाट विनियोजन भएको

रू.१२ अर्ब ७० करोड ४७ लाखमध्ये रू.४ अर्ब ५३ करोड अर्थात् ३५.६६ प्रतिशत खर्च भएको छ।

### २.१.४ कार्यगत खर्च स्थिति

समीक्षा अवधिमा भएको क्षेत्रगत विनियोजन र खर्चलाई तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका २.५: कार्यगत खर्चको स्थिति** **(रू.लाखमा)**

| क्र.सं. | वर्गीकरण | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | सामान्य सार्वजनिक सेवा | ९३२८९२८ | ३९२४५२० | ४२.०७ |
| २ | रक्षा | ५८२८७३ | २६७४७० | ४५.८९ |
| ३ | सार्वजनिक शान्ति सुरक्षा | ७५१६३८ | ३५३३३७ | ४७.०१ |
| ४ | आर्थिक मामिला | ३८३२१२७ | ७८०६६४ | २०.३७ |
| ५ | वातावरण संरक्षण | ८४९०३ | ६१५२ | ७.२५ |
| ६ | आवास तथा सामुदायिक सुविधा | ६७०३३२ | ८०७२२ | १२.०४ |
| ७ | स्वास्थ्य | ५७३०६३ | २१२८५३ | ३७.१४ |
| ८ | मनोरञ्जन, संस्कृति तथा धर्म | ५८८६९ | १७८४२ | ३०.३१ |
| ९ | शिक्षा | ५८१०२६ | २४९५५२ | ४२.९५ |
| १० | सामाजिक सुरक्षा | २१३९२७२ | ७८२९६६ | ३६.६० |
| | **जम्मा** | **१८६०३०३०** | **६६७६०७८** | **३५.८९** |

*स्रोतःअर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय*

समीक्षा अवधिमा सबैभन्दा बढी सार्वजनिक शान्ति सुरक्षामा रू.३५ अर्ब ३३ करोड ३७ लाख अर्थात् विनियोजनको ४७.०१ प्रतिशत खर्च भएको छ भने वातावरण संरक्षणतर्फ सबैभन्दा कम रू.६१ करोड ५२ लाख (विनियोजनको ७.२५ प्रतिशत) खर्च भएको छ।

### २.१.५ बहुवर्षीय ठेक्का र स्रोत सहमति

आर्थिक, सामाजिक, साँस्कृतिक तथा वातावरणीय दृष्टिले प्राथमिकतामा परेका र रणनीतिक एवम् राष्ट्रिय महत्वका विकास आयोजनालाई नेपाल सरकारले राष्ट्रिय गौरवका आयोजनाको रुपमा कार्यान्वयन गर्दै आएको छ। उत्पादन र उत्पादकत्व अभिवृद्धि, रोजगारी सिर्जना लगायतका दृष्टिकोणबाट महत्वपूर्ण र पूर्वाधार विकासका हिसाबले रुपान्तरणकारी एवम् रणनीतिक महत्वका ठूला आयोजनामा स्रोतको अभाव हुन नदिई आयोजनाको कार्यान्वयनलाई थप प्रभावकारी बनाउन सामान्यतया शुरू विनियोजनको चार गुणासम्म र तीन वर्षसम्मका लागि बहुवर्षीय स्रोत सहमति प्रदान गर्न सकिने नीतिगत व्यवस्था रहेको छ। चालु आर्थिक वर्षमा जारी गरिएको आयोजनाको बहुवर्षीय ठेक्का सहमतिसम्बन्धी मापदण्ड, २०८१ ले समेत आवश्यकता र औचित्यको पुष्ट्याईं तथा स्रोतको उपलब्धता समेतको विश्लेषण गरी स्रोत सुनिश्चितता प्रदान गर्ने व्यवस्थालाई निरन्तरता दिएको छ। जस अनुसार चालु आर्थिक वर्षको पुस महिनासम्मको अवधिमा तालिकामा उल्लेखित मन्त्रालय अन्तर्गतका आयोजनाको लागि रू.१ खर्ब १ अर्ब ९६ करोड ५५ लाखको स्रोत सहमति प्रदान गरिएको छ। स्रोत सहमतिको मन्त्रालयगत विवरण तालिका नं. २.६ मा प्रस्तुत गरिएको छ।

**तालिका २.६: स्रोत सहमतिको विवरण** **(रू.लाखमा)**

| क्र.सं. | मन्त्रालय/निकाय | सहमति दिइएको रकम |
|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५८५० |
| २ | अर्थ मन्त्रालय | १९१० |
| ३ | ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय | १४४२०० |
| ४ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | १७०००० |
| ५ | खानेपानी मन्त्रालय | ११६३०० |
| ६ | गृह मन्त्रालय | ७२३६ |
| ७ | परराष्ट्र मन्त्रालय | १२७१०० |
| ८ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | ३०७९ |
| ९ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | २५६१२३ |
| १० | महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | ४१०० |
| ११ | शहरी विकास मन्त्रालय | १८१९५७ |
| १२ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | १८०० |
| | **जम्मा** | **१०१९६५५** |

*स्रोत:अर्थ मन्त्रालय*

### २.१.६ सिर्जित दायित्वको अवस्था

प्रचलित कानूनी व्यवस्था अनुसार अर्थ मन्त्रालयको सहमति बिना कुनै पनि निकायले बहुवर्षीय दायित्व सिर्जना हुने गरी खर्चको प्रतिवद्धता जनाउन नहुने र नयाँ बजेट तथा कार्यक्रम प्रस्ताव गर्दा सम्बन्धित निकायलाई प्राप्त सीमाबाट प्रतिवद्धता रकम र भुक्तानी हुन बाँकी सिर्जित दायित्व वापतको रकम छुट्याएर मात्र अन्य कार्यक्रमको लागि बजेट प्रस्ताव गर्नुपर्ने व्यवस्था रहेको छ।

कतिपय निकायबाट अर्थ मन्त्रालयको सहमति बिना पनि बहुवर्षीय दायित्व सिर्जना हुने गरी खरिद कार्य अगाडि बढाउने र स्रोत सहमति लिएका आयोजनामा सिर्जना हुने दायित्व भुक्तानीको लागि पर्याप्त बजेट प्रस्ताव नगरी नयाँ आयोजनामा बजेट प्रस्ताव गर्ने गरिएको कारण अतिरिक्त गैर बजेटरी दायित्व सिर्जना हुन गई त्यसबाट समग्र बजेट प्रणाली प्रभावित हुनुका साथै स्रोत व्यवस्थापनमा चुनौती सिर्जना हुँदै गएको छ। तसर्थ, आगामी आर्थिक वर्षको बजेट प्रस्ताव गर्दा विषयगत मन्त्रालयलाई प्राप्त बजेट सीमाभित्र रही स्रोत सहमति भएका आयोजनालाई आवश्यक रकम छुट्याएर मात्र नयाँ आयोजना तथा कार्यक्रमका लागि बजेट प्रस्ताव गर्नुपर्ने व्यवस्थालाई कडाईका साथ कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

विषयगत मन्त्रालयबाट प्राप्त विवरणका आधारमा गत आर्थिक वर्षसम्मको सिर्जित दायित्व रू.२८ अर्ब ५१ करोड ९० लाख भुक्तानी दिन बाँकी रहेकोमा समीक्षा अवधिसम्म रू.२२ अर्ब २२ करोड ८९ लाख भुक्तानीका लागि स्रोत व्यवस्थापन गरिएको छ। बाँकी रकम भुक्तानीका लागि समेत स्रोत व्यवस्थापन गरी दायित्व भुक्तानी गर्न सहजीकरण गरिएको छ।

### २.१.७ खर्च व्यवस्थापनका लागि गरिएका महत्वपूर्ण कार्य

विनियोजित बजेटको प्रभावकारी कार्यान्वयनबाट बजेटले निर्दिष्ट गरेका उद्देश्य पूरा गर्न चालु आर्थिक वर्षको पुस महिनासम्मको अवधिमा समग्र खर्च व्यवस्थापन र बजेट प्रणालीमा समयानुकूल सुधार गर्न देहाय बमोजिमका कार्य गरिएको छ।

- बजेट प्रणालीमा अनुशासन कायम राख्न विनियोजन ऐन, २०८१ तथा आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यान्वयनसम्बन्धी मार्गदर्शनको परिधिभित्र रही प्रथम त्रैमासिक अवधिमा कुनै पनि थप बजेट तथा रकमान्तर तथा कार्यक्रम संशोधन नगरिएको।
- विभिन्न मन्त्रालयबाट अनुरोध भई आएका ६४ वटा ऐन, नियम, कार्यविधि, निर्देशिका र मापदण्डमा राय तथा सहमति प्रदान गरिएको।
- बहुवर्षीय स्रोत सहमतिलाई व्यवस्थित गर्न आयोजनाको बहुवर्षीय ठेक्का सहमतिसम्बन्धी मापदण्ड, २०८१ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको।
- बजेट प्रणालीलाई व्यवस्थित गर्न तथा सार्वजनिक खर्चमा एकरुपता कायम गर्नका लागि कार्य सञ्चालन निर्देशिका, २०८१ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको।
- अर्थ मन्त्रालयबाट बहुवर्षीय आयोजनाका लागि दिइएको स्रोत सहमति र भुक्तानी बाँकी दायित्वसम्बन्धी विवरण यकिन गरी आगामी वर्षमा सिर्जना हुने सम्भाव्य अतिरिक्त गैर बजेटरी दायित्व न्यूनीकरणका लागि अध्ययन कार्यदल गठन गरी स्रोत सहमति र भुक्तानी बाँकी दायित्वसम्बन्धी तथ्याङ्क अद्यावधिक गरिएको।
- गत आर्थिक वर्षको दायित्वलाई समयमा नै भुक्तानी गर्न आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शनमा नै नीतिगत व्यवस्था गरी सहजीकरण गरिएको र सोबाट समेत बाँकी रहन गएको सिर्जित दायित्व भुक्तानीका लागि रकमान्तर लगायतका अन्य नीतिगत सहजीकरणका उपाय अवलम्वन गरिएको।
- मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS), प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS), स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA), राष्ट्रिय योजना आयोगको आयोजना बैङ्क (Project Bank) र मध्यमकालिन खर्च संरचना (MTEF) बिच अन्तरआवद्धता कायम गर्ने कार्य थालनी गरिएको।
- रकमान्तर, कार्यक्रम संशोधन लगायतका विवरण मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्टी तथा प्रमाणीकरण गर्न लेखाउत्तरदायी अधिकृतलाई प्रणालीमा पहुँच उपलब्ध गराइएको।
- विद्यमान बजेट प्रणालीमा समसामयिक सुधार गरी बजेट विनियोजन र कार्यान्वयनलाई यथार्थपरक एवम् बस्तुनिष्ठ बनाउन क्रियाकलापको स्तरीकरण, प्रतिवेदनलाई सरलीकरण र अभिलेखको व्यवस्थापन चुस्त र छरितो बनाउने उद्देश्यले सो सम्बन्धी कार्य अघि बढाउन कार्यदलहरू गठन गरी प्रणाली सुधारको थालनी गरिएको।
- सार्वजनिक स्रोतको उपयोगिता, कामको गुणस्तर र प्रतिफलको सुनिश्चितता जस्ता विषय समेटी रकमान्तर तथा कार्यक्रम संशोधन गर्ने पद्धतिमा एकरूपता कायम गरी व्यवस्थित गर्न ढाँचा तोकिएको।

## २.२ राजस्व परिचालन

### २.२.१ राजस्व प्राप्तिको अनुमान

आर्थिक वर्ष २०८१/८२ मा रू.१४ खर्ब १९ अर्ब ३० करोड ३० लाख राजस्व संकलन हुने अनुमान रहेको छ। कूल अनुमानित राजस्वमध्ये संघीय सरकारको बजेट प्रयोजनका लागि रू.१२ खर्ब ६० अर्ब ३० करोड ३० लाख प्रयोग हुने साथै बाँकी रू.१ खर्ब ५९ अर्ब ९० करोड राजस्व बाँडफाँटको माध्यमबाट प्रदेश र स्थानीय तहमा हस्तान्तरण हुने अनुमान छ। यस अनुसार संघीय सरकारको कूल बजेटमा राजस्वको योगदान करिब ६७.७५ प्रतिशत रहने छ।

राजस्व प्राप्तिको अनुमान तथा सोको बाँडफाँटसम्बन्धी तालिका नं.२.७ मा प्रस्तुत गरिएको छ।

**तालिक २.७: राजस्व प्राप्ति अनुमान तथा बाँडफाँट** **(रू.लाखमा)**

| विवरण | रकम |
|---|---|
| कूल वार्षिक बजेट अनुमान | १८६०३०३० |
| कूल वार्षिक राजस्व अनुमान | १४१९३०३० |
| कर राजस्व अनुमान | १२८४२०९६ |
| अन्य राजस्व (गैरकर) अनुमान | १३५०९३४ |
| कूल बजेटमा राजस्वको योगदान (प्रतिशत) | ६७.७५ |
| राजस्व बाँडफाँट (प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने) | १५९०००० |
| संघीय सञ्चित कोषमा जम्मा हुने राजस्व | १२६०३०३० |

*स्रोतः आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्य*

### २.२.२ राजस्व प्राप्तिको अनुमानित संरचना

आर्थिक वर्ष २०८१/८२ को राजस्व प्राप्तिको अनुमानमा कर राजस्वको अंश ९०.४८ प्रतिशत र अन्य राजस्वको अंश ९.५२ प्रतिशत रहेको छ। यसमा प्रत्यक्ष कर र अप्रत्यक्ष करको हिस्सा क्रमशः २८ प्रतिशत र ७२ प्रतिशत रहेको छ। शीर्षकगत रुपमा अप्रत्यक्ष कर अन्तर्गत मूल्य अभिवृद्धि करको अंश सबैभन्दा बढी अर्थात् ३०.१० प्रतिशत रहेको छ भने प्रत्यक्ष करको रूपमा रहेको आयकरको अंश २७.५३ प्रतिशत रहेको छ। भन्सार महसुल, अन्तःशुल्क र शिक्षा सेवा शुल्कको अंश क्रमशः २१.६६ प्रतिशत, १३.७४ प्रतिशत र ०.३३ प्रतिशत रहेको छ।

अनुमानित राजस्व प्राप्तिको निकायगत संरचनामा आन्तरिक राजस्व विभागको अंश सबैभन्दा बढी ४९.४३ प्रतिशत रहेको छ भने भन्सार विभागको अंश ४१.०५ प्रतिशत रहेको छ। त्यस्तै, अन्य राजस्व परिचालन गर्ने निकायहरूको अंश ९.५२ प्रतिशत रहेको छ।

### २.२.३ समीक्षा अवधिको राजस्व सङ्कलन अवस्था

समीक्षा अवधिमा रू.६ खर्ब ७२ अर्ब ८० करोड ९४ लाख राजस्व प्राप्तिको अनुमान रहेकोमा यस अवधिमा विविध प्राप्ति समेत गरी जम्मा रू.५ खर्ब ६७ अर्ब ३९ करोड ७३ लाख संकलन भएको छ। यो रकम राजस्व प्राप्ति अर्धबार्षिक लक्ष्यको तुलनामा ८४.३३ प्रतिशत र गत आर्थिक वर्षको सोही अवधिसम्मको राजस्व सङ्कलन रू.५ खर्ब १५ अर्ब ३९ करोड ७६ लाखको तुलनामा करिव १०.०९ प्रतिशतले अधिक रहेको छ। यसको विस्तृत विवरण तालिका नं.२.८ मा देखाइएको छ।

**तालिका २.८: राजस्व प्राप्तिको अनुमान तथा सङ्कलनको तुलनात्मक विवरण (रू.लाखमा)**

| कर शीर्षक | आर्थिक वर्ष २०८०/८१ पुस सम्मको सङ्कलन | आर्थिक वर्ष २०८१/८२ पुस सम्मको प्राप्तिको अनुमान | आर्थिक वर्ष २०८१/८२ पुससम्मको सङ्कलन | चालु आर्थिक वर्षको पुस महिनासम्मको प्राप्ति अनुमानको तुलनामा सङ्कलन (%) | गत आर्थिक वर्षको यसै अवधिसम्मको तुलनामा वृद्धिदर (%) |
|---|---|---|---|---|---|
| भन्सार महशुल | ९५८३३२ | १४५७४८४ | १०७३७४१ | ७३.६७ | १२.०४ |
| मूल्य अभिवृद्धि कर | १४१४१७४ | १८३७८७० | १५४८४८६ | ८४.२५ | ९.५० |
| अन्तःशुल्क | ६८६६५१ | ९१४३०५ | ८३३८८५ | ९१.२० | २१.४४ |
| शिक्षा सेवा शुल्क | १५८७६ | १०४८८ | १८४९७ | १७६.३६ | १६.५१ |
| आयकर | १३६०४८७ | १८०६८७७ | १४१९३८३ | ७८.५५ | ४.३३ |
| कर राजस्व जम्मा | ४४३५५२० | ६०२७०२४ | ४८९३९९२ | ८१.२० | १०.३४ |
| अन्य राजस्व (गैरकर)जम्मा | ५२९४७८ | ७०१०७० | ७०२०८२ | १००.१४ | ३२.६० |
| कूल राजस्व | ४९६४९९८ | ६७२८०९४ | ५५९६०७४ | ८३.१७ | १२.७१ |
| विविध प्राप्ति | १८८९७८ | - | ७७८९९ | - | - |
| **जम्मा राजस्व/प्राप्ति** | **५१५३९७६** | **६७२८०९४** | **५६७३९७३** | **८४.३३** | **१०.०९** |

*स्रोतः राजस्व व्यवस्थापन सूचना प्रणाली/महालेखा नियन्त्रक कार्यालय/अर्थ मन्त्रालय*

समीक्षा अवधिमा भन्सार विभागतर्फ रू.२ खर्ब ८० अर्ब ३९ करोड ३५ लाख, आन्तरिक राजस्व विभागतर्फ रू.३ खर्ब २२ अर्ब ३० करोड ८९ लाख र अन्य राजस्वतर्फ रू.७० अर्ब १० करोड ७० लाख राजस्व प्राप्तिको अनुमान रहेकोमा क्रमशः रू.२ खर्ब २० अर्ब ३ करोड ७० लाख, रू.२ खर्ब ६९ अर्ब ३६ करोड २२ लाख र रू.७० अर्ब २० करोड ८२ लाख राजस्व सङ्कलन भएको छ। राजस्व प्राप्ति अनुमानको तुलनामा उक्त सङ्कलन क्रमशः ७८.४७ प्रतिशत, ८३.५७ प्रतिशत र १००.१४ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको यसै अवधिको तुलनामा भन्सार विभागतर्फ ९.९१ प्रतिशत, आन्तरिक राजस्व विभागतर्फ १०.६९ प्रतिशत र अन्य राजस्वतर्फ ३२.६० प्रतिशतले राजस्व सङ्कलनमा वृद्धि भएको छ। विविध प्राप्तितर्फको आय गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ५८.७८ प्रतिशतले न्यून रहेको छ।

राजस्व सङ्कलनको निकायगत अवस्थालाई तालिका नं.२.९ मा प्रस्तुत गरिएको छ।

तालिका २.९: राजस्व प्राप्तिको अनुमान तथा सङ्कलनको निकायगत तुलनात्मक विवरण (रू.लाखमा)

| निकाय | आर्थिक वर्ष २०८०/८१ पुस सम्मको सङ्कलन | आर्थिक वर्ष २०८१/८२ पुस सम्मको प्राप्तिको अनुमान | आर्थिक वर्ष २०८१/८२ पुससम्मको सङ्कलन | चालु आर्थिक वर्षको पुस महिनासम्मको प्राप्ति अनुमानको तुलनामा सङ्कलन % | गत आर्थिक वर्षको यसै अवधिसम्मको तुलनामा वृद्धिदर |
|---|---|---|---|---|---|
| भन्सार विभाग | २००२०१४ | २८०३९३५ | २२००३७० | ७८.४७ | ९.९१ |
| आन्तरिक राजस्व विभाग | २४३३५०६ | ३२२३०८९ | २६९३६२२ | ८३.५७ | १०.६९ |
| अन्य राजस्व(गैर कर) | ५२९४७८ | ७०१०७० | ७०२०८२ | १००.१४ | ३२.६० |
| विविध प्राप्ति | १८८९७८ | | ७७८९९ | - | (५८.७८) |
| **जम्मा** | **५१५३९७६** | **६७२८०९४** | **५६७३९७३** | **८४.३३** | **१०.०९** |

*स्रोतः राजस्व व्यवस्थापन सूचना प्रणाली/महालेखा नियन्त्रक कार्यालय/अर्थ मन्त्रालय*

## २.२.४ राजस्व प्राप्तिको अनुमानका तुलनामा राजस्व सङ्कलन न्यून हुनाका प्रमुख कारण

समीक्षा अवधिमा गैरकर राजस्वतर्फको सङ्कलन लक्ष्य अनुसार नै प्रगति भएको छ। कर राजस्वतर्फ भने लक्ष्यको तुलनामा सङ्कलन न्यून रहेको छ। यसरी अपेक्षित रूपमा कर राजस्व सङ्कलन नहुनुका प्रमुख कारणलाई शिर्षकगत रुपमा देहाय बमोजिम उल्लेख गरिएको छ।

### अ. भन्सारतर्फ

आर्थिक वर्ष २०८०/८१ को जम्मा राजस्व सङ्कलनको तुलनामा चालु आर्थिक वर्षमा राजस्व प्राप्ति अनुमान ३७.३४ प्रतिशत वृद्धि भएकोमा कूल वैदेशिक व्यापार ९.२५ प्रतिशतले र राजस्वमा प्रमुख योगदान दिने आयात ७.०६ प्रतिशतले मात्र बढ्नु; गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षमा राजस्वमा प्रमुख योगदान दिने डिजेल, जुत्ता चप्पल, फलामे पत्र, टायल, सुर्ती, लेख्ने छाप्ने कागज, एम.एस.विलेट, ग्यास लाइटर, सुकुमेल, कच्चा पाम तेल, विटुमिन, स्याउ, नासपाती र फलफुल, मार्वल स्लाव, आल्मुनियमको तार, वाइन, भटमासको कच्चा तेल, एच.आर.सिट लगायतका प्रमुख २० वस्तुहरूबाट न्यून राजस्व सङ्कलन हुनु; गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षमा रू.२ अर्ब ७९ करोड बढी मूल्यको भन्सार महसुल भएका मालवस्तु पैठारी भएको हुँदा सो सुविधाबाट राजस्व रकम कम प्राप्त हुनु; पेट्रोलियम पदार्थमा आधारित सवारी साधनभन्दा न्यून पैठारी महसुल दर भएका विद्युतीय सवारी साधनको पैठारी बढ्दा तुलनात्मक रुपमा राजस्व सङ्कलन घट्नु; आर्थिक ऐन तथा भन्सार महसुल ऐनबाट दिइएको राजस्व छुटको दायरा बर्षेनी बढ्दै गएको कारण राजस्व सङ्कलनमा प्रतिकूल प्रभाव पर्नु; खुला सीमा व्यवस्थापन र आन्तरिक बजार अनुगमन अपेक्षाकृत प्रभावकारी हुन नसकेको कारण चोरी पैठारी नियन्त्रण प्रभावकारी हुन नसक्नु जस्ता कारणले भन्सारतर्फको राजस्व सङ्कलनमा प्रतिकूल प्रभाव परेको देखिन्छ।

### आ. आन्तरिक राजस्वतर्फ

उद्योग, व्यापार, घरजग्गा कारोवार, शेयर कारोवार लगायतका आर्थिक कारोवारमा अपेक्षाकृत वृद्धि  हुन नसक्नु; कार्यालयको कर निर्धारणका विरुद्धमा करदाता सोझै रिटको माध्यमबाट अदालतमा पुनरावेदन जाने प्रवृत्ति बढ्न गई निर्धारित कर रकम समयमा दाखिला हुन नसक्नु; संघ र स्थानीय तहको बिचमा घर बहाल कर लगायत कतिपय कर सङ्कलनको विषयमा नीतिगत स्पष्टता हुन नसक्नु; बैङ्कहरूमा तलरता बढ्दै गए अनुरूप लगानी वढ्न नसक्नु; बैङ्क ब्याजको औषत दर निरन्तर घटदै जानु; पछिल्लो समयमा सहकारी संस्थाहरूमा देखिएको समस्याका कारण सहकारी संस्थाहरूको कर योगदान घट्नु; दूर सञ्चार क्षेत्रको आम्दानी क्रमशः कम हुँदै जानु; सरकारी संस्थान तथा पब्लिक लिमिटेड कम्पनीको आम्दानीमा गिरावट आउनु; आयकर नियमावली, २०५९ मा भएको संशोधनबाट अवकाश योगदान वापत करयोग्य आयबाट घटाउन पाउने छुट सीमा रू.३ लाखबाट वृद्धि भई रू.५ लाख हुनु; अवकाश भुक्तानीमा हुने अग्रिम कर कट्टी वापतको राजस्वमा कमी आउनु; वक्यौता तथा बेरूजु फछ्र्यौट र सो असूलउपर गर्ने कार्यले गति लिन नसक्नु जस्ता कारणले समीक्षा अवधिमा अनुमानको तुलनामा आयकर तर्फको सङ्कलन न्यून हुन गएको देखिन्छ।

अर्थतन्त्रमा निर्माण क्षेत्रको योगदान न्यून रहेको कारण सिमेण्ट, डण्डी लगायतका निर्माण सामग्रीहरूको बिक्री कारोवारमा कमी आउनु; दूर सञ्चार सेवाको बिक्रीमा ह्रास आउनु; अन्तःशुल्कजन्य वस्तुहरूको उत्पादन योगदान कमजोर रहनु; नक्कली बीजकको प्रयोग तथा सीमा क्षेत्रको चोरी पैठारी नियन्त्रण प्रभावकारी हुन नसक्नु जस्ता कारणले समेत मूल्य अभिवृद्धि करतर्फको राजस्व अनुमानको तुलनामा कम सङ्कलन भएको देखिन्छ।

सुर्तिजन्य वस्तुको उत्पादन गर्ने प्रतिष्ठानहरू तथा अन्य औद्योगिक उत्पादनको अन्तःशुल्क योगदानमा अपेक्षित वृद्धि नहुनु; चोरी पैठारी नियन्त्रण प्रभावकारी हुन नसक्नुको कारण अन्तःशुल्कतर्फको सङ्कलन समेत अनुमानका तुलनामा केही न्यून हुन गएको देखिन्छ।

## २.२.५ राजस्व सङ्कलनको संरचनात्मक अवस्था

समीक्षा अवधिमा भएको राजस्व सङ्कलन संरचनालाई देहाय अनुसार प्रस्तुत गरिएको छ।

### अ. कूल राजस्व सङ्कलन संरचनाः

चालु आर्थिक वर्षको राजस्व प्राप्तिको अनुमानमा कर राजस्वको अंश ९०.४८ प्रतिशत र अन्य राजस्वको अंश ९.५२ प्रतिशत रहने अनुमान गरिएकोमा समीक्षा अवधिमा सङ्कलित राजस्वमा कर राजस्वको अंश ८६.२५ प्रतिशत, अन्य राजस्वको अंश १२.३७ प्रतिशत र विविध प्राप्तिको अंश १.३७ प्रतिशत रहेको छ। यसलाई चित्र नं. २.२ मा देहाय बमोजिम प्रस्तुत गरिएको छ।

**चित्र नं. २.२ : आर्थिक वर्ष २०८१/८२ को पुस मसान्तसम्मको राजस्व सङ्कलन संरचना**




**आ. कर राजस्व सङ्कलन संरचनाः**

कर राजस्व तर्फको कूल सङ्कलनमध्ये मूल्य अभिवृद्धि करको अंश सबैभन्दा बढी अर्थात् ३१.६४ प्रतिशत रहेको छ भने दोस्रो र तेस्रो स्थानमा क्रमशः आयकर २९ प्रतिशत र भन्सार महसुल २१.९४ प्रतिशत रहेको छ। यसैगरी, अन्तःशुल्कको अंश १७.०४ प्रतिशत र शिक्षा सेवा शुल्कको अंश ०.३८ प्रतिशत रहेको छ। यसलाई चित्र नं. २.३ मा प्रस्तुत गरिएको छ।

**चित्र नं. २.३ : आर्थिक वर्ष २०८१/८२ को पुस महिनासम्मको कर राजस्व सङ्कलनको संरचना**




**इ. गैरकर तथा अन्य राजस्व सङ्कलन संरचनाः**

गैरकर तथा अन्य राजस्वतर्फ ४७ वटा शीर्षकहरूमा कूल रू.६८ अर्ब ४७ करोड ९५ लाख राजस्व सङ्कलन भएको छ। बढी राजस्व सङ्कलन भएका ५ शीर्षकहरू क्रमशः वित्तीय निकायबाट प्राप्त लाभांश रू.२१ अर्ब ७९ करोड ७४ लाख, सेवामुलक निकायबाट प्राप्त लाभांश रू.६ अर्ब ४७ करोड ९१ लाख, अन्य प्रशासनिक सेवा शुल्क रू.५ अर्ब १२ करोड ५६ लाख, बाँडफाँट नहुने रोयल्टी रू.५ अर्ब ४ करोड ८१ लाख, राहदानी शुल्क रू.४ अर्ब २७ करोड ६७ लाख रहेका छन्। गैरकर राजस्व सङ्कलनलाई चित्र नं. २.४ मा प्रस्तुत गरिएको छ।

**चित्र नं. २.४ : आर्थिक वर्ष २०८१/८२ को पुस महिनासम्मको राजस्व सङ्कलनको निकायगत संरचना**




### ई. निकायगत सङ्कलन संरचना

निकायगत रूपमा हेर्दा सङ्कलित राजस्वमध्ये आन्तरिक राजस्व विभागतर्फको अंश सबैभन्दा बढी ४७.४७ प्रतिशत, भन्सार विभागतर्फको अंश ३८.७८ प्रतिशत, अन्य राजस्वतर्फको अंश १२.३७ प्रतिशत र विविध प्राप्तिको अंश १.३७ प्रतिशत रहेको छ। निकायगत सङ्कलन संरचनालाई चित्र नं. २.५ मा प्रस्तुत गरिएको छ।

**चित्र नं. २.५ : आर्थिक वर्ष २०८१/८२ को पुस महिनासम्मको राजस्व सङ्कलनको निकायगत संरचना**




### २.२.६ कर राजस्व सङ्कलनको शीर्षकगत तुलनात्मक विवरण

समीक्षा अवधिमा भएको कर राजस्व सङ्कलनलाई गत आर्थिक वर्षको यसै अवधिको कर राजस्व सङ्कलनसँग तुलना गर्दा गत वर्षको तुलनामा चालु आर्थिक वर्षमा राजस्व सङ्कलन स्थिति सुधारोन्मूख रहेको देखिन्छ। शीर्षकगत रुपमा कर राजस्व सङ्कलनको स्थितिलाई देहाय अनुसार विश्लेषण गरिएको छ।

**आयकर**

आर्थिक वर्ष २०८१/८२ को समीक्षा अवधिमा आयकरतर्फ रू.१ खर्ब ४१ अर्ब ९३ करोड ८३ लाख सङ्कलन भएको छ। यो गत आर्थिक वर्षको यसै अवधिको सङ्कलन रू.१ खर्ब ३६ अर्ब ४ करोड ८७ लाखको तुलनामा ४.३३ प्रतिशतले बढी हो। आयकर अन्तर्गत संस्थागत आयकरतर्फ रू.६० अर्ब ८३ करोड १४ लाख, व्यक्तिगत आयकरतर्फ रू.५० अर्ब ९९ करोड

७५ लाख र लगानीको आयकरतर्फ रू.२७ अर्ब ३७ करोड ७४ लाख सङ्कलन भएको छ। गत आर्थिक वर्षको यसै अवधिको सङ्कलनको तुलनामा संस्थागत आयकरतर्फको वृद्धि ११.९० प्रतिशतले ऋणात्मक रहेको छ भने व्यक्तिगत आयकरतर्फ २१.१८ प्रतिशत र लगानीको आयकरतर्फ १०.७४ प्रतिशतले सकारात्मक रहेको छ।

संस्थागत आयकरतर्फ सरकारी कम्पनी र पब्लिक लिमिटेड कम्पनीको राजस्व सङ्कलनमा गत आर्थिक वर्षको तुलनामा क्रमशः १८.१५ र ३५.२९ प्रतिशतले कमी आएको छ भने प्राइभेट लिमिटेड कम्पनी र अन्य कम्पनीको आयकर सङ्कलनमा क्रमशः ३६.६७ र ७.९१ प्रतिशतले वृद्धि भएको छ।

गत आर्थिक वर्षको तुलनामा चालु अवधिमा व्यक्तिगत आयकरतर्फको पुँजीगत लाभकरमा ९९.०५ प्रतिशत, एकलौटी व्यवसायमा लाग्ने आयकर ७.८४ प्रतिशत र सामाजिक सुरक्षा करमा २.६७ प्रतिशतले वृद्धि भएको छ भने पारिश्रमिक कर २.१७ प्रतिशतले ऋणात्मक रहेको छ।

यो अवधिमा लगानीतर्फ पुँजीगत लाभ कर-निकाय, अन्य आयमा लाग्ने कर, लाभांशमा लाग्ने कर, सम्पत्ति, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर र लगानीको अन्य आयमा लाग्ने कर क्रमशः ६३७.४४, २८.७२, १८.६०, १२.०१ र ५.८६ प्रतिशतले वृद्धि भएको छ भने ब्याजमा लाग्ने कर र लगानीको आकस्मिक लाभमा लाग्ने कर क्रमशः १४.७० र ९९.९७ प्रतिशतले ऋणात्मक रहेका छन्।

आयकर सङ्कलनको विस्तृत विवरण देहायका तालिकाहरूमा प्रस्तुत गरिएको छ।

**तालिका २.१०: आयकर सङ्कलनको क्षेत्रगत विवरण** **(रू.लाखमा)**

| शीर्षक | २०८०/८१ पुस सम्मको | २०८१/८२ पुस सम्मको | वृद्धि दर |
|---|---|---|---|
| संस्थागत आयकर | ६९०४४७ | ६०८३१४ | (११.९०) |
| व्यक्तिगत आयकर | ४२०८५७ | ५०९९७५ | २१.१८ |
| लगानीको आयकर | २४७२१२ | २७३७७४ | १०.७४ |
| **जम्मा** | **१३५८५१६** | **१३९२०६३** | **२.४७** |

*स्रोतः आन्तरिक राजस्व विभाग*

**तालिका २.११: संस्थागत आयकर सङ्कलन विवरण** **(रू.लाखमा)**

| संस्थागत आयकर | २०८०/८१ पुस सम्मको | २०८१/८२ पुस सम्मको | वृद्धि दर |
|---|---|---|---|
| सरकारी कम्पनी | ४३८३० | ३५८७६ | (१८.१५) |
| पब्लिक लिमिटेड कम्पनी | ४०५१२८ | २६२१३९ | (३५.२९) |
| प्राइभेट लिमिटेड कम्पनी | १७१६८५ | २६४६४८ | ३६.६७ |
| अन्य कम्पनी | ६९८०४ | ७५३२८ | ७.९१ |
| **जम्मा** | **६९०४४७** | **६३७९९१** | **(११.९४)** |

*स्रोतः आन्तरिक राजस्व विभाग*

**तालिका २.१२ : व्यक्तिगत आयकर सङ्कलन विवरण** **(रू.लाखमा)**

| व्यक्तिगत आयकर | २०८०/८१ पुस सम्मको | २०८१/८२ पुस सम्मको | वृद्धि दर |
|---|---|---|---|
| एकलौटी व्यवसाय | १४१८४४ | १५२९६८ | ७.८४ |
| पारिश्रमिक कर | १५९९४७ | १५६४७७ | -२.१७ |
| सामाजिक सुरक्षा कर | ३८५२५ | ३९५३१ | २.६१ |
| पुँजीगत लाभ कर | ८०५४२ | १६०३२१ | ९९.०५ |
| **जम्मा** | **४२०८५७** | **५०९२९७** | **२१.०१** |

स्रोतः *आन्तरिक राजस्व विभाग*

**तालिका २.१३ः लगानीको आयकर सङ्कलन विवरण** **(रू.लाखमा)**

| लगानीको आयकर | २०८०/८१ पुस सम्मको | २०८१/८२ पुस सम्मको | वृद्धि दर |
|---|---|---|---|
| सम्पत्ति, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | ११७१८ | १३१२५ | १२.०१ |
| ब्याजमा लाग्ने कर | १८८९४५ | १६११७० | (१४.७०) |
| पुँजीगत लाभ कर - निकाय | ७१७२ | ५२८८९ | ६३७.४४ |
| लाभांशमा लाग्ने कर | २९८५० | ३५४०३ | १८.६० |
| लगानीको अन्य आय | ११०२ | ११६७ | ५.८६ |
| आकस्मिक लाभ | ९२८ | ० | (९९.९७) |
| अन्य आयमा लाग्ने कर | ७७८४ | १००१९ | २८.७२ |
| **जम्मा** | **२४९९** | **२७३७७४** | **१०.६२** |

स्रोतः *आन्तरिक राजस्व विभाग*

### मूल्य अभिवृद्धि कर

समीक्षा अवधिमा मूल्य अभिवृद्धि कर वापत रू.१ खर्ब ५४ अर्ब ८४ करोड ८६ लाख सङ्कलन भएकोमा आन्तरिकतर्फ रू.६४ अर्ब ७५ करोड ११ लाख र पैठारीतर्फ ९० अर्ब ९ करोड ७५ लाख सङ्कलन भएको छ। गत आर्थिक वर्षको यसै अवधिको तुलनामा उक्त सङ्कलन आन्तरिकतर्फ १६.९० प्रतिशतले र पैठारीतर्फ ४.७३ प्रतिशतले बढी रहेको छ। यसमध्ये आन्तरिकतर्फ संचार सेवा, बीमा, हवाई उडान र अन्य सेवा सङ्कलनमा ६३.१९ प्रतिशत, पर्यटन सेवा सङ्कलनमा ४२.३५ प्रतिशत, वस्तु बिक्री र वितरणमा १३.८० प्रतिशत, उत्पादनमा १०.५१ प्रतिशत र बाँडफाँट हुने बाहेक अन्य स्रोतबाट प्राप्त मूल्य अभिवृद्धि कर ५.०२ प्रतिशतले वृद्धि भएको छ भने परामर्श तथा ठेक्काबाट सङ्कलन हुने मूल्य अभिवृद्धि कर ३.४३ प्रतिशत र बेदर्तावालबाट सङ्कलन गर्ने मूल्य अभिवृद्धि करमा १.७२ प्रतिशतले कमी आएको छ।

**तालिका २.१४: आन्तरिक तर्फको मूल्य अभिवृद्धि कर सङ्कलन विवरण** **(रू.लाखमा)**

| शीर्षक | २०८०/८१ पुस सम्मको | २०८१/८२ पुस सम्मको | वृद्धि दर |
|---|---|---|---|
| उत्पादन | १५८९७३ | १७५६७७ | १०.५१ |
| वस्तु बिक्री र वितरण | १३१८८७ | १५००८५ | १३.८० |
| परामर्श तथा ठेक्का | १२३६६० | ११९४२१ | (३.४३) |
| पर्यटन सेवा सङ्कलन | १४८७० | २११६८ | ४२.३५ |
| संचार सेवा, बीमा, हवाई उडान र अन्य सेवा सङ्कलन | ९०५४८ | १४७७६३ | ६३.१९ |
| बेदर्तावालबाट गर्ने सङ्कलन | ३३७४८ | ३३१६८ | (१.७२) |
| बाँडफाँट हुने बाहेक अन्य स्रोतबाट प्राप्त मूल्य अभिवृद्धि कर | २१९ | २३० | ५.०२ |
| **जम्मा** | **५५३९०५** | **६४७५११** | **१६.९०** |

*स्रोत: आन्तरिक राजस्व विभाग*

**अन्तःशुल्क**

समीक्षा अवधिमा आन्तरिक उत्पादनतर्फ रू.६० अर्ब ८२ करोड ३१ लाख र पैठारीतर्फ रू.२२ अर्ब ५६ करोड ५४ लाख गरी अन्तःशुल्कतर्फ कूल रू.८३ अर्ब ३८ करोड ८५ लाख राजस्व सङ्कलन भएको छ। गत आर्थिक वर्षको यसै अवधिको तुलनामा आन्तरिकतर्फको अन्तःशुल्कमा २०.८६ प्रतिशत र पैठारीतर्फको अन्तःशुल्कमा २३.०३ प्रतिशतले वृद्धि भएको छ। यसबाट गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षको समग्र अन्तःशुल्क सङ्कलनमा २०.८६ प्रतिशतले वृद्धि भएको छ।

अन्तःशुल्कतर्फको सङ्कलनलाई तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका २.१५: अन्तःशुल्क (आन्तरिक उत्पादनतर्फ) सङ्कलन विवरण** **(रू.लाखमा)**

| शीर्षक | २०८०/८१ पुस सम्मको | २०८१/८२ पुस सम्मको | वृद्धि दर |
|---|---|---|---|
| सुर्तिजन्य पदार्थ | १२९२१७ | १३७९२२ | ६.७४ |
| मदिरा | १२१३३९ | १५३६६७ | २६.६४ |
| बियर | १२४७८६ | १७२५९४ | ३८.३१ |
| अन्य औद्योगिक उत्पादन | ९५५३५ | ११०६८१ | १५.८५ |
| स्वास्थ जोखिम कर स्वदेशी उत्पादन | ३२३४१ | ३२९८७ | २.०० |
| स्वास्थ्यसेवा कर | १७ | ३७९ | २११४.४२ |
| **जम्मा** | **५०३२३८** | **६०८२३१** | **२०.८६** |

*स्रोत: राजस्व व्यवस्थापन सूचना प्रणाली/महालेखा नियन्त्रक कार्यालय*

**भन्सार महसुल**

समीक्षा अवधिमा भन्सार महसुलतर्फ रू.१ खर्ब ७ अर्ब ३७ करोड ४१ लाख सङ्कलन भएको छ। यो रकम गत आर्थिक वर्षको यसै अवधिमा सङ्कलित रू.९५ अर्ब ८३ करोड ३२ लाखको तुलनामा १२.०४ प्रतिशतले बढी रहेको छ।

भन्सारतर्फको सङ्कलनलाई तालिकामा देहाय बमोजिम प्रस्तुत गरिएको छ।

**तालिका २.१६: भन्सार महसुल सङ्कलन विवरण** **(रू.लाखमा)**

| शीर्षक | २०८०/८१ पुस सम्मको | २०८१/८२ पुस सम्मको | वृद्धि दर |
|---|---|---|---|
| पैठारी | ७६९४२० | ८५७०६८ | ११.३९ |
| निकासी | ७७७ | ३४०६ | ३३८.६७ |
| पूर्वाधार कर | २४२४ | ८१७२ | ६.२२ |
| भन्सारको अन्य आय | १८५९ | ३२७८ | ७६.२९ |
| कृषि सुधार शुल्क | ४५९०१ | ६८८२ | ६.६२ |
| सडक मर्मत तथा सुधार दस्तुर | ३९२१३ | ९६७० | २६.६७ |
| सडक निर्माण तथा सम्भार दस्तुर | २००४७ | ५२६५ | २६.०३ |
| **जम्मा** | **५८३३२** | **१०७३७४१** | **१२.०४** |

*स्रोतः भन्सार विभाग*

## २.२.७ अन्य राजस्व

समीक्षा अवधिमा अन्य राजस्वतर्फ रू.७० अर्ब २० करोड ८२ लाख सङ्कलन भएको छ। यो सङ्कलन गत आर्थिक वर्षको यसै अवधिको सङ्कलन रू.५२ अर्ब ९४ करोड ७८ लाखको तुलनामा ३२.६० प्रतिशतले बढी हो।

## २.२.८ करको दायरा विस्तार

आर्थिक वर्ष २०८१/८२ को समीक्षा अवधिमा स्थायी लेखा नम्बर लिने करदाताहरूको संख्यामा उल्लेख्य वृद्धि भएको छ। २०८१ पुस मसान्तसम्ममा व्यावसायिक स्थायी लेखा नम्बर लिने करदाताको संख्या २० लाख १ हजार ६ सय ८६, व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाताको संख्या ४५ लाख ५२ हजार ७ सय ७० र करकट्टी गर्ने निकायको लागि स्थायी लेखा नम्बर लिने करदाताको संख्या ३४ हजार ६ सय ३८ पुगेको छ। यसमध्ये मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताहरूको संख्या ३ लाख ३९ हजार ४ सय २९ र अन्तःशुल्क ईजाजत-पत्र लिने करदाताको संख्या १ लाख २२ हजार ५ सय १९ रहेका छन्। करदाता दर्ताको तथ्याङ्कलाई तालिकामा देहाय बमोजिम प्रस्तुत गरिएको छ।

तालिका २.१७: स्थायी लेखा नम्बर लिएका करदाताको संख्यात्मक विवरण

| दर्ताको प्रकार | २०८१ असार मसान्तसम्म | समीक्षा अवधिमा थप भएका | जम्मा |
|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर (B-PAN) | १९४४१०१ | ५७५८५ | २००१६८६ |
| व्यक्तिगत स्थायी लेखा नम्बर (P-PAN) | ४२४८७०४ | ३०४०६६ | ४५५२७७० |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर (WPAN) | ३३३२८ | १३१० | ३४६३८ |
| **जम्मा स्थायी लेखा नम्बर** | ६२२६१३३ | ३६२९६१ | ६५८९०९४ |
| मूल्य अभिवृद्धि कर (VAT) | ३२७४१७ | १२०१२ | ३३९४२९ |
| अन्तःशुल्क (EXCISE) | ११७३६८ | ५१५१ | १२२५१९ |

*स्रोत: आन्तरिक राजस्व विभाग*

## २.२.९ कर छुट तथा सहुलियत

### क. भन्सार महसुलतर्फ

सालवसाली आर्थिक ऐनहरूमा रहेको दर घटाउन, बढाउन वा छुट दिन सक्ने प्रावधान बमोजिम गैर-नाफामूलक सार्वजनिक तथा सामुदायिक संस्थाहरू, संघ, प्रदेश र स्थानीय तह अन्तर्गतका निकाय वा नेपाल सरकारको स्वामित्व भएका सङ्गठित संस्था; वैदेशिक ऋण वा अनुदान सहयोगमा सञ्चालन गरिने आयोजनाका लागि वा नेपाल सरकार वा लगानी बोर्डसँग भएको आयोजना विकास सम्झौता बमोजिम परियोजना विकासका लागि आयोजना वा आयोजनाले नियुक्त गरेका ठेकेदारको नाममा पैठारी हुने मालवस्तुको पैठारीमा उल्लिखित शर्तको अधीनमा रही पैठारीका बखत लाग्ने दस्तुर, शुल्क, महशुल वा करको दर घटाउने, आंशिक वा पूर्ण रूपमा छुट दिने व्यवस्था रहेको छ। त्यसैगरी मूल्य अभिवृद्धि कर ऐन, २०५२; अन्तःशुल्क ऐन, २०५८; भन्सार ऐन, २०६४ तथा भन्सार महसुल ऐन, २०८१ मा भएका प्रावधान बमोजिम पनि विभिन्न किसिमका छुट सुविधा दिने गरिएको छ।

समीक्षा अवधिमा उपर्युक्त व्यवस्थाको अधीनमा रही जम्मा रू.४ खर्ब २१ अर्ब ९ करोड ६९ लाख मूल्यको मालवस्तुको पैठारीमा जम्मा रू.४० अर्ब ७६ करोड ७३ लाख महशुल छुट प्रदान गरिएको छ। उक्त छुटको विवरण अनुसूची १३ मा उल्लेख गरिएको छ।

### ख. आन्तरिक राजस्वतर्फ

आन्तरिक राजस्व विभागतर्फ चालु आर्थिक वर्षको पुस मसान्तसम्म आर्थिक ऐन, २०८१ को व्यवस्था अनुसार ९०३१ करदातालाई रू.३९ करोड २ लाख ९५ हजार बराबरको करछुट तथा सहुलियत प्रदान गरिएको छ। उक्त छुटको विवरण अनुसूची १४ उल्लेख गरिएको छ।

### २.२.१० राजस्व परिचालनका सन्दर्भमा सम्पादन भएका प्रमुख कार्यहरू

समीक्षा अवधिमा राजस्व प्रशासनसँग सम्बन्धित नीति तथा कार्यक्रम, बजेटमा समावेश भएका कार्यक्रम र आर्थिक ऐनमा भएका व्यवस्थाको कार्यान्वयनका सन्दर्भमा भएका उल्लेखनीय कार्यहरू देहाय बमोजिम रहेका छन्ः

- आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्य र आर्थिक ऐन, २०८१ तथा वार्षिक कार्यक्रममा आधारित कार्यक्रम कार्यान्वयन कार्ययोजना तर्जुमा गरिएको,
- Domestic Revenue Mobilization Strategy (DRMS) तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको,
- आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्यमा उल्लिखित राजस्व नीति तथा कार्यक्रम, आर्थिक ऐन, २०८१ मा व्यवस्था भएका कानूनी प्रावधान, छुट तथा सुविधाहरू र विभागहरूको कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक समन्वय तथा सहजीकरण गरिएको,
- राजस्वसँग सम्बन्धित विषयमा राय परामर्श तथा कर छुट सहुलियत सम्बन्धी कार्य सम्पादन गरिएको,
- राजस्व चुहावट नियन्त्रण गर्न केन्द्रिय द्रुत गस्ति टोली (Flying Squad) गठन गरी परिचालन गरिएको,
- राजस्व छुट प्रदान गर्ने प्रक्रियागत व्यवस्थालाई सरलीकृत गर्न तोकिए बमोजिमका क्षेत्रमा आर्थिक ऐन, २०८१ को दफा १८(१) को अधिकार अर्थ मन्त्रालयले नै प्रयोग गर्ने गरी नेपाल सरकारबाट निर्णय भएको,
- राजस्वका दरलाई समय सापेक्ष बनाउन नेपाल सरकारबाट कर तथा भन्सारका दरहरूमा परिमार्जन गर्ने निर्णय भएको,
- गैर वासिन्दा व्यक्तिले प्रदान गर्ने अफलाईन हवाई यातायात सेवामा मूल्य अभिवृद्धि कर सम्बन्धी कार्यविधि, २०८१ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको,
- हस्तान्तरण मूल्य सम्बन्धी निर्देशिका, २०८१ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको,
- विद्युतीय सेवा कर (डिजिटल सर्भिस ट्याक्स) सम्बन्धी कार्यविधि, गैर वासिन्दा व्यक्तिले प्रदान गर्ने विद्युतीय सेवामा मुल्य अभिवृद्धि कर सम्बन्धी कार्यविधि, वैदेशिक पर्यटन शुल्क सम्बन्धी कार्यविधि र विलासिता शुल्क सम्बन्धी कार्यविधि संशोधन गरी कार्यान्वयनमा ल्याइएको,
- राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभाग र आन्तरिक राजस्व विभाग बिच सूचना आदान प्रदानको लागि सम्झौता सम्पन्न भएको,
- उपभोक्ताले डिजिटल माध्यमबाट गरेको खरिद भुक्तानीमा १० प्रतिशत मूल्य अभिवृद्धि कर फिर्ता गर्ने कार्य प्रारम्भ भएको,
- भन्सार महसुल नियमावली, २०८१ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको,
- भन्सार मूल्याङ्कनलाई कारोवार मूल्यमा आधारित बनाउने रणनीति, २०८१ जारी गरिएको,

- भन्सार इन्टेलिजेन्स युनिट गठन गरिएको र सो युनिटलाई क्रियाशिल बनाई सरकारका सबै निकाय तथा विभिन्न माध्यमबाट प्राप्त राजस्व छलीको सूचनाको विश्लेषण गरी सुधारात्मक उपायहरू तत्काल कार्यान्वयनमा ल्याउने कार्य समेत निरन्तर भइरहेको,
- भन्सार प्रशासनको छनौट प्रणाली कार्य सञ्चलान निर्देशिका, २०८१(पहिलो संशोधन) स्वीकृत भएको,
- भन्सार विभागको लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्वन्धी कार्ययोजना (२०८१/८२-२०८५/८६) बमोजिम भन्सार विभागमा GESI सम्पर्क एकाई गठन गरिएको,

## २.२.११ चालु आर्थिक वर्षको बाँकी अवधिमा सम्पादन गर्नुपर्ने प्रमुख कार्यहरू

चालु आर्थिक वर्षको बाँकी अवधिमा सम्पादन गर्नुपर्ने राजस्व प्रशासनसँग सम्बन्धित प्रमुख कार्य देहाय वमोजिम रहेका छन्ः

- विभागहरूबाट प्रशासन गरिने विभिन्न ऐनसँग सम्बन्धित निर्देशिका संशोधन गरी अद्यावधिक गर्ने।
- आन्तरिक राजस्व विभाग तथा भन्सार विभाग समेतबाट राजस्व छुटको माध्यमबाट हुने कर खर्चको प्रतिवेदन तयार गर्ने।
- करका मुद्दाहरूमा सम्मानित सर्वोच्च अदालत तथा न्यायिक निकायहरूबाट भएका फैसलाहरूको संग्रह तयार गरी प्रकाशन गर्ने।
- नेपाललाई उपयुक्त हुने किसिमले दोहोरो करमुक्ति सम्झौताको नमुना विकास गरी कार्यान्वयनमा ल्याउने।
- आगामी आर्थिक बर्षका लागि राजस्व परामर्श समिति गठन गरी सुझाव प्राप्त गर्ने र संकलित सुझावहरू समेतका आधारमा कर कानून संशोधन गर्न प्रस्ताव तयार गर्ने।
- राजस्व सङ्कलनको वार्षिक लक्ष्य प्राप्त गर्न बाँकी अवधिका लागि व्यवस्थित कार्ययोजना बनाई कार्यान्वयन गर्ने।
- अनिवार्य रूपमा विद्युतीय प्रणाली मार्फत बीजक जारी गर्ने तथा CBMS प्रणालीको कार्यान्वयनलाई थप विस्तार गर्दै लैजाने।
- Faceless Audit System तथा e Assessment सम्बन्धी कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउने।
- आन्तरिक राजस्व विभागको तेस्रो रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउने।
- आन्तरिक राजस्व विभागको कर सूचना प्रणालीमा भण्डारण भएका तथ्याङ्कलाई भरपर्दो र प्रभावकारी बनाउन प्रणाली अडिट गर्ने।
- HS Code को नेपाली Grouping अद्यावधिक गर्नुपर्ने।
- भन्सार मूल्याङ्कनलाई कारोवार मूल्यमा आधारित बनाउने रणनीति तयार गरी कार्यान्वयनमा लगिएकाले स्वचालित सूचना मूल्य सूची सम्बन्धी सफ्टवेयर तयार गर्ने।
- वस्तु वर्गीकरण निर्णय संग्रह तयार गरी प्रकाशन गर्ने।

- वस्तु वर्गीकरणको विषयमा अन्तर्राष्ट्रिय विज्ञहरूको सहभागितामा राष्ट्रिय कार्यशाला आयोजना गर्ने।

### २.२.१२ चालु आर्थिक वर्ष २०८१/८२ को राजस्व सङ्कलनको संशोधित अनुमान

समीक्षा अवधिमा कूल राजस्व प्राप्ति अनुमानको करिब ४० प्रतिशत मात्र सङ्कलन भएको छ। वार्षिक अनुमानित राजस्व प्राप्त गर्न आर्थिक वर्षको बाँकी अवधिमा अझै करिब ६० प्रतिशत राजस्व सङ्कलन गर्नुपर्ने हुन्छ। उद्योग, व्यापार, घरजग्गा कारोबार, शेयर कारोबार लगायत अन्य आर्थिक कारोबारमा पछिल्लो समयमा देखिएको सिथिलताको कारण पहिलो छ महिनामा भएको राजस्व सङ्कलनको न्यूनतालाई पूरा गर्न चुनौतिपूर्ण छ। प्रस्तुत सन्दर्भमा बाँकी अवधिको लागि राजस्व प्राप्तिको संशोधित अनुमान तयार गरिएको छ। उक्त संशोधित अनुमान चालु आर्थिक वर्षको राजस्व प्राप्तिको शुरू अनुमानको तुलनामा करिब ९.३२ प्रतिशतले न्यून रहेको छ।

यस आर्थिक वर्षको लागि निर्धारण गरिएको संशोधित राजस्व प्राप्ति अनुमान तालिकामा प्रस्तुत गरिएको छः

**तालिका २.१८ः चालु आर्थिक वर्षको राजस्व सङ्कलनको संशोधित अनुमान (रू.लाखमा)**

| कर शीर्षक | राजस्व प्राप्तिको प्रारम्भिक अनुमान | अर्धवार्षिक अवधिको राजस्व सङ्कलन | आगामी ६ महिनाको राजस्व प्राप्तिको अनुमान | राजस्व प्राप्तिको संशोधित अनुमान |
|---|---|---|---|---|
| भन्सार महशुल | ३०७३६२३ | १०७३७४१ | १५१३२४४ | २५८६९८५ |
| पैठारी | २४८७९४३ | ८५७०६८ | ११९२६९९ | २०४९७६७ |
| निकासी | ३५९३ | ३४०६ | १९८५ | ५३९१ |
| पूर्वाधार कर | २८५२५० | ९८१७२ | १६३६९९ | २६१८७१ |
| भन्सारको अन्य आय | ८७३३ | ३२७८ | ४८२५ | ८१०३ |
| कृषि सुधार शुल्क | १११४४९ | ३६८८२ | ५४९९७ | ९१८७९ |
| सडक मर्मत तथा सुधार दस्तुर | ११६८३८ | ४९६७० | ६५१७४ | ११४८४४ |
| सडक निर्माण तथा सम्भार दस्तुर | ५९८१७ | २५२६५ | २९८६५ | ५५१३० |
| मूल्य अभिवृद्धि कर | ३८६५२०० | १५४८४८६ | २०२७३३० | ३५७५८१६ |
| उत्पादन, बिक्री, सेवा | १६४३६६६ | ६४७५११ | ८८४९६३ | १५३२४७४ |
| पैठारी | २२२१५३४ | ९००९७५ | ११४२३६६ | २०४३३४१ |
| अन्तःशुल्क | १९४९६१६ | ८३३८८५ | १०१४३२३ | १८४८२०८ |
| आन्तरिक उत्पादन | १४१८०५८ | ६०८२३१ | ७७१०३७ | १३७९२६८ |
| पैठारी | ५३१५५८ | २२५६५४ | २४३२८६ | ४६८९४० |
| शिक्षा सेवा शुल्क र अन्य | ४६५७६ | १८४९७ | ३६०८८ | ५४५८५ |
| आयकर | ३९०७०८१ | १४१९३८३ | १९५४९८९ | ३३७४३७२ |
| आयकर | ३४०६२३० | १२५८१५८ | १६८३२५० | २९४१४०८ |
| ब्याज कर | ५००८५१ | १६१२२५ | २७१७३९ | ४३२९६४ |

| | | | | |
|---|---|---|---|---|
| कर राजस्व जम्मा | १२८४२०९६ | ४८९३९९२ | ६५४५९७४ | ११४३९९६६ |
| अन्य राजस्व (गैरकर) जम्मा | १३५०९३४ | ७०२०८२ | ६४९८६४ | १३५१९४६ |
| कुल राजस्व | १४१९३०३० | ५५९६०७४ | ७१९५८३८ | १२७९१९१२ |
| विविध प्राप्ति | - | ७७८९९ | - | ७७८९९ |
| **जम्मा राजस्व/प्राप्ति** | **१४१९३०३०** | **५६७३९७३** | **७४६४९३६** | **१२८६९८११** |

*स्रोतः राजस्व व्यवस्थापन महाशाखा*

### २.२.१३ राजस्व सङ्कलनको संशोधित अनुमानका आधार

समीक्षा अवधिको व्यापार तथा कारोवारको प्रवृत्तिका साथै सो अवधिमा सङ्कलन भएको राजस्व तथा बाँकी अवधिमा हुन सक्ने सुधार समेतलाई मध्यनजर गर्दै देहायका आधारमा राजस्व सङ्कलनको संशोधित अनुमान गरिएको छ।

- वैदेशिक व्यापारमा आएको सुधार लगायतका कारणले पैठारीबाट लक्ष्य अनुसार राजस्व प्राप्त हुने।
- उद्योग व्यापार र सेवा क्षेत्र क्रमशः सुचारू हुँदा आन्तरिक राजस्व सङ्कलनमा सकारात्मक प्रभाव पर्ने।
- आर्थिक वर्षको बाँकी अवधिमा सरकारको खर्च वृद्धि हुँदै जाँदा माग सिर्जना भई उपभोगमा आधारित कर सङ्कलनमा सकारात्मक प्रभाव पर्ने।
- आर्थिक वर्षको पछिल्ला अवधिमा करदाताको कर निर्धारण, बक्यौता असुली, बेरुजु फछ्र्यौट, कानुनी कारवाही जस्ता प्रक्रियामा आउने संख्यात्मक तथा गुणात्मक बढोत्तरीले राजस्व सङ्कलनमा सकारात्मक प्रभाव पार्ने।
- आन्तरिक राजस्व परिचालन रणनीतिको प्रभावकारी कार्यान्वयनबाट राजस्व परिचालनमा सकारात्मक प्रभाव पर्ने।
- प्रशासकीय पुनरावलोकनमा रहेका निवेदन उपर प्राथमिकताका आधारमा शिघ्र निर्णय, चोरी निकासी/पैठारी अभियोगमा दर्ता भएका मुद्दाका निर्णय, लिलामी र सदरस्याहाको प्रभावकारी कार्यान्वयन हुने।

## २.३ आन्तरिक ऋण

वार्षिक बजेट तथा कार्यक्रमको कार्यान्वयनका लागि खर्च व्यहोर्ने स्रोतहरूमध्ये आन्तरिक ऋण एउटा महत्वपूर्ण स्रोतको रूपमा रहेको छ। चालु आर्थिक वर्षका लागि कूल खर्च व्यहोर्ने स्रोतमध्ये राजस्व परिचालन र वैदेशिक सहायता परिचालन गर्दा नपुग हुने खुद रू.३ खर्ब ३० अर्ब आन्तरिक ऋणबाट परिचालन गरिने लक्ष्य रहेको छ जुन कूल बजेटको १७.७४ प्रतिशत हुन आउँछ। विगत केही वर्षदेखि अपेक्षितरुपमा लक्ष्य अनुसार राजस्व परिचालन हुन नसकेको तथा वैदेशिक अनुदानको अंश घट्दै गएको कारणले वार्षिक बजेटमा आन्तरिक ऋण परिचालनको हिस्सा बढ्दै गएको छ। बजेटले लिएको लक्ष्य अनुसार आन्तरिक ऋण परिचालन गर्न मध्यमकालीन ऋण रणनीतिको आधारमा अर्थ मन्त्रालयबाट वार्षिक ऋण योजना र निष्काशन तालिका स्वीकृत भई सोही तालिका अनुसार ऋणपत्र निष्काशन गर्ने गरिएको छ। विगत वर्षहरूमा जस्तै यस आर्थिक वर्षमा पनि ट्रेजरी बिल, विकास ऋणपत्र, नागरिक बचतपत्र र वैदेशिक रोजगार

बचतपत्र जस्ता उपकरण प्रयोग गरी आन्तरिक ऋण प्राप्त गरिएको छ। समीक्षा अवधिसम्म आन्तरिक ऋण प्राप्ति रू.१ खर्ब ८१ अर्ब ५ करोड र आन्तरिक ऋणको साँवा भुक्तानी रू.१ खर्ब २७ अर्ब २४ करोड भई खुद आन्तरिक ऋण परिचालन रू.५३ अर्ब ८१ करोड भएको छ।

### २.३.१ विगत पाँच वर्षको पुस मसान्तसम्म निष्काशित ऋणपत्रको विवरण

चालु आर्थिक वर्षमा रू.३ खर्ब ३० अर्ब आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य राखिएकोमा पुस मसान्तसम्म रू.१ खर्ब ८१ अर्ब ५ करोड परिचालन भएको छ। जसमध्ये समीक्षा अवधिसम्म ट्रेजरी बिल रू.६० अर्ब, छोटो अवधि (१ देखि ३ वर्ष) को विकास ऋणपत्र रू.३० अर्ब, मध्य अवधि (४ देखि ७ वर्ष) को विकास ऋणपत्र रू.६० अर्ब र दीर्घकालीन अवधि (७ वर्षभन्दा बढी) को विकास ऋणपत्र रू.२९ अर्बको निष्काशन भएको छ। त्यस्तै, ५ वर्षे नागरिक बचतपत्र र वैदेशिक रोजगार बचतपत्र क्रमशः रू.२ अर्ब र रू.५ करोड ४२ लाख बराबरको निष्काशन भएको छ।

गत आर्थिक वर्षको सोही अवधिमा रू.१ खर्ब २८ अर्ब ३१ करोड आन्तरिक ऋण परिचालन भएकोमा चालु आर्थिक वर्षमा सो रकममा ४१.१० प्रतिशतले वृद्धि भएको छ। उक्त वृद्धिको प्रमुख कारणहरूमा आन्तरिक ऋणको ब्याजदर न्यून रहनु तथा ऋण निष्काशन गर्ने वार्षिक योजना र तालिका अनुसार प्रथम त्रैमासिकमा नै ऋणपत्रहरू निष्काशन हुनु रहेका छन्। जसले गर्दा पुस मसान्तसम्ममा वार्षिक लक्ष्यको तुलनामा कूल आन्तरिक ऋण परिचालन ५४.८६ प्रतिशत रहेको छ। विगत पाँच वर्षमा भएको ऋण परिचालनको विवरण तालिकामा उल्लेख गरिएको छ।

**तालिका २.१९ विगत पाँच आर्थिक वर्षको पुस मसान्तसम्म निष्काशित ऋणपत्रको विवरण (रू.लाखमा)**

| क्र.सं. | ऋणपत्र | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|---|
| १ | ट्रेजरी बिल | ४०००० | ६०००० | १५०००० | १५०००० | ६००००० |
| २ | विकास ऋणपत्र | २००००० | | १५०००० | ११३३१०० | ११९०००० |
| ३ | नागरिक बचतपत्र | ० | ० | ० | ० | २०००० |
| ४ | वैदेशिक रोजगार बचतपत्र | ० | ० | ० | ० | ५४२ |
| | **जम्मा** | **२४००००** | **६००००** | **३०००००** | **१२८३१००** | **१८१०५४२** |

*स्रोतः सार्वजनिक ऋण व्यवस्थापन कार्यालय।*

### २.३.२ आन्तरिक र बाह्य ऋणको सावाँ ब्याज भुक्तानीको अवस्था

चालु आर्थिक वर्षमा सार्वजनिक ऋणको सावाँ व्याज भुक्तानीमा रू.४ खर्ब २ अर्ब ८५ करोड बजेट विनियोजन भएकोमा पुस मसान्तसम्म रू.१ खर्ब ८२ अर्ब ४० करोड भुक्तानी भएको छ। जुन वार्षिक बजेट विनियोजनको तुलनामा ४५.२८ प्रतिशत हो भने गत आवको कूल गार्हस्थ उत्पादनको तुलनामा कूल ऋण सेवा खर्च ३.२० प्रतिशत हुन आउँदछ।

त्यसैगरी सावाँ ब्याज भुक्तानीतर्फ आन्तरिक ऋणको सावाँ रू.१ खर्ब २७ अर्ब २४ करोड र ब्याज रू.२७ अर्ब ९५ करोड गरी जम्मा रू.१ खर्ब ५५ अर्ब १९ करोड भुक्तानी गरिएको छ। बाह्य ऋणको सावाँ रू.२२ अर्ब ४२ करोड र ब्याज रू.४ अर्ब ७७ करोड गरी जम्मा रू.२७ अर्ब २०

करोड भुक्तानी गरिएको छ। आन्तरिक र बाह्य ऋणको सावाँ ब्याज भुक्तानीको विवरण तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका २.२० आन्तरिक र बाह्य ऋणको सावाँ ब्याज भुक्तानीको विवरण (रू.लाखमा)**

| क्र.सं. | ऋण सेवा स्थिति | श्रावण | भाद्र | असोज | कार्तिक | मंसिर | पुष | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | आन्तरिक ऋण भुक्तानी | २०६०५४ | २१४२३७ | २९४२८३ | २०२७७२ | ५७९३२९ | ५५२७३ | १५५१९४९ |
| १.१ | सावाँ भुक्तानी | १७०००० | १८०००० | २४६००० | १३१४०० | ५४५००० | १९ | १२७२४१९ |
| १.२ | व्याज भुक्तानी | ३६०५४ | ३४२३७ | ४८२८३ | ७१३७२ | ३४३२९ | ५५२५४ | २७९५२९ |
| २ | वाह्य ऋण भुक्तानी | २५८४५ | ३१०१५ | ५९३४७ | ४७८९९ | ४५२०० | ६२७६५ | २७२०७१ |
| २.१ | सावाँ भुक्तानी | २२७०५ | २४०१६ | ४७५८२ | ४१४८८ | ३७४०० | ५१०९८ | २२४२८९ |
| २.२ | व्याज भुक्तानी | ३१४० | ६९९९ | ११७६५ | ६४११ | ७८०० | ११६६८ | ४७७८२ |
| ३ | सार्वजनिक ऋण भुक्तानी | २३१८९९ | २४५२५२ | ३५३६३० | २५०६७१ | ६२४५२९ | ११८०३८ | १८२४०१९ |
| ३.१ | सावाँ भुक्तानी | १९२७०५ | २०४०१६ | २९३५८२ | १७२८८८ | ५८२४०० | ५१११७ | १४९६७०८ |
| ३.२ | व्याज भुक्तानी | ३९१९४ | ४१२३६ | ६००४८ | ७७७८३ | ४२१२९ | ६६९२१ | ३२७३११ |

*स्रोतः सार्वजनिक ऋण व्यवस्थापन कार्यालय*

समीक्षा अवधिमा कूल सार्वजनिक ऋण भुक्तानी (सावाँ र ब्याज) रू.१ खर्ब ८२ अर्ब ४० करोडमध्ये आन्तरिक र बाह्य ऋणतर्फ सावाँ भुक्तानी जम्मा रू.१ खर्ब ४९ अर्ब ६७ करोड र ब्याज भुक्तानी रू.३२ अर्ब ७३ करोड रहेको छ।

**चित्र २.६ : चालु आर्थिक वर्षको पुससम्मको सार्वजनिक ऋण भुक्तानीको अवस्था (रू.लाखमा)**




*स्रोतः सार्वजनिक ऋण व्यवस्थापन कार्यालय।*

## २.४ अन्तर्राष्ट्रिय विकास सहायता परिचालन

### २.४.१ बजेटमा विकास सहायता परिचालनको लक्ष्य

आर्थिक वर्ष २०८१/८२ का लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये विकास सहायताबाट रू.२ खर्ब ७० अर्ब व्यहोरिने अनुमान रहेको छ। सोमध्ये अनुदानबाट रू.५२ अर्ब ३३ करोड

(१९.३८ प्रतिशत) र ऋणबाट रू.२ खर्ब १७ अर्ब ६७ करोड ९१ लाख (८०.६२ प्रतिशत) परिचालन गरिने अनुमान छ। विगत पाँच आर्थिक वर्षको बजेटमा विकास सहायता परिचालनबाट व्यहोर्ने स्रोतको अंश क्रमशः घट्दो क्रममा रहेको देखिन्छ। ऋणको साँवा तथा ब्याज भुक्तानीको लागि ठूलो रकम विनियोजन गरिएकोले कूल विनियोजनमा विकास सहायता परिचालनको अंश घट्न गएको देखिन्छ।

**तालिका २.२१: विगत पाँच आर्थिक वर्षको बजेटमा विकास सहायता परिचालनको अनुमान (रू.लाखमा)**

| आर्थिक वर्ष | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|
| वैदेशिक अनुदान | ६०५२०० | ६३३७०० | ५५४६०० | ४९९४०० | ५२३३०० |
| वैदेशिक ऋण | २९९५००० | ३०९२९०० | २४२२६०० | २१२७५०० | २१७६७०० |
| जम्मा | ३६००२०० | ३७२६६०० | २९७७२०० | २६२६९०० | २७००००० |
| कूल बजेट | १४७४६४०० | १६४७५७०० | १७९३८३०० | १७५१३१०० | १८६०३००० |
| कूल बजेटमा विकास सहायताको प्रतिशत | २४.४१ | २२.६२ | १६.६० | १५.०० | १४.५१ |

*स्रोतः नेपाल सरकारको वार्षिक बजेट बक्तव्य*

**चित्र २.७ : विकास सहायता परिचालन**




## २.४.२ विकास सहायता प्रतिवद्धता

समीक्षा अवधिमा रू.२ खर्ब ५ अर्ब ८४ करोडको विकास सहायताको प्रतिवद्धता प्राप्त भएको छ। सो मध्ये अनुदान सहायता रू.५४ अर्ब ७६ करोड अर्थात् २६.६० प्रतिशत र सहुलियतपूर्ण ऋण सहायता रू.१ खर्ब ५१ अर्ब ४० करोड अर्थात् ७३.४० प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो प्रतिवद्धता रू.५९ अर्ब ९७ करोड ८६ लाख रहेकोमा सोमध्ये अनुदान सहायता रू.२० अर्ब २७ करोड ८६ लाख अर्थात् ३३.८० प्रतिशत र सहुलियतपूर्ण ऋण सहायता रू.३९ अर्ब ७० करोड अर्थात् ६६.२० प्रतिशत रहेको थियो।

विगत पाँच आर्थिक वर्षको प्रथम अर्धवार्षिक अवधिको विकास सहायता प्रतिवद्धता विश्लेषण गर्दा गत आर्थिक वर्षसम्म घट्दै गएकोमा समीक्षा अवधिमा उल्लेख्य रुपमा बढेको छ।

**तालिका २.२२: विगत पाँच वर्षको प्रथम अर्धवार्षिक अवधिको विकास सहायता प्रतिवद्धता**

*(रू.लाखमा)*

| आर्थिक वर्ष | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|
| वैदेशिक अनुदान | १८१२५३ | ६८५२७ | २३१२१० | २०२७८६ | ५४७६१८ |
| वैदेशिक ऋण | १६९३११० | १०३९९९८ | ११४०००० | ३९७००० | १५१०८२२ |
| जम्मा | १८७४३६३ | ११०८५२५ | १३७१२१० | ५९९७८६ | २०५८४४० |

स्रोतः अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा

**चित्र २.८ : विकास सहायताको प्रतिवद्धता**




### २.४.२.१ विकास सहायता प्रतिवद्धताको क्षेत्रगत विश्लेषण

समीक्षा अवधिमा सबैभन्दा बढी प्रतिवद्धता ऊर्जा क्षेत्रका ६ आयोजनामा रू.५६ अर्ब ४१ करोड २७ लाख (२७.४१ प्रतिशत) प्राप्त भएको छ। त्यसपछि क्रमशः पूर्वाधार विकासका ५ आयोजनामा रू.४० अर्ब ३७ करोड ३६ लाख (१९.६१ प्रतिशत), कृषि क्षेत्रका ४ आयोजनामा ३७ अर्ब ९२ करोड ८५ लाख (१८.४३ प्रतिशत), बजेटरी सहायतातर्फ रू.३३ अर्ब ७१ करोड ३५ लाख (१६.३८ प्रतिशत), जलवायु वित्तका ४ आयोजनामा रू.१८ अर्ब ६२ करोड ३७ लाख (९.०५ प्रतिशत), आर्थिक क्षेत्रका ३ आयोजनामा रू.१३ अर्ब ६२ करोड ९६ लाख (६.६२ प्रतिशत) र सामाजिक क्षेत्रका २ आयोजनामा रू.५ अर्ब १६ करोड २४ लाख (२.५१ प्रतिशत) रहेको छ। प्रतिवद्धताको आयोजनागत र विकास साझेदार अनुसारको विस्तृत विवरण अनुसूची ८ मा समावेश गरिएको छ।

**तालिका २.२३: सहायता परिचालनको क्षेत्रगत विश्लेषण** *(रू.लाखमा)*

| क्र.सं. | क्षेत्र | आयोजना/ कार्यक्रम संख्या | रकम | कूल प्रतिवद्धतामा योगदान (प्रतिशत) |
|---|---|---|---|---|
| १ | ऊर्जा | ६ | ५६४१२७ | २७.४१ |
| २ | पूर्वाधार विकास | ५ | ४०३७३६ | १९.६१ |
| ३ | कृषि | ४ | ३७९२८५ | १८.४३ |
| ४ | बजेटरी सहायता | २ | ३३७१३५ | १६.३८ |

| | | | | |
|---|---|---|---|---|
| ५ | जलवायु वित्त | ४ | १८६२३७ | ९.०५ |
| ६ | आर्थिक क्षेत्र | ३ | १३६२९६ | ६.६२ |
| ७ | सामाजिक क्षेत्र | २ | ५१६२४ | २.५१ |
| | **जम्मा** | | **२०५८४४०** | **१००** |

*स्रोतः अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा*

**चित्र २.९ : प्रतिवद्धतामा क्षेत्रगत योगदान**




### २.४.३ विकास सहायता प्राप्तिको स्थिति

चालु आर्थिक वर्षमा रू.२ खर्ब ७० अर्ब विकास सहायता परिचालन गर्ने अनुमान गरिएकोमा समीक्षा अवधिसम्म रू.४९ अर्ब ९ करोड ३५ लाख अर्थात् अनुमानको १८.१८ प्रतिशत प्राप्त भएको छ। गत आर्थिक वर्षमा विकास सहायता परिचालनको अनुमान रू.२ खर्ब ६२ अर्ब ६९ करोड रहेकोमा समीक्षा अवधिसम्म रू.४४ अर्ब ९६ करोड ९९ लाख अर्थात् अनुमानको १७.१२ प्रतिशत प्राप्त भएको थियो।

**तालिका २.२४: समीक्षा अवधिसम्म विकास सहायता प्राप्तिको स्थिति** **(रू.लाखमा)**

| विवरण | २०८० पुस मसान्तसम्म | | | २०८१ पुस मसान्तसम्म | | |
|---|---|---|---|---|---|---|
| | वार्षिक अनुमान | प्राप्ति | प्रतिशत | वार्षिक अनुमान | प्राप्ति | प्रतिशत |
| अनुदान | ४९९४०० | ७३६६४ | १४.७५ | ५२३३०० | ७७१९२ | १४.७५ |
| ऋण | २१२७५०० | ३७६०३५ | १७.६७ | २१७६७०० | ४१३७४३ | १९.०१ |
| **जम्मा** | **२६२६९००** | **४४९६९९** | **१७.१२** | **२७०००००** | **४९०९३५** | **१८.१८** |

*स्रोतः महालेखा नियन्त्रक कार्यालय*

### २.४.४ विकास सहायताको सोधभर्ना स्थिति

आर्थिक वर्ष २०८१/८२ को शुरूवातमा विकास सहायतातर्फ नेपाल सरकारको स्रोतबाट खर्च भई सोधभर्ना प्राप्त गर्नुपर्ने रकम अनुदानतर्फ रू.६ अर्ब २५ करोड ११ लाख र सहुलियतपूर्ण ऋणतर्फ रू.१४ अर्ब ३३ करोड ३ लाख गरी जम्मा रू.२० अर्ब ५८ करोड १४ लाख रहेको

थियो। चालु आर्थिक वर्षको पुस मसान्तसम्म रू.१८ अर्ब २२ करोड ४१ लाख सोधभर्ना लिन बाँकी भएकोमा रू.२५ अर्ब ६६ करोड ६२ लाख शोधभर्ना प्राप्त भएको छ। समीक्षा अवधिसम्म सोधभर्ना लिन बाँकी रकम रू.१३ अर्ब १३ करोड ९३ लाख रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा सोधभर्ना लिन बाँकी रू.१७ अर्ब २१ करोड १ लाख रहेको थियो।

**तालिका २.२५ सोधभर्नाको स्थिति (पुस मसान्तसम्म)** **(रू.लाखमा)**

| आर्थिक वर्ष | | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|
| आर्थिक वर्षको शुरुमा सोधभर्ना लिन बाँकी | अनुदान | ७४८७८ | ६२५११ |
| | ऋण | ११३१०८ | १४३३०३ |
| | जम्मा | १८७९८६ | २०५८१४ |
| चालु आर्थिक वर्षको पुस सम्म थप भएको सोधभर्ना लिन बाँकी रकम | अनुदान | ४४३१३ | ३७२६९ |
| | ऋण | १७२६२२ | १४४९७२ |
| | जम्मा | २१६९३५ | १८२२४१ |
| चालु आर्थिक वर्षको पुस सम्म प्राप्त सोधभर्ना | अनुदान | ६४३१२ | ५३६२६ |
| | ऋण | १६८५०८ | २०३०३६ |
| | जम्मा | २३२८२० | २५६६६२ |
| पुस मसान्त सम्म सोधभर्ना बाँकी | अनुदान | ५४८७९ | ४६१५४ |
| | ऋण | ११७२२२ | ८५२३९ |
| | जम्मा | १७२१०१ | १३१३९३ |

*स्रोतः महालेखा नियन्त्रक कार्यालय*

### २.४.५ बजेटरी सहायताको अनुमान

चालु आर्थिक वर्षमा परिचालन हुने बजेटरी सहायताको अनुमान निम्न बमोजिम रहेको छ।

**तालिका २.२६ बजेटरी सहायता को विवरण** **(रू.लाखमा)**

| सहायता कार्यक्रम | दातृ निकाय | अनुमानित रकम | समीक्षा अवधि सम्मको प्रगति |
|---|---|---|---|
| Green, Resilient, and Inclusive Development (GRID), PBL | एशियाली विकास बैङ्क | १३५८२० | सम्झौता भइसकेको। |
| Nepal Disaster Resilience Development Policy Credit with a Catastrophe Deferred Drawdown Option | विश्व बैङ्क | २०१३१५ | सम्झौता भइसकेको। |
| Second Green, Resilient, and Inclusive Development Programmatic Development Policy Credit | विश्व बैङ्क | १३८०३९ | वार्ता सम्पन्न भइ विश्व बैङ्कबाट ऋण स्वीकृत भइसकेको। |
| Extended Credit Facility (ECF) | अन्तर्राष्ट्रिय मुद्रा कोष | ४३३४४ | अन्तर्राष्ट्रिय मुद्रा कोषसँग Staff तहमा सहमति भइसकेको। |
| **जम्मा** | | **५१८५१८** | |

*स्रोतः अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा*

### २.४.६ मुख्य उपलब्धिहरू

- समीक्षा अवधिमा रू.२ खर्ब ५ अर्ब बराबरको विकास सहायता प्रतिवद्धता प्राप्त भएको।
- सम्माननीय प्रधानमन्त्रीको चीन भ्रमणको क्रममा विकास सहायता परिचालनसम्बन्धी विभिन्न ४ वटा समझदारी पत्रमा हस्ताक्षर भएको।
- विकासका लागि वित्त सम्मेलन (चौथो) का लागि नेपालको तर्फबाट एशिया प्रशान्त स्तरीय बैठकको अध्यक्षता गरी यस क्षेत्रको तर्फबाट सुझाव पेश गरिएको तथा उक्त सम्मेलनका लागि Outcome Document तयारी गर्ने कार्यमा नेपाल Co-Facilitator समुहमा संलग्न भएको।
- Global Partnership for Effective Development Cooperation अन्तर्गत नेपालको अनुगमन प्रक्रिया सम्पन्न गरिएको।
- विकास साझेदारबाट संचालित आयोजना/कार्यक्रमको आवधिक समीक्षा बैठक सम्पन्न भएको।
- विकास सहायतासँग सम्बन्धित सूचनालाई व्यवस्थित गर्न Development Finance Information Management System (DFMIS) प्रणाली कार्यान्वयनमा ल्याइएको।
- विकास सहायता नीतिको मस्यौदा तयार भई सरोकारवालाको सुझाव लिने क्रममा रहेको।
- वैकल्पिक वित्तसम्बन्धी कानूनको मस्यौदा तर्जुमा भई सरोकारवालासँग छलफलको क्रममा रहेको।
- आयोजना तत्परता चेकलिस्ट (Project Readiness Checklist) को मस्यौदा तयारीको लागि सरोकारवाला निकायको राय/सुझाव माग गरिएको।
- जलवायु वित्त परिचालनको लागि आयोजनाको पाइपलाईन तयार भएको।
- जलवायु वित्त परिचालनसम्बन्धी कार्यविधिको मस्यौदा तयार भएको।

### २.४.६ विकास सहायता परिचालनमा देखिएका समस्या र गर्नुपर्ने सुधार

#### २.४.६.१ विकास सहायता परिचालनमा देखिएका समस्या

- खरिद व्यवस्थापन लगायत आयोजना व्यवस्थापनका विभिन्न पक्ष कमजोर हुँदा उपलब्ध विकास सहायता रकमको अपेक्षित रुपमा उपयोग हुन नसकेको।
- अधिकांश आयोजनाको समय र शुरु लागत बढ्ने अवस्था विद्यमान रहेको।
- राष्ट्रिय बजेट प्रणालीबाट परिचालन हुने विकास सहायताको रकम अपेक्षित रुपमा खर्च गर्न नसक्दा राष्ट्रिय बजेट प्रणाली बाहिरबाट सहायता परिचालनको दबाब बढ्दै गएको। वैदेशिक अनुदानको केही हिस्सा अझै बजेट प्रणाली बाहिर अन्तर्राष्ट्रिय संस्था एवम् गैर सरकारी संस्थामार्फत परिचालन हुने गरेको।
- पर्याप्त पूर्व तयारी नभएका आयोजनामा वित्तीय सम्झौता हुँदा आयोजना कार्यान्वयन ढिलो हुने गरेको।
- बजेटरी सहायताको रुपमा प्राप्त हुने रकम परिचालनको लागि नीतिगत सुधार गर्न मन्त्रालय/निकाय बिच समन्वय गर्न कठिनाई रहेको।
- विकास सहायताको खण्डीकरणको कारण परिचालन लागत बढ्ने गरेको।
- विकास साझेदारका आ-आफ्ना प्राथमिकता हुँदा आयोजना/कार्यक्रम छरिने गरेको।

- स-साना परिमाण र मूल्यका वस्तुगत सहायता माग गर्ने प्रवृत्ति बढेको।
- विकास सहायताका आयोजना कार्यक्रममा वित्तीय सम्झौता गर्ने अवस्थासम्म विषयगत मन्त्रालयबाट देखिएको तदारुकता कार्यान्वयनको क्रममा नदेखिएको।
- जलवायु वित्तमा पहुँच पुऱ्याउन र प्राप्त वित्तको परिचालनमा सम्बन्धित निकायहरूको क्षमता विकास गर्न नसकिएको।
- निजी क्षेत्रका आयोजनामा जलवायु वित्त परिचालन गर्ने विषयमा नीतिगत स्पष्टता नरहेको।
- प्राविधिक सहायताको अनुगमन तथा मूल्याङ्कन गर्न कठिनाई एवम् परिचालनमा दोहोरोपना रहेको।
- पर्याप्त अध्ययन अनुसन्धान नहुँदा वैदेशिक ऋणको विनिमय जोखिम पूर्वानुमान गर्न कठिनाई रहेको।
- नेपाल सरकारले लिएको ऋण रकमको सहायक ऋण सम्झौता गर्दा एकरुपता कायम गर्न नसकिएको।

**२.४.६.२ विकास सहायता परिचालनमा गर्नुपर्ने सुधार**

- आयोजना/कार्यक्रम तोकिएको समय र लागतमा सम्पन्न गर्ने गरी उच्चस्तरमा अनुगमन गर्ने।
- सार्वजनिक खरिद ऐन र विकास साझेदारका खरिद निर्देशिका बिच तादात्म्यता कायम गर्ने र विकास साझेदारका खरिद निर्देशिका लागू गर्ने गरी भएका वित्तीय सम्झौताको कार्यान्वयनका लागि विद्यमान खरिद कानूनमा आवश्यक संशोधन गर्ने।
- परियोजना तत्परता चेकलिस्ट लागू गरी पूर्व तयारी सम्पन्न भइसकेका आयोजनाका लागि मात्र वैदेशिक सहायता रकम परिचालनको लागि वित्तीय सम्झौता गर्ने।
- आयोजनाको आर्थिक, प्राविधिक विषयहरूको विश्लेषण गरी सम्भाव्य र प्रतिफलयुक्त आयोजनामा मात्र विकास सहायता परिचालनको सुनिश्चतताको लागि कर्मचारीको क्षमता विकास तथा थप प्राविधिक जनशक्तिको व्यवस्थापन गर्ने।
- मन्त्रालयले आयोजना मूल्याङ्कन प्राविधिक समिति बनाई उक्त समितिले योग्य ठहऱ्याएका आयोजनामा मात्र वैदेशिक ऋणको रकम परिचालन गर्ने।
- जलवायु वित्तको परिचालनलाई प्रभावकारी बनाउन कार्यविधि बनाई लागू गर्ने र जलवायु वित्तमा पहुँच बढाउन सम्बन्धित निकायको क्षमता विकासमा जोड दिने।
- नीतिगत सुधारमा आधारित सहायता परिचालनको लागि उच्चस्तरीय अन्तरमन्त्रालय समन्वय समिति बनाई नीतिगत सुधारका विषयमा निरन्तर छलफल र समन्वय गर्ने।
- विकास सहायता परिचालनमा पारदर्शिता अभिवृद्धिको लागि विकास सहायताको डिजिटल अभिलेख तथा प्रतिवेदन प्रणालीलाई थप प्रभावकारी बनाउने। मन्त्रालयमा रहेको सहायता परिचालनको डिजिटल प्लेटफर्म Development Finance Information Management System (DFMIS) लाई अन्य सूचना प्रणालीसँग अन्तरआबद्धता गराई विकास सहायताको सूचनालाई एकीकृत गर्ने।
- अनुदान र सहुलियतपूर्ण ऋणको परिमाण घट्दै गएको सन्दर्भमा वैकल्पिक विकास वित्तको सम्भाव्यताको खोजी गर्ने।

- सरकारी संस्थान र प्रदेश तथा स्थानीय तहलाई नेपाल सरकारमार्फत परिचालन भएको वैदेशिक ऋणको भुक्तानीमा जिम्मेवार बनाउन ऋणको स्क्रो एकाउन्ट (Escrow Account) मार्फत सोझै ऋण भुक्तानी गर्नुपर्ने व्यवस्था गर्ने।
- बजेटरी सहायता मार्फत परिचालन हुने वैदेशिक ऋणलाई पूर्वाधार निर्माण जस्ता पुँजी निर्माणको क्षेत्रमा मात्र उपयोग गर्ने गरी आयोजनासँग आबद्ध गर्ने।
- विनियोजित रकम आर्थिक वर्षको अन्तसम्ममा खर्च हुन नसकेमा अर्को आर्थिक वर्षमा सोही आयोजनामा खर्च गर्ने गरी सञ्चित गर्ने। तोकिएको आयोजना सम्पन्न हुँदासम्म सबै रकम खर्च हुन नसकेमा अर्को प्राथमिकताको पूर्वाधार निर्माणमा विनियोजन गरी खर्च गर्ने व्यवस्था मिलाउने।
- विदेशी विनिमय जोखिमका कारण आयोजनाको लागतमा हुने वृद्धिलाई आयोजना विकासको क्रममा विश्लेषण गरी विनिमय जोखिमको समुचित प्रबन्ध गर्नुपर्ने।
- नेपालमा उपलब्ध नहुने अत्यावश्यक सामाग्री मात्र वस्तुगत सहायताको रुपमा स्वीकार गर्ने।
- प्राविधिक सहायतालाई नेपालमा मानव पुँजी निर्माण हुन सहयोगी हुने गरी परिचालन गर्न प्राथमिकता दिने। प्राविधिक सहायताबाट सिर्जना गरिएका Knowledge Product लाई अभिलेखबद्ध गर्ने।
- नेपालको राष्ट्रिय प्राथमिकता र आवश्यकतासँग विकास साझेदारको सहायता खाकाको तादात्म्यता कायम गर्न विकास साझेदारसँग समन्वय गर्ने।

# परिच्छेद - तीन

# राष्ट्रिय गौरवका आयोजनाको प्रगति अवस्था

## ३.१ पृष्ठभूमि

नेपाल सरकारले आर्थिक, सामाजिक, साँस्कृतिक, राजनीतिक तथा मानव विकासका दृष्टिले रणनीतिक महत्वका आयोजनालाई आर्थिक वर्ष २०६८/६९ देखि राष्ट्रिय गौरवका आयोजनाका रूपमा वर्गीकरण गरी प्राथमिकताका साथ कार्यान्वयन गर्दै आएको छ। सडक, ऊर्जा, सिँचाइ, खानेपानी, पर्यटन तथा वन क्षेत्रसँग सम्बन्धित यस्ता आयोजनालाई दीर्घकालीन आर्थिक वृद्धिमा योगदान दिने परियोजनाका रूपमा प्राथमिकता दिनुका साथै तिनको कार्यान्वयन सुनिश्चित गर्न आवश्यक स्रोतसाधनको व्यवस्थापन गरिएको छ। राष्ट्रिय गौरवका आयोजनाहरूको भूमिकालाई  राष्ट्रिय सुरक्षाको सुदृढीकरण, सामाजिक तथा साँस्कृतिक एकीकरण, संरचनागत आर्थिक रूपान्तरण, रोजगारी सिर्जना र उद्यमशीलताको प्रवर्द्धनमा सहयोगी हुनेगरी कार्यान्वयन गर्न जोड दिइएको छ।

आर्थिक वर्ष २०६८/६९ को शुरुमा १७ वटा राष्ट्रिय गौरवका आयोजना पहिचान गरिएकोमा नेपाल सरकारले आवश्यकता र औचित्यताको आधारमा क्रमागत तथा नयाँ आयोजनालाई समेत समावेश गरी यस्ता आयोजनाको संख्या विस्तार गरी २७ वटा पुगेकोमा सम्पन्न भइसकेका र कार्य प्रारम्भ नभएका बाहेक आर्थिक वर्ष २०८१/८२ सम्म आइपुग्दा १९ आयोजना कार्यान्वयनमा रहेका छन्। यी आयोजनालाई राष्ट्रिय अर्थतन्त्रको मेरुदण्डको रूपमा स्थापित गर्दै ऊर्जा, यातायात, हवाई सेवा, रेल, सिँचाइ, खानेपानी र पर्यटन जस्ता रणनीतिक क्षेत्रका परियोजनाहरूलाई उच्च प्राथमिकता प्रदान गरिएको छ।

नेपाल सरकारद्वारा आर्थिक वर्ष २०७६/७७ देखि विशिष्ट महत्त्व राख्ने राष्ट्रिय गौरवका आयोजना बाहेकका आयोजनाहरूलाई रूपान्तरणकारी आयोजना (Game Changer Projects) का रूपमा वर्गीकरण गरी कार्यान्वयनमा ल्याइएको छ। रूपान्तरणकारी आयोजनाहरूले स्थानीय अर्थतन्त्रको सबलीकरण, विकासमा प्रदेशगत सन्तुलन प्रवर्द्धन तथा विकासका विविध क्षेत्रमा अग्र तथा पृष्ठ सम्बन्ध सिर्जना एवम् सवलीकरण गर्ने अपेक्षा राखिएको छ। यी आयोजना राष्ट्रिय गौरवका आयोजनाभन्दा तुलनात्मक रूपमा साना भए तापनि आर्थिक तथा पूर्वाधार विकासमा महत्वपूर्ण प्रभाव पार्ने परियोजनाहरू भएको कारण तिनलाई छुट्टै समूहमा समेटी कार्यान्वयन गरिएको छ।

सरकारद्वारा घोषित राष्ट्रिय गौरवका आयोजनाहरूको सुदृढ कार्यान्वयनका लागि अनुकूल वातावरण तथा सक्षम संस्थागत प्रबन्ध गर्नुका साथै सघन अनुगमन र मूल्याङ्कनमार्फत अपेक्षित नतिजा हासिल गर्ने नीति अवलम्बन गरिएको छ। आयोजना कार्यान्वयनलाई प्रभावकारी बनाउन राष्ट्रिय योजना आयोगमार्फत अनुगमन, समन्वय तथा सहजीकरणको प्रबन्ध गरिएको छ। आयोजना तयारी र कार्यान्वयनका क्रममा देखा पर्ने समस्या समाधानका लागि राष्ट्रिय विकास समस्या समाधान समितिको संयोजनमा आवश्यक छलफल तथा निर्णय लिइने व्यवस्था मिलाइएको छ।

राष्ट्रिय गौरवका आयोजना नेपालको विकासका लागि नयाँ आयाम हुन्। यी आयोजनाले देशलाई आर्थिक, सामाजिक, साँस्कृतिक र राजनीतिक रूपमा सबल बनाउने लक्ष्य पूरा गर्न भूमिका निर्वाह गर्दछन्। यी आयोजनाले नेपालको प्राकृतिक सम्पदा, साँस्कृतिक धरोहर र मानवीय क्षमतालाई उपयोगमा ल्याई देशलाई आत्मनिर्भर बनाउने दिशामा अग्रसर गराउँछन्। आयोजनाको संख्यालाई

वाञ्छित सीमाभित्र राखी गुणस्तर अभिवृद्धिमार्फत विकास परिणाम हासिल गर्न सर्वपक्षीय समन्वय र थप क्रियाशीलता अपेक्षित छ।

## ३.२ नीतिगत एवम् कानूनी व्यवस्था

नेपाल सरकारबाट स्वीकृत आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० मा राष्ट्रिय गौरव र रूपान्तरणकारी आयोजना निर्धारणका लागि देहाय बमोजिमको आधार तोकिएको छ।

(१) राष्ट्रिय गौरवका आयोजना: मापदण्ड अनुसार नेपाल सरकारले देहायको आधारमा कुनै आयोजनालाई राष्ट्रिय योजना आयोगको सिफारिसमा राष्ट्रिय गौरवका आयोजना घोषणा गर्न सक्ने व्यवस्था रहेको छ। यस मापदण्ड प्रारम्भ हुनु अघि घोषणा भएका राष्ट्रिय गौरवका आयोजनाको पुनरावलोकन राष्ट्रिय योजना आयोगको सिफारिसमा नेपाल सरकारले गर्ने तथा राष्ट्रिय गौरवका आयोजना घोषणा गर्दा राष्ट्रिय गौरवका चालु आयोजनाको सम्पन्न गर्ने समयावधि बढीमा १० वर्षको हुनेछ।

(क) लागत रकम कम्तीमा पचास अर्ब रुपैयाँ भएको,

(ख) विकासको राष्ट्रिय प्राथमिकता र रणनीतिको विषय क्षेत्रभित्र परेको,

(ग) सरकारको दीर्घकालीन सोच तथा लक्ष्य प्राप्तिमा प्रत्यक्ष योगदान पुऱ्याउने,

(घ) आयोजना सञ्चालनबाट राष्ट्रिय अर्थतन्त्रमा उल्लेखीय योगदान पुऱ्याउने,

(ङ) आर्थिक क्रियाकलापमा वृद्धि, रोजगारी सिर्जना र उद्यमशीलताको प्रवर्द्धनमा उदाहरणीय स्तरको अग्र तथा पृष्ठ सम्बन्ध रहेको,

(च) राष्ट्रिय सुरक्षा वा सामाजिक, साँस्कृतिक एकीकरण वा संरचनात्मक आर्थिक रुपान्तरणका हिसाबले रणनीतिक महत्व राख्ने,

(छ) आम समुदायमा राष्ट्रिय भावना जगाई एकताको सुत्रमा जोड्न योगदान पुऱ्याउने,

(ज) सामाजिक रुपान्तरण तथा मानव विकासमा सकारात्मक प्रभाव पार्ने।

(२) रूपान्तरणकारी आयोजना: मापदण्ड अनुसार नेपाल सरकारले देहायको आधारमा कुनै आयोजनालाई राष्ट्रिय योजना आयोगको सिफारिसमा रूपान्तरणकारी आयोजना घोषणा गर्न सक्ने र रुपान्तरणकारी आयोजना सम्पन्न गर्ने समयावधि बढीमा ६ वर्षको हुने व्यवस्था रहेको छ। यस मापदण्ड प्रारम्भ हुनु अघि घोषणा भएका रूपान्तरणकारीका आयोजनाको पुनरावलोकन राष्ट्रिय योजना आयोगको सिफारिसमा नेपाल सरकारले गर्ने व्यवस्था रहेको छ।

(क) लागत रकम कम्तीमा दश अर्ब रुपैयाँ भएको,

(ख) लगानीको स्रोत तथा कार्यान्वयन ढाँचा टुङ्गिएको,

(ग) मुलुकको आर्थिक तथा सामाजिक रूपान्तरणमा महत्वपूर्ण योगदान पुऱ्याउने,

(घ) पूर्वाधार निर्माणसँग सम्बन्धित आयोजनाको हकमा जग्गा प्राप्ति, वातावरणीय परीक्षण, विस्तृत परियोजना प्रतिवेदन लगायत आयोजना पूर्व तयारीसम्बन्धी सबै काम सम्पन्न भइसकेको,

(ङ) आयोजनाको दिगो व्यवस्थापन तथा सञ्चालन सुनिश्चित भएको।

## ३.३ गत आर्थिक वर्षसम्मको प्रगतिको अवस्था

आर्थिक वर्ष २०८०/८१ मा राष्ट्रिय गौरवका आयोजनाहरूको लागि रू.६० अर्ब ३८ करोड ७१ लाख खुद बजेट विनियोजन गरिएकोमा रू.५४ अर्ब २४ करोड ८ लाख खर्च भई वित्तीय प्रगति ८९.८२ प्रतिशत र भौतिक प्रगति ५७.५० प्रतिशत भएको छ।

## ३.४ राष्ट्रिय गौरवका आयोजनाको बजेट र प्रगति समीक्षा

नेपाल सरकारले राष्ट्रिय गौरवका रुपमा अगाडि बढाएका आयोजनामध्ये माथिल्लो तामाकोशी जलविद्युत आयोजना, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल तथा मेलम्ची खानेपानी आयोजनाको निर्माण कार्य सम्पन्न भई सञ्चालनमा आएको छ। पश्चिम सेती जलविद्युत आयोजनाको निर्माण मोडालिटि तयार हुने क्रममा रहेको छ। अन्य आयोजना कार्यान्वयनको चरणमा रहेका छन्। २७ वटा राष्ट्रिय गौरवका आयोजनामध्ये चालु आर्थिक वर्षमा १९ वटा आयोजनाका लागि चालुतर्फ रू.२ अर्ब ६८ करोड ६१ लाख, पुँजीगततर्फ रू.६३ अर्ब २५ करोड ३५ लाख र वित्तीय व्यवस्थातर्फ रू.७५ करोड ५२ लाख गरी जम्मा रू.६६ अर्ब ७५ करोड ३ लाख विनियोजन गरिएकोमा समीक्षा अवधिमा चालुतर्फ रू.१ अर्ब २१ करोड ३९ लाख, पुँजीगततर्फ रू.१५ अर्ब ९३ करोड ९३ लाख गरी जम्मा रू.१७ अर्ब १५ करोड ३२ लाख खर्च भएको छ। जस अनुसार राष्ट्रिय गौरवका आयोजनाको समीक्षा अवधिमा २५.७० प्रतिशत खर्च भएको छ। सो आयोजनाको आयोजनागत विनियोजन र खर्चको विवरण अनुसूची १२ मा उल्लेख गरिएको छ। राष्ट्रिय गौरवका आयोजनाको कार्यान्वयनको अवस्था र हालसम्मको प्रगतिको विवरण देहाय अनुसार रहेको छ।

## तालिका ३.१: राष्ट्रिय गौरवका आयोजनाको हालसम्मको प्रगति स्थिति

**(रू.लाखमा)**

| आयोजनाको नाम | क्षेत्रफल/ लम्बाई | अवस्थित जिल्ला/प्रदेश | आयोजना शुरू भएको वर्ष | निर्माण सम्पन्न हुने आर्थिक वर्ष | आयोजनाको प्रारम्भिक लागत | आयोजनाको संशोधित लागत | आर्थिक वर्ष २०८०/८१ सम्मको खर्च | आर्थिक वर्ष २०८०/८१ सम्मको भौतिक प्रगति (%) | आर्थिक वर्ष २०८१/८२ को खुद बजेट | चालु आर्थिक वर्षको पुससम्मको खर्च | चालु आर्थिक वर्षको पुससम्मको वित्तीय प्रगति प्रतिशत | हालसम्मको मुख्य भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुष्पलाल (मध्य पहाडी) राजमार्ग आयोजना | १ हजार ८ सय ७९ कि.मी. | पुर्व (पांचथर) देखि पश्चिम (बैतडी) | २०६४/६५ | २०८४/८५ | ३३३६०० | ८४३३०० | ६८९६०० | ७७.३२ | ३६८५७ | ११२९५ | ३०.६५ | • १५१३ कि.मि. निर्माण सम्पन्न। |
| हुलाकी राजमार्ग | १ हजार ८ सय ५७ कि.मी. | पुर्व(काकरभिट्टा) देखि पश्चिम (कंचनपुर) | २०६६/६७ | २०८३/८४ | ४७२४०० | ६५२००० | ६४०००० | ६६.०९ | ४०३८८ | ३१९०६ | ७९.०० | • १३६४ कि.मि. सडक निर्माण सम्पन्न।<br>• ७ वटा पुल तथा ३ वटा कलभर्ट गरी जम्मा १० पुल -पुलेसा निर्माण सम्पन्न भएको |
| उत्तर दक्षिण लोकमार्ग (कोशी करिडोर) | १ सय ६२ कि.मी. | जोगवानी देखि विराटनगर, इटहरी, धनकुटा, खाँदबारी किमाथांका | २०६५/६६ | २०८३/८४ | ११९३०० | १६२००० | ५४९०० | ४८.०० | | ३९२० | ४९.०० | • ३.५ कि.मि. कालोपत्र, खण्डास्मिथ ८० कि.मि. र कच्ची ७९ कि.मि., १० वटा पुल निर्माण सम्पन्न भएको। |
| नेपाली सेना तर्फः खाँदबारी-किमाथांका (च्याम्ताङ्ग-घोङ्गप्पा खण्ड) सडक | १०.५१ कि.मि. | संखुवासभा /कोशी | २०७७/७८ | २०८१/८२ | ६२९० | ६२९० | ५०७० | ८०.८५ | ३६१७७ | | ५१.४७ | • ७.३० कि.मि. ट्र्याक निर्माण |
| कालिगण्डकी कोरिडोर (गैंडाकोट-राम्दी-मालढुङ्गा) सडक योजना | २९३ कि.मि. | नवलपरासी पूर्वी खण्ड, पाल्पा, गुल्मी, बाग्लुङ्ग, पर्वत र स्याङ्जा जिल्ला | २०६५/६६ | २०८४/८५ | २००००० | २०००० | ११७७ | ६५.०० | | ८६७६ | ७९.९९ | • १९५ कि.मि. कालोपत्र, खण्डास्मिथ ३० कि.मि. र कच्ची ७६ कि.मि. ४ वटा पुल निर्माण। |
| कालिगण्डकी कोरिडोर (बेनी जोमसोम कोरला सडक योजना) | २०२ कि.मि. | पर्वत, म्याग्दी र मुस्तांग जिल्ला | २०६६/६७ | २०८२/८३ | १००००० | १००००० | १३८०१ | ८४.०० | | ४०४२ | ५९.६४ | • ९३.५ कि.मि. कालोपत्र, खण्डास्मिथ १२० कि.मि. र कच्ची २७ कि.मि., ६ वटा पुल निर्माण। |
| उत्तर दक्षिण (कर्णाली कोरिडोर) हिल्सा सिमिकोट सडक योजना, हुम्ला | १४५ कि.मि | हुम्ला/कर्णाली | २०६५/६६ | २०८३/८४ | ४१००० | ६६६०० | १७२०५ | ३०.०० | | ९५७ | २७.४९ | • खण्डास्मिथ १७.७ कि.मि. र कच्ची १३५ कि.मि. निर्माण। |
| नेपाली सेना तर्फः लालिबगर-दुल्लीकुन्ना खण्ड र घाट पारिचौर-बद्रीगाउँ-भुक्काखोला खण्ड | २२.०५ कि.मि. | कालिकोट, बाजुरा, हुम्ला / कर्णाली | २०७८/७९ | २०८२/८३ | ११३८२ | ११३८२ | ५३३७ | ७२.५६ | | | ५१.४७ | • १५.३५ कि.मि. ट्र्याक निर्माण |
| रेल मेट्रो रेल तथा मनोरेल विकास आयोजना | १००३ कि.मि. को ७० कि.मी. कार्यान्वयनमा रहेको | महोत्तरी सर्लाही र रौतहट | २०६५/६६ | २०८६/८७ आयोजनाको अवधि यकिन नभएको। | ७०६२०० | ९५५२२०० | ३२१८९१ | ५.०० | ३२००३ | १५०३ | ४.७० | • बर्दिबास चोचा रेल मार्ग खण्डको कार्य अन्तर्गत ६ कि.मि. ट्र्याक बेड र ४ वटा रेलवे पुल निर्माण सम्पन्न। |
| काठमाण्डौ-तराई/मधेश द्रुतमार्ग सडक आयोजना | ७०.९७७ कि.मि. | काठमाण्डौ, ललितपुर, मकवानपुर र बारा | २०७३/७४ | २०८५/८६ | ११६०००० | २११९३०० | ६७०९०० | ३५.३८ | २२५४९३ | ५३१९५ | २३.५९ | • ३४२२ मिटर सुरुङ्ग खन्ने काम सम्पन्न।<br>• लेनन डाँडा सुरुङ्ग ३.२४ कि.मि. तथा निजगढ काठमाडौंतर्फको १.६५ कि.मि. लम्बाई सुरुङ्गको ब्रेक थ्रु भएको। |

| आयोजनाको नाम | क्षेत्रफल/ लम्बाई | अवस्थित जिल्ला/प्रदेश | आयोजना शुरू भएको वर्ष | निर्माण सम्पन्न हुने आर्थिक वर्ष | आयोजनाको प्रारम्भिक लागत | आयोजनाको संशोधित लागत | आर्थिक वर्ष २०८०/८१ सम्मको खर्च | आर्थिक वर्ष २०८०/८१ सम्मको भौतिक प्रगति (%) | आर्थिक वर्ष २०८१/८२ को खुद बजेट | चालु आर्थिक वर्षको पुससम्मको खर्च | चालु आर्थिक वर्षको पुससम्मको वित्तीय प्रगति प्रतिशत | हालसम्मको मुख्य भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | • आयोजनाका जम्मा ८९ स्थानका पुलहरूमध्ये ५० स्थानका पुलहरूको फाउण्डेशन निर्माण सम्पन्न भई ५ स्थानमा पुलहरूको निर्माण सम्पन्न भएको। |
| पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल | २५००मि.x४५ मि. (Runway) | पोखरा, कास्की | २०७४/७५ | २०७९/८० सम्पन्न | २२०००० | २२०००० | २२०००० | ९९.६० | ० | ०.०० | ०.०० | • निर्माण सम्पन्न |
| निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, बारा | ८ हजार ४५ हेक्टर क्षेत्रफल | निजगढ, बारा | २०७१/७२ | २०८५/८६ हालसम्म यकिन नभएको | १६५०००० | १६५०००० | ९८५५ | - | २५५२ | ० | ० | • बकैया खोलामा नदी नियन्त्रण कार्य भएको। |
| पशुपति क्षेत्र विकास कोष | पाशुपत क्षेत्र | काठमाण्डौ/ बागमती | २०७०/७१ | निरन्तर | १२७०० | २२७०० | ८३००० | ८८.०० | २१०० | २१०० | १०० | |
| लुम्बिनी विकास कोष | १ हजार १ सय ५५ विगाहा | नवलपरासी रामग्राम, रूपन्देही र कपिलवस्तु | २०६९/७० | २०८२/८३ | ५५५०० | १३२६०० | १९०११० | ९५.०० | ४५०० | ४४०० | ९७.७८ | • लुम्बिनी गुरुयोजना क्षेत्रभित्रका सडक सञ्जाल, फुटपाथ, सडक लाइटहरू लगायतका कार्य ७२.५० प्रतिशत सम्पन्न भएको। |
| बुढीगण्डकी जलविद्युत आयोजना | धादिङ र गोरखामा १२ सय मे.वा. विद्युत उत्पादन | गोरखा जिल्ला | २०६९/७० | २०८५/८६ | २६००००० | ३९८०२०० | ४२८८०० | - | ५००० | ० | ० | • जग्गाको मुआब्जा वितरण भइरहेको। |
| पश्चिम सेती जलविद्युत आयोजना | | बझाङ्ग, डडेल्धुरा, डोटी र बैतडी | (प्रस्तावित) सन् २०२५ | प्रस्तावित (सन् २०३०) | १३२००० अमरिकी डलर | १३२००० अमरिकी डलर | | | | | | • मोडालिटी यकिन नभएको। |
| बबई सिँचाई आयोजना | ३६ हजार हेक्टर सिँचाई | बर्दिया | २०४५/४६ | २०८२/८३ | २८७३९ | १८९६३० | १३४३९२ | ७२.२२ | १७९८१ | ६६६३ | ३७.०६ | • ६३.१ कि.मि. मूल नहर ३२०.१८कि.मि. शाखा नहर निर्माण<br>• ५०० हे. सिंचित क्षेत्र विकास तथा विस्तारको कार्य सम्पन्न भएको, |
| महाकाली सिँचाई आयोजना | ३३ हजार ५ सय २० हेक्टर सिँचाई | कञ्चनपुर | २०६३/६४ | २०८७/८८ | ३५०००० | ३५०००० | ७७६५५ | २२.१८ | २००५१ | ७१९३ | ३५.८७ | • २८ कि.मि.मूल नहर, १२ कि..मि. शाखा नहर २१ कि.मि. तटबन्ध निर्माण सम्पन्न। |
| सिक्टा सिँचाई आयोजना | ४२ हजार ७ सय ६६ हेक्टर सिँचाई | बाँके | २०६१/६२ | २०८९/९० | १२८००० | ५२८९०० | २१४८०० | ४१.५८ | १६००० | ४३१८ | २६.९९ | • ९८.२५ कि.मि.मूल नहर निर्माण। |
| रानी जमरा कुलरिया सिँचाई आयोजना | ३८ हजार ३ सय हेक्टर सिँचाई | कैलाली | २०६७/६८ | २०८२/८३ | १२३७०० | २७७०२४ | २००५३० | ७४.३६ | २८७९२ | ५५७३ | १९.३५ | • ३ वटा पुल निर्माण तगा केही निर्माण कार्य सम्पन्न।<br>• १४ कि.मि. लम्की नहर निर्माण सम्पन्न,<br>• Desilting Basin र Feeder canal निर्माण |
| भेरी - ववई डाइभर्सन बहुउद्देश्यीय आयोजना | ५१ हजार हेक्टर, सिँचाई ४६.८ मे.वा.विद्युत उत्पादन | सुर्खेत, बाँके, बर्दिया | २०६८/६९ | २०८४/८५ | १६४३३० | ३६८०७७ | १६४९०० | ६५.८० | २०५५५ | ५२७१ | २६.३६ | पावर हाउस निर्माणस्थल permanent slope को Excavation कार्य करिब ९०% सम्पन्न, |

| आयोजनाको नाम | क्षेत्रफल/ लम्बाई | अवस्थित जिल्ला/प्रदेश | आयोजना शुरू भएको वर्ष | निर्माण सम्पन्न हुने आर्थिक वर्ष | आयोजनाको प्रारम्भिक लागत | आयोजनाको संशोधित लागत | आर्थिक वर्ष २०८०/८१ सम्मको खर्च | आर्थिक वर्ष २०८०/८१ सम्मको भौतिक प्रगति (%) | आर्थिक वर्ष २०८१/८२ को खुद बजेट | चालु आर्थिक वर्षको पुससम्मको खर्च | चालु आर्थिक वर्षको पुससम्मको वित्तीय प्रगति प्रतिशत | हालसम्मको मुख्य भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सुनकोशी मरिन डाईभर्सन बहुउद्देशीय आयोजना | १ लाख २२ हजार हेक्टर सिँचाई २८ मे.वा.विद्युत उत्पादन | सिन्धुली, रामेछाप, बारा, रौतहट, सर्लाही, महोत्तरी | २०७३/७४ | २०८५/८६ | ४६१९३९ | ४६१९३९ | १५३००० | ३४.४० | २९९१६ | ५४५५ | १८.२४ | • Tunnel Boring machine (TBM) बाट १३.३ कि.मि. सुरुङ खन्ने काम सम्पन्न भएको। |
| राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | १८ लाख ९६ हजार २ सय ५५.९ हेक्टर | ३७ जिल्ला/<br>७ वटै प्रदेश | २०७१/७२ | २०९३/९४ | १२५०० | २४९७००२ | २०६४७८ | १०० | १०५०० | १३२४ | १२.६१ | • कोशीटप्पु वन्यजन्तु आरक्षणमा १०० मिटर तटबन्ध निर्माण भएको।<br>• २ लाख विरुवा उत्पादन, वृक्षारोपण तथा वितरण गरिएको। |
| मेलम्ची खानेपानी आयोजना (पहिलो चरण) | काठमाण्डौ उपत्यका १७ करोड लिटर खानेपानी उपलब्ध | काठमाण्डौ, ललितपुर, भक्तपुर, काभ्रेपालाञ्चोक तथा सिन्धुपालञ्चोक | २०५५/५६ | २०८५/८६ | २४०००० | ३१३६०० | ३०५५७९ | ९८.४५ | ५०१९ | १०९६ | २१.८५ | • हेडवर्क्स तथा सुरुङ्ग संचालन गरी काठमाडौंमा खानेपानी वितरण गरिएको। |
| याङ्गग्री लार्के नदी डाईभर्सन (दोस्रो चरण) | | | | | | | १३२९२ | ८.६६ | | | | • बाढीबाट क्षतिग्रस्त मुख्य प्रवेश मार्गमा ४ वटा सेक्सनको पुनर्निर्माण सम्पन्न भएको।<br>• ४२ कि.मि. प्रवेश मार्ग निर्माण कार्य सम्पन्न भएको।<br>• दैनिक १७ करोड लिटर क्षमताको सुन्दरीजल पानी प्रशोधन केन्द्र निर्माण सम्पन्न भई हस्तान्तरण गरिएको। |
| मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल (एमसिए-नेपाल) - | विद्युत प्रसारण आयोजना सडक मर्मत आयोजना | ३ प्रदेश र १० जिल्ला<br>१ प्रदेश र १ जिल्ला | २०७४/७५ (२०१७/१८) | २०८५/८६ (२०२८/२९) | ६३०० अमेरिकी डलर | ६९७० अमेरिकि डलर | ७४७७७ | ८.०८ | १३३६१९ | ११११७ | ८.३२ | • ३० कि.मि. ट्रान्समिशन लाइनको रिसर्भेको काम सम्पन्न। |
| मथिल्लो तामाकोशी जलविधुत आयोजना | ४ सय ५६ मे. बाट जल विधुत उत्पादन | दोलखा जिल्ला | २०६७/६८ | २०७७/७८ | ३५२९०० | सम्पन्न भएको। | सम्पन्न भएको। | | | | | |
| गौतमवुद्ध अन्तरार्ष्ट्रिय विमानस्थल | ३००० मी x ४५ मी. (runway) | भैरहवा रूपन्देही | २०७२/७३ | २०७८/७९ | ६२२०० | ६८२०० | ६६३०० सम्पन्न भएको। | | | | | • सम्पन्न भएको। |
| मूलपानी क्रिकेट ऐकेडमी तथा रङ्गशाला | | | २०८१/८२ | एकिन नभएको | | | | | | | | |
| गिरीजा प्रसाद कोईराला क्रिकेट रंगशाला | | | २०८१/८२ | २०८५/८६ | | | | | | | | |
| गौतमवुद्ध अन्तरार्ष्ट्रिय क्रिकेट रंगशाला | | | २०८१/८२ | एकिन नभएको | | | | | | | | |

*स्रोतः राष्ट्रिय योजना आयोग*

## ३.५ राष्ट्रिय गौरवका आयोजना व्यवस्थापनमा देखिएका चुनौतीहरू

- आयोजना कार्यान्वयनका असल अभ्यास अवलम्वन गरी नमुनाको रुपमा स्थापित हुनु।
- राष्ट्रिय गौरवका आयोजनाको संख्यालाई सिमित गरी गुणस्तर र प्रभावकारिता बढाउनु।
- आयोजनाको वर्गीकरणमा वस्तुनिष्ठता र सामञ्जस्यता कायम हुने गरी स्पष्ट मार्गदर्शन गर्नु।
- आयोजनाको अपेक्षित प्रतिफल र उपलब्धि हासिल हुने गरी तोकिएकै समयमा सम्पन्न गर्नु।
- लागत अनुमान बमोजिम स्रोत व्यवस्थापन, विकास वित्तको परम्परागत स्रोतको प्रभावकारिता, नवीन र वैकल्पिक स्रोतमा पहुँच तथा उपयोग र कार्ययोजना बमोजिम कार्यान्वयन गरी लागत बढ्न नदिनु।
- तहगत सरकारका निकाय, सरोकारवाला निकाय र जनप्रतिनिधिहरूसंग समन्वय र सहकार्य गरी सबैले स्वामित्व लिनेगरी सहज कार्यान्वयन र सामूहिक जवाफदेहिता सुनिश्चित गर्नु।
- आयोजना कार्यान्वयनमा पारदर्शिता, व्यावसायिकता, इमान्दारिता र सदाचारिता प्रवर्द्धन गरी नागरिक तथा नियमनकारी निकायको गुनासो आउने अवस्थाको अन्त्य गर्नु।
- कार्यक्षेत्र विस्तार, सीमाङ्कन तथा ढाँचा परिवर्तन गर्नु पर्दा बस्तुनिष्ठ आधारमा मात्र गर्ने तथा व्यवस्थापकीय स्वायत्तता र स्वतन्त्र कार्यसम्पादन वातावरण सुनिश्चित गर्नु।
- आयोजना प्रमुख तथा कर्मचारीको व्यावसायिक क्षमता विकास र संस्थागत स्मरणसहितको स्थिर कार्य वातावरणको व्यवस्था मिलाउनु।
- आयोजनाको चक्रलाई तथ्यमा आधारित र नतिजामूलक बनाई कार्यसम्पादन व्यवस्थापनमा आधारित भई उद्देश्यमूलक अनुगमन मूल्याङ्कन, सहजीकरण तथा पृष्ठपोषणको व्यवस्था र संस्कार बसाउनु।

## ३.६ राष्ट्रिय गौरव तथा रुपान्तरणकारी आयोजनाहरूको कार्यान्वयनमा देखिएका समस्या र समाधानका उपायहरू

राष्ट्रिय गौरवका आयोजना व्यवस्थापनमा देखिएका समस्या एवम् ती समस्या समाधानका उपायहरू देहाय बमोजिम पहिचान गरिएको छः

### १. नीतिगत तथा कानूनी व्यवस्था सम्वद्ध समस्या

| समस्या | समाधान |
|---|---|
| • आयोजनाको पहिचान र छनौट निश्चित सिद्धान्त र मापदण्डको आधारमा हुन नसक्नु। | • आयोजना पहिचान र छनौटका लागि प्रष्ट र वैज्ञानिक मापदण्डहरू तयार गरी सोको आधारमा आयोजनाको पहिचानको व्यवस्था मिलाउने। |
| • राष्ट्रिय गौरवका आयोजना नियमित कानून अन्तर्गत नै कार्यान्वयन हुँदा अन्य आयोजना भन्दा फरक हुन नसक्नु। | • राष्ट्रिय गौरवका आयोजनाको विशेषतालाई ध्यानमा राखेर तिनीहरूको कार्यान्वयनका लागि छुट्टै कानुनी र प्रशासनिक संरचना तयार गर्ने।<br>• विकास आयोजना व्यवस्थापन तथा युटिलिटी कोरिडोरसम्बन्धी कानून बनाई स्पष्ट दिशाबोध र एकीकृत एवम् समन्वयात्मक कार्यान्वयन विधि बनाउने। |

| समस्या | समाधान |
|---|---|
| • विद्यमान जग्गा प्राप्ति, वन क्षेत्र प्रयोग, मुआब्जा र पुनर्वाससम्बन्धी नीतिगत अन्योलता। | • नीतिगत र कानूनी व्यवस्था गरी जग्गा अधिग्रहण, प्राप्ति र क्षतिपूर्ति तथा वनक्षेत्र प्रयोग सम्वन्धमा शिघ्र निर्णय तथा समन्वय हुने बनाउने। |

## २. आयोजनाको पूर्व तयारी तथा कार्यान्वयन पक्ष कमजोर हुनु

| समस्या | समाधान |
|---|---|
| • आयोजना निर्माण गर्ने मोडालिटी, कूल लागत, समयावधि, जग्गा प्राप्ति एवम् मुआब्जा, क्षतिपूर्ति, पुनर्वास र विस्तृत आयोजना प्रतिवेदन जस्ता पूर्व तयारीका कार्य पूरा नगरी आयोजना शुरूवात गर्नाले आयोजना निर्माणमा अन्यौलता र सुस्तता देखिनु। | • आवश्यक पूर्व तयारी प्रक्रियाहरू पूरा भएपछिमात्र आयोजना प्रारम्भ गर्ने। |
| • आयोजना शुरू भइसकेपछि कार्यक्षेत्र विस्तार गर्ने प्रवृत्तिका कारण लागत र समय वृद्धि हुनु। | • आयोजना शुरू भएपछि विशिष्ट आधार, परिस्थिति र मापदण्डबाहेक कार्यक्षेत्र विस्तारमा रोक लगाउने। |
| • आयोजनाको आर्थिक, सामाजिक, वित्तीय, प्राविधिक, भौगर्भिक र अन्य विश्लेषण एवम् मूल्याङ्कनको कार्य वैज्ञानिक बधारमा गर्न नसक्दा कार्यान्वयन र संचालनमा अवरोध आउनु। | • आयोजना विश्लेषण र डिजाइन क्षमता विकास गरी दक्ष एवम् अनुभवी जनशक्ति, तथ्याङ्क व्यवस्थापन र प्रविधिको उपयोग गर्ने। |

## ३. बजेट तथा साधन स्रोतजन्य समस्या

| समस्या | समाधान |
|---|---|
| • सम्बन्धित निकायबाट आयोजनाका लागि स्रोत सहमति र मध्यमकालीन खर्च संरचनाको अनुमानभन्दा न्यून बजेट प्रस्ताव गर्ने प्रवृत्ति। | • आयोजनाका लागि बजेट प्रस्तावलाई यथासम्भव यथार्थपरक बनाउन सम्बन्धित निकायबाट बजेटको योजना तयार गरी राष्ट्रिय गौरवका आयोजनामा विनियोजन प्रस्ताव गर्ने।<br>• MTEF वा बहुवर्षीय स्रोत सुनिश्चितताको आधारमा LMBIS मा earmark गरी आवश्यक विनियोजन सुनिश्चित गर्ने। |
| • आयोजनाको लागत र समय बढ्ने प्रवृत्तिले गर्दा आयोजना आर्थिक रूपले बोझिलो हुने अवस्था देखिनु। | • आयोजनाको बजेट र समयसीमालाई यथार्थपरक मूल्याङ्कन गरी कार्यान्वयन गर्ने। |
| • मुआब्जा रकम बजार मूल्यभन्दा अधिक हुँदै गएकाले विकास निर्माणको लागत अत्याधिक हुनु। | • विकास निर्माणका लागि प्राप्त गरिने जग्गाको अधिकतम मूल्याङ्कनका आधार किटान गरी सहज र यथार्थ मुल्यमा सहुने व्यवस्था मिलाउन नीतिगत सामञ्जस्यता कायम गर्ने। |

## ४. कमजोर खरिद तथा ठेक्का व्यवस्थापन प्रणाली

| समस्या | समाधान |
|---|---|
| • पूर्वतयारी तथा स्रोत व्यवस्थापन र आयोजना कार्यान्वयन मोडालिटी तय नहुँदै ठेक्का लगाउँदा | • पूर्वतयारी, स्रोत व्यवस्था र कार्यान्वयन मोडल सुनिश्चित भएपछि मात्र ठेक्का लगाउने। |

| समस्या | समाधान |
|---|---|
| आयोजनाको समग्र ठेक्का व्यवस्थापन कमजोर हुनु। | |
| • ठेक्का सम्झौतापछि आयोजना र करारको अर्को पक्ष बिच विवाद सिर्जना हुनु। | • विवाद सिर्जना हुने प्रमुख कारणहरूलाई पूर्वनिर्धारित कानूनी मापदण्डहरूको माध्यमबाट हटाउने र सहजीकरण एवम् परिपालनामार्फत विवाद समाधान गर्ने। |
| • निर्माण व्यवसायिबाट न्यून बोलकबोलमा धेरै ठेक्का ओगट्ने तर पूर्ण इमान्दारिता, सक्षमता र सक्रियताका साथ कार्यसम्पादन नगर्ने प्रबृत्ति देखिनु। | • बोलकबोलको तल्लो सीमा र आयोजना सम्झौता संख्याको अधिकतम सीमा समेत कानूनमा खुलाउने।<br>• क्षमता मूल्याङ्कन समेतको आधारमा ठेक्का लगाउने। |
| • सम्बन्धित मन्त्रालय र आयोजनाले ठेक्का लगाउन बढी जोड दिनु तर कार्यान्वयनमा उदासीन रहनु। | • मन्त्रालयले समग्र आयोजनाको जिम्मेवारी बहन गरी आन्तरिक नियन्त्रण र सहजीकरणको व्यवस्था गर्ने। |

## ५. आयोजना व्यवस्थापनमा कठिनाई

| समस्या | समाधान |
|---|---|
| • आयोजनाको संरचना, अधिकारक्षेत्र तथा स्वायत्तताको निर्धारण र नेतृत्वको सक्षमता उत्कृष्ट हुन नसक्नु। | • नतिजामूलक आयोजना संरचना विकास गर्ने।<br>• ज्ञान, सीप, क्षमता र अनुभव समेत हेरी आयोजना प्रमुख छनौट गर्ने। |
| • वित्तीय र भौतिक प्रगतिलाई मात्र आयोजना सफलताको आधार मानिने प्रचलन हुँदा गुणस्तरमा ध्यान नपुग्नु। | • आयोजनाको अनुगमन, सुपरीवेक्षण, मूल्याङ्कन र समीक्षामा प्राविधिक परीक्षण तथा गुणस्तर समेत हेर्ने व्यवस्था मिलाउने। |
| • आयोजना कार्यान्वयनमा सरोकारवाला पक्षबाट आवश्यक समन्वय र सहजीकरण नहुँदा काममा ढिलाई र लागत बढोत्तरी हुनु। | • विकास व्यवस्थापन वा राष्ट्रिय गौरवका आयोजनासम्बन्धी कानून बनाई सरोकारवालाको अधिकार र दायित्व समेत किटान गरी समन्वय र सहजीकरण सुनिश्चित गर्ने। |

## ६. अनुगमन तथा मूल्याङ्कनको न्यून प्रभावकारिता

| समस्या | समाधान |
|---|---|
| • आयोजना कार्यान्वयन गर्दा कार्ययोजना अनुसार कार्यान्वयन नहुनु। | • प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली लागू गरी कार्ययोजना मुताबिकको कार्यान्वयन सुनिश्चित गर्ने। |
| • आयोजना जोखिम पहिचान, विश्लेषण र व्यवस्थापनको प्रणाली बलियो नहुनु। | • हरेक आयोजना प्रमुख र सम्बन्धित मन्त्रालयबाट निरन्तर जोखिम विश्लेषण र व्यवस्थापनको बाध्यकारी व्यवस्था गर्ने। |
| • सूचक सहितको नतिजा खाकामा आधारित अनुगमन तथा मूल्याङ्कन पद्धत्ति कमजोर हुनु। | • वैज्ञानिक र व्यवहारिक सूचक विकास गरी नतिजामूलक अनुगमन मूल्याङ्कनको व्यवस्था मिलाउने। |

## ७. तहगत तथा निकायगत समन्वयको कमी

| समस्या | समाधान |
|---|---|
| • अन्तर तह र अन्तर निकाय कार्यगत समन्वय प्रभावकारी नहुनु।<br>• सडक, खानेपानी, विद्युत, ढल व्यवस्थापन, टेलिकम लगायतका निकाय बिच समन्वय नहुँदा बनाइएका संरचना पटक पटक भत्काइनु र कमजोर हुनु। | • राष्ट्रिय योजना आयोगले समन्वयको व्यवस्था मिलाउने।<br>• युटिलिटी कोरिडोरको अवधारणा कार्यान्वयन गर्ने। |
| • आयोजना प्रभावित बासिन्दाहरूसँग समन्वयको अभावका कारण पटक पटक आयोजना सञ्चालनमा अवरोध सिर्जना हुनु। | • स्थानीय स्तरमा आयोजना प्रभावकारिता सुनिश्चित गर्न सार्वजनिक, निजी र सामुदायिक समन्वयको विषयमा आयोजना स्वीकृति पूर्व नै स्पष्ट सहमति गर्ने। |

## ८. जनशक्ति व्यवस्थापन र कच्चा पदार्थ आपूर्तिमा अवरोध

| समस्या | समाधान |
|---|---|
| • आयोजना प्रमुखको बारम्बार सरुवा र परिवर्तनले आयोजना सञ्चालनमा अनिश्चितता उत्पन्न गर्नु। | • कार्यसम्पादन सम्झौताको आधारमा आयोजना अवधिभर आयोजना प्रमुखको कार्यस्थिरता सुनिश्चित गर्ने। |
| • कच्चा पदार्थ र निर्माण सामग्रीको आपूर्ति समस्याका कारण आयोजना समयमा सम्पन्न नहुनु। | • निर्माणजन्य सामग्री सम्बन्धी उद्योगको लागि व्यवहारिक स्पष्ट मापदण्ड बनाउने।<br>• निर्माण सामग्री आपूर्तिमा स्थानीय तहलाई समेत जिम्मेवार बनाउने र आयोजना सम्बन्धमा परामर्श तथा समन्वय गर्ने। |
| • दक्ष जनशक्ति र श्रमिकको अभावका कारण निर्माण कार्यमा ढिलाइ हुनु। | • स्पष्ट र योजनाबद्ध रणनीति तथा कार्यक्रममार्फत जनशक्ति/श्रमिक विकास र आपूर्ति गर्नु।<br>• श्रम सम्बन्ध सुधार र श्रमिक पलायनलाई निरुत्साहन गर्नु। |
| • विस्फोटक पदार्थ आपूर्तिमा एकाधिकार र अवरोध हुनु। | • कुटनीतिक माध्यमबाट आयात सहजीकरण गरी सहजै उपलब्ध हुने वातावरण बनाउनु। |

# परिच्छेद - चार

# मन्त्रालयगत उपलब्धी

## ४.१ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

मुलुकको सर्वोच्च प्रशासनिक निकायको रुपमा सार्वजनिक नीति तर्जुमाको संयोजन एवम् नीति कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कनमा यस कार्यालयको महत्वपूर्ण भूमिका रहेको छ। संघीय राज्य प्रणालीमा अन्तर सरकार सम्वन्ध व्यवस्थापन, समन्वय र सहकार्य कायम गरी समग्र राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक तथा शान्ति सुव्यवस्था, भ्रष्टाचार नियन्त्रण, द्विपक्षीय, बहुपक्षीय सम्झौता/ सहमति कार्यान्वयनको अनुगमन, मानव अधिकारको संरक्षण एवम् प्रवर्द्धनका लागि यस कार्यालयबाट नेतृत्वदायी भूमिका निर्वाह भइरहेको छ। नेपाल सरकारबाट प्रत्येक आर्थिक वर्षमा जारी हुने नीति तथा कार्यक्रम तर्जुमाको साथै सुशासन (व्यवस्थापन तथा सञ्चलान) ऐन, २०६४ र नियमावली, २०६५; लगानी बोर्ड ऐन, २०६८; राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२; सम्पत्ति शुद्धिकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन,२०६४; हेलो सरकार गुनासो व्यवस्थापन निर्देशिका, सार्वजनिक पदाधिकारीको कार्यसम्पादन करार निर्देशिका लगायतका कानून एवम् नीति रणनीतिको कार्यान्वयन यस कार्यालय र मातहतका निकायबाट हुँदै आएको छ। सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी गतिविधिमा वित्तीय लगानीका क्षेत्रमा पारस्परिक मूल्याङ्कन अन्तर्गत Pre-Onsite Visit, On-site Visit तथा Face-to-Face कार्यक्रम, राष्ट्रिय समन्वय परिषद्का अध्यक्ष एवम् सम्माननीय प्रधानमन्त्रीज्यूसमक्ष परिमार्जित कार्य विस्तृतीकरण प्रतिवेदन पेश, राष्ट्रिय जनगणना,२०७८; राष्ट्रिय कृषिगणना, २०७८ र नेपाल जीवनस्तर सर्वेक्षण (चौथो), २०७९/८० को अन्तिम नतिजा सार्वजनिक एवम् तेस्रो लगानी सम्मेलन आयोजनालगायतका उल्लेखनीय कार्य यस कार्यालय अन्तर्गत सम्पन्न भएका छन्।

### (१) चालु आर्थिक वर्षको प्रगति

- उजुरी जाँचबुझ तथा अनुसन्धानसम्बन्धी कार्यविधि, २०८१; कार्यक्रम तर्जुमा तथा सञ्चालन मार्गदर्शन, २०८१ तर्जुमा भई कार्यान्वयनमा आएको।
- ई-गभर्नेन्स बोर्ड (गठन तथा सञ्चालन) (पहिलो संशोधन) आदेश, २०८१ र प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार कोष स्थापना र सञ्चालन (पहिलो संशोधन) सम्बन्धी कार्यविधि, २०७८ मा आवश्यक संशोधन भई कार्यान्वयनमा आएको।
- सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ मा संशोधन भएपश्चात् APG Plenary Meeting, 2024 बाट पारस्परिक मूल्याङ्कन प्रतिवेदन, २०२३ अनुसारको रेटिङमा ७ वटा सुझावलाई Partially Complied (PC) बाट Largely Complied (LC) मा तथा २ वटा सुझावलाई Non-Complied (NC) बाट Partially Complied ( PC) मा स्तरोन्नति गरिएको।
- सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी (AML/CFT) प्रणाली सम्बद्ध निकायबाट सम्पादन भएका कार्यहरू समेटिएको प्रतिवेदन (Post Observation Period Report- POPR) Financial Action Task Force (FATF)/ Asia/Pacific Group on Money Laundering (APG) मा पठाइएको।
- सम्माननीय प्रधानमन्त्रीबाट राष्ट्रिय महत्वका आयोजनाको Action Room बाट समेत भर्चुअल अनुगमन भइरहेको। विकासको ढाँचा, गति र संस्कार सुधार गर्न आयोजना तर्जुमा खाका (Project Planning Template) स्वीकृत भएको।

- लगानी बोर्डको ६० औं बैठकबाट रू.१ खर्ब ४१ अर्ब १४ करोड बराबरको लगानी स्वीकृत भएको।
- लगानी प्रवर्द्धनका लागि सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन लगायतका कानूनहरूमा आवश्यक संशोधन एवम् Nepal Investment Guide 2024 तयार भएको।
- राष्ट्रिय लेखा अनुमानको आधार वर्ष परिवर्तनको लागि आवश्यक ४० वटा अध्ययन एवम् सर्वेक्षणमध्ये ३२ वटा सम्पन्न भएको।
- सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानीसम्बन्धी कसुरमा ६९ प्रतिवादीका विरुद्ध २० अर्ब भन्दा बढी मूल्यको सम्पत्ति रोक्का गरी जफतको दाबीसहित १२ थान मुद्दा दायर भएको, कसुरमा संलग्न विभिन्न २१ कानुनी व्यक्तिहरूलाई अभियोजनको दायरामा ल्याइएको।
- सरकारी नीतिको ढाँचामा एकरुपता कायम गर्न नेपाल सरकारले स्वीकृत गर्ने राष्ट्रिय नीतिको ढाँचा स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको।
- राजस्व चुहावटतर्फ २० वटा मुद्दामा रू.४२ करोड विगो र रू.४२ करोड सजाय माग दावी गरी ५५ जना प्रतिवादीहरू उपर मुद्दा दायर भएको। विदेशी विनिमय अपचलनतर्फ ३६ वटा मुद्दामा रू.६७ करोड ८७ लाख विगो र रू.२ अर्ब ३ करोड ६१ लाख जरिवाना र सजाय माग दावी गरी ५८ जना प्रतिवादीहरू उपर मुद्दा दायर गरिएको।
- आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार (ICESCR) सम्बन्धी राष्ट्रिय प्रतिवेदन नेपाल सरकारबाट स्वीकृत भई परराष्ट्र मन्त्रालयमार्फत संयुक्त राष्ट्र संघमा पठाइएको।

**(२) वित्तीय प्रगति स्थिति** **(रू.लाखमा)**

| आर्थिक वर्ष | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७७/७८ | ३८०५० | ५७६० | ४३८११ | २६५५० | ३७५५ | ३०३०५ | ६९.७८ | ६५.१९ | ६९.१७ |
| २०७८/७९ | ३८१४० | ५३९० | ४३५३० | ३१२३७ | ४२०१ | ३५४३८ | ८१.९० | ७७.९५ | ८१.४१ |
| २०७९/८० | ३९८९९ | ८७१५ | ४८६१४ | ३४४३० | ४९१४ | ३९३४४ | ८६.२९ | ५६.३८ | ८०.९३ |
| २०८०/८१ | ५०४३७ | ५८९० | ५६३२७ | ३८८८३ | २८८० | ४१७६३ | ७७.०९ | ४८.८९ | ७४.१४ |
| २०८१/८२ अर्धवार्षिक | ५०३७७ | ५५८९ | ५५९६६ | १७७७१ | ८२८ | १८५९९ | ३५.२८ | १४.८१ | ३३.२३ |

*स्रोतः अर्थ मन्त्रालय*

## ४.२ अर्थ मन्त्रालय

मुलुकको आर्थिक एवम् वित्तीय नीति तथा मौद्रिक व्यवस्थापन, समष्टिगत आर्थिक स्थायित्व तथा आर्थिक विकाससँग सम्बन्धित सम्पूर्ण गतिविधि व्यवस्थापन गर्ने अभिभारा अर्थ मन्त्रालयमा रहेको छ। सार्वजनिक खर्च व्यवस्थापन, अन्तर सरकारी वित्त व्यवस्थापन, राजस्व सङ्कलन, वैदेशिक सहायता व्यवस्थापन, नेपाल सरकारको आर्थिक प्रशासन, बैङ्क तथा वित्तीय क्षेत्र व्यवस्थापन, विदेशी विनिमय, बीमा तथा पुँजी बजार व्यवस्थापन र नियमन, सार्वजनिक संस्थानको समग्र नीतिगत विषय तथा नेपाल सरकारको आर्थिक नीति एवम् बजेट तर्जुमाको साथै सरकारको अल्पकालीन तथा दीर्घकालीन खर्च व्यवस्थापनसम्बन्धी कार्य अर्थ मन्त्रालयबाट सम्पादन हुँदै आएको छ।

### (१) चालु आर्थिक वर्षको प्रगति

- पहिलोपटक नेपालको सार्वभौम क्रेडिट रेटिङ सम्पन्न गरी BB- को रेटिङ्ग नतिजा प्राप्त भएको। क्रेडिट रेटिङबाट लगानीको वातावरणमा सुधार हुने अपेक्षा गरिएको।
- आयोजनाको बहुवर्षीय ठेक्का सहमतिसम्बन्धी मापदण्ड, २०८१ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा पहिलो संशोधन गरिएको।
- कार्य सञ्चालन निर्देशिका, २०८१ तथा बजेट दिग्दर्शन, २०८१ स्वीकृत भई कार्यान्वयनमा आएको।
- भन्सार महसुल नियमावली, २०८१ तर्जुमा भई कार्यान्वयनमा आएको। भन्सार सुधार तथा आधुनिकीकरण योजना (२०७८-२०८३) कार्यान्वयन भइरहेको।
- उच्च स्तरीय आर्थिक सुधार सुझाव आयोग गठन भई आयोगबाट प्रारम्भिक प्रतिवेदन प्राप्त भएको।
- व्यावसायिक वातावरण निर्माण गर्ने प्रयास स्वरुप आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐन संशोधन कार्यान्वयनमा आएको।
- समपुरक अनुदानसम्बन्धी कार्यविधि, २०८१ तथा विशेष अनुदानसम्बन्धी कार्यविधि, २०८१ नेपाल सरकार, मन्त्रिपरिषदबाट स्वीकृतिको चरणमा रहेको।
- भुकम्प तथा मनसुनजन्य विपद्‌बाट प्रभावित व्यक्ति तथा परिवारका लागि राहत तथा पुनर्स्थापना एवम् क्षति पुगेका भौतिक संरचनाको पुनर्निर्माणका लागि बजेट व्यवस्थापन गरिएको।
- भन्सार विभागमा इन्टेलिजेन्स युनिटको स्थापना भई कार्य प्रारम्भ भएको।
- निकासीका लागि आवश्यक सबै कागजात स्वचालित प्रणालीमार्फत सम्प्रेषण गर्ने व्यवस्था १७ वटा भन्सार कार्यालयहरूमा लागू गरिएको।
- ८ वटा भन्सार कार्यालयमा प्रयोगशाला मोड्युल लागू भएको।

### (२) वित्तीय प्रगति स्थिति

(रू.लाखमा)

| आर्थिक वर्ष | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७७/७८ | २२७०५८ | ८८५२० | ३१५५७८ | ११४९५२ | २८५६८ | १४३५१९ | ५०.६३ | ३२.२७ | ४५.४८ |
| २०७८/७९ | २४९६७५ | १०७४४१ | ३५७११६ | १९८५१४ | ११११९ | २०९६३२ | ७९.५१ | १०.३५ | ५८.७० |
| २०७९/८० | २४५६०५ | १०६२९८ | ३५१९०३ | १०६१६० | १८६३९ | १२४७९९ | ४३.२२ | १७.५३ | ३५.४६ |
| २०८०/८१ | २९९२२२ | ४६८१२ | ३४६०३४ | १००४४५ | २७७३४ | १२८१७९ | ३३.५७ | ५९.२५ | ३७.०४ |
| २०८१/८२ अर्धवार्षिक | २९९७१७ | १४००९६ | ४३९८१२ | ८८७५२ | १११४० | ९९८९२ | २९.६१ | ७.९५ | २२.७१ |

*स्रोत: अर्थ मन्त्रालय*

*द्रष्टव्य: अर्थ मन्त्रालयको प्रगति विवरण सम्बन्धित परिच्छेदहरूमा विस्तृत रुपमा उल्लेख गरिएको।*

## ४.३ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

उद्योग, वाणिज्य र आपूर्ति क्षेत्रसँग सम्बन्धित नीति तथा कार्यक्रमहरूको तर्जुमा एवम् कार्यान्वयनमा यस मन्त्रालय र मातहतका निकायको भूमिका रहेको छ। औद्योगिक व्यवसाय ऐन,२०७६; विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५; उद्योग नीति, २०७६; वाणिज्य नीति, २०८१; आपूर्ति नीति, २०६९ लगायतका क्षेत्रगत कानून एवम् नीति रणनीतिहरूको कार्यान्वयन गरी औद्योगिक वातावरण सिर्जना, लगानी प्रवर्द्धन, आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापारको प्रवर्द्धन, सहजीकरण र नियमन,

आपुर्ति व्यवस्थालाई प्रभावकारी बनाउने, उपभोक्ता हकहितको संरक्षण एवम् औद्योगिक सम्पत्तिको संरक्षण जस्ता महत्वपूर्ण कार्य यस मन्त्रालय अन्तर्गत सम्पादन हुँदै आएको छ।

**(१) चालु आर्थिक वर्षको प्रगति**

- वाणिज्य नीति, २०८१ र लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धनसम्बन्धी नीति, २०८१ तर्जुमा भई कार्यान्वयनमा आएको।
- सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोगसम्बन्धी निर्देशिका, २०८१; कार्यस्थलमा आधारित रोजगारमूलक प्रशिक्षण कार्यक्रम सञ्चालन कार्यविधि, २०८१; स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि, २०८१ र लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन तालिम सञ्चालन कार्यविधि, २०८१ तर्जुमा भई कार्यान्वयनमा आएको।
- दैलेखमा पेट्रोलियम पदार्थ अन्वेषणको कार्य अन्तर्गत ४०१३ मी. ड्रिलिङ कार्य सम्पन्न भई थप अध्ययन भइरहेको। धौवादी फलाम खानीको विस्तृत सम्भाव्यता अध्ययन पूरा भई आर्थिक तथा प्राविधिक रुपमा सम्भाव्य देखिएको।
- गणतन्त्र कोरियासँग Trade and Investment Framework Agreement (TIFA) गर्न समझदारी पत्रमा हस्ताक्षर भएको।
- सिलिगुडी-झापा पेट्रोलियम पाइपलाइन तथा ग्रीनफिल्ड टर्मिनल भारत सरकारको अनुदानमा इन्डियन आयल कर्पोरेसनले निर्माण गर्ने सम्झौता भएको। साथै अमलेखगन्ज-चितवन पाइपलाइन तथा लोथर भण्डार गृह निर्माण गर्न नेपाल आयल निगम र इन्डियन आयल निगम बिच B2B सम्झौता भएको।
- दुर्गम तथा पहाडी जिल्लामा खाद्यान्न तथा नुनको नियमित आपूर्ति सुनिश्चित गर्न हालसम्म २,८५६ मे.ट. नुन आपूर्ति भएको।
- रैथाने बालीको प्रवर्द्धनको लागि १३ स्थानीय तह र नेपाल खाद्य तथा व्यापार कम्पनी लि.का बिच रैथाने वाली खरिद सम्झौता भएको।
- समीक्षा अवधिमा १७ ठूला र २४ मझौला उद्योग दर्ता एवम् रू.२६ अर्वको वैदेशिक लगानी स्वीकृत भएको।
- कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी दर्ता गर्ने कार्य पूर्णरुपमा स्वचालित बनाइएको।
- औद्योगिक वस्तुको गुणस्तर प्रमाणीकरण गर्न नेपाल प्रत्यायन केन्द्र स्थापना भई सञ्चालनमा आएको।
- पाँचखाल विशेष आर्थिक क्षेत्रलाई सार्वजनिक निजी साझेदारी मोडेलमा सञ्चालन गर्न नेपाल सरकारबाट स्वीकृति प्राप्त भएको।
- नेपाल र चीनबिच Memorandum of Understanding on Trade Promotion Cooperation मा हस्ताक्षर भएको।
- विकासशील राष्ट्रमा सहज स्तरोन्नतिका लागि वाणिज्य क्षेत्रको रणनीतिक योजना, २०८१ तर्जुमा भएको।

## (२) वित्तीय प्रगति स्थिति (रू.लाखमा)

| आर्थिक वर्ष | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७७/७८ | ५०००६ | ४४२६४ | ९४२७० | ३२२९१ | २२६१२ | ५४९०३ | ६४.५७ | ५१.०८ | ५८.२४ |
| २०७८/७९ | ६२७४६ | ५२७०९ | ११५४५६ | ४४३०८ | १५९१९ | ६०२२७ | ७०.६१ | ३०.२० | ५२.१६ |
| २०७९/८० | ५१५४६ | ५३४९९ | १०५०४५ | ३३५२२ | १४८२५ | ४८३४७ | ६५.०३ | २७.७१ | ४६.०३ |
| २०८०/८१ | ५५०७४ | ३२६६२ | ८७७३६ | ४१२७८ | ७५७३ | ४८८५१ | ७४.९५ | २३.१९ | ५५.६८ |
| २०८१/८२ अर्धवार्षिक | ५९३५० | २१०६६ | ८०४१६ | ५६८९ | ४४१ | ६१३० | ९.५९ | २.०९ | ७.६२ |

*स्रोतः अर्थ मन्त्रालय*

## (३) क्षेत्रगत लक्ष्य अनुसारका परिसूचकको प्रगति अवस्था

| क्र.सं. | नतिजा सूचक | एकाइ | प्रगतिको अवस्था |
|---|---|---|---|
| १ | ठूला, मझौला, साना, लघु र घरेलु उद्यमी सृजनाबाट रोजगारी सिर्जना | हजार | १६.५५ |
| २ | तोकिएको दुर्गम जिल्लामा खाद्यान्न ढुवानी | मे.ट. | ११२८६ |
| ३ | तोकिएको जिल्लामा आयोडिन युक्त नुन ढुवानी | क्विन्टल | ४७३७.5 |
| ४ | राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा खाद्यान्न मौज्दात | मे.ट. | 9.243.2 |
| ५ | सार्क खाद्य बैङ्कमा खाद्यान्न मौज्दात | मे.ट. | ८०००.० |

*स्रोतः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय*

## ४.४ कृषि तथा पशुपन्छी विकास मन्त्रालय

व्यावसायिक एवम् प्रतिस्पर्धात्मक कृषि प्रणालीबाट उच्च र दिगो आर्थिक वृद्धि हासिल गर्न, खाद्य सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृषि विकास सम्बन्धी नीति र कार्यक्रमको तर्जुमा एवम् कार्यान्वयनमा यस मन्त्रालयको भूमिका रहेको छ। मन्त्रालयबाट खाद्य ऐन, २०२३; बिरुवा संरक्षण ऐन, २०६४; बीउ विजन ऐन, २०४५; कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३; राष्ट्रिय कृषि नीति, २०६१; कृषि यान्त्रीकिकरण प्रवर्द्धन नीति, २०७१; राष्ट्रिय मल नीति, २०५८; राष्ट्रिय चिया नीति, २०५७; कृषि विकास रणनीति, २०१५ लगायतका क्षेत्रगत कानून, नीति तथा रणनीतिको कार्यान्वयन हुँदै आएको छ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, कृषि क्षेत्र विकास आयोजना, खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना, नेपाल लाइभस्टक सेक्टर ईनोभेसन आयोजना तथा विशेष कृषि उत्पादन कार्यक्रम लगायतका रणनीतिक आयोजना तथा कार्यक्रमहरू मुख्य रूपमा कार्यान्वयन हुदै आएको छ।

### (१) चालु आर्थिक वर्षको प्रगति

- बीउ विजन नियमावली, २०८१; जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८१; अगुवा कृषक परिचालन कार्यवधि, २०८१; पशु वधशाला र मासु जाँच नियमावली (पहिलो संशोधन), २०८१; बाली तथा पशुधन बीमाको प्रिमियम अनुदान उपलब्ध गराउने कार्यविधि, २०८१ तर्जुमा एवम् कार्यान्वयन भएको।
- सम्बन्धित ८ जिल्लाका उखु किसानलाई २ करोड क्वीण्टल उखुका लागि रू.१ अर्ब ४५ करोड करिव ६९ हजार प्रोत्साहन अनुदान भुक्तानी दिइएको।
- १ हजार बाली बीमालेख जारी भएको र गत वर्षको बीमा प्रिमियम भुक्तानीका लागि करिब रू.१३ करोड ४५ लाख रकम बीमा कोषमा पठाइएको।

- बाली तथा पशुधन बीमा व्यवस्थापन कार्यमा कृषि बीमा सफ्टवेयर प्रयोगको शुरुवात गरिएको।
- कालिमाटी फलफूल तथा तरकारी बजार र देशभरका सबै कृषि उपज थोक बजारहरूमा विषादीको अवशेष परीक्षणको व्यवस्था गरिएको।
- कृषि यान्त्रिकीकरण प्रवर्द्धन अन्तर्गत बारा, रौतहट र पर्सा जिल्लाका केही स्थानमा मेसिनबाट आलु तथा मकै रोप्ने कार्य भएको।
- राष्ट्रिय पशु स्वास्थ्य सूचना प्रणाली (National Animal Health Information System) तयार गरिएको एवम् प्रयोगशाला सूचना प्रणाली व्यवस्थापन (Laboratory Information Management System) को शुरुवात भएको।
- हालसम्म कृषकहरूको २० अर्ब बराबरको पशुधन सुरक्षण एवम् ३७ हजार ५ सय पशुधन तथा मत्स्य बीमालेख जारी भएको।
- पशुहरूमा देखा पर्ने संक्रामक रोगहरू जस्तै खोरेत, पि.पि.आर., अफ्रिकन स्वाईन फिवर, लम्पी स्किन रोग, भ्यागुते, चरचरे जस्ता रोगहरू उन्मूलन गर्न देशका विभिन्न ठाउँहरूबाट ३० हजार भन्दा बढी नमूना सङ्कलन तथा परीक्षण गरी रोग निदान गरिएको।
- पि.पि.आर., भ्यागुते, चरचरे लगायतका रोग विरुद्ध हालसम्म १ करोड ७० लाख भन्दा बढी खोप सरकारी स्तरबाट उत्पादन भएको।
- समीक्षा अवधिमा १० लाख ५० हजार डोज जमेको वीर्य उत्पादन गरी हालसम्म ६ लाख ८० हजारभन्दा बढी डोज जमेको वीर्यको स्ट्र उत्पादन तथा वितरण गरिएको र ३ लाख ६० हजारभन्दा बढी गाई, भैसी तथा बाख्रामा कृत्रिम गर्भाधान सेवा पुऱ्याइएको।
- समीक्षा अवधिमा ५४ वटा स्थानीय तहमा किसान सूचीकरण कार्य सम्पन्न भएको।

**(२) वित्तीय प्रगति स्थिति** **(रू.लाखमा)**

| आर्थिक वर्ष | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७७/७८ | २५४११८ | ३२११८ | २८६२३६ | २१२३८३ | १७६८५ | २३००६८ | ८३.५८ | ५५.०६ | ८०.३८ |
| २०७८/७९ | ३४०७६६ | ३६८९४ | ३७७६६० | २८५५०७ | १८४८० | ३०३९८७ | ८३.७८ | ५०.०९ | ८०.४९ |
| २०७९/८० | ५०९५९० | ४०३९८ | ५४९९८७ | ४३२६३४ | १९५८४ | ४५२२१८ | ८४.९० | ४८.४८ | ८२.२२ |
| २०८०/८१ | ४६५२७५ | ३७६३६ | ५०२९१२ | ३६४१८९ | २४१६७ | ३८८३५६ | ७८.२७ | ६४.२१ | ७८.२२ |
| २०८१/८२ अर्धवार्षिक | ४५९१९२ | ३७७७९ | ४९६९७१ | १४२४६२ | ७७९४ | १५०२५६ | ३१.०२ | २०.६३ | ३०.२३ |

*स्रोतः अर्थ मन्त्रालय*

## ४.५ भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण सम्बन्धी नीति, योजना र कार्यक्रम तर्जुमा एवम् कार्यान्वयनमा यस मन्त्रालाय र मातहतका निकायहरूको भूमिका रहेको। भू-उपयोग ऐन, २०७६; सहकारी ऐन, २०७४; गरिवी निवारण कोष ऐन, २०६३; भूमिसम्बन्धी ऐन, २०२१; भू-उपयोग नियमावली, २०७९; सहकारी नियमावली, २०७५; गरिबी निवारण नीति, २०७६; राष्ट्रिय भूमि नीति, २०७५; भू-उपयोग नीति, २०७२; राष्ट्रिय सहकारी नीति, २०६९ लगायतका क्षेत्रगत कानून, नीति रणनीतिको कार्यान्वयन यस मन्त्रालय अन्तर्गत हुँदै आएको छ। आधुनिक जग्गा प्रशासनको विकास, भू-सूचना प्रणालीको विकास र उपयोग, सहकारी नियमन र गरिव घर परिवार परिचय पत्र वितरण

लगायतका महत्वपूर्ण कार्यक्रम समेत कार्यान्वयन हुँदै आएको छ। मालपोत कार्यालयहरूमा LRIMS प्रणाली तथा १०६ वटा मालपोत कार्यालयहरूमा Public Access Model (PAM) लागू गरिएको, Dual monitor system लगायतको प्रबन्ध गरिएको, ५८ वटा नापी कार्यालयहरूमा Nepal Land Information System (NeLIS) र Merokitta प्रणाली सञ्चालनमा रहेको छ।

### (१) चालु आर्थिक वर्षको प्रगति

- केही नेपाल ऐन संशोधनमार्फत सहकारीसम्बन्धी कानूनमा बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाको वर्गीकरण, बचतको सीमा एवम् नियमन लगायतको व्यवस्था गरिएको।
- भूमि समस्या समाधान आयोग गठन आदेश, २०८१ एवम् भू-उपयोग कार्यक्रम कार्यान्वयन निर्देशिका,२०८१ जारी भएको।
- समस्याग्रस्त सहकारीहरूको व्यवस्थापनका लागि समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयमार्फत कार्य भइरहेको।
- भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउनेसम्बन्धी कार्यविधि, २०८१ जारी भएको।
- मालपोत तथा नापी कार्यालयहरूबाट प्रदान गरिने सेवा प्रवाहलाई प्रभावकारी बनाउन नागरिक वडापत्र QR code मार्फत हेर्न/पढ्न सक्ने व्यवस्था मिलाईएको।
- ११० सहकारी संस्थाको सम्पत्ति शुद्धीकरण परिपालना अनुगमन तथा १०५ सहकारी संघ संस्थाको सघन अनुगमन प्रतिवेदनमा छलफल र निर्देशन गर्ने कार्य भएको।
- १५ जिल्लाहरूको गरिब परिवार परिचयपत्र छपाइ गर्ने कार्य भइरहेको।

### (२) वित्तीय प्रगति स्थिति

(रू.लाखमा)

| आर्थिक वर्ष | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७७/७८ | ५५६९१ | २५६२६ | ८१३१६ | ४२१०९ | १३८७८ | ५५९८७ | ७५.६१ | ५४.१६ | ६८.८५ |
| २०७८/७९ | ५६८२९ | १४९२७ | ७१७५६ | ४३३४६ | १२१६१ | ५५५०७ | ७६.२७ | ८१.४७ | ७७.३६ |
| २०७९/८० | ५६७४८ | १४९१० | ७१६५८ | ४८८०९ | ६१७३ | ५४९८१ | ८६.०१ | ४१.४० | ७६.७३ |
| २०८०/८१ | ६०२९२ | ११६३३ | ७१९२५ | ४९४९० | ४७५४ | ५४२४४ | ८२.०८ | ४०.८७ | ७५.४२ |
| २०८१/८२ अर्धवार्षिक | ५९७३८ | ६७८९ | ६६५२७ | २२०२१ | १४१७ | २३४३८ | ३६.८६ | २०.८८ | ३५.२३ |

*स्रोतः अर्थ मन्त्रालय*

### (३) क्षेत्रगत लक्ष्य अनुसारका परिसूचकको प्रगति अवस्था

| क्र.सं. | नतिजा सूचकहरू | इकाई | लक्ष्य | प्रगति (पौसमसान्तसम्म) |
|---|---|---|---|---|
| १. | सेवाग्राहीले घरबाटै वा नजिकको सेवा केन्द्रबाट जग्गासम्बन्धी कारोवार गर्न सक्ने प्रविधिको विकास | संख्या | १३५ | १३२ |
| २. | नाप नक्सा तथा भूमि व्यवस्थापन तालिम प्राप्त संख्या | जना | १२००० | ११९३६ |
| ३. | PAM प्रणालीमा स्थानीय तहको पहुँच विस्तार गर्ने | स्थानीय तह | १०० | ६४ |
| ४. | NeLIS प्रणाली मार्फत नापी कार्यालयबाट सेवा प्रवाह | कार्यालय | ९८ | ५८ |
| ५. | गरिब घर परिवार पहिचानका लागि तथ्याङ्क प्रशोधन | जिल्ला | ७७ | ६४ |

*स्रोतः भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय*

## ४.६ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

मुलुकमा मर्यादित श्रम र रोजगार व्यवस्थापन गरी रोजगारी सिर्जना, व्यावसायिक सीपयुक्त श्रमिकको विकास, योगदानमा आधारित सामाजिक सुरक्षा र व्यवसायजन्य सुरक्षाको प्रवर्धन, वाल श्रम निवारण, सुरक्षित तथा मर्यादित वैदेशिक रोजगारी प्रवर्द्धन, वैदेशिक रोजगारीवाट आर्जित सीप, प्रविधि, पुँजी र अनुभवको सदुपयोग लगायतका विषयमा नीति, योजना र कार्यक्रम तर्जुमा एवम् कार्यान्वयनमा यस मन्त्रालाय र अन्तर्गतका निकायहरूको भूमिका रहेको छ। श्रम ऐन, २०७४; वैदेशिक रोजगार ऐन २०६४; रोजगारीको हक सम्बन्धी ऐन, २०७४; योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ लगायतका क्षेत्रगत कानून, नीति रणनीतिको कार्यान्वयन यस मन्त्रालयबाट हुँदै आएको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम, सुरक्षित आप्रवासन कार्यक्रम, वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूका लागि पुनः एकीकरण परियोजना, कार्यस्थलमा आधारित सीप विकास तालिम कार्यक्रम लगायतका रणनीतिक कार्यक्रम कार्यान्वयन हुदै आएको छ।

### (१) चालु आर्थिक वर्षको प्रगति

- श्रम र श्रमिकको कदर हुने गरी न्यूनतम पारिश्रमिक निर्धारण भई कार्यान्वयन गरिएको।
- श्रम बजारको माग अनुसारको सीपयुक्त मानव संशाधन उत्पादनका लागि सरकारी तालिम प्रदायक संस्थाहरूलाई एकीकरण गरी राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान स्थापना गरिएको।
- १८४१ वटा औद्योगिक तथा व्यापारिक प्रतिष्ठानको बालश्रम निरिक्षण तथा २०३२ प्रतिष्ठानको श्रम अडिट भई प्रतिवेदन प्राप्त भएको।
- वैदेशिक रोजगारी सम्बन्धी गुनासो सुनुवाइका लागि चौविसै घण्टा हटलाइन सेवा सञ्चालन गरिएको।
- समीक्षा अवधिसम्म सामाजिक सुरक्षा योजनामा समावेश हुने रोजगारदाता प्रतिष्ठानको संख्या करिव २० हजार तथा कोषमा आवद्ध लाभग्राहीको संख्या १९ लाख २८ हजार पुगेको।
- प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सूचीकृत वेरोजगारलाई कार्यस्थलमा आधारित तालिम सहितको न्यूनतम रोजगारी प्रदान गर्ने कार्य अन्तर्गत समीक्षा अवधिमा १३०९ जनाले रोजगारी प्राप्त गरेको।
- वैदेशिक रोजगारीको लागि श्रम अनुमति र पुनः श्रम स्वीकृति लगायतका सेवा प्रदेश तहबाटै अनलाइनमार्फत उपलव्ध गराउने कार्यलाई निरन्तरता दिइएको। समीक्षा अवधिमा ३ लाख ९३ हजार ६७ जना वैदेशिक रोजगारीमा जाने कामदारहरूलाई श्रम स्वीकृति प्रदान गरिएको।

### (२) वित्तीय प्रगति स्थिति

(रू.लाखमा)

| आर्थिक वर्ष | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७७/७८ | ३१२१२ | ५२६ | ३१७३८ | १५८३८ | ३९३ | १६२३१ | ५०.७४ | ७४.६९ | ५१.१४ |
| २०७८/७९ | २३८१३ | १३९८ | २५२११ | १०५१४ | ६९३ | ११२०७ | ४४.१५ | ४९.६० | ४४.४५ |
| २०७९/८० | १८२३७ | १३८९ | १९६२७ | १०५५१ | ६२१ | १११७२ | ५७.८५ | ४४.७२ | ५६.९२ |
| २०८०/८१ | १७८७२ | ८८३ | १८७५६ | १०४४१ | ४५० | १०८९१ | ५८.४२ | ५०.९६ | ५८.०७ |
| २०८१/८२ अर्धवार्षिक | १५२०४ | ३३०८ | १८५१२ | २४९० | ११६ | २६०६ | १६.३८ | ३.५२ | १४.०८ |

*स्रोतः अर्थ मन्त्रालय*

## ४.७ वन तथा वातावरण मन्त्रालय

वन एवम् वन पैदावारको संरक्षण उपयोग र वन्यजन्तु, वातावरण, जलवायु परिवर्तन, जैविक विविधता, जलाधारको संरक्षण तथा व्यवस्थापन मार्फत वातावरण सन्तुलन, राष्ट्रिय अर्थतन्त्रमा योगदान एवम्

पिछडिएको समुदाय तथा महिला समेतको जीविकोपार्जनका अवसर बढाउनका निम्ति आवश्यक नीति, कानून, योजना र कार्यक्रम तर्जुमा एवम् कार्यान्वयन गर्ने मुख्य जिम्मेवारी यस मन्त्रालय र मातहतका निकायको रहेको छ। वन ऐन, वातावरण संरक्षण ऐन, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, भू तथा जलाधार संरक्षण ऐन, राष्ट्रिय वन नीति, राष्ट्रिय जलवायू परिवर्तन नीति र राष्ट्रिय वातावरण नीति लगायतका कानून एवम् नीतिको प्रशासन एवम् कार्यान्वयन यस मन्त्रालय अन्तर्गत हुँदै आएको छ। यस मन्त्रालयबाट २२५० स्थायी नमूना प्लटहरूको पुनःमापन गर्ने, National Land Cover System को स्थापना गरी २००० देखि २०२२ सम्मको Land cover Map तयार गर्ने, Allometric Equation तयारीका लागि प्रमुख ७ प्रजातिहरूको ४८९ वटा रूख कटान गरी नमूना सङ्कलन गर्ने र नेपालको वन क्षेत्र वाहिर रहेका बाँस प्रजातिको स्रोत सर्वेक्षण र तराई क्षेत्रमा साल प्रजातिको धोदको अध्ययन सम्बन्धी कार्य भएका छन्।

## (१) चालु आर्थिक वर्षको प्रगति

- वन नियमावली, २०७९ मा दोस्रो संशोधन गरी कार्यान्वयनमा ल्याइएको।
- दिगो वन व्यवस्थापनको राष्ट्रिय मापदण्ड, २०८१ जारी गरिएको।
- राष्ट्रिय बाँस तथा बेत विकास रणनीति र बाह्य मिचाहा प्रजाति नियन्त्रण रणनीति तयार गरिएको।
- ११ वटा विकास आयोजनालाई राष्ट्रिय वनक्षेत्रको १३०.५२ हेक्टर क्षेत्रफलको जग्गा प्रयोग गर्न र ४४ हजार २७७ वटा रुख हटाउन स्वीकृतिका लागि सहजीकरण गरिएको।
- पाँच वटा वातावरणीय अध्ययन प्रतिवेदन (EIA) स्वीकृत भई विकास आयोजनाहरूलाई सहजीकरण गरिएको।
- नेपालको राष्ट्रिय भू-क्षेत्र (NLCMS) नक्साङ्कन एवम् प्रकाशन कार्य सम्पन्न भएको।

## (२) वित्तीय प्रगति स्थिति

(रू.लाखमा)

| आर्थिक वर्ष | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुंजीगत | जम्मा | चालु | पुंजीगत | जम्मा | चालु | पुंजीगत | जम्मा |
| २०७७/७८ | ७७८४२ | ५००७९ | १२७९२० | ६४५६९ | ३६०७४ | १००६४३ | ८२.९५ | ७२.०४ | ७८.६८ |
| २०७८/७९ | ७४१०४ | ४३३७८ | ११७४८२ | ६५१५८ | ३१५१६ | ९६६७४ | ८७.९३ | ७२.६५ | ८२.२९ |
| २०७९/८० | ८२२८६ | ४८६१० | १३०८९६ | ६९५७८ | ३४९८५ | १०४५६३ | ८४.५६ | ७१.९७ | ७९.८८ |
| २०८०/८१ | ८८०१२ | ३३३४१ | १२१३५३ | ७०७६२ | २४२८० | ९५०४२ | ८०.४० | ७२.८२ | ७८.३२ |
| २०८१/८२ अर्ध वार्षिक | ८५६७८ | ३४१५९ | ११९८३६ | ३२६७७ | २४३८ | ३५११५ | ३८.१४ | ७.१४ | २९.३० |

*स्रोतः अर्थ मन्त्रालय*

## (३) क्षेत्रगत लक्ष्य अनुसारका परिसूचकको प्रगति अवस्था

| क्र.सं. | विवरण | प्रगतिको अवस्था |
|---|---|---|
| १ | विरूवा उत्पादन, खरिद, वितरण (वार्षिक) | २०३९ गोटा (हजारमा) |
| २ | वन क्षेत्रबाट अनुमानित राजस्व रकम | १.१५ अर्ब |
| ३ | काठको उत्पादन | १४७.३५ क्यू.फि. |
| ४ | शहरी हरित उद्यान निर्माण तथा व्यवस्थापन | १४३ (संख्यामा) |
| ५ | वन क्षेत्रबाट रोजगारी सिर्जना | १२ (जना हजारमा) |

*स्रोतः वन तथा वातावरण मन्त्रालय*

## ४.८ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

पर्यटन, धर्म, संस्कृति, भाषा, पूरातात्विक महत्वका स्थान, संरचना र नागरिक उड्डयन सम्बन्धी नीति, योजना र कार्यक्रम तर्जुमा एवम् कार्यान्वयनमा यस मन्त्रालय तथा मातहतका निकायको भूमिका रहेको छ। पर्यटन ऐन, नेपाल नागरिक उड्डन प्राधिकरण ऐन, प्राचीन स्मारक संरक्षण ऐन, पर्यटन नीति, हवाई नीति र राष्ट्रिय संस्कृति नीति लगायतका कानून एवम् नीति रणनीतिको कार्यान्वयन यस मन्त्रालयबाट हुँदै आएको छ। गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा क्षेत्रीय विमानस्थल निर्माण सम्पन्न र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल लगायतका विमानस्थलको स्तरोन्नती भएको छ। रात्रीकालिन उडान गर्न सकिने विमानस्थलको संख्या हालसम्म १० पुगेको र ८०७ वटा आयोजनाको पुनः निर्माण सम्पन्न गरिएको छ। कपिलवस्तुको तिलौराकोटलाई विश्व सम्पदा सूचीमा सूचीकरणको लागि युनेस्कोमा पेश भएको छ।

### (१) चालु आर्थिक वर्षको प्रगति

- पर्यटन विधेयक, २०८१ संघीय संसदमा दर्ता गर्न स्वीकृतिको लागि मन्त्रिपरिषद्मा पेश गरिएको।
- क्यासिनो नियमावली, २०८१ स्वीकृतिको लागि मन्त्रिपरिषदमा पेश गरिएको।
- अभौतिक साँस्कृतिक सम्पदा (सूचीकरण तथा व्यवस्थापन) कार्यविधि, २०८१ जारी गरिएको।
- Great Himalayan Trail निर्माण अन्तर्गतको आयोजनामा थप १० कि.मि. सम्पन्न भई हालसम्म ५७५ कि.मि.सम्पन्न भएको।
- भरतपुर विमानस्थलमा सुविधाजनक टर्मिनल निर्माण कार्य २० प्रतिशत, नेपालगञ्ज विमानस्थलमा सुविधाजनक टर्मिनल तथा कन्ट्रोल टावर निर्माण कार्य ४० प्रतिशत सम्पन्न भएको।
- मुक्तिनाथ क्षेत्रमा पर्यटकीय उद्धार केन्द्र स्थापना गरिएको।
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको पार्किङ् एप्रोन निर्माण कार्य ५५.४३ प्रतिशत, ह्याङ्गर एप्रोन निर्माण कार्य २४.५० प्रतिशत र ट्याक्सी वे निर्माण कार्य ३६.८८ प्रतिशत सम्पन्न भएको।
- भूकम्पबाट क्षतिग्रस्त भएका मठ-मन्दिर एवम् पूरातात्विक, साँस्कृतिक तथा ऐतिहासिक महत्वका सम्पदाहरू मध्ये ७ वटा सम्पदाहरूको पुनर्निर्माण सम्पन्न भएको।
- लुम्बिनी गुरूयोजनाको पूर्वी विहार तथा पश्चिमी विहार क्षेत्रको सडक सञ्जाल सम्बन्धी निर्माण कार्यमा क्रमशः ६८ प्रतिशत र ८६.७६ प्रतिशत प्रगति हासिल भएको।

### (२) वित्तीय प्रगति स्थिति (रू.लाखमा)

| आर्थिक वर्ष | विनियोजित बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७७/७८ | ३८४३८ | २१२८२ | ५९७२० | २७६९८ | १७५८९ | ४५२८७ | ७२.०६ | ८२.६५ | ७५.८३ |
| २०७८/७९ | ३३४०३ | २२४८० | ५५८८४ | ३०३५५ | १४९१५ | ४५२७१ | ९०.८८ | ६६.३५ | ८१.०१ |
| २०७९/८० | ३११५९ | ३८१०९ | ६९२६८ | २९३६० | २०५११ | ४९८७१ | ९४.२३ | ५३.८२ | ७२.०० |
| २०८०/८१ | १९३९२ | ३४११६ | ५३५०८ | १७८५६ | २३७८७ | ४१६४३ | ९२.०८ | ६९.७२ | ७७.८२ |
| २०८१/८२ अर्ध वार्षिक | २४९५४ | २८५६९ | ५३५२३ | ११६९९ | ३२३५ | १४९३४ | ४६.८८ | ११.३२ | २७.९० |

*स्रोतः अर्थ मन्त्रालय*

### (३) क्षेत्रगत लक्ष्य अनुसारका परिसूचकको प्रगति अवस्था

| क्र.सं. | परिसूचक | एकाई | प्रगतिको अवस्था |
|---|---|---|---|
| १ | पर्यटक आगमन | संख्या | ५६४५३७ |
| २ | भूकम्पबाट क्षतिग्रस्त पूरातात्विक सम्पदा पुनःनिर्माण | संख्या | ७ |
| ३ | प्रतिलिपि अधिकार संरक्षण दर्ता | संख्या | २८४७ |
| ४ | अभिलेखको डिजिटाइजेसन | संख्या (हजारमा) | ८९० |
| ५ | पर्यटकस्तरको तारे होटलमा उपलब्ध बेड संख्या | संख्या | १९४६३ |

*स्रोतः संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय*

## ४.९ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

संघ र स्थानीय तह तथा प्रदेश र स्थानीय तहबिच समन्वय र सम्पर्क गर्ने निकायको रूपमा यस मन्त्रालयले भूमिका निर्वाह गर्दै आएको छ। यसैगरी कर्मचारी व्यवस्थापनको केन्द्रीय निकायका रुपमा संघीय निजामती सेवा तथा अन्य सरकारी सेवा सञ्चलान सम्बन्धी नीति, कानून, मापदण्ड तथा सेवा, समूह र उपसमूहको व्यवस्थापन सम्बन्धी कार्य समेत यस मन्त्रालयबाट हुँदै आएको छ। मन्त्रालयले आफ्नो उद्देश्य प्राप्तिका लागि दश वर्षे रणनीतिक योजना (२०७७/७८-२०८७/८८) तर्जुमा गरी कार्यान्वयन गरिरहेको छ। तराई मधेश समृद्धि कार्यक्रम, बहुक्षेत्रीय पोषण कार्यक्रम, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम, निजामती कर्मचारीको सामुहिक दुर्घटना बीमा कार्यक्रम र निजामती सन्तति शैक्षिक प्रोत्साहन वृत्तिलगायतका रणनीतिक योजना तथा कार्यक्रम यस मन्त्रालय अन्तर्गत कार्यान्वयन हुँदै आएको छ। साथै, समावेशीकरण, सामाजिक परिचालन, आदिवासी, जनजाति, दलित, सीमान्तकृत, उत्पीडित वर्ग एवम् समुदायको क्षमता विकास र सशक्तीकरण सम्बन्धी कार्य समेत हुँदै आएको छ।

### (१) चालु आर्थिक वर्षको प्रगति

- उच्च पहाडी एवम् हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक-सामाजिक सशक्तीकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ स्वीकृत भई कार्यान्वयनमा आएको।
- तराई मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०८१ तथा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) सञ्चालन कार्यविधि, २०८१ स्वीकृत भएको। ६२ वटा स्थानीय तहको मध्यमकालीन खर्च संरचना परीक्षण तथा सहजीकरण कार्यक्रम सम्पन्न भएको।
- सरकारी एवम् सार्वजनिक निकायका ११७८ अधिकृत कर्मचारीहरूलाई प्रशिक्षण प्रदान गरिएको।
- संघ वा अन्तर्गतका सहायक तथा प्रदेश र स्थानीय तहका सहायक स्तरका ४२३ तथा प्रदेश र स्थानीय तहका अधिकृत स्तरका २३७ कर्मचारीको लागि सेवाकालिन प्रशिक्षण सम्पन्न गरिएको।
- HICDP अन्तर्गत विभिन्न १२ वटा आयोजना कार्यान्वयनको लागि सम्बन्धित स्थानीय तह, भारतीय राजदुतावास र मन्त्रालय बिच त्रिपक्षीय सम्झौता सम्पन्न भएको।
- जलवायु परिवर्तन स्थानीय अनुकूल कार्यक्रम सञ्चालनको लागि सेवा प्रदायक संस्था छनौट भएको।

**(२) वित्तीय प्रगति स्थिति** **(रू.लाखमा)**

| आर्थिक वर्ष | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७७/७८ | १२६४८१ | १५१३९१ | २७७८७२ | ८८५५५ | ६९०६५ | १५७६२० | ७०.७१ | ४५.६२ | ५६.७२ |
| २०७८/७९ | ५५३१९ | १२९७२७ | १८५०४६ | ३१५२७ | ६५१८८ | ९६७१५ | ५६.९९ | ५०.२५ | ५२.२७ |
| २०७९/८० | ८४२६८ | ७३३९ | ९१६०६ | २५४४७ | ६९५२ | ३२३९९ | ३०.२० | ९४.७३ | ३५.३७ |
| २०८०/८१ | ५६६२२ | २३४४ | ५८९६६ | २६०१४ | ६५० | २६६६४ | ४५.९४ | २७.७६ | ४५.२२ |
| २०८१/८२ अर्धवार्षिक | ५६४७८ | ८४८९ | ६४९६७ | ८२६५ | १४ | ८२७९ | १४.६३ | ०.१६ | १२.७४ |

*स्रोतः अर्थ मन्त्रालय*

## ४.१० भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

भौतिक पूर्वाधारहरूको विकास तथा यातायात व्यवस्था सम्बन्धी योजना, नीति तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा यस मन्त्रालयको भूमिका रहेको छ। राष्ट्रिय यातायात विकास, लोकमार्ग, रेलमार्ग, सडक सुरक्षा सम्बन्धी कार्य, जलमार्ग लगायत देशका प्रमुख भौतिक पूर्वाधारहरूको विकासका कार्य गर्दै आएको यस मन्त्रालयबाट सार्वजनिक सडक ऐन, २०३१; नेपाल रेल्वे ऐन, २०७९; सवारी तथा यातायात व्यवस्था ऐन, २०४९; सडक बोर्ड ऐन, २०५८; पानी जहाज दर्ता ऐन, २०२७; वातावरणमैत्री सवारी तथा यातायात नीति, २०७१; राष्ट्रिय यातायात नीति, २०५८; सवारी धुलाई मापदण्ड, २०२७ लगायत क्षेत्रगत कानून, नीति, रणनीतिको कार्यान्वयन भइरहेको छ। हालसम्म १८५४८.४२ कि.मी. सडक २ लेनमा कालोपत्रे, २४३.५८ कि.मी. ४ लेनमा कालोपत्रे, र ३४४० वटा पुल निर्माण समेतका कार्य सम्पन्न भएको छ।

### (१) चालु आर्थिक वर्षको प्रगति

- मध्यपहाडी पुष्पलाल लोकमार्ग अन्तर्गत ११ कि.मि कालोपत्रे सम्पन्न भएको।
- हुलाकी राजमार्ग अन्तर्गत ४२.५ कि.मि. कालोपत्रे सम्पन्न भएको।
- कोशी कोरिडोर अन्तर्गत १.५ कि.मी. कालोपत्रे सम्पन्न भएको।
- कालीगण्डकी कोरिडोर (गैडाकोट-राम्दी-मालढुङ्गा-२४५ कि.मि.) अन्तर्गत ५ कि.मि. कालोपत्रे सम्पन्न, मालढुङ्गा-बेनी-जोमसोम कोरोला सडक अन्तर्गत थप १५.५ कि.मि. कालोपत्रे भएको।
- कर्णाली कोरिडोर अन्तर्गत १९.२ कि.मि. सडक खण्डास्मित भएको।
- सिद्धबाबा सुरुङ मार्गको ११२६ मिटर मुख्य सुरुङ खन्ने कार्य (Break Through) सम्पन्न भएको।
- राष्ट्रिय राजमार्ग, रणनीतिक सडक तथा स्थानीय सडक अन्तर्गत २० वटा सडक पुल निर्माण सम्पन्न भएको।
- ३५ कि.मि. राष्ट्रिय राजमार्गहरूको आवधिक मर्मत सम्पन्न भएको।
- यातायात व्यवस्था विभाग र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबिच मिति २०८१/०४/३० मा MOU सम्पन्न गरिएको।

### (२) वित्तीय प्रगति स्थिति

(रू.लाखमा)

| आर्थिक वर्ष | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७७/७८ | १०४२६२ | १३७८६३७ | १४८२८९८ | ८८४२० | ९३५२६५ | १०२३६८६ | ८४.८१ | ६७.८४ | ६९.०३ |
| २०७८/७९ | ९८८४३ | १४६८०२२ | १५६६८६५ | ९०२७७ | ८५२४८२ | ९४२७५९ | ९१.३३ | ५८.०७ | ६०.१७ |
| २०७९/८० | ९८५३६ | १५९०२३३ | १६८८७६८ | ९२२१९ | १०३०३४६ | ११२२५६४ | ९३.५९ | ६४.७९ | ६६.४७ |
| २०८०/८१ | ६८४५८ | १२९०७०३ | १३५९१६० | ६०८०६ | ९४५२७० | १००६०७६ | ८८.८२ | ७३.२४ | ७४.०२ |
| २०८१/८२ अर्धवार्षिक | ७४८६३ | १४२९४०८ | १५०४२७१ | ३४१५४ | ३२०६६४ | ३५४८१८ | ४५.६२ | २२.४३ | २३.५९ |

*स्रोतः अर्थ मन्त्रालय*

### (३) क्षेत्रगत लक्ष्य अनुसारका परिसूचकको प्रगति अवस्था

| क्र.स. | कामको विवरण | इकाइ | आ.व. २०८१/८२ को बार्षिक लक्ष्य | पुस सम्मको प्रगतिको अवस्था |
|---|---|---|---|---|
| १ | कालोपत्रे सडक (दुई लेन) | कि.मी. | ८०० | १८१.४२ |
| २ | कालोपत्रे सडक (चार लेन) | कि.मी. | १२० | २०.५८ |
| ३ | पुल निर्माण | वटा | १५० | २१ |
| ४ | रेल मार्ग (ट्र्याकवेड निर्माण) | कि.मी. | ५ | २ |
| ५ | रेल पुल निर्माण | वटा | ३ | ३ |
| ६ | रोजगारी सिर्जना | कार्यदिन (हजारमा) | ४०००० | ९१०० |

*स्रोतः भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय*

## ४.११ शहरी विकास मन्त्रालय

शहरी विकास, बस्ती तथा आवास विकास, राष्ट्रिय भवन संहिता, संयुक्त र बहुतले आवास, राष्ट्रिय स्तरको पार्क तथा मनोरन्जन स्थल जस्ता विषयक्षेत्रका नीति, कानून, मापदण्ड र नियमन सम्बन्धी कार्य गर्ने प्रमुख जिम्मेवारी रहेको यस मन्त्रालयले शहरी विकास, आवास विकास, बस्ती विकास, शहरी एवम् ग्रामीण पूर्वाधार विकास तथा फोहोरमैला व्यवस्थापन लगायतका विषयमा नीति, योजना र कार्यक्रम तर्जुमा एवम् कार्यान्वयनमा गर्दछ। भवन ऐन, २०५५; नगर विकास ऐन, २०४५; काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५; राष्ट्रिय शहरी नीति, २०८१; राष्ट्रिय आवास योजना, २०७१ लगायतका क्षेत्रगत कानून, नीति रणनीतिको कार्यान्वयन यस मन्त्रालय अन्तर्गत हुँदै आएको छ। मन्त्रालयबाट सघन शहरी विकास कार्यक्रम, नयाँ शहर आयोजना, बागमती सुधार आयोजना, स्थानीय स्तरका सडक पुल तथा सामुदायिक पहँच सुधार परियोजना, झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम लगायतका रणनीतिक कार्यक्रम कार्यान्वयन भइरहेको छ।

### (१) चालु आर्थिक वर्षको प्रगति

- फोहोरमैला व्यवस्थापन नीति, २०८० तथा राष्ट्रिय शहरी नीति, २०८१ स्वीकृत भइ कार्यान्वयनमा आएको।
- विशिष्ट संरचना तथा सम्मेलन केन्द्र (सञ्चालन तथा व्यवस्थापन) विकास समिति (गठन) आदेश, २०८१ जारी भएको।

- अन्तरिम रुपमा २०८१/६/३ गते संविधान दिवसको दिनबाट धरहरा, बेसमेन्ट पार्किङ्ग र बगैंचा सर्वसाधारणको लागि खुल्ला गरिएको।
- समीक्षा अवधिमा ९०.५२ किलो मिटर सडक स्तरोन्नती (कालोपत्रे र ढलान), ७७.८६ किलो मिटर सडक स्तरोन्नती (ग्राभेल), ३६ वटा स्थानीय तहको प्रशासकीय भवन निर्माण, ७ वटा स्वास्थ्य भवन, ४ वटा सडक पुल तथा १२४ वटा झोलुङ्गे पुलको निर्माण सम्पन्न भएको।
- रणनीतिक रूपमा महत्वपूर्ण रहेको नेपालको सबैभन्दा लामो त्रिवेणी सुस्ता बहुत्तरी झोलुङ्गेपुल सञ्चालनमा आएको।
- थापाथली स्थित नेपाल राष्ट्र बैङ्क, बैंकिङ्ग कार्यालय भवनको पुनर्निर्माण कार्य सम्पन्न गरी हस्तान्तरण भएको।
- चण्डीदल गणका लागि भवन निर्माण कार्य सम्पन्न भई हस्तान्तरणको प्रक्रियामा रहेको। भैसेपाटी स्थित मन्त्री निवासको ८१% निर्माण कार्य सम्पन्न भएको।

**(२) वित्तीय प्रगति स्थिति** **(रू.लाखमा)**

| आर्थिक वर्ष | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७७/७८ | ३५८३६ | २७२७६१ | ३०८५९७ | २७८५५ | २१७७०७ | २४५५६२ | ७७.७३ | ७९.८२ | ७९.५७ |
| २०७८/७९ | १७५७६ | २९०५६९ | ३०८१४४ | १२८७७ | २०३०८९ | २१५९६६ | ७३.२६ | ६९.८९ | ७०.०९ |
| २०७९/८० | ३६५३४ | ५६३२३५ | ५९९७७० | २४१५५ | ३२६०६७ | ३५०२२२ | ६६.१२ | ५७.८९ | ५८.३९ |
| २०८०/८१ | ४६११६ | ४१८५१३ | ४६४६२९ | २५५५६ | २७५४१८ | ३००९७४ | ५५.४२ | ६५.८१ | ६४.७८ |
| २०८१/८२ अर्धवार्षिक | ४४५८३ | ६३७३४५ | ६८१९२८ | ८१५९ | ६८२४३ | ७६४०२ | १८.३० | १०.७१ | ११.२० |

*स्रोतः अर्थ मन्त्रालय*

## ४.१२ ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय

ऊर्जा, जलस्रोत तथा सिँचाई क्षेत्र सम्बन्धी नीति तथा कार्यक्रमको तर्जुमा एवम् कार्यान्वयनमा यस मन्त्रालयको भूमिका रहेको छ। यी क्षेत्रमा दिगो पूर्वाधारको विकास, संरक्षण र उपयोगमा मन्त्रालयको विशेष योगदान रहँदै आएको छ। जलस्रोत ऐन, २०४९; विद्युत ऐन, २०४९; विद्युत चोरी नियन्त्रण ऐन, २०५८; सिँचाई नियमावली, २०५६; जलस्रोत नियमावली, २०५०; राष्ट्रिय जलस्रोत नीति, २०७७; सिँचाई नीति, २०७०; विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका (संशोधन सहित), २०७५; राष्ट्रिय ऊर्जा संकट निवारण तथा विद्युत विकास दशक सम्बन्धी अवधारणा पत्र एवम् कार्ययोजना, २०७२ लगायतका क्षेत्रगत कानून, नीति तथा रणनीति यस मन्त्रालय अन्तर्गत कार्यान्वयन हुँदै आएको छ। हालसम्ममा ३ हजार ४ सय ३ मेगावाट विद्युत उत्पादन भई ९८% जनसंख्या विद्युतको पहुँच पुगेको एवम् १५ लाख ६९ हजार हेक्टर जमिनमा सिँचाई सुविधा पुगेको अवस्था छ।

### (१) चालु आर्थिक वर्षको प्रगति

**जलस्रोत तथा सिँचाईतर्फ**

- बबई सिँचाई आयोजनाको पूर्वी तथा पश्चिमी शाखा-प्रशाखा विस्तार गरी थप एक हजार हेक्टर जमिनमा सिँचाई सुविधा विस्तार भएको।
- भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाको हेडवर्क्स निर्माण कार्यको ७१ प्रतिशत र विद्युत गृह निर्माण कार्यको ५० प्रतिशत प्रगति भएको।

- मध्य-तराईका पाँच जिल्लाको १ लाख २२ हजार हेक्टर जमिनमा सिँचाई सुविधा पुऱ्याउन सनुकोशी-मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको हेडवर्क्स र विद्युत गृह निर्माण कार्यको ६.९७ प्रतिशत प्रगति भएको।
- तराई-मधेस भूमिगत जल सिँचाई कार्यक्रममार्फत थप १४८ वटा डिप ट्युववेल जडान गरी थप २४४१ हेक्टर जमिनमा सिँचाई सुविधा विस्तार भएको।
- एकीकृत नदी बेसिन सिँचाई तथा जलस्रोत व्यवस्थापन आयोजनाबाट सतह सिँचाईतर्फ १०० हेक्टर र लिफ्ट सिँचाईतर्फ १८१ हेक्टर गरी कूल २८१ हेक्टर जमिनमा सिँचाई सुविधा विस्तार भएको।
- लम्की मूल नहरको निर्माण कार्य सम्पन्न भएको। एकीकृत कर्णाली सिँचाई विकास आयोजनामा २ वटा लिफ्ट र ५ वटा सतह सिँचाई योजनाहरूको निर्माण सम्पन्न भएको।

**ऊर्जातर्फ**

- ऊर्जा, विकास मार्गचित्र नेपाल सरकारबाट स्वीकृत भएको।
- विद्युतीय उपकरणको उपयोग प्रवर्द्धन गर्न ६२ वटा सरकारी र करिब २०० थप निजी लगानीबाट चार्जिङ्ग स्टेशन निर्माण कार्य सम्पन्न भएको।
- न्यू बुटवल-गोरखपुर ४०० के.भी. प्रसारण लाइन आयोजनाको निर्माण चरणमा रहेको, हेटौडा ढल्केबर-इनरुवा ४०० के.भी प्रसारण लाइन आयोजना अन्तर्गत इनरुवा देखी ढल्केबर खण्डको निर्माण कार्य सम्पन्न भएको।
- हालसम्म ५९ हजार ३ सय ८५ विद्युतीय चुलो, ४ लाख ५४ हजार ४ सय घरायसी वायोग्याँस प्लान्ट, १ लाख ४९ हजार ४ सय ९० वटा सुधारिएको चुलो, ३ सय ७३ वटा संस्थागत, सामुदायिक तथा फोहोरबाट ऊर्जा आयोजना निर्माण भएको।
- विद्युत निर्यातबाट मुलुकको आर्थिक समृद्धि हासिल गर्न बंगलादेशमा विद्युत निर्यात शुरु गरिएको।

**(२) वित्तीय प्रगति स्थिति** (रू.लाखमा)

| आ.व. | बजेट | | | खर्च | | | वित्तीय | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७७/०७८ | ५२८४४ | ३७४४४३ | ४२७२८८ | ३२११० | २१२८११ | २४४९२१ | ६०.७६ | ५६.८३ | ५७.३२ |
| २०७८/०७९ | ४२१०९ | ३८२३७९ | ४२४४८८ | ३४७९३ | ३०७४८७ | ३४२२८० | ८२.६३ | ८०.४१ | ८०.६३ |
| २०७९/०८० | ४५०६१ | ३७४५९५ | ४१९६५६ | ३१९४५ | २९७५५१ | ३२९४९६ | ७०.८९ | ७९.४३ | ७८.५२ |
| २०८०/०८१ | ३५५०७ | २८२७८७ | ३१८२९४ | २८२१० | २२६४८१ | २५४६९१ | ७९.४५ | ८०.०९ | ८०.०२ |
| २०८१/०८२ अर्धवार्षिक | ४२५७१ | ३६१८०६ | ४०४३७७ | ९०३९ | ७२२९८ | ८१३३७ | २१.२३ | १९.९८ | २०.११ |

*स्रोतः अर्थ मन्त्रालय*

**(३) क्षेत्रगत लक्ष्य अनुसारका परिसूचकको प्रगति अवस्था**

| क्र.स. | विवरण | नंया/संशोधन (हालसम्मको कूल) | यस आ. व. हालसम्मको |
|---|---|---|---|
| १ | सिंचित क्षेत्रफल (हेक्टर) | १,५७३,५५९.४० | ४५२७.० |
| २ | तटबन्ध (कि.मी.) | १,४४७.८७ | २०.४ |
| ३ | लघु तथा साना जलविद्युत आयोजनाबाट विद्युत उत्पादन (मेगावाट) | ४०.४० | ०.१५० |

| | | | |
|---|---|---|---|
| ४ | सौर्य विद्युतबाट विद्युत उत्पादन (सौर्य मीनी ग्रीड, संस्थागत सौर्य प्रणाली र घरेलु सौर्य ऊर्जा)-(मेगावाट) | ४९.८८ | ०.२२३ |
| ५ | घरेलु सौर्य ऊर्जा प्रणाली जडान (संख्या हजार) | १,०१०.२१ | २.७६८ |

*स्रोतः ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय*

## ४.१३ सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना प्रविधि तथा सञ्चार क्षेत्रको विकास एवम् विस्तारबाट विकसित नविन प्रविधिहरूको अधिकतम उपयोग गर्दै मुलुकको सर्वाङ्गीण विकास गर्न र सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित सेवाहरू प्रवाह गर्न/गराउन यस मन्त्रालयको भूमिका रहेको छ। मन्त्रालयले सञ्चार तथा सूचना प्रविधि क्षेत्रको दीर्घकालीन नीति तय गरी नीति कार्यान्वयनका लागि आवश्यक विभिन्न ऐन, नियम कानूनको तर्जुमा र सोको परिपालना सहित आवश्यक नियमन समेत गर्ने गर्दछ। मन्त्रालयले दूर सञ्चार ऐन, विद्युतीय कारोवार ऐन, सूचनाको हकसम्बन्धी ऐन लगायतका ऐन/नियमको कार्यान्वयन गर्दै आएको छ। FTTH सेवा विस्तार भई ७६ जिल्लामा पुगेको छ। ७७ जिल्लाको ७४३ स्थानीय तहमा 4G/LTE सेवा विस्तार भएको छ। मध्यपहाडी लोकमार्गको दूरसञ्चार पूर्वाधार अप्टिकल फाइबर नेटवर्कको कोशी प्रदेशबाट सञ्चालन शुभारम्भ भएको छ।

### (१) चालु आर्थिक वर्षको प्रगति

- सूचना प्रविधि तथा साइबर सुरक्षासम्बन्धी कानूनको तर्जुमासम्बन्धी कार्य अन्तिम चरणमा रहेको।
- डाटा सेन्टर तथा क्लाउड सेवा सञ्चालनसम्बन्धी निर्देशिका जारी गरिएको।
- स्वदेशमै हुलाक टिकट छपाइ गर्ने कार्य थालनी गरिएको।
- उच्च क्षमताको इन्टरनेटको पहुँच विस्तार गरी जनसंख्याको आधारमा १०२ प्रतिशतको संख्यामा मोबाइल सेवा वितरण भएको र ८५.९८ प्रतिशत जनसंख्यामा 4G LTE सेवाको पहुँच पुगेको।
- फिक्स्ड ब्रोडब्याण्ड इन्टरनेट सेवा विस्तार भई ४४.७२ प्रतिशत पुगेको।

### (२) वित्तीय प्रगति स्थिति (रू.लाखमा)

| आर्थिक वर्ष | विनियोजित बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७७/७८ | ५३४५५ | २०२७८ | ७३७३३ | ४४६०४ | १९०९४ | ६३६९८ | ८३.४४ | ९४.१६ | ८६.३९ |
| २०७८/७९ | ५५९७६ | १९६५२ | ७५६२८ | ४७७४२ | १३२१५ | ६०९५७ | ८५.२९ | ६७.२५ | ८०.६० |
| २०७९/८० | ५५६३४ | ३१९६३ | ८७५९७ | ४७६३३ | १८१२८ | ६५७६२ | ८५.६२ | ५६.७२ | ७५.०७ |
| २०८०/८१ | ६५०७९ | २३०२७ | ८८१०६ | ४६३२४ | ४८०० | ५११२४ | ७१.१८ | २०.८४ | ५८.०३ |
| २०८१/८२ अर्ध वार्षिक | ५६७८३ | १६९८६ | ७३७६९ | १९८३५ | १३९३ | २१२२८ | ३४.९३ | ८.२० | २८.७८ |

*स्रोतः अर्थ मन्त्रालय*

### (३) क्षेत्रगत लक्ष्य अनुसारका परिसूचकको प्रगति अवस्था

| क्र.सं | विवरण | इकाइ | प्रगतिको अवस्था |
|---|---|---|---|
| १. | रेडियोको राष्ट्रिय पहुँच | प्रतिशत | ९४ |
| 2. | फिक्स ब्रोडव्याण्ड सेवा विस्तार | प्रतिशत | ४४.७२ |
| 3. | मोबाइल सेवा विस्तार | प्रतिशत | १०१.९ |
| 4. | टेलिभिजन पहुँच | प्रतिशत | ७२ |
| 5. | फोर जी/एल.टी.ई. सेवा विस्तार | प्रतिशत | ८५.९८ |

स्रोतः सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

## ४.१४ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

स्वास्थ्य, जनसंख्या तथा पोषण सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा एवम् कार्यान्वयनमा यस मन्त्रालय र मातहतका निकायको भूमिका रहेको। जनस्वास्थ्य सेवा ऐन, २०७५; नेपाल स्वास्थ्य सेवा ऐन, २०५३; संक्रामक रोग ऐन, २०२०; सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५; राष्ट्रिय स्वास्थ्य नीति, २०७६; राष्ट्रिय जनसंख्या नीति, २०७१; राष्ट्रिय स्वास्थ्य प्रयोगशाला नीति, २०६९; राष्ट्रिय रक्तसंचार नीति, २०७१ लगायतका क्षेत्रगत कानून तथा नीतिको कार्यान्वयन यस मन्त्रालय अन्तर्गत हुँदै आएको छ। मन्त्रालयबाट नेपाल स्वास्थ्य क्षेत्र रणनितिक योजना, राष्ट्रिय क्यान्सर नियन्त्रण रणनीति, विभेदपूर्ण लिङ्ग छनौट अन्त्यका लागि राष्ट्रिय रणनीति, राष्ट्रिय आँखा स्वास्थ्य रणनीति लगायतका रणनीतिक योजना एवम् एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम, स्वास्थ्य बीमासमेतका सामाजिक सुरक्षाका कार्यक्रमहरू कार्यान्वयन भइरहेको छ।

### (१) चालु आर्थिक वर्षको प्रगति

- विद्यालय स्वास्थ्य तथा नर्सिङ सेवा निर्देशिका, २०८१; जलन सघन उपचार सेवा विस्तार गर्नेसम्बन्धी कार्यविधि, २०८१; सर्ने रोगहरू (मधुमेह, उच्च रक्तचाप, मृगौलासम्बन्धी रोग, शरीरको उचाई र तौलको अनुपात) पहिचानका लागि १ महिना अभियान सञ्चलान निर्देशिका, २०८१; राष्ट्रिय मुख स्वास्थ्य रणनीति (२०८१-२०८७), राष्ट्रिय क्यान्सर नियन्त्रण रणनीति, २०२४-२०३० आदि निर्देशिका एवम् रणनीति स्वीकृत भई कार्यान्वयनमा आएको।
- हालसम्म ४८ वटा ५/१०/१५ शैय्याका आधारभूत अस्पतालहरूको निर्माण कार्य सम्पन्नको क्रममा रहेको।
- बौद्धिक तथा शारीरिक अपाङ्गता भएका नवजात शिशुको जन्मजात विकलाङ्ग वा असाधारण प्रकृतिको अवस्था पहिचान गर्न १ हजार ४५ जना नवजात शिशुको Neonatal screening परीक्षण गरिएको।
- समीक्षा अवधिसम्म ६४ हजार ५ सय जना महिलाहरूको पाठेघरको मुखको क्यान्सर निःशुल्क स्क्रिनिङ्ग गरिएको।
- कोशी र बागमती प्रदेशमा Surveillance Outbreak Response Management and Analysis System (SORMAS) थप ७ वटा अस्पतालमा विस्तार गरी १२५ वटा अस्पतालमा सेन्टिनल साइटमा ईवार्स प्रणाली लागू गरिएको।
- बागमती, गण्डकी, कर्णाली र सुदुरपश्चिम प्रदेशमा one health committee स्थापना भएको। देशभरमा ८ सय १४ वटा नागरिक आरोग्य समूह गठन भएको।
- स्वास्थ्य बीमामा आवद्ध जनसंख्या २९.७० प्रतिशत पुगेको। स्वास्थ्य बीमा कार्यक्रमको दायरा विस्तार सहितको पुर्नसंरचनाको प्रारुप तयार गर्न एक उच्चस्तरीय कार्यदल गठन भएको।

- पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान र राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा एमबिबिएस कार्यक्रम सञ्चालन प्रारम्भ भएको।
- १८ वटा अस्पतालमा २ सिफ्टमा ओ.पि.डि. सेवा विस्तार भएको। १४ वर्ष मुनिका बालबालिकाको क्यान्सर रोग उपचार तथा सघन जलनको उपचार निःशुल्क गर्ने साथै राष्ट्रिय खेलाडीलाई निःशुल्क स्वास्थ्य परीक्षण गर्ने व्यवस्था गरिएको।

**(२) वित्तीय प्रगति स्थिति** **(रू.लाखमा)**

| आर्थिक वर्ष | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७७/७८ | ४७१९४९ | १५१७२५ | ६२३६७३ | ३४०२३५ | ७४७७६ | ४१५०१२ | ७२.०९ | ४९.२८ | ६६.५४ |
| २०७८/७९ | ७१२३७५ | २००६३९ | ९१३०१५ | ४८३०६९ | १४०७९३ | ६२३८६२ | ६७.८१ | ७०.१७ | ६८.३३ |
| २०७९/८० | ४४६२३६ | १९८८९१ | ६४५१२७ | २४५२६७ | १५१८८६ | ३९७१५३ | ५४.९६ | ७६.३७ | ६१.५६ |
| २०८०/८१ | ३५०७१२ | १५४२२९ | ५०४९४१ | २६९९१२ | ९८५४७ | ३६८४५९ | ७६.९६ | ६३.९० | ७२.९७ |
| २०८१/८२ अर्धवार्षिक | ३३६०८८ | १२५३८१ | ४६१४६८ | १३३६०७ | १६६६७ | १५०२७४ | ३९.७५ | १३.२९ | ३२.५६ |

*स्रोतः अर्थ मन्त्रालय*

**(३) क्षेत्रगत लक्ष्य अनुसारका परिसूचकको प्रगति अवस्था**

| क्र.सं. | उपक्षेत्रगत कार्यक्रम | इकाइ | आ.ब. २०८१/८२ को लक्ष्य | आ.ब. २०८१/८२ पुस महिनासम्मको प्रगति |
|---|---|---|---|---|
| १ | स्वास्थ्य संस्थाबाट प्रसुति सेवा लिने | प्रतिशत | ८५ | ३९ |
| २ | परिवार नियोजनको आधुनिक साधन प्रयोगकर्ता दर | प्रतिशत | ३९ | ३३ |
| ३ | दक्ष स्वास्थ्यकर्मी द्वारा प्रसुति सेवा प्राप्त गर्ने | प्रतिशत | ८० | ४५ |
| ४ | बाल मृत्युदर (५ वर्ष मुनिको) | प्रति हजार | ३३ | ३३ |
| ५ | नवजात शिशु मृत्यु दर | प्रति हजार | २० | २० |

*स्रोतः स्वास्थ्य तथा जनसंख्या मन्त्रालय*

## ४.१५ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

मुलुकको शिक्षा, विज्ञान तथा प्रविधिको विकाससम्वद्ध नीति, योजना र कार्यक्रम तर्जुमा एवम् कार्यान्वयनमा यस मन्त्रालाय र मातहतका निकायको भूमिका रहेको छ। शिक्षा ऐन, २०२८; राष्ट्रिय शिक्षा नीति, २०७६ र राष्ट्रिय विज्ञान प्रविधि तथा नव-प्रवर्तन नीति, २०७६ लगायतका क्षेत्रगत कानून, नीति रणनीतिको कार्यान्वयन यस मन्त्रालय अन्तर्गत हुँदै आएको छ। विद्यालय शिक्षा क्षेत्र योजना, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम, विद्यालय दिवा खाजा कार्यक्रम, विद्यालय पुनर्निमार्ण कार्यक्रम लगायतका रणनीतिक कार्यक्रम कार्यान्वयन भएको छ। हालसम्म मुग र जुम्ला समेत ६६ जिल्ला साक्षर घोषणा, प्रत्येक वर्ष करिव ३० लाख विद्यार्थीहरूलाई दिवा खाजा प्रदान, ७ हजार ५ सय ३५ विद्यालय पुनर्निमाण र कक्षा १२ सम्म निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने लगायतका कार्य हरदै आएको छ।

### (१) चालु आर्थिक वर्षको प्रगति

- आधारभूत तथा निःशुल्क शिक्षा कार्यान्वयन कार्ययोजना, २०८१ जारी गरी कार्य प्रारम्भ भएको।
- स्थानीय उत्पादनमा आधारित विद्यालय दिवा खाजा राष्ट्रिय प्रारूप तथा मेघा किचेन सम्बन्धी कार्यविधि, बुटक्याम्प सञ्चलान, करियर काउन्सिलिङ कार्यविधि, मेडिकल रेडियोथेरापी उपकरण तथा सेवा सञ्चालन मापदण्ड र विकिरणसम्बन्धी औद्योगिक उपकरण प्रयोग तथा सञ्चालन मापदण्ड लगायतका कार्यविधि तर्जुमा भएको।
- शिक्षक दरवन्दी मिलानको लागि उच्चस्तरीय दरबन्दी पुनरावलोकन कार्यदल गठन भएको।
- विद्यार्थी भर्ना, स्थानान्तरण र छात्रवृत्ति कार्यक्रमलाई व्यवस्थित गर्ने प्रयोजनका लागि शैक्षिक व्यवस्थापन प्रणालीको प्रयोग भएको।
- ३१ लाख बालबालिकालाई दिवा खाजा एवम् ६-१२ कक्षामा अध्ययनरत विद्यार्थीका लागि स्थानीय तहमार्फत विपन्न लक्षित छात्रवृत्ति वितरण गरिएको।
- रेडियो नेपालबाट २७ श्रव्यपाठ र नेपाल टेलिभिजनबाट ६१ श्रब्यदृष्य पाठ उत्पादन/प्रसारण भएको।
- Non-graded SEE का विद्यार्थीहरूलाई Pre Diploma तहमा पढ्न दिने व्यवस्था शुरु गरिएको।
- विदेशी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त शैक्षिक संस्थाका कार्यक्रमहरू व्यवस्थित गर्ने कार्ययोजना तयार भएको।
- CTEVT का आङ्गिक शिक्षालयहरूमा नर्सिङ र फार्मेसीको कक्षा सञ्चालन शुरु भएको। मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान र राप्ती स्वास्थ्य विज्ञान MBBS अध्यापन प्रारम्भ भएको।
- छात्रवृत्तिमा अध्ययन गरेका कृषि, सिभिल इन्जिनियर, र कम्प्युटर इन्जिनियर गरी ३५ जना स्वयंसेवक शिक्षकलाई इन्टर्नसिपका लागि कार्यक्षेत्रमा खटाईएको।
- रेडियोधर्मी पदार्थ तथा विकीरण सुरक्षासम्बन्धी मापदण्ड कार्यान्वयन गरिएको एवम् विज्ञान, प्रविधि तथा नवप्रवर्तनका लागि Open Learning Platform को अवधारणा पत्र तयार भएको।

### (२) वित्तीय प्रगति स्थिति (रू.लाखमा)

| आर्थिक वर्ष | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७७/७८ | ४७२९०७ | ४६३५ | ४७७५४२ | ३६५४३७ | ३३५५ | ३६८७९३ | ७७.२७ | ७२.३९ | ७७.२३ |
| २०७८/७९ | ४८१२३४ | ३९८५ | ४८५२१९ | ४२४५७७ | १५८९ | ४२६१६६ | ८८.२३ | ३९.८७ | ८७.८३ |
| २०७९/८० | ५५५०८५ | ९७२२० | ६५२३०५ | ४७७७०८ | ५०९८७ | ५२८६९५ | ८६.०६ | ५२.४४ | ८१.०५ |
| २०८०/८१ | ५६७६९७ | ५१६२६ | ६१९३२३ | ५०९५३६ | १५७९६ | ५२५३३२ | ८९.७५ | ३०.६० | ८४.८२ |
| २०८१/८२ अर्धवार्षिक | ५२९३१४ | ४७७०७ | ५७७०२१ | २४७१०३ | २४४८ | २४९५५२ | ४६.६८ | ५.१३ | ४३.२५ |

*स्रोतः अर्थ मन्त्रालय*

**(३) क्षेत्रगत लक्ष्य अनुसारका परिसूचकको प्रगति अवस्था**

| क्र.सं. | विवरण | प्रगतिको अवस्था |
|---|---|---|
| १ | पूर्व प्राथमिक शिक्षामा कूल भर्ना दर | १०१ |
| २ | कक्षा १-५ मा खुद भर्ना दर | ९४.४ |
| ३ | कक्षा १० सम्मको टिकाउ दर | ६६.९ |
| ४ | १५-२४ उमेर समूहको साक्षरता दर | ९५ |
| ५ | आधारभूत तहमा महिला शिक्षक प्रतिशत | ५४.१ |

*स्रोतः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय*

## ४.१६ खानेपानी तथा सरसफाई मन्त्रालय

खानेपानी तथा सरसफाइको क्षेत्रमा संघीय तहको नीति, योजना र कार्यक्रम तर्जुमा एवम् कार्यान्वयनमा यस मन्त्रालाय र मातहतका निकायहरूको भूमिका रहेको छ। खानेपानी तथा सरसफाइ ऐन, २०७९; खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३ र सो अन्तर्गत बनेका नियमावलीहरू, खानेपानी, सरसफाइ तथा स्वच्छता नीति, २०८१ लगायतका क्षेत्रगत कानून, नीति रणनीतिको कार्यान्वयन यस मन्त्रालय अन्तर्गत हुदै आएको छ। वर्षातको पानी सङ्कलन कार्यक्रम, भूमिगत स्रोतको व्यवस्थापन तथा वाटर एटिएम जडान, गुहेश्वरी फोहोर पानी प्रशोधन केन्द्र निर्माण, पानी पोखरीहरू निर्माण, मेलम्ची खानेपानी वितरणका निम्ति पाइप बिछ्याउने लगायतका रणनीतिक कार्यक्रम कार्यान्वयन भएको छ। मेलम्ची खानेपानी आयोजनाबाट खानेपानी वितरण सुरूवात, ५ सय ८३ कि.मि पाइप बिछ्याईएको र थप ९ हजार ४ सय ५१ घरमा धारा जडान, दोश्रो चरण (सुन्दरीजल देखि चाबहिलसम्मको ११ कि.मी. मध्ये) ४.४ कि.मी. पाइप बिछ्याउने कार्य सम्पन्न, गुहेश्वरी फोहोर पानी प्रशोधन केन्द्र निर्माण सम्पन्न भई सञ्चालनमा आएको एवम् विभिन्न ४ प्याकेजमा १ हजार १० कि.मि. नयाँ पाइपलाइन बिछ्याउने कार्य भएको छ।

**(१) चालु आर्थिक वर्षको प्रगति**

- खानेपानी तथा सरसफाइ नियमावली, २०८१ नेपाल सरकारबाट स्वीकृत भएको। सहलगानी खानेपानी तथा सरसफाइ आयोजना, आयोजना कार्यान्वयन निर्देशिका, २०७२ खारेज गरी नयाँ जारी गरिएको।
- काठमाडौं उपत्यका खानेपानी सुधार आयोजनाअन्तर्गत एशियाली विकास वैंकबाट १७० मिलियन अमेरिकी डलर ऋण तथा १८ मिलियन अमेरिकी डलर अनुदान सहयोगको लागि सम्झौता सम्पन्न भएको।
- २ वटा सहलगानी खानेपानी आयोजना (मेचीनगर र उर्लाबारी) को निर्माण सम्पन्न भएको।
- मेलम्ची खानेपानी आयोजनाको पानी वितरणका लागि कीर्तिपुरमा ६० लाख लिटर र महाँकाल चौरमा ८० लाख लिटर क्षमताको पानी पोखरी निर्माण सम्पन्न भएको।
- सुन्दरीजलस्थित पानी प्रशोधन केन्द्रको क्षमता वृद्धि गर्न थप दैनिक २२ करोड ५० लाख लिटर क्षमताको पानी प्रशोधन केन्द्र निर्माण कार्य अगाडि बढेको।
- जापान सरकारको अनुदान सहयोगमा सञ्चालित पोखरा खानेपानी सुधार आयोजना सम्पन्न भई हस्तान्तरण भएको।

**(२) वित्तीय प्रगति स्थिति** **(रू.लाखमा)**

| आर्थिक वर्ष | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७७/७८ | ८०५८ | २४५२५२ | २५३३१० | ५९५१ | ११६०३८ | १२१९८९ | ७३.८५ | ४७.३१ | ४८.१६ |
| २०७८/७९ | ९१६६ | २३३१४७ | २४२३१३ | ६५२२ | १३४२४६ | १४०७६८ | ७१.१६ | ५७.५८ | ५८.०९ |
| २०७९/८० | ९४२६ | २१३१०८ | २२२५३३ | ६७३२ | १५८१५६ | १६४८८८ | ७१.४२ | ७४.२१ | ७४.१० |
| २०८०/८१ | १२६३३ | १२१९३१ | १३४५६४ | ६६५६ | ७७८४६ | ८४५०२ | ५२.६९ | ६३.८४ | ६२.८० |
| २०८१/८२ अर्धवार्षिक | ९५४३ | १५३७७४ | १६३३१७ | २९४७ | २३३६३ | २६३१० | ३०.८८ | १५.१९ | १६.११ |

*स्रोत: अर्थ मन्त्रालय*

**(३) क्षेत्रगत लक्ष्य अनुसारका परिसूचकको प्रगति अवस्था**

| क्र.सं. | विवरण | प्रगतिको अवस्था | कैफियत |
|---|---|---|---|
| १ | सुरक्षित खानेपानी | २७.८० प्रतिशत | |
| २ | प्रशोधन सहितको ढल व्यवस्थापन | ३.०० प्रतिशत | |

*स्रोत: खानेपानी तथा सरसफाई मन्त्रालय*

## ४.१७ महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय

महिला, बालबालिका, जेष्ठ नागरिक तथा समाज कल्याणसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा एवम् कार्यान्वयनमा यस मन्त्रालय र मातहतका निकायहरूको भूमिका रहेको छ। राष्ट्रिय महिला आयोग, समाज कल्याण परिषद्, समाज कल्याण केन्द्र, बृद्धाश्रम जस्ता संगठन, महिला, बालबालिका तथा समाज कल्याणसम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय संघ संस्थासंग सम्पर्क र समन्वय यस मन्त्रालयबाट हुने गरेको छ। मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४; समाज कल्याण ऐन, २०४९; ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३; राष्ट्रिय महिला आयोग ऐन, २०७४; अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४; बालबालिकासम्बन्धी ऐन, २०७५; राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७; अपाङ्गता भएका व्यक्तिसम्बन्धी राष्ट्रिय नीति, २०८० लगायतका क्षेत्रगत कानून, नीति रणनीतिको कार्यान्वयनमा यस मन्त्रालय अन्तर्गत हुँदै आएको छ। राष्ट्रपति महिला उत्थान कार्यक्रम, लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यको लागि एकीकृत सेवा पहुँच परियोजना, महिला समुत्थान परियोजना लगायतका रणनीतिक कार्यक्रमहरू कार्यान्वयन हुदै आएको छ।

**(१) चालु आर्थिक वर्षको प्रगति**

- हिंसा पीडित महिला तथा किशोरीहरूलाई सुरक्षित रुपमा पुर्नस्थापना गर्न राष्ट्रियस्तरको मंगला सहाना दीर्घकालीन पुनर्स्थापना केन्द्रको सञ्चलान गरी १८ जना हिंसा पिडितको संरक्षण गरिएको।
- लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको अवसरमा Male Leader Networking को परिचालन गरिएको।
- ७७ जना दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार गरिएको।
- नेपाल टेलिभिजनबाट कुरीति विरुद्धको सामाजिक चेतनामुलक कार्यक्रम उत्पादन तथा प्रसारण पाक्षिक रुपमा भइरहेको।

- अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धी (सी.आर.पी.डी.) को राष्ट्रिय प्रतिवेदन परराष्ट्र मन्त्रालय मार्फत यु.एन.सी.आर.पी.डी समितिमा पठाइएको।
- खगेन्द्र नवजीवन केन्द्रबाट ८२ जना वेवारिसे, संरक्षक विहिन पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिहरूका लागि आवासीय पुनःस्थापना सेवा प्रदान भएको।
- नेपाल कुष्ठरोग निवारण संघ, खोकना आयोग्य आश्रम मार्फत १३३ जना कुष्ठरोग प्रभावित व्यक्तिहरूको लागि आवासीय पुनःस्थापना सेवा प्रदान भएको।
- राष्ट्रिय अपाङ्ग कोष मार्फत सहायक सामग्री उत्पादन तथा वितरण सम्बन्धी कार्य भइरहेको।

**(२) वित्तीय प्रगति स्थिति** **(रू.लाखमा)**

| आर्थिक वर्ष | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७७/७८ | ५५६४ | ११९६ | ६७६० | ४१८० | ७८५ | ४९६६ | ७५.१३ | ६५.६९ | ७३.४६ |
| २०७८/७९ | ५०१८ | १५६२ | ६५८० | ४०४६ | ४६८ | ४५१४ | ८०.६३ | २९.९४ | ६८.५९ |
| २०७९/८० | ९३६६ | ३७२२ | १३०८८ | ४२४४ | ४९८ | ४७४२ | ४५.३२ | १३.३८ | ३६.२४ |
| २०८०/८१ | ११८३८ | ३९२४ | १५७६२ | ६२१८ | ६४७ | ६८६६ | ५२.५३ | १६.५० | ४३.५६ |
| २०८१/८२ अर्धवार्षिक | ६९६३ | ६१०६ | १३०६९ | १७१३ | ५८८ | २३०१ | २४.६० | ९.६४ | १७.६१ |

*स्रोतः अर्थ मन्त्रालय*

## ४.१८ युवा तथा खेलकुद मन्त्रालय

युवा, खेलकुद तथा स्काउट सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा एवम् कार्यान्वयनमा यस मन्त्रालय र मातहतका निकायको भूमिका रहेको छ। राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ तथा नियमावली, २०७९; राष्ट्रिय युवा परिषद ऐन, २०७२ तथा नियमावली, २०७३; राष्ट्रिय खेलकुद नीति, २०६७; राष्ट्रिय युवा नीति, २०७२; युथ भिजन, २०२५ (१० वर्षे) रणनीति लगायतका कानून, नीति एवम् रणनीतिको कार्यान्वयन यस मन्त्रालय अन्तर्गत हुँदै आएको छ। नवप्रवर्तनात्मक क्षमता भएका युवालाई इन्क्युवेशन तालिम, राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिताको आयोजना र सहभागिता, उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम र स्वरोजगार कार्यक्रम, राष्ट्रियस्तर र स्थानीयस्तरका खेलकुद प्रशिक्षण तथा विभिन्न खेलकुद पूर्वाधार विकास लगायतका रणनीतिक आयोजना/कार्यक्रमसमेत मन्त्रालयबाट कार्यान्वयन हुदै आएको छ।

**(१) चालु आर्थिक वर्षको प्रगति**

- २ सय जना युवालाई उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम प्रदान गरिएको छ। २ सय ४० युवालाई युवा मार्गदर्शन तथा मनोसामाजिक परामर्श प्रदान गरिएको।
- आधारभूत स्वास्थ्य जनचेतना, साँस्कृतिक तथा पूरातात्विक वस्तुहरूको संरक्षण, लैङ्गिक विभेद र घरेलु हिंसा विरुद्ध र लागू पदार्थ दुर्व्यसन न्यूनीकरणका लागि ३ सय ७५ जना युवा स्वयंसेवक परिचालन गरिएको।
- आगामी एशियाली खेलकुदसहित अन्य अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा खेलाडीको प्रतियोगितात्मक क्षमता अभिवृद्धिका लागि ८५ जना खेलाडी र १९ जना प्रशिक्षक गरी जम्मा १ सय ४ जनाको लागि नियमित रुपमा विशेष प्रशिक्षण सञ्चलान गरिएको।

- CAVA Women's Nation's Volleyball League, SAFF Women Championship 2024, २०औं एसियाली कराँते च्याम्पियनसिप, CAVA बिच भलिबल Men & Women र खो खो विश्वकप सहित महत्त्वपूर्ण ७ वटा अन्तर्राष्ट्रिय प्रतियोगितामा दोस्रो स्थान प्राप्त गरेको।
- पेरिस पाराओलम्पिक, २०२४ गेम्सको पारा तेक्वान्दोमा ऐतिहासिक कास्यपदक प्राप्त गरेको।
- अन्तर्राष्ट्रियस्तरको खेलकुद प्रतियोगितामा पदक हसिल गर्न सफल ५ वटा खेलका ५६ जना खेलाडी तथा प्रशिक्षकलाई रू.२ करोड २२ लाख ७७ हजार पुरस्कार प्रदान गरिएको।
- साहसिक खेलतर्फ फिष्टेल रेस प्रतियोगिता र माउण्ट एभरेष्ट मोटर स्पोर्ट फेष्टिभल सम्पन्न गरिएको।
- २१ राष्ट्रिय र ९ अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गरिएको। ६० अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाइएको।
- किर्तिपुर क्रिकेट मैदानमा स्कोरबोर्ड जडान कार्य सम्पन्न भएको। फ्लड लाइट जडान र प्याराफिट निर्माण प्रक्रिया अगाडि बढाइएको।
- मुलपानी क्रिकेट रंगशाला काठमाडौ र गिरिजाप्रसाद कोइराला क्रिकेट रंगशाला विराटनगरको DPR तयार भएको।
- १ सय ८६ जना विद्यालय शिक्षकलाई खेलकुद शिक्षक तालिम प्रदान गरिएको। ट्यालेन्ट हन्ट कार्यक्रममार्फत १ सय २ खेलाडी र ७ प्रशिक्षक सहित १ सय ९ जनालाई तालिम प्रदान गरिएको।
- १४ वर्ष मुनिका बालबालिकाहरूका लागि राष्ट्रियस्तरको खेलकुद प्रतियोगिता आयोजना गर्नका लागि कार्यविधि तयार गरिएको।

**(२) वित्तीय प्रगति स्थिति** **(रू.लाखमा)**

| आर्थिक वर्ष | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७७/७८ | १२८१९ | ७७५७ | २०५७६ | ९३६३ | ४५८९ | १३९५२ | ७३.०४ | ५९.१७ | ६७.८१ |
| २०७८/७९ | १३६७८ | ५३७७ | १९०५५ | १११६२ | २०९८ | १३२६० | ८१.६१ | ३९.०३ | ६९.५९ |
| २०७९/८० | २१७५४ | ८८२८ | ३०५८२ | १६८५१ | २४०२ | १९२५३ | ७७.४६ | २७.२१ | ६२.९६ |
| २०८०/८१ | १५९४७ | ७२८० | २३२२७ | १३७२६ | ३६१४ | १७३३९ | ८६.०७ | ४९.६४ | ७४.६५ |
| २०८१/८२ अर्धवार्षिक | २१८५१ | ११५६७ | ३३४१९ | ५१९२ | ७८२ | ५९७३ | २३.७६ | ६.७६ | १७.८७ |

*स्रोतः अर्थ मन्त्रालय*

## ४.१९ रक्षा मन्त्रालय

नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई अक्षुण्ण राख्ने उद्देश्यसहित रक्षा मन्त्रालयले आफ्ना कार्य सम्पादन गर्दै आएको छ। यस मन्त्रालयबाट सैनिक ऐन, २०६३ र राष्ट्रिय सुरक्षा नीति, २०७५ लगायतका क्षेत्रगत कानून, नीति रणनीतिको कार्यान्वयन हुँदै आएको छ। राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय, वीरेन्द्र अस्पतालको आधुनिकीकरण, राष्ट्रिय सेवा दल तालिम, सफा हिमाल अभियान, काठमाडौं-तराई-मधेश द्रुतमार्ग सडक आयोजना लगायतका कार्यक्रम कार्यान्वयन भइरहेको छ।

**(१) चालु आर्थिक वर्षको प्रगति**

- द्रुतमार्गको ६.५ कि.मि. देखि ७०.९८ कि.मि. सम्मका १२ वटा निर्माण प्याकेजहरू कार्यान्वयनमा रहेको।

- राष्ट्रपति चुरे संरक्षण कार्यक्रम अन्तर्गत ६९ हेक्टर जमिनमा वृक्षारोपण र तारबार, विभिन्न स्थानमा तटबन्ध निर्माण, तालको संरक्षण र पुनर्निमाण कार्य भइरहेको।
- "बंकरदेखि व्यारेक" कार्यक्रम अन्तर्गत ७३ वटा स्वीकृत कार्यक्रमको खरिद प्रक्रिया पूरा भई निर्माण कार्य भइरहेको।
- राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको बहुवर्षीय ठेक्का सहमतिअनुसारका भौतिक पूर्वाधार तथा अन्य निर्माण कार्य भइरहेको छ।
- राष्ट्रिय सेवा दल (NCC) अन्तर्गत ७ हजार ७ सय ४ जना NCC क्याडेटहरूलाई NCC क्याडेट तालिम तथा Youth Exchange Program सञ्चालन भइरहेको।
- नेपालको एकीकरणसँग सम्बद्ध ऐतिहासिक गढी किल्ला संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन अन्तर्गत डडेलधुरा स्थित ऐतिहासिक अमरगढी किल्ला स्तरोन्नति कार्य भइरहेको।
- खाँदवारी-किमाथांका, वेनीघाट-आरुघाट-लार्केभन्ज्याङ्ग, कर्णाली करिडोर र दार्चुला टिंकर सडक आयोजनाको ट्र्याक निर्माण तथा स्तरोन्नति कार्य एवम् क्याम्प निर्माण कार्य भइरहेको।

**(२) वित्तीय प्रगति स्थिति** **(रू.लाखमा)**

| आर्थिक वर्ष | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७७/७८ | ४५५८२० | ९१८७५ | ५४७६९५ | ४४७४५८ | ७९०८४ | ५२६५४३ | ९८.१७ | ८६.०८ | ९६.१४ |
| २०७८/७९ | ४८६१०३ | ८१६८१ | ५६७७८४ | ४८२५२६ | ४९२९९ | ५३१८२५ | ९९.२६ | ६०.३६ | ९३.६७ |
| २०७९/८० | ५३६१८० | ८२१५८ | ६१८३३८ | ५३१६७२ | ७८५९२ | ६१०२६४ | ९९.१६ | ९५.६६ | ९८.६९ |
| २०८०/८१ | ५३७९८४ | ५६७१२ | ५९४६९६ | ५३७०९५ | ५५२५३ | ५९२३४७ | ९९.८३ | ९७.४३ | ९९.६१ |
| २०८१/८२ अर्धवार्षिक | ५३९४१६ | ५९३३५ | ५९८७५१ | २७४१३३ | ३६४० | २७७७७२ | ५०.८२ | ६.१३ | ४६.३९ |

*स्रोतः अर्थ मन्त्रालय*

## ४.२० गृह मन्त्रालय

मुलुकमा शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु गृह प्रशासनको मुख्य जिम्मेवारी हो। यस मन्त्रालयबाट नेपाल नागरिकता ऐन, २०६३; राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६; जग्गा प्राप्ति ऐन, २०३४; प्रहरी ऐन, २०१२; बिष्फोटक पदार्थ ऐन, २०१८ लगायतका कानून, नीति, रणनीति र कार्यनीति कार्यान्वयन हुँदै आएको छ। मन्त्रालय अन्तर्गत आन्तरिक सुरक्षा एवम् शान्ति सुव्यवस्था, अन्तर्राष्ट्रिय शान्ति स्थापनामा सहयोग, अध्यागमन सेवा, राष्ट्रिय परिचयपत्र तथा घटना दर्ता, विपद् व्यवस्थापन एवम् राहत तथा पुनर्स्थापना, लागू औषध नियन्त्रण र अपराध नियन्त्रण तथा अनुसन्धान लगायतका क्षेत्रमा कार्यसम्पादन हुँदै आएको छ।

**(१) चालु आर्थिक वर्षको प्रगति**

- विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१ नेपाल सरकारबाट स्वीकृत भएको।
- राष्ट्रिय परिचयपत्रलाई नागरिक एपमा आवद्ध गरिएको। NIDMIS सँग ७ वटा सार्वजनिक सेवा प्रदायकको प्रणालीलाई आवद्ध गरिएको।
- सबै प्रकारका विपद्जन्य घटनाहरूमा तीनै तहका सरकारका निकायहरूको समन्वयमा खोज, उद्धार तथा राहत कार्य सञ्चालन गरिएको।

- विपद्‌जन्य क्षतिको क्षेत्रगत प्रारम्भिक विवरण तयार गरिएको।
- मुस्ताङ जिल्लाको कोरलामा अध्यागमन कार्यालय स्थापना गरिएको।
- ३१४ सीमास्तम्भ मर्मतसम्भार, रंगरोगन र पुनःनिर्माण गरिएको।
- विभिन्न कारागारमा १० वटा उद्यमकेन्द्रको स्थापना गरिएको।
- सामाजिक सुरक्षा भत्ताका लाभग्राहीको २८ जिल्लामा बायोमेट्रिक भेरिफिकेसन प्रणाली लागू गरिएको।
- डोटी केन्द्र विन्दु बनाई गएको भूकम्पबाट क्षति भएका निजी आवास पुनर्निर्माणको लागि DDA स्वीकृत भएको।

**(२) वित्तीय प्रगति स्थिति** **(रू.लाखमा)**

| आर्थिक वर्ष | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७७/७८ | १३६५१७६ | ९५२१८ | १४६०३९४ | १२७०६०६ | ८२९६१ | १३५३५६७ | ९३.०७ | ८७.१३ | ९२.६९ |
| २०७८/७९ | १७७५३४३ | ११५८४० | १८९११८३ | १७३५५९५ | ८९२५० | १८२४८४५ | ९७.७६ | ७७.०५ | ९६.४९ |
| २०७९/८० | २०००२४५ | ११४२२० | २११४४६४ | १९६६०८३ | ८१६९४ | २०४७७७७ | ९८.२९ | ७१.५२ | ९६.८५ |
| २०८०/८१ | १९७५०१९ | ९३२०२ | २०६८२२१ | १९२५११३ | ८१२२० | २००६३३३ | ९७.४७ | ८७.१४ | ९७.०१ |
| २०८१/८२ अर्धवार्षिक | १९२६००४ | १०६८५२ | २०३२८५६ | ८१५८३० | २६०६२ | ८४१८९२ | ४२.३६ | २४.३९ | ४१.४१ |

*स्रोतः अर्थ मन्त्रालय*

**(३) क्षेत्रगत लक्ष्य अनुसारका परिसूचकको प्रगति अवस्था**

| क्र.सं. | विवरण | प्रगतिको अवस्था |
|---|---|---|
| १ | २०८१ पुस मसान्तसम्ममा राष्ट्रिय परिचयपत्र वितरण गरिएको संख्या | १६५४०३०२ जना |

*स्रोतः गृह मन्त्रालय*

## ४.२१ कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

कानूनको तर्जुमा, मौजुदा कानूनमा समसामयिक संशोधन लगायत न्यायप्रशासनसँग सम्बन्धित कार्यहरू सम्पादन गर्ने नेपाल सरकारको केन्द्रीय निकायको रुपमा यस मन्त्रालयको भूमिका रहेको छ। कानून कार्यान्वयनको प्रभावकारिता अभिवृद्धि, न्याय प्रशासनको सुदृढीकरण र आधुनिकीकरणका लागि आवश्यक नीति, योजना र कार्यक्रम तर्जुमा एवम् कार्यान्वयनमा मन्त्रालय र मातहतका निकायहरूको क्रियाशिलता रहँदै आएको छ। कानून तर्जुमा, संघीय विधेयक, अध्यादेश, नियम, आदेश तथा नेपाल सरकारबाट जारी हुने निर्देशिका, कार्यविधिको तर्जुमा तथा सहमति, संघीय संसदमा विधेयक प्रस्तुत, फिर्ता, पारित विधेयकको प्रमाणीकरण, कानूनी राय तथा परामर्श, नेपाल राजपत्रमा प्रकाशन हुने सूचनाको सम्पादन, संघीय कानूनको प्रकाशन तथा वितरण लगायतका कार्य सम्पादन मन्त्रालयबाट भइरहेको छ।

**(१) चालु आर्थिक वर्षको प्रगति**

- समीक्षा अवधिमा ११ वटा नयाँ विधेयक, २ वटा संशोधन विधेयक, ७ वटा नयाँ नियमावली तथा ८ वटा नियमावलीको संशोधनको मस्यौदा तर्जुमा गरिएको। त्यसैगरी १३ वटा कार्यविधि, मापदण्ड तथा निर्देशिकाको मस्यौदा तर्जुमा एवम् संशोधन गरिएको।
- ७ वटा गाउँसभा, नगरसभामा कानून तर्जुमासम्बन्धी अभिमुखीकरण तालिम सञ्चालन भएको।

- कानूनी विषयमा ७ वटा शैक्षिक संस्थाहरूमा अन्तरक्रिया तथा कानूनी सचेतना कार्यक्रम सञ्चालन भएको।
- मोरङ्ग, रामेछाप, रुपन्देही र महोत्तरी जिल्लामा निःशुल्क कानूनी सहायता सम्बन्धी कार्यक्रम सञ्चालन भएको।
- बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) ऐन, २०८१ जारी भएको।

**(२) वित्तीय प्रगति स्थिति** **(रू.लाखमा)**

| आर्थिक वर्ष | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७७/७८ | ४७४१ | २२० | ४९६२ | २६५७ | २०२ | २८५९ | ५६.०३ | ९१.७१ | ५७.६१ |
| २०७८/७९ | ४७८७ | १६६ | ४९५३ | ३२०२ | १०३ | ३३०५ | ६६.८९ | ६२.२० | ६६.७३ |
| २०७९/८० | ५३८१ | २२६ | ५६०७ | २८४० | १५७ | २९९६ | ५२.७७ | ६९.२९ | ५३.४४ |
| २०८०/८१ | ७७८८ | ८० | ७८६८ | ३१२३ | ६० | ३१८३ | ४०.१० | ७४.५४ | ४०.४५ |
| २०८१/८२ अर्ध वार्षिक | ५४०१ | ७९ | ५४८१ | १७८० | ३ | १७८३ | ३२.९६ | ४.०३ | ३२.५४ |

*स्रोतः अर्थ मन्त्रालय*

## ४.२२ परराष्ट्र मन्त्रालय

नेपालको परराष्ट्र मामिला सञ्चालन तथा परराष्ट्र नीतिको कार्यान्वयनमा यस मन्त्रालयको भूमिका रहेको छ। राष्ट्रिय हितको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्न अनुकूल अन्तर्राष्ट्रिय परिस्थिति निर्माण, अधिकतम सद्भाव र सहयोग अभिवृद्धि एवम् अन्तर्राष्ट्रिय समुदायमा मुलुकको छवि, प्रतिष्ठा र भूमिकालाई प्रभावकारी बनाउने परराष्ट्र नीति अनुरूपका क्रियाकलाप यस मन्त्रालय अन्तर्गत सञ्चालन हुँदै आएको छ। छिमेकी तथा अन्य मित्रराष्ट्रहरूसँग कूटनीतिक सम्बन्ध कायम गर्ने, आर्थिक कूटनीति लगायत बिदेशमा नेपालसम्बन्धी प्रचार प्रसार गर्ने, राहदानी र यात्रा अनुमतिपत्र वितरण गर्ने, प्रवेशाज्ञा उपलब्ध गराउने लगायतका कार्यसमेत यस मन्त्रालय अन्तर्गत हुँदै आएको छ। हालसम्म १८३ मुलुकहरूसँग नेपालको कूटनीतिक सम्बन्ध स्थापना भएको अवस्था छ।

**(१) चालु आर्थिक वर्षको प्रगति**

- सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीको नेतृत्वमा परराष्ट्र मन्त्रीसहितको उच्चस्तरीय नेपाली प्रतिनिधिमण्डलले संयुक्त राष्ट्रसंघको ७९ औं महासभामा भाग लिएको।
- सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीले २०८१ मङ्सिरमा जनवादी गणतन्त्र चीनको औपचारिक भ्रमण गर्नुभएको। भ्रमणमा नेपाल र चीनबिच १० वटा सम्झौता/समझदारी पत्रमा हस्ताक्षर भएको।
- २०८१ असोजमा क्यानाडाको टोरन्टोमा आयोजित Women Foreign Ministers' Meeting मा माननीय परराष्ट्र मन्त्रीको सहभागिता रहेको।
- नेपाल र किरिबाटी बिच द्विपक्षीय कूटनीतिक सम्बन्ध स्थापना भएको।
- नेपाल संयुक्त राष्ट्रसंघीय ECOSOC Bureau को उपाध्यक्षमा निर्वाचित भएको।
- देहायका सम्झौता/समझदारीपत्रमा हस्ताक्षर गरिएको:

- संयुक्त राज्य अमेरिकासँग र इन्डोनेशियासँग द्विपक्षीय परामर्श संयन्त्रको स्थापना।
- सर्बिया र इन्डोनेशियासँग कूटनीतिक र विशेष राहदानी बाहकहरूलाई भिसा छुट।
- Nepal Electricity Authority (NEA), Bangladesh Power Development Board (BPDB) र NTPC Vidyut Vyapar Nigam Ltd. (NVVN) बिच 40 MW विद्युत निर्यात समझदारी सम्पन्न।

- विदेशस्थित नेपाली नियोगमा कार्यरत नियोग प्रमुख तथा कूटनीतिक कर्मचारीको आर्थिक सरसुविधा सम्बन्धी नियमावली/निर्देशिका, विदेशस्थित नेपाली नियोगको सार्वजनिक खरिद कार्यविधि, २०७३ र प्रदेश तथा स्थानीय तहले विदेशी सरकार, नियोग, प्रतिनिधि र अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्पर्क गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधिसम्बन्धी निर्देशिका,२०७६ संशोधन तथा जारी भएको।

**(२) वित्तीय प्रगति स्थिति** **(रू.लाखमा)**

| आर्थिक वर्ष | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०७७/७८ | ५५७०२ | १२५४५ | ६८२४७ | ५०४७७ | १००३२ | ६०५०९ | ९०.६२ | ७९.९७ | ८८.६६ |
| २०७८/७९ | ५३८६४ | १४७३७ | ६८६०१ | ४७२४४ | २९६९ | ५०२१४ | ८७.७१ | २०.१५ | ७३.२० |
| २०७९/८० | ६१२०८ | ५९०० | ६७१०८ | ५५९४१ | १०९२ | ५७०३३ | ९१.४० | १८.५० | ८४.९९ |
| २०८०/८१ | ६७००८ | ४२४४ | ७१२५२ | ६३८५८ | १९७७ | ६५८३५ | ९५.३० | ४६.५८ | ९२.४० |
| २०८१/८२ अर्धवार्षिक | ५९५३५ | ८३७८ | ६७९१२ | ३२८४३ | १५४९ | ३४३९२ | ५५.१७ | १८.४९ | ५०.६४ |

*स्रोत: अर्थ मन्त्रालय*

## ४.२३ नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेटमा समावेश भएका कार्यक्रमको प्रगति स्थिति

आर्थिक वर्ष २०८१/८२ को नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेटमा उल्लेखित नीति र प्रमुख कार्यक्रमहरू कार्यान्वयन गर्न विभिन्न मन्त्रालयले तयार गरेका वार्षिक 1961 वटा माइलस्टोन (Milestone) को प्रगतिको अनुगमन र मूल्याङ्कन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट नियमित रूपमा गर्ने गरिएको छ। चालु आर्थिक वर्षको पुस मसान्तसम्म सम्पन्न गर्नुपर्ने गरी लक्ष्य तोकिएका ६२१ वटामध्ये ३४५ वटा सम्पन्न भई अर्धवार्षिकको लक्ष्यको तुलनामा ५५.५६ प्रतिशत र वार्षिक लक्ष्यको तुलनामा १७.५९ प्रतिशत प्रगति हासिल भएको देखिन्छ।

**तालिका ४.१ नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम (Milestone) को प्रगतिको स्थिति**

| क्र.सं. | निकाय | कूल माइल्टोन्स संख्या | पुससम्म सम्पन्न हुनुपर्ने संख्या | पुससम्म सम्पन्न भएका संख्या | पुससम्म कार्य प्रगति प्रतिशत | वार्षिक लक्ष्यमा प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ९१ | २९ | १५ | ५१.७२ | १६.४८ |
| २ | अर्थ मन्त्रालय | १३७ | २७ | ११ | ४०.७४ | ८.०३ |
| ३ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ७१ | २३ | १६ | ६९.५७ | २२.५४ |
| ४ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | २२३ | १०४ | ७५ | ७२.१२ | ३३.६३ |
| ५ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ३८ | १३ | ८ | ६१.५४ | २१.०५ |
| ६ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | ९२ | ४० | २२ | ५५.०० | २३.९१ |
| ७ | खानेपानी मन्त्रालय | ६५ | ३० | १४ | ४६.६७ | २१.५४ |
| ८ | गृह मन्त्रालय | १०८ | २६ | १९ | ७३.०८ | १७.५९ |
| ९ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ६५ | १७ | ४ | २३.५३ | ६.१५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | परराष्ट्र मन्त्रालय | ३७ | २३ | १४ | ६०.८७ | ३७.८४ |
| ११ | वन तथा वातावरण मन्त्रालय | ९३ | ४५ | १२ | २६.६७ | १२.९० |
| १२ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | ९८ | २५ | १७ | ६८.०० | १७.३५ |
| १३ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | २२ | ३ | २ | ६६.६७ | ९.०९ |
| १४ | युवा तथा खेलकुद मन्त्रालय | ७० | १६ | ६ | ३७.५० | ८.५७ |
| १५ | रक्षा मन्त्रालय | ६३ | २६ | १० | ३८.४६ | १५.८७ |
| १६ | शहरी विकास मन्त्रालय | १८५ | ४६ | २० | ४३.४८ | १०.८१ |
| १७ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | १२४ | १७ | ७ | ४१.१८ | ५.६५ |
| १८ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | ५८ | १६ | १५ | ९३.७५ | २५.८६ |
| १९ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ८१ | २१ | १२ | ५७.१४ | १४.८१ |
| २० | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २७ | ११ | ८ | ७२.७३ | २९.६३ |
| २१ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | ५२ | १० | ७ | ७०.०० | १३.४६ |
| २२ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | ४५ | १५ | ४ | २६.६७ | ८.८९ |
| २३ | राष्ट्रिय योजना आयोग | १६ | ६ | ३ | ५०.०० | १८.७५ |
| २४ | सार्वजनिक खरिद अनुगमन कार्यालय | २६ | १३ | ७ | ५३.८५ | २६.९२ |
| २५ | राष्ट्रिय सतर्कता केन्द्र | १० | ६ | ६ | १०० | ६०.०० |
| २६ | लगानी बोर्डको कार्यालय | १६ | ४ | ४ | १०० | २५.०० |
| २७ | राष्ट्रिय तथ्याङ्क कार्यालय | ४० | ६ | ६ | १००. | १५.०० |
| २८ | नेपाल ट्रष्टको कार्यालय | ८ | ३ | १ | ३३.३३ | १२.५० |
| | जम्मा | १९६१ | ६२१ | ३४५ | ५५.५६ | १७.५९ |

*स्रोतः प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय*

# परिच्छेद - पाँच

## सार्वजनिक खर्च व्यवस्थापनमा भएका सुधारका प्रयास

### ५.१ पृष्ठभूमि

सार्वजनिक वित्त व्यवस्थापन प्रणालीमा निरन्तर सुधार हुँदै आएको छ। अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप लेखाङ्कन तथा प्रतिवेदन प्रणाली कार्यान्वयनमा रहेकोले वित्त प्रणालीको पारदर्शिता र विश्वसनीयता बढेको छ। वित्त व्यवस्थापनका सबै पक्षमा सूचना प्रणालीको उपयोग बढेसँगै लेखाङ्कन तथा प्रतिवेदनमा शुद्धता र शिघ्रता आएको छ। पछिल्लो PEFA Assessment प्रतिवेदनले उजागर गरेका क्षेत्रमा थप सुधार गर्न छुट्टै रणनीति तर्जुमा अन्तिम चरणमा पुगेको छ। संरचनागत, नीतिगत र प्रविधिगत सुधारका प्रयासहरूको निरन्तरताले हाम्रो सार्वजनिक वित्त व्यवस्थापन प्रणाली थप विश्वसनीय भएको छ। सबै निकायलाई अलग अलग खातामा चौमासिक निकासा उपलव्ध गराउने प्रणालीबाट शुरु भएको बजेट कार्यान्वयनको यात्रा हालसम्म आउँदा अनलाइन सूचना प्रविधिमा आधारित एकल खाता कोष प्रणाली (TSA) मा रूपान्तरित भई शून्य मौज्दातको कोष खाताबाट कारोवार गरी दैनिक हिसाब मिलान गर्न सकिने तहमा पुगेको छ। यसबाट वास्तविक समय (Real Time) मा प्रतिवेदन प्राप्त गर्न सकिने अवस्था सिर्जना भएको छ। हाल सञ्चालनमा रहेका मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS), एकल खाता कोष प्रणाली (TSA), सरकारी लेखा प्रणाली (CGAS), राजस्व व्यवस्थापन प्रणाली (RMIS), प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS), स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) लगायतका सूचना प्रविधि प्रणालीहरूको कार्यान्वयनबाट सार्वजनिक वित्त व्यवस्थापनलाई एकीकृत गर्न तथा वित्तीय संघीयता कार्यान्वयन गर्न सहयोग पुगेको छ।

सार्वजनिक वित्त व्यवस्थापनका समग्र पक्ष खास गरी बजेट प्रणाली र खर्च प्रणालीमा समीक्षा अवधिमा गरिएका संरचनागत, नीतिगत र कार्य पद्धतिगत सुधारका प्रयासहरू देहाय अनुसार रहेका छन्।

### ५.२ नीतिगत एवम् कानूनी सुधार

- आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व ऐन, २०७६ मा संशोधन गरी बजेट तर्जुमा सम्बन्धी समय सीमा, बजेट निर्माण, कोष व्यवस्थापन तथा बेरुजु फछ्र्यौटको कार्यलाई व्यवस्थित गरिएको।
- निजीकरण ऐन, २०५० मा समसामयिक संशोधन गरी सार्वजनिक प्रतिष्ठानमा रहेको सरकारी लगानी व्यवस्थित गर्न तथा लगानीको प्रतिफल दर बढाउन आवश्यक व्यवस्था गरिएको।
- सार्वजनिक वित्त व्यवस्थापन प्रक्रियालाई व्यवस्थित र पारदर्शी बनाउन आवश्यक कार्यविधि/ मापदण्ड/निर्देशिका/ दिग्दर्शन तर्जुमा गरिएको।
- बहुवर्षीय ठेक्काको स्रोत सहमति प्रदान गर्ने कार्यलाई व्यवस्थित गर्न "आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१" तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको।
- कार्यक्रम/आयोजनाहरूको दोहोरोपना हटाउन संघ, प्रदेश र स्थानीय तहमा कार्यान्वयन हुने कार्यक्रम/आयोजनाहरूको लागि लागू गरिएको "आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८०" लाई निरन्तरता दिइएको।

### ५.३ प्रणालीगत सुधार

- सरकारी कोषबाट हुने सबै प्रकारका भुक्तानीलाई विद्युतीय भुक्तानी प्रणाली (EFT) मार्फत गर्ने गरी नगद रहित र चेकरहित बनाउँदै लगिएको।

- कम्प्युटरमा आधारित सरकारी लेखा प्रणाली (CGAS) संघ र प्रदेश अन्तर्गतको सबै सरकारी कार्यालयमा लागू गरिएको।
- मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) लाई समयानुकूल परिमार्जन गरी पूर्ण रूपमा वेबमा आधारित बनाइएको। उक्त प्रणालीमा बजेट रोक्का/फुकुवा, बजेट समर्पण लगायतका कार्य गर्दा एकल कोष खाता प्रणाली (TSA) मा सोझै प्रतिविम्बित हुने गरी प्रणालीको विकास गरिएको।
- रकमान्तर, स्रोतान्तर, अख्तियारी, वित्तीय हस्तान्तरण, कार्यक्रम संशोधन, रोक्का, फुकुवा सम्बन्धी जानकारी प्राप्त हुने गरी मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा विभिन्न प्रतिवेदनहरूको ढाँचा तय गरिएको।
- मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS), एकल कोष खाता प्रणाली (TSA), विद्युतीय सरकारी लेखा प्रणाली (CGAS), प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS), प्रदेश एकल कोष खाता प्रणाली (PTSA) र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) मा नियमित सुधार गरी आवश्यकतामा आधारित एवम् समयानुकूल बनाई अन्तर आबद्धताको काम भइरहेको।
- स्थानीय तहको राजस्व सङ्कलन, लेखाङ्कन र प्रतिवेदन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) मा राजस्व मोड्युल तयार गरी कार्यान्वयनमा ल्याइएको।
- सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) को परिमार्जित स्वरुप (PAMS V2) लागू गरिएको।
- ठेक्का सम्झौताको सम्पूर्ण विवरण हेर्न मिल्ने र सरकारको नगद प्रवाह व्यवस्थापनलाई सहयोग गर्ने गरी विद्युतीय सरकारी लेखा प्रणाली (CGAS) मा प्रतिवद्धता भुक्तानी मोड्युलको शुरुवात गरिएको।
- चालु वर्षमा दायित्व सिर्जना भएका तर भुक्तानी हुन नसकेका खर्चको विवरण कार्यालयले विद्युतीय सरकारी लेखा प्रणाली (CGAS) मा लेखाङ्कन गरी कोष तथा लेखा नियन्त्रक कार्यालयले एकल कोष खाता प्रणाली (TSA) बाट प्रमाणित गर्ने व्यवस्था गरिएको। यसबाट भुक्तानी दिन बाँकी रकमको वास्तविक तथ्याङ्क प्राप्त हुने अवस्था रहेको।
- विभिन्न कार्यालयहरूको नाममा खोलिएका क २.७, क २.८, क २.९, क २.१० समूहका खाताहरूको विवरण प्राप्त गरी उक्त खाताहरूको आम्दानी र खर्चको लेखाङ्कनको शुरुवात विद्युतीय सरकारी लेखा प्रणाली (CGAS) बाट गर्न थालिएको। यसले विभिन्न खाताहरूमा रहेको नगद मौज्दातको यथार्थ अवस्थाको चित्रण गरेको छ।
- Project Account Module र Treasury Accounting विकास गरी एकीकृत सार्वजनिक वित्त व्यवस्थापन सेवा (IPFMS) प्रणाली प्रयोगमा ल्याइएको।
- आयोजना लेखालाई व्यवस्थित गर्न एकीकृत सार्वजनिक वित्त व्यवस्थापन सेवा (IPFMS) अन्तर्गत Project Accounting Module को विकास गरी कार्यान्वयन गरिएको।
- अन्य कोष खाताहरूको लेखापालन तथा प्रतिवेदन समेत विद्युतीय सरकारी लेखा प्रणाली (CGAS) बाट गर्न थालिएको।
- मन्त्रालयगत वित्तीय व्यवस्थापन सूचना प्रणाली (MFMIS) निर्माण गरी समयानुकूल विकास गरिएको।
- संघ, प्रदेश र स्थानीय तहको NPSAS मा आधारित एकीकृत वित्तीय प्रतिवेदन तयार गरिएको।

## ५.४ कार्य पद्धतिगत सुधार

- चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न संघीय निकायका लागि बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन र प्रदेश तथा स्थानीय तहका लागि अन्तरसरकारी वित्त हस्तान्तरण कार्यान्वयन मार्गदर्शन जारी गरिएको।
- समानीकरण अनुदानलाई राजस्व सङ्कलन प्रगतिसँग आवद्ध गर्ने नीतिलाई निरन्तरता दिइएको।
- आयोजनाको प्रभावकारी कार्यान्वयन गरी तोकिएको समयमा नै सम्पन्न गर्न आन्तरिक प्रतिस्पर्धाको आधारमा आयोजना प्रमुख छनौट गर्ने र कार्यसम्पादन सम्झौतामा तोकिएको न्यूनतम अंक हासिल नगरेमा बाहेक आयोजना अवधिभर सरुवा नगर्ने गरी मापदण्ड तयार गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइएको। राष्ट्रिय प्राथमिकताका आयोजनामा दुई सिफ्टमा काम गर्ने व्यवस्था मिलाउन मार्गदर्शन गरिएको।
- आयोजना प्रमुखलगायत अन्य कर्मचारीलाई स्पष्ट कार्य विवरण, कार्यसम्पादन सूचक, आवश्यक अधिकार एवम् जिम्मेवारी र उत्तरदायित्वसहित आयोजनामा खटाउन मार्गदर्शन गरिएको।
- वातावरणीय प्रभाव मूल्याङ्कन र प्रारम्भिक वातावरणीय परीक्षणका कार्यहरू प्रचलित कानूनमा तोकिएको न्यूनतम समय सीमाभित्र सम्पन्न गर्न तथा सडक निर्माणको लागि बोलपत्र आव्हान गर्दा खानेपानी तथा ढल, बिजुलीको पोल/तार व्यवस्थापन वा भूमिगत गर्ने समेतको काम एउटै प्याकेजमा समावेश गरी कार्यान्वयन गर्ने/गराउने व्यवस्था मिलाइएको।
- समग्र कोषको उपलब्धता र चाप समेतलाई मध्यनजर गरी सबै प्रकारका प्रोत्साहन भत्ता, अतिरिक्त समय भत्ता लगायतका भत्ता खारेज गरिएको, अत्यावश्यक बाहेक नयाँ सवारी साधन, फर्निचर तथा फर्निसिङ्ग खरिद नगर्ने एवम् कार्यालय सञ्चालन खर्चमा मितव्ययिता कायम गर्ने नीति लिइएको।
- सरकारी स्वामित्वको भवन निर्माण तथा भवनभित्र गरिने सजावटको सम्बन्धमा शहरी विकास मन्त्रालयबाट तयार गरेको भवन निर्माण तथा सजावट सम्बन्धी मापदण्ड बमोजिम गर्नुपर्ने नीति लिइएको।
- सरकारी सवारी साधनको सञ्चालन र व्यवस्थापनमा हुने बढ्दो खर्च नियन्त्रण गर्न मापदण्ड तर्जुमा गरी सरकारी सवारी साधन सुविधा प्राप्त गर्ने पदाधिकारीलाई इन्धनको सट्टा मापदण्डको आधारमा एकमुष्ट रूपमा नगदै प्रदान गर्ने नीतिलाई निरन्तरता दिइएको।
- विस्तृत सम्भाव्यता अध्ययन, जग्गा प्राप्ति लगायतका प्रक्रिया सम्पन्न भई आयोजना बैङ्कमा प्रविष्टी भएका कार्यक्रमलाई प्राथमिकीकरण गरी बजेटमा समावेश गर्न प्राथमिकता दिइएको।
- विनियोजित बजेट तथा स्वीकृत कार्यक्रममा नपरेका कार्यक्रम/आयोजनाका लागि थप बजेट निकासा, रकमान्तर तथा कार्यक्रम संशोधन नगर्ने नीति लिइएको।
- सरकारी कार्यालयले कार्यालय प्रयोजनका लागि सकेसम्म खाली भएका सरकारी भवनलाई प्राथमिकता दिई प्रयोग गर्नुपर्ने, त्यस्तो हुन नसकेमा व्यापारिक क्षेत्र र प्रमुख मार्गमा घर बहालमा नलिई न्यूनतम आवश्यकता र सुविधा भएको घर बहालमा लिनुपर्ने व्यवस्था गरिएको।
- कार्यरत जनशक्तिको अधिकतम उपयोग गर्नुपर्नेमा सो नगरी बाह्य निकाय/संस्था/व्यक्तिबाट परामर्शदाता नियुक्ति गरी कार्यसम्पादन गराउने प्रवृत्तिलाई निरुत्साहित गर्न बिषयगत मन्त्रालयलाई मार्गदर्शन जारी गरिएको।

- कार्यक्रम/आयोजनाको प्रभावकारी कार्यान्वयनका लागि मन्त्रालय/निकायले विभागीय प्रमुख र आयोजना प्रमुखसँग कार्यसम्पादन सम्झौता गरी सो अनुरूपका क्रियाकलापलाई निश्चित भार दिई वस्तुनिष्ठ आधारमा कार्यसम्पादनस्तर मापन गर्नुपर्ने गरी मार्गदर्शन जारी गरिएको।

## ५.५ अन्तरसरकारी वित्त हस्तान्तरणमा गरिएको सुधार

- अन्तर सरकारी वित्त हस्तान्तरण र बजेट परिचालनका लागि विनियोजन ऐन, २०८१ र वित्तीय हस्तान्तरणको छुट्टै मार्गदर्शनमार्फत स्पष्ट गरिएको।
- समपुरक र विशेष अनुदानलाई व्यवस्थित गर्न अनुदान सम्बन्धी कार्यविधि संशोधन गर्ने प्रक्रिया अन्तिम चरणमा पुगेको।
- वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम महालेखा नियन्त्रक कार्यालयले सम्बन्धित प्रदेश र स्थानीय तहको सञ्चित कोषमा २०८१ भाद्र २ गते, २०८१ कात्तिक २ गते, २०८१ माघ २ गते र २०८२ वैशाख २ गते गरी चार किस्तामा हस्तान्तरण हुने व्यवस्था गरिएको।
- वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण, वार्षिक आर्थिक विवरण एवम् नेपाल सरकारबाट हस्तान्तरण भएको रकमको खर्च विवरण कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाउनु पर्ने व्यवस्था गरिएको।
- प्रदेश र स्थानीय तहले सशर्त अनुदान वापत हस्तान्तरण भएको रकम जुन विषय क्षेत्रको कार्यक्रम वा आयोजनाको लागि प्राप्त भएको हो सोही कार्यक्रम वा आयोजनाको लागि मात्र खर्च गर्ने व्यवस्था गरिएको।
- सशर्त अनुदान अन्तर्गत वित्तीय हस्तान्तरण भएको रकमको स्थानीय र प्रदेश तहले भौतिक प्रगति र खर्च भएको रकमको विवरण सहित वार्षिक आर्थिक विवरण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाउने व्यवस्था गरिएको।
- सशर्त, समपूरक र विशेष अनुदानको रकम खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सोही आर्थिक वर्षको असार मसान्तभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमार्फत संघीय सञ्चित कोषमा फिर्ता दाखिला गर्नुपर्ने व्यवस्था गरिएको।

## ५.६ प्रणालीको विकास र अन्तरआवद्धता (System Development and Integration)

- सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS V2) लाई विद्युतीय सरकारी लेखा प्रणाली (CGAS) र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) सँग आवद्ध गरिएको।
- मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) र प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा प्रविष्टि हुने बजेट तथा कार्यक्रमको विवरण स्वतः एकल कोष खाता प्रणाली (TSA), प्रदेश एकल कोष खाता प्रणाली (PTSA) र विद्युतीय सरकारी लेखा प्रणाली (CGAS) मा आउने गरी प्रणालीको विकास गरिएको।
- एकल कोष खाता प्रणाली (TSA), विद्युतीय सरकारी लेखा प्रणाली (CGAS) लगायतका प्रणालीलाई एकीकृत गर्दै एउटै Platform एकीकृत सार्वजनिक वित्त व्यवस्थापन सेवा (IPFMS) अन्तर्गत राखिएको।
- विद्युतीय सरकारी लेखा प्रणाली (CGAS) सँग आन्तरिक राजस्व विभागको Integrated Tax System (ITS) बिच अन्तरआवद्धता गरी स्वचालित रुपमा e-TDS हुने व्यवस्था गरिएको।

## ५.७ अन्य

- अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप सरकारी आम्दानी र खर्चको वर्गीकरणलाई अन्तर्राष्ट्रिय मुद्रा कोषको Government Finance Statistics Manual, 2014 अनुकूल हुने गरी परिमार्जन गरिएको।
- आन्तरिक लेखापरीक्षण एकीकृत प्रतिवेदनलाई एकल कोष खाता प्रणाली (TSA) मा आबद्ध गर्न प्रणालीको स्तरोन्नति गरी लेखापरीक्षण प्रतिवेदनलाई आवद्ध गरिएको।
- साविकमा प्रदेशतर्फको स्रोत र विकास साझेदारको प्राथमिक स्रोतमा मात्र लेखाङ्कन हुने गरिएकोमा प्रणालीमा सुधार गरेर प्राथमिक र द्वितीय स्रोत छुट्टिने गरी लेखाङ्कन र प्रतिवेदन हुने गरी प्रणाली विकास गरिएको।

# परिच्छेद - छ
# खर्चको संशोधित अनुमान र पुनः प्राथमिकीकरण

## ६.१ समष्टिगत खर्च एवम् स्रोतको संशोधित अनुमान

### ६.१.१ खर्चको संशोधित अनुमान

चालु आर्थिक वर्षको बजेट कार्यान्वयनबाट नयाँ चरणको आर्थिक सुधार कार्यक्रम कार्यान्वयन गर्ने उद्देश्य रहेको छ। विगतको बजेट कार्यान्वयनमा देखिएका कमजोरीहरूमा सुधार ल्याई आर्थिक वर्षको शुरुदेखि नै बजेट सहज रुपमा कार्यान्वयनमा जान सकोस भन्ने अभिप्रायले चालु आर्थिक वर्षको बजेट वक्तव्यमा नै २०८१ असारभित्र बजेट कार्यान्वयन कार्ययोजना र २०८१ साउनभित्र आवश्यक निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाइसक्नु पर्ने उल्लेख गरिएको थियो। सोही अनुसार चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रमलाई प्रभावकारी रूपले कार्यान्वयनको लागि सहजीकरण गर्न अर्थ मन्त्रालयलबाट आर्थिक वर्षको शुरूमा नै ७३ बुँदे मार्गदर्शन जारी गरिएको थियो। उक्त मार्गदर्शनमा सम्बन्धित निकायले विनियोजित रकम प्रचलित कानून बमोजिम खर्च गर्ने/गराउने, लेखा राख्ने, प्रतिवेदन गर्ने र लेखापरीक्षण गर्ने/गराउने समेतको जिम्मेवारी पूरा गर्ने, बजेटले लिएका उद्देश्य प्राप्तिको लागि उपलब्ध हुने स्रोतको अधिकतम उपयोग गर्दै खर्चमा मितव्ययिता, प्रभावकारिता र दक्षता कायम गर्ने साथै समग्र वित्तीय अनुशासन कायम गर्दै बजेट, निकासा, खर्च र नियन्त्रण लगायत वित्तीय उत्तरदायित्व कायम गर्न विनियोजन ऐन, २०८१; आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७ को परिपालन गरी बजेट कार्यान्वयन गर्ने विषय समेटिएको थियो।

मन्त्रालय तथा निकायहरूमा रहेको अवण्डा बजेट असोज मसान्तभित्र बाँडफाँट गरिसक्नु पर्ने, वार्षिक स्वीकृत कार्यक्रमका लागि विनियोजित बजेट फागुन मसान्तसम्म खर्च नभएमा वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा त्यस्तो रकम २०८१ चैत १५ गतेभित्र अनिवार्य रूपमा समर्पण गर्नुपर्ने, विनियोजित बजेट प्रदेश र स्थानीय तहमार्फत खर्च गराउनु पर्ने भए सम्बन्धित मन्त्रालयबाट विनियोजन ऐनको व्यवस्था बमोजिम निर्णय गरी कार्यान्वयन गर्नुपर्ने, आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्डको पूर्ण पालना गरी बजेट अनुशासन कायम गर्न स्रोत सहमति माग गर्ने र स्वीकृत गर्ने, माग गरेको आर्थिक वर्षमा मापदण्डले तोकेभन्दा बढीको स्रोत सहमति प्रदान नगर्ने लगायतका विषयहरू उक्त मार्गदर्शनमा समावेश गरिएको छ।

मन्त्रालयहरूको सिर्जना भइसकेको दायित्व सम्बन्धी विवरण अद्यावधिक गरी सिर्जित दायित्व भुक्तानीका लागि अर्थ मन्त्रालयले रकमान्तर तथा कार्यक्रम संशोधनमा सहजीकरण गरेको छ। गत विगतमा न्यून बजेट विनियोजन भएका स-साना आयोजनाहरूको लागि समेत बहुवर्षीय ठेक्का सहमति दिने प्रचलन रहेको र ती आयोजनाहरूमा पर्याप्त बजेट विनियोजन नहुँदा अधुरा आयोजनाको संख्या बढ्दै गएको तथ्यलाई आत्मसात गर्दै मन्त्रालयले विगतमा स्रोत सहमति दिएका आयोजना र सोको ठेक्काबाट सिर्जित दायित्वलाई यकिन गरी मध्यमकालीन खर्च संरचनामा अनुमान गरिएको बजेट सीमालाई आधार मानी स्रोतको उपलब्धताको आधारमा प्राथमिकीकरण गरेर मात्र थप आयोजनाको लागि बहुबर्षीय ठेक्का सहमति दिने नीति लिइएको छ। यसै क्रममा बहुवर्षीय ठेक्कालाई व्यवस्थित गर्न परिमार्जनसहित आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ कार्यान्वयनमा ल्याइएको छ। बहुवर्षीय ठेक्कामा गएका आयोजनाहरूको लागि स्रोत सुनिश्चितता होस भन्ने अभिप्रायले स्रोत सहमति दिइएका आयोजनाहरूको विवरण मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गरी प्रणालीबाटै आगामी आर्थिक वर्षको लागि बजेट विनियोजन हुन सक्ने व्यवस्था कार्यान्वयनमा ल्याइएको छ। बजेट निर्माण तथा

कार्यान्वयनमा रहेका समस्याहरूलाई सहजीकरण गर्ने गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को सामयिक संशोधन भएको छ। साथै व्यावसायिक वातावरणमा सुधार तथा लगानी अभिवृद्धि सम्बन्धी अन्य सम्बद्ध कानूनहरूमा संशोधन गरी निजी क्षेत्रको लगानी प्रोत्साहन हुने अवस्थाको सिर्जना भएको छ।

समग्र अर्थतन्त्रलाई चलायमान बनाई हाल बजारमा देखिएको शिथिलतालाई चिर्दै निजी तथा सरकारी क्षेत्रको लगानी अभिवृद्धिका माध्यमबाट उत्पादन, रोजगारी र आय आर्जनमा वृद्धि गर्न नीतिगत तथा कानुनी सुधारका प्रयत्नहरू भइरहेको छ। पुँजी बजारलाई थप व्यवस्थित गर्न संरचनात्मक सुधारको कार्य अघि बढेको छ। बजारमा पर्याप्त तरलता र पुँजीको लागत न्यून हुँदा पनि लगानीको लागि पुँजीको माग कम रहेकाले बजार चलायमान हुन सकेको छैन भने घरजग्गा कारोबारमा समेत उल्लेखनीय सुधार हुन सकेको छैन। यसको असरले गर्दा पुँजीगत खर्च र राजस्व परिचालनमा लक्ष्य अनुरुप सफलता प्राप्त हुन सकेको छैन।

माथि उल्लेख गरिएका कानूनी व्यवस्था र सुधार प्रयासहरूको बाबजुद सरकारको पुँजीगत खर्च वृद्धि हुन सकेको छैन। पुँजीगत खर्च वृद्धि हुन नसक्नुमा विगतमा जस्तै चक्रीय अवरोधहरूः वातावरणीय प्रभाव मूल्याङ्कन, पुरक वातावरणीय प्रभाव मूल्याङ्कन, वन क्षेत्रको प्रयोग, रुख कटानीको स्वीकृति, वन विकास कोषमा रकम दाखिला, जग्गा प्राप्ति र निर्माण सामग्रीको आपूर्ति सहजता जस्ता प्रावधान एवम् प्रक्रियालाई सहज र सरल बनाउने गरी विद्यमान कानूनमा सुधारको प्रक्रिया शुरु भएपनि हालसम्म पूरा भएको छैन। आयोजनाका लागि जग्गा प्राप्ति एवम् मुआव्जा निर्धारण मूल्याङ्कन प्रणालीलाई व्यवस्थित बनाउने गरी सम्बद्ध कानूनहरूमा आवश्यक संशोधन हुन नसक्नु, सार्वजनिक खरिद ऐन र नियमावलीलाई सुधार गरी खरिद प्रक्रियालाई सरल, पारदर्शी एवम् प्रभावकारी वनाउन कानून संशोधन हुन नसक्नु, खोला, नाला एवम् खानीबाट ढुङ्गा, गिटी, वालुवा उत्खनन गर्नका लागि स्थानीय तहहरूले ठेक्का लगाउने, संघीय आयोजनाका निर्माण व्यवसायीहरूले स्थानीय ठेकेदारमार्फत मात्र खरिद गर्न सक्ने झन्झटिलो व्यवस्था जस्ता कारणहरू आयोजनाको सहज कार्यान्वयनमा अवरोधको रुपमा रहेको देखिन्छ। यसको अलावा आयोजना व्यवस्थापनको निर्णयमा ढिलाई, निर्माण व्यवसायीबाट हुने ढिलासुस्ती, आयोजना प्रभावितसँगको विवाद, दक्ष जनशक्तिको अभाव र अन्तर निकाय समन्वयको कमी जस्ता परम्परागत कारणहरू विद्यमान रहेकाले चालु आर्थिक वर्षमा पनि पुँजीगत खर्चमा अपेक्षित सुधार हुन सकेको देखिदैन।

पूर्व तयारी नभएका आयोजना बजेटमा समावेश हुनु, पर्याप्त बजेट विनियोजन नहुनु, सम्वद्ध निकायको क्रियाशिलतामा कमी, आयोजना कार्यान्वयन दस्तावेज तयारीमा ढिलाई, कार्यान्वयन प्रक्रिया निर्धारण एवम् कर्मचारी व्यवस्थापनमा देखिने ढिलासुस्ती र दातृ निकायका खरिद विधिमा आयोजना व्यवस्थापन अभ्यस्त नहुनु जस्ता विषयहरू वैदेशिक सहायता समावेश भएका आयोजनाहरू उपयोग क्षमता न्यून हुनुका प्रमुख कारणका रुपमा रहेका छन्।

विपद्पछिको राहत तथा पुनर्निर्माण काममा स्रोत व्यवस्थापन गर्नु पर्दा बजेटमा अतिरिक्त चाप पर्ने गरेको छ। प्रभावकारी मागमा कमी आई अर्थतन्त्रमा शिथिलता देखिएको अवस्थामा सरकारी खर्च बढाउनु पर्ने आवश्यकता एकातिर छ भने अर्को तिर राज्यको अनिवार्य दायित्व निरन्तर बढिरहेको, चालु खर्चको क्षेत्र विस्तार भएको र राजस्व संकलन लक्ष्य अनुरुप नभएकाले आर्थिक पुनरुत्थानका थप कार्यक्रम सञ्चालन गर्न स्रोतको कमी भएको अवस्था छ। यस्तो अवस्थामा समेत संघीय सरकारका मन्त्रालयहरू तथा प्रदेश र स्थानीय तहबाट अर्थतन्त्र सामान्य स्थितिमा रहेको सरह थप सेवा सुविधा र दीर्घकालीन दायित्व वृद्धि गर्ने दवाब कायमै रहेको हुँदा स्रोत व्यवस्थापन थप चुनौतीपूर्ण भएको छ।

सामाजिक सुरक्षा, वित्तीय हस्तान्तरण, ऋणको ब्याज भुक्तानी जस्ता अनिवार्य दायित्वका खर्चहरू वर्षेनी थपिंदै गएको कारण चालु खर्च अपेक्षित रुपले घटाउन सकिएको छैन।

यद्यपि, अर्थतन्त्रका बाह्य सूचकहरू उत्साहजनक रहेको तथा समष्टिगत सूचकहरू समेत सकारात्मक दिशातर्फ उन्मुख रहेकाले विद्यमान परिस्थितिमा सुधार आउने अपेक्षा गरिएको छ। मुलुकको पहिलो सार्वभौम साख मूल्याङ्कन नतिजा (BB-) ले समेत नेपाल लगानीको लागि सुरक्षित रहेको देखाएको छ। मौद्रिक नीतिमा गरिएको सुधार तथा लचकता समेतको कारण आर्थिक गतिविधि बढ्न गई अर्थतन्त्र थप चलायमान हुने तथा ब्याजदर उल्लेख्य रुपमा घटेको कारणले बैङ्क तथा वित्तीय क्षेत्रबाट कर्जाको माग बढ्ने एवम् निजी क्षेत्रको लगानी बढ्दै जाने देखिन्छ। लगानी प्रवर्द्धन सम्बन्धी कानूनमा गरिएको संशोधन, बैङ्कमा रहेको पर्याप्त तरलता, पुँजीको न्यून लागत र स्थिर सरकारका कारण स्वदेशी निजी क्षेत्र, वैदेशिक लगानी र गैरआवासीय नेपालीको लगानीमा वृद्धि भई आर्थिक गतिविधि बढ्दै जाने अनुमान छ।

राजस्व चुहावट नियन्त्रण गर्न केन्द्रिय द्रुत गस्ती टोली गठन गरी परिचालन गरिएको, आन्तरिक राजस्व परिचालन रणनीति, २०८१ स्वीकृत गरी कार्यान्वयनमा ल्याईएको, भन्सार मूल्याङ्कनलाई यथार्थ कारोवार मूल्यमा आधारित बनाउन रणनीति तयार गरी लागू गरिएको, राजस्व प्राप्त गर्न अधिक समय लाग्ने र लामो अनुसन्धान प्रक्रियालाई सुधार गर्ने गरी राजस्व चुहावट सम्बन्धी ऐनलाई संशोधन गरी कार्यान्वयनमा ल्याइएको छ। चालु आर्थिक वर्षमा कर सम्बन्धी ऐन तथा नीतिमा खासै परिवर्तन नगरी करको दायरा विस्तारमा केन्द्रित भएको कारण निजी क्षेत्रमा राजस्व नीतिको स्थिरताको सकारात्मक सन्देश प्रवाह भएको छ। नीतिगत स्थिरता, समन्वयकारी प्रशासन र नागरिक सचेतना, अर्थतन्त्रका सकारात्मक सूचकको विद्यमानता जस्ता सबलताले बाँकी अवधिमा आर्थिक क्रियाकलाप चलायमान भई राजस्व परिचालनमा सुधार आउने अपेक्षा राखिएको छ।

प्रस्तुत सन्दर्भमा वित्तीय अनुशासन कायम गर्न जोड दिने, पुँजीगत खर्च बढाउन आयोजना कार्यान्वयनको लागि आवश्यक कानूनी सुधार गर्ने, आयोजनाको प्राथमिकीकरण गर्ने, अनुत्पादक खर्च नियन्त्रण गर्ने, गुणस्तरीय आयोजना छनौट गर्ने, आयोजनाहरूमा दोहोरोपना नहुने गरी समन्वयात्मक ढंगले छनौट गर्ने र आगामी आर्थिक वर्षको स्रोतको सीमालाई यथार्थपरक बनाउने जस्ता उपायहरू अवलम्बन गरी बजेट प्रणालीमा सुधार गर्दै सरकारी कोषको सन्तुलन कायम गर्नु आवश्यक छ।

चालु आर्थिक वर्षको प्रथम ६ महिनाको खर्चको अवस्था, अनावश्यक खर्च कटौती र बजेटको पुनःप्राथमिकीकरण गर्ने नीति अवलम्बन गरिएका कारण आर्थिक बर्षको बाँकी ६ महिनाको अवधिमा देहाय बमोजिम खर्च हुने संशोधित अनुमान गरिएको छ।

**तालिका ६.१: खर्चको संशोधित अनुमान** (रू.लाखमा)

| शीर्षक | आर्थिक वर्ष २०८०/८१ | | | आर्थिक वर्ष २०८१/८२ समष्टिगत स्थिति | | | |
|---|---|---|---|---|---|---|---|
| | बजेट अनुमान | यथार्थ खर्च | खर्च प्रतिशत | बजेट अनुमान | पुससम्मको यथार्थ खर्च | संशोधित अनुमानित खर्च | संशोधित अनुमानित खर्च प्रतिशत |
| चालु खर्च | ११४१७८४१ | ९२९१२६४ | ८१.३७ | ११४०६६४५ | ४५२००५५ | १०२९३००० | ९०.२४ |
| पुँजीगत खर्च | ३०२०७४४ | १९२०२७४ | ६३.५७ | ३५२३५४० | ५६९३८४ | २९९५००९ | ८५.०० |
| वित्तीय व्यवस्था | ३०७४५३६ | २७२२४७८ | ८८.५५ | ३६७२८४५ | १५८६६३९ | ३६३९३२६ | ९९.०९ |
| **जम्मा** | **१७५१३१२१** | **१३९३४०१६** | **७९.५६** | **१८६०३०३०** | **६६७६०७८** | **१६९२७३३५** | **९०.९९** |

*स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय*

### ६.१.२ खर्चको संशोधित अनुमानका आधार

आर्थिक वृद्धिको परिचालकको रुपमा रहेको पुँजीगत खर्च बढाउन अत्यावश्यक रहेको, बढ्दो साधारण खर्च र साँवा ब्याज भुक्तानीले गर्दा पुँजीगत खर्चको लागि स्रोत उपलब्धता साँघुरिदै गएको छ। एकातर्फ विनियोजित पुँजीगत बजेट खर्च नहुने अवस्था छ भने अर्कोतर्फ बजेटमा अनिवार्य दायित्वको हिस्सा बढ्दै गएको, विपदका कारण थप दायित्व सिर्जना भएको र सामाजिक सुरक्षाको क्षेत्रमा भएको दायरा विस्तार लगायतका कारणले साधारण खर्चलाई कम गर्नसक्ने अवस्था छैन। साधारण खर्च र सावाँ ब्याज भुक्तानी तर्फको खर्च तीव्ररुपमा बढ्दै जाँदा सार्वजनिक खर्च व्यवस्थापनमा दवाब सिर्जना भएको छ। राजस्व सङ्कलन लक्ष्य अनुसार हुन नसकेको, वैदेशिक सहायता अपेक्षाकृत परिचालन नभएको र संघीय सञ्चित कोषमा परेको दबाबका कारण विद्यमान अवस्थामा पुँजीगत खर्चका अवरोधकहरूलाई चिर्दै शिथिल रहेको अर्थतन्त्रलाई चलायमान बनाउनेगरी विकास निर्माणका कार्यलाई प्राथमिकीकरण गरी तीव्रता दिने र साधारण खर्चमा मितव्ययीता कायम गरी बजेटलाई उपयुक्त आकारमा ल्याउनु पर्ने अवस्था रहेको छ। चालु आर्थिक वर्षको अन्त्यसम्म हुने संशोधित खर्च अनुमानका आधार देहाय बमोजिम रहेका छन्।

**चालु खर्चतर्फ**

- स्वास्थ्य बीमा लगायतका अनिवार्य दायित्वका शिर्षकमा बजेट तर्जुमा गर्दा बजेट विनियोजन नभएको वा न्यून विनियोजन भएको कारण आर्थिक वर्षको बीचमा स्रोत व्यवस्थापन गर्नुपर्ने वाध्यता सिर्जना भएको।
- प्राकृतिक प्रकोपबाट प्रभावित नागरिकहरूको लागि राहत, पुनर्वास तथा पुनर्निमाण लगायतका कार्यक्रमका लागि स्रोत व्यवस्थापन गर्नु परेको।
- विद्युतीय राहदानी छपाई नियमित गर्न थप स्रोत आवश्यक रहेको।
- चालु आर्थिक वर्षमा स्थानीय तह उपनिर्वाचन गर्न थप निकासा गर्नु परेको।
- सुरक्षा निकायहरूलाई नपुग्ने पारिश्रमिक, खाद्यान्न लगायतका अत्यावश्यक दायित्वका लागि नपुग हुने बजेट व्यवस्था गर्नुपर्ने।
- सामाजिक सुरक्षा भत्ताका लागि न्यून रकम विनियोजन भएकोले नपुग हुने रकम व्यवस्थापन गर्नुपर्ने।
- अदालतहरूको फैसला बमोजिम राजस्व फिर्ता लगायतका थप आर्थिक दायित्व वहन गर्नुपर्ने।
- कानूनले निर्धारण गरेको सुविधा तोकिए बमोजिमका अधिकारीलाई उपलव्ध गराउन थप बजेट निकासा गर्नुपर्ने।
- नेपाल सरकार मन्त्रिपरिषद्बाट गरिने निर्णयले कतिपय नयाँ संगठन संरचनाहरू स्थापना तथा सञ्चालनको लागि बजेट व्यवस्था गर्नुपर्ने, राहत तथा क्षतिपूर्तिका लागि थप बजेट निकासा गर्नुपर्ने र केही कार्यक्रमहरूको विस्तार समेत गर्न थप रकम व्यवस्थापन गर्नुपर्ने।

**पुँजीगत खर्चतर्फ**

- त्रिभुवन विश्वविद्यालय, किर्तिपुरस्थित क्रिकेट रंगाशालाको स्तरोन्नतिको काममा चालु बर्षको लागि थप बजेट व्यवस्थापन गर्नुपर्ने।
- विगत वर्षहरूमा नै ठेक्का व्यवस्थापन भई समयमा काम सम्पन्न नभएका तर म्याद थप भएका आयोजनाहरूको बाँकी रहेको दायित्व रकम भुक्तानी गर्नुपर्ने।

- विगतमा कार्य सम्पन्न भई सकेका आयोजनाहरूको समेत भुक्तानी नभएको र बजेट समेत विनियोजन नभएको अवस्थामा सिर्जित दायित्व भुक्तानीको लागि थप बजेट व्यवस्थापन गर्नुपर्ने।
- मनसुनजन्य विपद्बाट क्षतिग्रस्त आयोजना/पूर्वाधारको पुनर्निर्माण तथा पुनःस्थापना कार्यलाई उच्च प्राथमिकता दिई थप बजेट उपलब्ध गराउनु पर्ने। हालसम्म विपद् व्यवस्थापन कोषमा रू.४ अर्ब रकम निकासा गरिएको।

**वित्तीय व्यवस्थातर्फ**

- सार्वजनिक ऋणको दायित्व नियमित रुपमा भुक्तानी गर्न आवश्यक स्रोत व्यवस्था गर्नुपर्ने।
- दुग्ध विकास संस्थानलाई कृषकहरूको बक्यौता रकम भुक्तानीका लागि थप स्रोत आवश्यक भई ऋण लगानी गरिएको।
- सार्वजनिक संस्थानहरूलाई बजेटमा उल्लेखित रकम लगानी गरी आयोजना तथा कार्यक्रम सञ्चालन गर्नुपर्ने।

### ६.१.३ चालु खर्च अनुमान

चालु आर्थिक वर्षको पहिलो ६ महिनामा रू.४ खर्ब ५२ अर्ब ५५ लाख खर्च भइसकेको र चालु खर्चको संशोधित अनुमानका आधारहरूलाई विश्लेषण, विभिन्न मन्त्रालय/निकायहरूको थप मागको सम्बोधन गर्न आर्थिक वर्षको बाँकी अवधिमा थप रू.५खर्ब ७७ अर्ब २९ करोड ४५ लाख हुने अनुमान छ। चालु आर्थिक वर्षको पहिलो ६ महिनामा भएको खर्च र बाँकी अवधिमा हुने खर्चको अनुमान समेतका आधारमा चालु आर्थिक वर्षमा चालु खर्चतर्फ विनियोजित रकमको ९०.२४ प्रतिशत अर्थात् रू.१० खर्ब २९ अर्ब ३० करोड खर्च हुने संशोधित अनुमान छ।

### ६.१.४ पुँजीगत खर्च अनुमान

पुँजीगत खर्चतर्फ चालु आर्थिक वर्षको प्रथम ६ महिनामा रू.५६ अर्ब ९३ करोड ८४ लाख खर्च भएको र बाँकी अवधिमा हुने पुँजीगत खर्चको अनुमान समेतका आधारमा बाँकी अवधिमा थप रू.२ खर्ब ४२ अर्ब ५६ करोड २५ लाख पुँजीगत खर्च हुने अनुमान छ। हालसम्म भएको खर्च र बाँकी अवधिमा हुने खर्च समेत गरी चालु आर्थिक वर्षमा पुँजीगततर्फ विनियोजनको ८५ प्रतिशत अर्थात् रू.२ खर्ब ९९ अर्ब ५० करोड ९ लाख खर्च हुने संशोधित अनुमान छ।

### ६.१.५ वित्तीय व्यवस्थातर्फको अनुमान

वित्तीय व्यवस्थातर्फ चालु आर्थिक वर्षको पहिलो ६ महिनामा रू.१ खर्ब ५८ अर्ब ६६ करोड ३९ लाख खर्च भएको छ। बाँकी अवधिमा हुने सावाँ र ब्याज भुक्तानी, अन्य खर्चसमेतको आधारमा रू.२ खर्ब ५ अर्ब २६ करोड ८७ लाख थप खर्च हुने अनुमान छ। खर्च भएको र खर्च हुने अनुमानको आधारमा चालु आर्थिक वर्षमा वित्तीय व्यवस्थातर्फ विनियोजनको ९९.०९ प्रतिशत अर्थात् रू.३ खर्ब ६३ अर्ब ९३ करोड २६ लाख खर्च हुने संशोधित अनुमान छ।

**चालु आर्थिक वर्ष २०८१/८२ को खर्चको संशोधित अनुमान**

चालु आर्थिक वर्षमा चालुतर्फ रू.१० खर्ब २९ अर्ब ३० करोड पुँजीगततर्फ रू.२ खर्ब ९९ अर्ब ५० करोड ९ लाख र वित्तीय व्यवस्थातर्फ रू.३ खर्ब ६३ अर्ब ९३ करोड २६ लाख गरी कूल खर्च रू.१६ खर्ब ९२ अर्ब ७३ करोड ३५ लाख खर्च हुने संशोधित अनुमान छ। यो रकम शुरू विनियोजनको ९०.९९ प्रतिशत हो।

## ६.२ स्रोतगत खर्च अनुमान

चालु आर्थिक वर्षको बजेटमा प्रस्ताव गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये राजस्व र आन्तरिक ऋणबाट गरी जम्मा रू.१५ खर्ब ९० अर्ब ३० करोड ३० लाख, वैदेशिक अनुदानबाट रू.५२ अर्ब ३२ करोड ६५ लाख र वैदेशिक ऋणबाट रू.२ खर्ब १७ अर्ब ६७ करोड ३५ लाख रहने अनुमान गरिएको थियो।

समीक्षा अवधिसम्म नेपाल सरकारको स्रोतबाट रू.६ खर्ब १८ अर्ब ५१ करोड ४३ लाख, वैदेशिक अनुदानबाट रू.७ अर्ब ७१ करोड ९२ लाख र वैदेशिक ऋणबाट रू.४१ अर्ब ३७ करोड ४३ लाख खर्च भएको छ।

चालु वर्षको अन्त्यसम्ममा नेपाल सरकार स्रोततर्फबाट रू.१४ खर्ब ७५ अर्ब २६ करोड ८२ लाख खर्च हुने संशोधित अनुमान छ। वैदेशिक अनुदानतर्फ रू.३६ अर्ब ६२ करोड ८६ लाख खर्च हुने र वैदेशिक ऋणतर्फको रू.१ खर्ब ८० अर्ब ८३ करोड ६७ लाख खर्च हुने संशोधित अनुमान रहेको छ। विकास निर्माण कार्यले गति लिई पुँजीगत खर्चमा वृद्धि हुने, आर्थिक ऐनले गरेका मू.अ.कर तथा अन्तःशुल्क छुटका सूचीका खारेजी, नयाँ क्षेत्रमा लगाइएका कर लगायतका कारणबाट लक्षित राजस्व सङ्कलन हुने अनुमान रहेको छ।

**तालिका ६.२: स्रोतगत खर्चको परिचालनको संशोधित अनुमान** (रू.लाखमा)

| शीर्षक | आर्थिक वर्ष २०८०/८१ | | | समष्टिगत स्थिति | | | |
|---|---|---|---|---|---|---|---|
| | अनुमान | यथार्थ खर्च | खर्च प्रतिशत | आर्थिक वर्ष २०८१/८२ को बजेट | २०८१ पुससम्मको यथार्थ खर्च | आर्थिक वर्ष २०८१/८२ को संशोधित अनुमानित खर्च | संशोधित अनुमानित खर्च प्रतिशत |
| नेपाल सरकार (राजस्व र आन्तरिक ऋण) | १४८८६२०० | १२५१०५४७ | ८४.०४ | १५९०३०३० | ६१८५१४३ | १४७५२६८२ | ९२.७७ |
| वैदेशिक अनुदान | ४९९४३० | २३२८८८ | ४६.६३ | ५२३२६५ | ७७१९२ | ३६६२८६ | ७०.०० |
| वैदेशिक ऋण | २१२७४९१ | ११९०५८१ | ५५.९६ | २१७६७३५ | ४१३७४३ | १८०८३६७ | ८३.०८ |
| **जम्मा** | **१७५१३१२१** | **१३९३४०१६** | **७९.५६** | **१८६०३०३०** | **६६७६०७८** | **१६९२७३३५** | **९०.९९** |

*स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय*

## ६.३ खर्चको प्राथमिकीकरण

समीक्षा अवधिमा लक्ष्य बमोजिम खर्च हुन सकेको छैन। तथापि, माथि उल्लेख गरिएका आधारमा चालु आर्थिक वर्षको बाँकी अवधिमा चालु, पुँजीगत र वित्तीय व्यवस्थातर्फ खर्चमा वृद्धि हुने अनुमान छ। निमार्णाधीन आयोजनाको विगतमा सिर्जित दायित्व व्यवस्थापन गर्नुपर्ने, स्रोत व्यवस्थापनको दृष्टिले आर्थिक वर्षको चालु खर्चमा हुने वृद्धिलाई वाञ्छित सीमाभित्र राखी पुँजीगत खर्च बढाउनु पर्ने र मौजुदा स्रोतको उपलब्धताको अवस्थालाई मध्यनजर राखी आगामी ६ महिनामा खर्च हुन नसक्ने तथा बचत हुने क्षेत्र र कार्यक्रमहरूबाट खर्च हुन सक्ने चालु योजना र कार्यक्रममा बजेट व्यवस्थापन गर्न चालु आर्थिक वर्षको बाँकी अवधिको खर्चलाई पुनःप्राथमिकीकरण गर्नुपर्ने भएको छ।

### ६.३.१ चालु खर्च

चालु आर्थिक वर्षको बाँकी ६ महिनामा निम्नानुसार प्राथमिकीकरण गरिनेछः

- विनियोजित बजेटको सीमा नाघ्नेगरी खर्च गरेर अर्को वर्ष भुक्तानी दिने गरी दायित्व सार्ने प्रवृत्तिलाई नियन्त्रण गर्ने।
- हालसम्म कार्यान्वयन शुरु नभएका कार्यक्रमको बजेट रोक्का राखी अत्यावश्यक पर्ने क्षेत्रमा रकमान्तर गरी व्यवस्थापन गर्ने।
- अनिवार्य दायित्वका खर्चहरू आगामी आर्थिक वर्षमा स्थानान्तरण नहुने गरी चालु आर्थिक वर्षमा नै भुक्तानी गरिसक्ने।
- अति आवश्यक अवस्थामा बाहेक कार्यालय सञ्चालन खर्चमा थप निकासा नगर्ने।
- अत्यावश्यक बाहेक चालु आर्थिक वर्षमा नयाँ सङ्गठन संरचना र दरबन्दी सिर्जना नगर्ने साथै सभा, गोष्ठी, सेमिनार जस्ता कार्यक्रमहरू सरकारी निकायका सभाहलहरूमा नै गर्ने।
- नेपाल सरकारको स्रोतमा नेपाल सरकारबाट अनिवार्य रूपमा प्रतिनिधित्व गर्नुपर्ने बाहेक वैदेशिक भ्रमणलाई निरुत्साहित गर्ने।
- कार्यक्षेत्र दोहोरो परेका संरचनाहरू गाभ्ने, अनावश्यक संरचना खारेज गर्ने, प्रदेश र स्थानीय तहहरूको कार्यक्षेत्रमा पर्ने संरचना र जनशक्ति हस्तान्तरण गर्ने।
- तोकिएका कार्यविधि र मापदण्ड पूरा नगरी आर्थिक सहायता वितरण नगर्ने।
- सार्वजनिक सेवा प्रवाहलाई चुस्त र मितव्ययी बनाउन संगठन संरचनामा रहेका दोहोरोपन हटाउने।
- छरिएर रहेका सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई एकिकृत र व्यवस्थित गर्दै दोहोरो नपर्ने गरी व्यवस्थापन गर्न आवश्यक प्रणालीको विकास गर्ने।

### ६.३.२ पुँजीगत खर्च

चालु आर्थिक वर्षको बाँकी ६ महिनामा निम्नानुसार प्राथमिकीकरण गरिनेछः

- हालसम्म कार्यान्वयन प्रक्रियामा नगएका आयोजनाहरू स्थगित गर्ने।
- पूर्व तयारी पूरा नभएका आयोजना तथा कार्यक्रमहरू शुरु नगर्ने।
- राष्ट्रिय गौरवका आयोजना, अधुरा आयोजना एवम् अन्य महत्त्वपूर्ण आयोजनामा विधिपूर्वक सिर्जित दायित्वका लागि बजेट व्यवस्थापन गर्ने।
- चालु आर्थिक वर्ष २०८१/८२ को हकमा तत्काल खर्च नहुने तथा न्यून प्राथमिकताका आयोजनामा विनियोजित रकमबाट रकमान्तर गरी प्राथमिकता प्राप्त आयोजनामा स्रोत व्यवस्थापन गर्ने।
- हालसम्म कार्य अघि नबढेका, खर्च हुन नसक्ने योजना र कार्यक्रमको पहिचान गरी सोको बजेट समर्पण गराई खर्च हुने योजना र कार्यक्रममा रकमान्तर गरी सिर्जित दायित्व फरफारक गर्ने।
- स्रोत सुनिश्चितता दिइएका एवम् कार्य अघि बढाउन सहमति दिइएको सडक, सहरी विकास, सिँचाई, खानेपानी जस्ता निकायमा सम्झौता बमोजिम विल पेश भएका निर्माण व्यवसायीहरूको भुक्तानी यसै आर्थिक वर्षमा दिई फरफारक गर्ने।
- गैर बजेटरी कार्यक्रममा रकम निकासालाई निरुत्साहित गर्ने।
- वैदेशिक सहायता अन्तर्गत सञ्चालित आयोजनाको सहायता परिचालन गर्न समस्या भएमा आवश्यकता र औचित्यका आधारमा स्रोत फुकुवा वा स्रोतान्तर गरी सहजीकरण गर्ने।

- आयोजना वर्गीकरण सम्बन्धी मापदण्ड, २०८० अनुसार संघको कार्यक्षेत्रमा नपर्ने हालसम्म शुरू नभएका आयोजना अगाडि नबढाउने।
- पुँजीगत खर्चतर्फको हाल विद्यमान क्रियाकलापहरूलाई स्तरीकरण गरी उपयुक्त आकारमा ल्याउने र अनुत्पादक खर्च नियन्त्रण गर्ने।
- बहुबर्षीय ठेक्का सम्झौता मापदण्ड बमोजिम तोकिएको समयमा ठेक्का लागि कार्यान्वयनमा नगएका आयोजनाको कार्यान्वयन रोक्का राखेर रकमान्तर गरी प्राथमिकीकरणका आधारमा आयोजनामा रकमान्तर गर्ने।
- खरिद योजना/गुरुयोजना तथा कार्यक्रम वीच तादात्यता कायम गरी कार्यक्रम कार्यान्वयन गर्ने।
- आयोजना छनौट तथा प्राथमिकीकरण गर्दा आयोजना बैङ्कमा प्रविष्ट भएको, क्षेत्रगत प्राथमिकतामा परेको, लगानीको स्रोत सुनिश्चित भएको, छोटो समयमा प्रतिफल दिने र आयोजना वर्गीकरण मापदण्ड बमोजिमका शर्त पूरा भएका आयोजना छनौट गर्न जोड दिने।
- स्वीकृत बजेट तथा कार्यक्रमको उद्देश्य फरक हुने गरी आयोजना/कार्यक्रम संशोधन तथा रकमान्तर नगर्ने।
- विकास कार्यक्रम तथा आयोजनाको अनुगमन तथा मुल्याङ्कन प्रणालीलाई सूचना प्रविधिमा आधारित र नतिजामूलक बनाउने।

### ६.३.३ अन्य

- बजेट तर्जुमाको क्रममा मन्त्रालयगत बजेट सूचना प्रणालीमा हरेक वर्ष बढ्दै गएका क्रियाकलापहरूलाई एकीकृत खर्च संकेत तथा वर्गीकरण र व्याख्याको आधारमा स्तरीकरण (Standardized) गर्ने।
- आयोजनाको संख्या घटाई आवश्यकता अनुसार आयोजनाको छनौट/प्राथमिकीकरण गर्ने।
- कर्मचारीहरूको क्षमता विकास गरी प्रविधि/प्रणालीको सदुपयोगमार्फत आयोजना व्यवस्थापनको संस्थागत क्षमता अभिवृद्धि गरी संगठनको काममा उपयोग गर्ने साथै संगठनको क्षमता र अनुभवभन्दा वाहिरका विषयमा मात्र वाह्य परामर्श सेवा उपयोग गर्ने।
- अनावश्यक बजेट उपशीर्षक घटाई उपयुक्त आकारमा ल्याउने, साना तथा कम लागत भएका र एउटै प्रकृतिका आयोजना/कार्यक्रमलाई एउटै बजेट उपशीर्षकभित्र समायोजन गर्ने।
- खरिद कानूनमा पुनरावलोकन गरी खरिद प्रणालीलाई प्रतिस्पर्धी, पारदर्शी र विकासमैत्री बनाइने।
- आयोजना बैङ्कलाई निश्चित मापदण्डमा आधारित बनाई आगामी विनियोजन र प्राथमिकीकरणमा उपयोग गर्ने।

### ६.३.४ वित्तीय हस्तान्तरण

- राजस्व सङ्कलनको अनुपातमा मात्र वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्ने।
- विशेष र समपुरक अनुदान अन्तर्गत सञ्चालित आयोजना/कार्यक्रमहरूको विगत वर्षको दायित्व व्यवस्थापन पश्चात मात्र नयाँ आयोजना/कार्यक्रम छनौट गर्ने।
- प्रदेश र स्थानीय तहको आवश्यकता र सम्भावना अनुसार स्रोत परिचालनको क्षेत्रमा क्षमता वृद्धि गर्नुपर्ने।
- खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा वित्तीय हस्तान्तरण गर्नुपर्ने।
- वस्तुगत मापदण्डका आधारमा सशर्त अनुदान हस्तान्तरण गर्नुपर्ने। यसलाई क्षेत्रगत तथा कार्यक्रमगत अनुदानको रुपमा रुपान्तरण गर्दै जाने।

- सशर्त अनुदानको रुपमा प्रदेश तथा स्थानीय तहमा विनियोजन भएको रकम कार्यक्रमको उद्देश्य नै फरक पर्ने गरी नयाँ कार्यक्रम सिर्जना गरेर रकमान्तर नगर्ने।
- प्रदेश सरकार तथा स्थानीय तहमा हस्तान्तरण भएको सशर्त, समपुरक र विशेष अनुदानको रकम आर्थिक बर्षको अन्तमा फ्रिज गरी संघीय सरकारको कोषमा ल्याउने व्यवस्था पूर्ण कार्यान्वयन गर्ने।

# परिच्छेद - सात

# प्रदेश तथा स्थानीय तहमा वित्त हस्तान्तरण तथा खर्चको स्थिति

## ७.१ प्रदेश तथा स्थानीय तहमा भएको वित्त हस्तान्तरण

नेपालमा संघीय शासन प्रणाली अवलम्बन गरिएसँगै नेपालको संविधानको धारा ६० मा संघ, प्रदेश र स्थानीय तहको अधिकार सूचीमा परेका विषयहरू तत् तत् तहबाट कार्यान्वयन हुने गरी वित्त हस्तान्तरण हुने व्यवस्था रहेको छ। संघ, प्रदेश र स्थानीय तहले एक आपसमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै सेवा प्रवाह गर्नका लागि वित्तीय तथा प्राकृतिक स्रोतको प्रभावकारी परिचालन गर्दछन्। संविधान प्रदत्त अधिकार क्षेत्रभित्र रही तीनै तहका सरकारहरू बिच हुने वित्तीय हस्तान्तरण र प्राकृतिक स्रोतको सन्तुलित तथा समन्यायिक बाँडफाँटलाई वास्तविक अर्थमा कार्यान्वयन गर्नका लागि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिशमा आर्थिक वर्ष २०८१/८२ मा प्रदेश तथा स्थानीय तहमा समानीकरण, सशर्त, विशेष र समपूरक अनुदान गरी कूल रू.४ खर्ब ८ अर्ब ८७ करोड ६९ लाख विनियोजन भएको छ, जुन गत आर्थिक वर्षको तुलनामा २.२० प्रतिशतले बढि हो। वित्त हस्तान्तरणका लागि विनियोजित रकम चालु आर्थिक वर्षको संघीय बजेटको २१.९८ प्रतिशत र राजस्व बाँडफाँट समेत गणना गर्दा २५.४५ प्रतिशत हुन आउँछ। साथै, कूल वित्त हस्तान्तरणमध्ये चालुतर्फ रू.३ खर्ब ४१ अर्ब ५९ करोड ५८ लाख र पुँजीगततर्फ रू.६७ अर्ब २८ करोड ११ लाख रहेको छ। कूल वित्त हस्तान्तरणमध्ये प्रदेशमा रू.९६ अर्ब ४५ करोड ८ लाख र स्थानीय तहमा रू.३ खर्ब १२ अर्ब ४२ करोड ६१ लाख विनियोजन भएको छ।

समीक्षा अवधिमा प्रदेशलाई रू.३४ अर्ब ८९ करोड २२ लाख र स्थानीय तहलाई रू.१ खर्ब ५० अर्ब २६ करोड ८ लाख वित्तीय हस्तान्तरण भएको छ। चालु आर्थिक वर्षमा विनियोजन भएको बजेटमध्ये समीक्षा अवधिमा प्रदेशतर्फ ३६.१७ प्रतिशत र स्थानीय तहमा ४८.१० प्रतिशत हस्तान्तरण भएको छ। समीक्षा अवधिमा प्रदेश र स्थानीय तहमा गरी कूल अनुदानको ४५.२८ प्रतिशत हस्तान्तरण भएको छ।

आर्थिक वर्ष २०८१/८२ मा प्रदेश तथा स्थानीय तहको लागि विनियोजित र समीक्षा अवधिसम्म हस्तान्तरण भएको अनुदान रकम देहायको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ७.१: प्रदेश तथा स्थानीय तहमा वित्त हस्तान्तरण** (रू.लाखमा)

| आर्थिक वर्ष | निकाय | विनियोजन | | | पुस महिनासम्म भएको वित्त हस्तान्तरण | | |
|---|---|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| २०८०/८१ | प्रदेश | ७३५८५३ | ३१४८१५ | १०५०६६८ | २६४१०४ | १००५०१ | ३६४६०५ |
| २०८०/८१ | स्थानीय तह | २६३०८५७ | ३१९३४५ | २९५०२०२ | १३२८०२५ | ८७४१८ | १४१५४४३ |
| **जम्मा रकम** | | **३३६६७१०** | **६३४१६०** | **४०००८७०** | **१५९२१३०** | **१८७९१९** | **१७८००४८** |
| २०८१/८२ | प्रदेश | ७४९८८० | २१४६२८ | ९६४५०८ | ३०१६९८ | ४७२२४ | ३४८९२२ |
| २०८१/८२ | स्थानीय तह | २६६६०७८ | ४५८१८३ | ३१२४२६१ | १३४३७४६ | १५८८६३ | १५०२६०८ |
| **जम्मा रकम** | | **३४१५९५८** | **६७२८११** | **४०८८७६९** | **१६४५४४४** | **२०६०८६** | **१८५१५३०** |

*स्रोत: महालेखा नियन्त्रक कार्यालय*

स्थानीय तहमा चालु आर्थिक वर्षमा विनियोजन भएको जम्मा अनुदानमा सशर्त अनुदानको हिस्सा ६६.८७ प्रतिशत र समानीकरण अनुदानको हिस्सा २८.१६ प्रतिशत रहेको छ भने प्रदेशमा यस्तो अनुदानको अनुपात क्रमशः २६.८० प्रतिशत र ६२.२० प्रतिशत रहेको छ। प्रदेश र स्थानीय तहमा विनियोजित अनुदानमध्ये सशर्त (चालु) अनुदान क्रमशः १४.४४ प्रतिशत र ५६.७९ प्रतिशत रहेको छ।

समीक्षा अवधिमा सशर्त चालु अनुदानतर्फ विनियोजनको ५०.०२ प्रतिशत र सशर्त पुँजीगत अनुदानतर्फ ३७.२६ प्रतिशत हस्तान्तरण भएको छ।

**तालिका ७.२: प्रदेश तथा स्थानीय तहमा विनियोजित र हस्तान्तरण भएको अनुदान रकम (रू.लाखमा)**

| क्र.सं. | अनुदान | विनियोजन | | | पुस महिनासम्म भएको वित्त हस्तान्तरण | | |
|---|---|---|---|---|---|---|---|
| | | प्रदेश | स्थानीय तह | जम्मा | प्रदेश | स्थानीय तह | जम्मा |
| १ | समानीकरण अनुदान | ६००००० | ८८०००० | १४८०००० | २५८१४४ | ४२५०९६ | ६८३२४० |
| २ | सशर्त (चालु) | १३९३२८ | १७७४४८८ | १९१३८१६ | ४०९७४ | ९१६४२१ | ९५७३९५ |
| ३ | सशर्त (पुँजीगत) | ११९१८० | ३१४७७३ | ४३३९५३ | २५२४९ | १३६४८४ | १६१७३३ |
| ४ | विशेष (चालु) | १०५५२ | ११५९० | २२१४२ | २५८० | २२२८ | ४८०८ |
| ५ | विशेष (पुँजीगत) | ३३४४८ | ७३४१० | १०६८५८ | ६७९९ | १३४३२ | २०२३१ |
| ६ | समपूरक अनुदान | ६२००० | ७०००० | १३२००० | १५१७६ | ८९४६ | २४१२२ |
| | **जम्मा रू.** | **९६४५०८** | **३१२४२६१** | **४०८८७६९** | **३४८९२२** | **१५०२६०८** | **१८५१५३०** |

*स्रोतः महालेखा नियन्त्रक कार्यालय*

## ७.२ प्रदेश तथा स्थानीय तहलाई राजस्व बाँडफाँट

मूल्य अभिवृद्धि कर र अन्तःशुल्क (आन्तरिक उत्पादन) बाट सङ्कलित राजस्व संघीय विभाज्य कोषमा जम्मा गरी मासिक रूपमा प्रदेश र स्थानीय तहमा बाँडफाँट गर्ने व्यवस्था गरिएको छ। समीक्षा अवधिमा मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट सङ्कलन हुने अन्तःशुल्क रकममध्ये प्रदेश र स्थानीय तहलाई सूत्र अनुसार (१५ प्रतिशतले हुने) रू.१ खर्ब ५९ अर्ब राजस्व बाँडफाँट हुने अनुमान रहेकोमा हालसम्म प्रदेश र स्थानीय तहलाई रू.३२ अर्ब २७ करोड ९० लाखका दरले जम्मा रू.६४ अर्ब ५५ करोड ८० लाख बाँडफाँट गरी पठाइएको छ। समीक्षा अवधिसम्म प्रदेश र स्थानीय तहको राजस्व बाँडफाँट देहाय बमोजिम रहेको छ।

**तालिका ७.३: राजस्व (मू.अ.कर र अन्तःशुल्क बाँडफाँट) (रू.लाखमा)**

| विवरण | राजस्व बाँडफाँट |
|---|---|
| प्रदेश | ३२२७९० |
| स्थानीय तह | ३२२७९० |
| **जम्मा** | **६४५५८०** |

*स्रोतः महालेखा नियन्त्रक कार्यालय*

### ७.३ प्रदेशगत वित्त हस्तान्तरण र खर्चको स्थिति

चालु आर्थिक वर्षमा प्रदेशतर्फ वित्तीय समानीकरण, सशर्त, विशेष र समपूरक अनुदान गरी कूल रू.९६ अर्ब ४५ करोड ८ लाख वित्त हस्तान्तरणको लागि विनियोजन भएको छ। विनियोजन भएको अनुदानमध्ये चालु खर्च र पुँजीगत खर्चतर्फ क्रमशः ७७.७५ प्रतिशत र २२.२५ प्रतिशत रहेको छ। समीक्षा अवधिमा प्रदेशतर्फको वित्त हस्तान्तरण सम्बन्धी विवरण तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ७.४: प्रदेशगत वित्त हस्तान्तरणको स्थिति** (रू.लाखमा)

| प्रदेश | विनियोजित अनुदान | वित्त हस्तान्तरण | | | जम्मा खर्च |
|---|---|---|---|---|---|
| | | पुस महिनासम्म | चालु तर्फ | पुँजीगत तर्फ | |
| कोशी | १४५४२६ | ३८९६७ | २८२०९ | १०७५८ | २७१७७ |
| मधेश | ११३५७० | २५०९० | २३१२६ | १९६४ | ५८२२ |
| बागमती | १४०७५६ | ५४६३७ | ४९६६६ | ४९७० | २६२४८ |
| गण्डकी | १२५८५४ | ५०७६२ | ४२६८१ | ८०८१ | २६९७१ |
| लुम्बिनी | १४०१९३ | ५८६७४ | ५१२२६ | ७४४८ | ३१३७६ |
| कर्णाली | १६०३८८ | ५८०६७ | ५५८१६ | २२५१ | १७९०९ |
| सुदूरपश्चिम | १३८३२१ | ६२७२५ | ५०९७४ | ११७५२ | १९२५५ |
| **जम्मा** | **९६४५०८** | **३४८९२२** | **३०१६९८** | **४७२२४** | **१५४७५८** |

*स्रोतः महालेखा नियन्त्रक कार्यालय*

समीक्षा अवधिमा संघीय सञ्चित कोषबाट प्रदेशलाई जम्मा रू.३४ अर्ब ८९ करोड २२ लाख वित्त हस्तान्तरण भएकोमा चालुतर्फ रू.३० अर्ब १६ करोड ९८ लाख र पुँजीगततर्फ रू.४ अर्ब ७२ करोड २४ लाख हस्तान्तरण भएकोमा रू.१५ अर्ब ४७ करोड ५८ लाख अर्थात् ४४.३५ प्रतिशत खर्च भएको छ। गत आर्थिक वर्षको यसै अवधिमा ३५.१७ प्रतिशत खर्च भएको थियो। समीक्षा अवधिमा सबैभन्दा बढी कोशी प्रदेशले ६९.७४ प्रतिशत र सबैभन्दा कम मधेश प्रदेशले २३.२० प्रतिशत खर्च गरेको छ।

### ७.४ प्रदेशको बजेट र खर्चको स्थिति

आर्थिक वर्ष २०८१/८२ मा सातै प्रदेशको कूल बजेट रू.२ खर्ब ७८ अर्ब ६९ करोड २४ लाख भएकोमा समीक्षा अवधिमा रू.४५ अर्ब ९ करोड ३८ लाख अर्थात् १६.१८ प्रतिशत खर्च भएको छ। सबैभन्दा बढी कोशी प्रदेशमा २४.८५ प्रतिशत खर्च भएको छ भने सबैभन्दा कम मधेश प्रदेशमा ५.६१ प्रतिशत खर्च भएको छ। व्यय अनुमान अनुसारको बजेट र खर्चसम्बन्धी विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ७.५ : प्रदेशगत खर्चको अवस्था** *(रू.लाखमा)*

| प्रदेश | जम्मा | | | चालु | | | पुंजीगत | | | वित्तीय व्यवस्था | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कूल बजेट अनुमान | जम्मा खर्च | जम्मा खर्च प्रतिशत | विनियोजन | खर्च | खर्च प्रतिशत | विनियोजन | खर्च | खर्च प्रतिशत | विनियोजन | खर्च | खर्च प्रतिशत |
| कोशी | ३५२७९३ | ८७६८२ | २४.८५ | १६३४८४ | ६२०९७ | ३७.९८ | १६२०२० | २५५८५ | १५.७९ | २०० | ० | ० |
| मधेश | ४३८९२२ | २४६०२ | ५.६१ | १८५४३७ | २०९२२ | ११.२८ | २७८९१४.७ | ३६८० | १.३२ | ० | ० | ० |
| बागमती | ६४५४०४ | १०५०२९ | १६.२७ | २६४५०७ | ६६७४८ | २५.२३ | ३६९३८७.५ | ३८२८१ | १०.३६ | १५००० | ० | ० |
| गण्डकी | ३२९७८६ | ६३८४७ | १९.३६ | १२७३६७ | ३०६३४ | २४.०५ | १९५१७९.९ | ३३२१३ | १७.०२ | ३००० | ० | ० |
| लुम्बिनी | ३८९७०० | ७५३६१ | १९.३४ | १७२०९२९ | ३४४४७ | २.०० | २४५८५९ | ४०९१४ | १६.६४ | ० | ० | ० |
| कर्णाली | ३१४१०० | ४७५४७ | १५.१४ | १३८००८ | ३०८५३ | २२.३६ | १८७५०८.७ | १६६९४ | ८.९० | २५०० | ० | ० |
| सुदूरपश्चिम | ३१६२१९ | ४६८७० | १४.८२ | ११९४३५ | २८१५९ | २३.५८ | १८७६२४.२ | १८७१२ | ९.९७ | १०० | ० | ० |
| **जम्मा** | **२७८६९२४** | **४५०९३८** | **१६.१८** | **२७१९१६७** | **२७३८५९** | **१०.०७** | **१६२६४९४** | **१७७०७९** | **१०.८९** | **२०८००** | **०** | **०** |

*स्रोतः महालेखा नियन्त्रक कार्यालय*

## ७.५ स्थानीय तहमा वित्त हस्तान्तरण र खर्चको अवस्था

चालु आर्थिक वर्षमा संघबाट वित्तीय समानीकरण, सशर्त, विशेष र समपूरक अनुदानको रूपमा स्थानीय तहका लागि रू.३ खर्ब १२ अर्ब ४२ करोड ६१ लाख वित्त हस्तान्तरण हुने गरी विनियोजन भएकोमा समीक्षा अवधिमा रू.१ खर्ब ५० अर्ब २६ करोड ८ लाख हस्तान्तरण भएको छ। उक्त रकम जम्मा विनियोजनको ४८.१० प्रतिशत हो। समीक्षा अवधिमा हस्तान्तरण भएको रकममध्ये रू.८५ अर्ब ९९ करोड ४९ लाख खर्च भएको छ, यो हस्तान्तरण भएको रकमको ५७.२३ प्रतिशत हो। गत वर्ष सोही अवधिमा स्थानीय तहमा हस्तान्तरण भएको रकमको ५६.११ प्रतिशत खर्च भएको थियो। यसले वित्त हस्तान्तरण भएको रकम खर्च गर्ने क्षमतामा सुधार हुन सकेको देखिदैन।

**तालिका नं ७.६: स्थानीय तहमा भएको हस्तान्तरण** **(रू.लाखमा)**

| आर्थिक वर्ष | विनियोजन | हस्तान्तरण भएको रकम | हस्तान्तरण प्रतिशत | कूल हस्तान्तरण बाट भएको जम्मा खर्च | हस्तान्तरित रकममध्ये खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| २०८१/८२ | ३१२४२६१ | १५०२६०८ | ४८.१० | ८५९९४९ | ५७.२३ |

*स्रोतः महालेखा नियन्त्रक कार्यालय*

चालु आर्थिक वर्षका लागि स्थानीय तहले स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) मा कूल रू.५ खर्ब ६५ अर्ब ७० करोड ६९ लाख बजेट प्रविष्ट गरेकोमा समीक्षा अवधिमा रू.१ खर्ब ३९ अर्ब ६१ करोड ७६ लाख खर्च भई कूल बजेटको २४.६८ प्रतिशत खर्च भएको छ।

## ७.६ नेपालमा वित्तीय संघीयताको सन्दर्भमा भएका उपलब्धिहरू

- संघीय शासन प्रणाली अवलम्वन गरेपछि राजनैतिक प्रशासनिक सँगसँगै वित्तीय संघीयताको कार्यान्वयन प्रक्रिया अगाडि बढेको छ। प्रदेश र स्थानीय तहले संविधानमा उल्लेख भएका वित्तीय समानीकरण, सशर्त, विशेष र समपुरक अनुदान तथा राजश्व बाँडफाँट र प्राकृतिक साधन र स्रोतको रोयल्टी समेत प्राप्त गर्ने गरेका छन्।
- वित्तीय संघीयता कार्यान्वयनका लागि समपूरक र विशेष अनुदानलाई समसामयिक र व्यवहारिक बनाउन समपूरक अनुदानसम्बन्धी कार्यविधि, २०८१ र विशेष अनुदानसम्बन्धी कार्यविधि, २०८१ नेपाल सरकार मन्त्रिपरिषद् समक्ष स्वीकृतिका लागि पेश भएको छ। अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र नेपाल सरकार कार्य विस्तृतीकरण प्रतिवेदन परिमार्जनको कार्य भइरहेको छ।
- प्रदेश र स्थानीय तहमा सार्वजनिक ऋण परिचालनका लागि कानूनी आधार प्रदान गर्ने गरी सार्वजनिक ऋण व्यवस्थापन नियमावली, २०८० मन्त्रिपरिषद्बाट स्वीकृत भई कार्यान्वयनमा आएको छ।
- सार्वजनिक स्रोतको कुशल विनियोजन, आर्थिक अनुशासन, राजस्व, बजेट, कारोवारको लेखाङ्कन र आन्तरिक नियन्त्रणका क्षेत्रमा भएका संस्थागत तथा प्रणालीगत सुधारलाई संस्थागत गर्दै नवीनतम सुधारका प्रयासलाई योजनावद्ध तथा रणनीतिक ढंगले अगाडि बढाउने सन्दर्भमा तेस्रो सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीति (National PFM Reform Strategy) को मस्यौदा तयार भएको छ।

- नेपालको सार्वजनिक वित्त व्यवस्थापन प्रणालीमा रहेका सवल तथा दुर्वल पक्षहरूको मूल्याङ्कन गरी तेस्रो सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व परीक्षण (PEFA Assessment) भइसकेको छ। गण्डकी प्रदेश सरकारको PEFA Assessment अन्तिम चरणमा रहेको छ।
- स्थानीय तहको राजस्व सङ्कलन, लेखाङ्कन र प्रतिवेदन गर्न SuTRA मा राजस्व मोड्युल तयार गरी कार्यान्वयनमा ल्याइएको छ। LMBIS, TSA, CGAS, PLMBIS, PTSA र SuTRA मा नियमित सुधार गरिएको छ। संघ, प्रदेश र स्थानीय तहको NPSAS मा आधारित एकीकृत वित्तीय विवरण तयार भएको छ।
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट वित्तीय समानीकरण अनुदानलाई न्यूनतम, सुत्रमा आधारित र कार्यसम्पादन मूल्याङ्कनको आधारमा हस्तान्तरण गर्ने कार्य भएको छ। राजस्व बाँडफाँट र प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टी बाँडफाँटलाई समेत सूचकमा आधारित बनाउने कार्य भएको छ।
- स्थानीय तहमा वित्तीय सुशासन जोखिम मूल्याङ्कन गर्ने परिपाटीको शुरूवात भएको छ।
- कार्यसम्पादन मूल्याङ्कन गर्ने परिपाटीको कारण समयमै बजेट पारित नगर्ने स्थानीय तहहरूको संख्या कम हुँदै गएको छ।

## ७.७ नेपालमा वित्तीय संघीयताका चुनौतीहरू

- एकीकृत कोष प्रवाह र प्रतिवेदन प्रणालीलाई सुदृढ र स्वचालित बनाई वित्तीय सुशासन अभिवृद्धि गर्नु।
- विनियोजन र कार्यान्वयन दक्षता अभिवृद्धि गरी बजेट अनुशासन कायम गर्नु।
- प्रदेश सरकार र स्थानीय तहको वास्तविक खर्चको आवश्यकता र राजस्व क्षमताको पहिचान गरी स्रोत व्यवस्थापन गर्नु।
- तीनै तहको नगद व्यवस्थापन प्रभावकारी बनाई आन्तरिक ऋण परिचालनको परिमाण र ब्याज खर्च न्यूनीकरण गर्नु।
- सार्वजनिक खर्चको विनियोजनलाई बस्तुगत बनाई वितरणमुखी बजेट विनियोजन गर्ने प्रवृत्तिलाई रोकी पुँजी निर्माण र उत्पादकत्व अभिवृद्धि हुने गरी बजेट विनियोजन गर्नु।
- सबै किसिमको अनुदानको कार्यगत उद्देश्यमा स्पष्टता नहुँदा एउटै प्रकृतिको कार्यको लागि एकभन्दा बढि किसिमका अनुदान प्रयोग भइरहेको कारणले उपलव्ध स्रोत साधनको कुशल विनियोजन तथा प्रभावकारी कार्यान्वयन हुन नसक्नु।

## ७.८ वित्तीय संघीयता कार्यान्वयनमा देखिएका समस्या

- अन्तर प्रदेश र अन्तर स्थानीय निकाय बिच आर्थिक क्रियाकलाप र स्रोत परिचालनमा आपसी समन्वय कायम गर्ने, दोहोरोपना हुन नदिने, स्रोत छरिन नदिने र एक तहको कार्यलाई अर्को तहको कार्यसँग परिपूरक बनाउने वातावरणको विकास गर्न नसकिएको।
- प्रदेश र स्थानीय तहको आवश्यकता र सम्भावनाका आधारमा स्रोत परिचालनको क्षेत्रमा क्षमता अभिवृद्धि गर्न नसकिएको।

- संघीय इकाईहरू बिचको वित्तीय अन्तर (Fiscal Gap) को वस्तुगत मापन गर्न र वित्त हस्तान्तरणबाट वित्तीय अन्तर (Vertical and Horizontal) कम गर्न आधार र मापदण्ड बमोजिम तथ्याङ्क प्रणाली विकास गर्न नसकिएको।
- नेपाल सरकारले हस्तान्तरण गर्ने वित्तीय अनुदानमा सशर्त अनुदानको अंश बढ्दै गएको। संघीय वित्त हस्तान्तरणबाट प्राप्त हुने स्रोतमाथिको अधिक निर्भरताका कारण प्रदेश र स्थानीय तहको स्रोत परिचालन कमजोर भएको।
- तीनै तहका सरकारमा एकै प्रकृतिका कार्यालय र संरचना स्थापना भई कार्यक्रम र योजनाहरूमा समेत दोहोरोपना हुँदा चालु खर्च बढ्दै गएको।
- राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमको प्रयोग उद्देश्य अनुरुप नभई एउटै प्रकृतिको काममा तीन तहका सरकार र विभिन्न खर्च शीर्षकबाट रकम विनियोजन भई स्रोतको सही परिचालन हुन नसकेको।
- संघीय राजस्व लक्ष्य अनुसार सङ्कलन हुन नसक्दा अनुमानित वित्त हस्तान्तरण र वास्तविक वित्त हस्तान्तरण बिचमा असन्तुलन कायम भई स्रोत व्यवस्थापनमा कठिनाइ भएको।
- संघीय सरकारबाट जाने कतिपय अनुदान तथा अख्तियारी तयारी पूरा नभएका आयोजनामा जाने वा ढिला गरी जाने कारण पुँजीगत खर्च लक्ष्य अनुसार हुन नसकेको।

## ७.९ सुधारका क्षेत्र

- अन्तर सरकारी वित्त हस्तान्तरण पुर्वानुमानयोग्य, समन्यायिक तथा स्वचालित बनाउन एकीकृत वित्त हस्तान्तरण व्यवस्थापन प्रणाली (Integrated Fiscal Transfer Management System) को विकास र कार्यान्वयन गर्ने।
- प्रदेश तथा स्थानीय तह बिचमा वित्त हस्तान्तरण तथा ज्ञान आदानप्रदानका लागि Horizontal Co-operation मा जोड दिंदै Knowledge Bank को स्थापना गर्ने।
- संघीय इकाइहरूका बिचमा वित्तीय स्वायत्तता, समता, कार्यकुशलता र उत्तरदायित्वको सुनिश्चितता गर्दै वित्तीय संघीयतालाई योजनावद्ध तथा नतिजामूलक ढंगले कार्यान्वयन गर्न वित्तीय संघीयता मार्गचित्र (Fiscal Federalism Roadmap) को विकास गरी कार्यान्वयन गर्ने।
- प्राकृतिक स्रोतको दीगो उपयोग, संरक्षण तथा संवर्द्धनमा तहगत सरकारका बिचमा समन्वय र सहकार्य अभिवृद्धि गर्ने।
- तहगत सरकारका बिचमा भएको वित्त हस्तान्तरणको आवधिक रुपमा प्रभाव मूल्याङ्कन गरी निरन्तर सुधार गर्न प्रणालीको विकास गर्ने।
- वित्त हस्तान्तरणलाई आवश्यकता, प्राथमिकताका साथै कार्यसम्पादनमा आधारित बनाउने।
- अन्तर सरकारी वित्त हस्तान्तरणका सूचक तथा आधारहरूमा परिमार्जन गरी वस्तुनिष्ठ र समन्यायिक बनाउने।
- खर्चको आवश्यकता पहिचान गर्न राष्ट्रिय मानक र मापदण्ड तयार गर्ने, कार्य जिम्मेवारीको विस्तृतीकरणका आधारमा एकल जिम्मेवारीका सम्बन्धमा सम्बन्धित तहले मानक र मापदण्ड

तयार गर्ने, साझा अधिकार र जिम्मेवारीका सम्बन्धमा माथिल्लो इकाईले मानक र मापदण्ड तयार गरी सोका आधारमा खर्चको आवश्यकता पहिचान गर्ने।

- संघ, प्रदेश र स्थानीय तहमा योजना, मध्यमकालीन खर्च संरचना र बजेट निर्माण दक्षता अभिवृद्धि गर्ने। कार्य जिम्मेवारीका आधारमा दोहोरो नपर्ने गरी निश्चित मापदण्ड तोकी योजना निर्माण गर्ने।
- प्राथमिकता प्राप्त कार्यक्रम र योजनाको आवश्यकता पहिचान गरी आवधिक योजना, मध्यमकालीन खर्च संरचना (MTEF), आयोजना बैङ्क र वार्षिक बजेटका बिचमा अन्तरआवद्धता कायम गरी कार्यान्वयनमा प्रभावकारिता ल्याउने।
- संविधानको अनुसूची बमोजिम तीनै तहका सरकारले हरेक कार्य जिम्मेवारीको राजस्वको क्षमता पहिचान गर्न तहगत राजस्व अधिकार र दायरा पहिचान गरी प्रचलित दरले अधिकतम राजस्व सम्भाव्यताको अनुमान गर्ने र सोको परिचालन गर्ने क्षमता बढाउने रणनीति तयार गर्ने।
- खर्चको आवश्यकता, विकास एवम् पूर्वाधार विकास र राजस्व क्षमताको आधारमा संघीय इकाई बिचको Vertical र Horizontal वित्तीय अन्तर (Fiscal Gap) पहिचान गर्ने।
- प्राकृतिक स्रोत परिचालनको सम्बन्धमा तहगत रूपमा उत्पन्न हुने वा हुनसक्ने विवाद समाधानका लागि विद्यमान संयन्त्रहरूलाई क्रियाशील बनाउने। संघीयताको सफल एवम् अन्तर्राष्ट्रिय अभ्यासको अध्ययनका आधारमा शीघ्र समाधानका उपाय अवलम्बन गरी प्रभावकारीरूपमा स्रोत परिचालन गर्ने।
- तीनै तहमा सरकारको एकीकृत र खण्डीकृत तथ्याङ्क र समयमा नै प्रतिवेदन प्राप्त हुने गरी सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धी प्रणालीहरू बिच अन्तरआवद्धता स्थापित गर्ने।
- समपुरक र विशेष अनुदानबाट दायित्व सिर्जना भइसकेका पूराना आयोजनाहरू सम्पन्न नगरी नयाँ प्रस्ताव नगर्ने।
- वित्तीय उत्तरदायित्व एवम् करसम्बन्धी शिक्षालाई प्रदेश र स्थानीय तहमा समेत प्रभावकारी बनाई राजस्व सङ्कलन, बजेट अनुशासन र खर्च गर्ने क्षमता वृद्धि गर्न एकीकृत रुपमा संघीय तहबाटै वित्तीय व्यवस्थापन क्षमता अभिवृद्धिसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने।
- सशर्त, समपुरक र विशेष अनुदानलाई संविधानको मर्म र भावना बमोजिम वितरण गर्ने गरी अनुदानको परिमाणलाई न्यूनीकरण गर्ने र प्रदेश तथा स्थानीय तहको वित्तीय अन्तर (Fiscal Gap) परिपूर्ति गर्न वित्तीय समानीकरण अनुदानलाई क्रमशः बढाउँदै लैजाने नीति अवलम्वन गर्ने।

# परिच्छेद - आठ

## बजेट कार्यान्वयन र स्रोत व्यवस्थापनका लागि गर्नुपर्ने कार्य

आर्थिक सुधारका कार्यक्रमहरू सञ्चालन गरी अर्थतन्त्रमा देखिएका चुनौति सम्बोधन गर्न, विकास निर्माणका गतिविधिलाई तिब्रता दिन, सेवा प्रवाहमा सुधार तथा सुशासन कायम गर्न, साथै नागरिकमा विश्वास र भरोसा जगाउँदै समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्ने गरी कार्यान्वयन गरिएको चालु आर्थिक वर्ष २०८१/८२ को बजेटको पहिलो ६ महिनाको प्रगतिको अवस्था मिश्रित रहेको छ। यस अवधिमा आर्थिक सामाजिक क्षेत्रमा सुधारका संकेत देखिएका छन्। अर्थतन्त्रका सूचकाङ्क क्रमशः सकारात्मक हुँदै गएका छन्। समीक्षा अवधिमा बजेट कार्यान्वयनको क्रममा अनुभूत गरिएका संरचनागत, प्रणालीगत एवम् प्रक्रियागत समस्याहरूलाई आर्थिक वर्षको बाँकी अवधिमा समाधान गरी बजेट कार्यान्वयनको प्रगतिमा सुधार ल्याउन थप मेहनत गर्नुपर्ने देखिएको छ। हालसम्मको कार्य प्रगतिको आधारमा हासिल असल नतिजालाई कायम राख्दै थप प्रयास समेत गरी आर्थिक वर्षको अन्तसम्ममा बजेट कार्यान्वयन नतिजामा थप सुधार ल्याउने लक्ष्यका साथ बजेटको आय र व्ययको संशोधित अनुमान गरिएको छ। बजेटको प्रभावकारी रूपमा कार्यान्वयन गरी अधिकतम नतिजा प्राप्त गर्न देहाय बमोजिम थप सुधारका कार्य गर्नुपर्ने देखिएको छ।

### ८.१ अल्पकालमा गर्नुपर्ने कार्य

### ८.१.१ बजेट कार्यान्वयन

**चालु खर्च घटाउने**

- सबै सरकारी कार्यालय, नियामक निकाय र सार्वजनिक संस्थानमा नयाँ संगठन संरचना र दरबन्दी सिर्जना नगर्ने।
- खर्चको मापदण्ड बनाई चालु खर्चमा मितव्ययिता कायम गर्ने।
- अनिवार्य रूपमा सहभागी हुनुपर्ने वा नेपाल सदस्य भएको संस्थाको वार्षिक बैठकमा सहभागी भई मतदान गर्नुपर्ने कार्यक्रम बाहेक वैदेशिक भ्रमणको स्वीकृति नदिने/माग नगर्ने।
- विनियोजनका वखत अनुमान गर्न नसकिएका आकस्मिक दायित्व र अति आवश्यक अवस्थामा बाहेक चालु खर्चको लागि थप निकासा नगर्ने।
- कर्मचारी समायोजन ऐन अनुसार प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरूको तत् तत् तहका कानून अनुसार तह/स्तर वृद्धि भई थप हुने आर्थिक दायित्व सम्बन्धित तहले आफ्नै स्रोतबाट व्यहोर्ने व्यवस्था गर्ने।
- स्रोतमा परेको चापलाई दृष्टिगत गरी अनिवार्य दायित्व बाहेक चालु खर्चतर्फ विनियोजित नेपाल सरकारको स्रोततर्फको रकममध्ये हालसम्म खर्च भई बाँकी रहेको रकमको २५ प्रतिशत रोक्का राख्ने।
- विद्यमान जनशक्तिको क्षमता विकास गरी संगठनको काममा उपयोग गर्ने। संगठनको क्षमता र अनुभवभन्दा बाहिरका विषयमा मात्र बाह्य परामर्श सेवा उपयोग गर्ने।

**पुँजीगत खर्चमा वृद्धि तथा आयोजना कार्यान्वयनमा सुधार**

- जग्गा प्राप्ति र मुआब्जा वितरण, वन क्षेत्र उपयोगको स्वीकृति लगायतका तयारी पूरा गरेर मात्र पूर्वाधार निर्माणसँग सम्बन्धित आयोजना कार्यान्वयनको लागि खरिद प्रक्रियामा लैजाने।
- न्यून विनियोजन भएका, कम प्राथमिकताका, विकास नतिजाको हिसाबले कम महत्वका र पूर्व तयारी पूरा नभएका आयोजना तथा कार्यक्रमको कार्यान्वयन स्थगित गरी सो आयोजना तथा कार्यक्रममा विनियोजित रकम उच्च प्राथमिकताका ठूला आयोजनामा रकमान्तर प्रस्ताव गर्ने।
- राष्ट्रिय गौरवका आयोजना र राष्ट्रिय महत्त्वका प्राथमिकता प्राप्त आयोजना कार्यान्वयनमा स्रोतको अभाव हुन नदिने व्यवस्था मिलाउने।
- बजेट खर्च, राजस्व सङ्कलन प्रगति, सार्वजनिक ऋणको स्तर र वैदेशिक सहायता परिचालनको अवस्थालाई दृष्टिगत गरी सरकारी कोषमा सन्तुलन कायम गर्न बजेट नियन्त्रणका उपाय अवलम्वन गर्ने तथा सरकारी लगानीको उत्पादकत्व बढाउन आयमूलक, रोजगारी उन्मुख र आर्थिक गतिविधि विस्तारमा सकारात्मक प्रभाव पार्ने प्रकृतिका आयोजनाको प्राथमिकीकरण गरी कार्यान्वयन गर्ने।
- वैदेशिक सहायतामा सञ्चालित आयोजनाको कार्यसम्पादनमा सुधार ल्याउन सम्झौताको परिपालना तथा अन्तर निकाय समन्वय कायम गर्ने र प्रभावकारी अनुगमनमा जोड दिने।
- स्वीकृत कार्यक्रम तथा क्रियाकलापको उद्देश्य फरक हुने गरी आयोजना/कार्यक्रम संशोधन तथा रकमान्तर प्रस्ताव नगर्ने।
- सञ्चालन विधि तय नभएका, दिगोपना सुनिश्चित नभएका र समय सीमाभित्र कार्यविधि, मापदण्ड स्वीकृत नभएका कार्यक्रम तथा आयोजनाहरूको कार्यान्वयन स्थगित गर्ने।
- पुँजीगततर्फ चालु आर्थिक वर्षमा विनियोजित रकममध्ये खर्च संकेत ३११२२, ३११२३ र ३११३५ मा विनियोजित नेपाल सरकारको स्रोतमा हालसम्म बाँकी रहेको रकमको २५ प्रतिशत रोक्का राख्ने।
- अर्थ मन्त्रालयबाट जारी भएको बजेट कार्यान्वयनको मार्गदर्शन समेत दृष्टिगत गरी सबै निकायहरूले कार्ययोजना बनाई शिघ्र खरीद प्रक्रिया पूरा गर्ने र तोकिएको समयमा कार्य सम्पन्न गर्ने।
- खरिद गुरुयोजना तथा कार्यक्रम कार्ययोजना बिच तादाम्यता कायम गरी कार्यक्रम कार्यान्वयन गर्ने।
- वार्षिक स्वीकृत कार्यक्रममा समावेश आयोजनाका क्रियाकलाप कार्यान्वयन गर्ने, आर्थिक वर्षको बिचमा नयाँ आयोजना/कार्यक्रम प्रस्ताव नगर्ने, नयाँ कामको लागि थप निकासा माग नगर्ने। सिर्जित दायित्व फरफारक गर्न, उच्च प्राथमिकताका आयोजनामा स्रोत उपलब्ध गराउन वा आकस्मिक र विशेष परिस्थितिमा बाहेक रकमान्तर/कार्यक्रम संशोधन प्रस्ताव नगर्ने/नगराउने।
- राष्ट्रिय गौरव र उच्च प्राथमिकताका आयोजना तथा कार्यक्रममा विनियोजित रकम न्यून प्राथमिकताका आयोजना तथा कार्यक्रममा रकमान्तर प्रस्ताव नगर्ने।

- जग्गा प्राप्ति, वन क्षेत्रको उपयोग, विकास आयोजनाका लागि आवश्यक पर्ने निर्माण सामाग्रीको आपूर्ति लगायत अन्तर तह तथा अन्तर निकाय निर्णय र समन्वय आवश्यक पर्ने प्रकृतिका काममा सबै तह र निकायले आयोजना कार्यान्वयनमा सहजीकरण हुने गरी शिघ्र निर्णय गर्नुको साथै आवश्यक समन्वय गर्ने।
- सशर्त, समपूरक र विशेष अनुदानको रकम आर्थिक वर्षभित्र खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सम्बन्धित प्रदेश र स्थानीय तहले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमार्फत संघीय सञ्चित कोषमा फिर्ता गर्ने।

**सिर्जित दायित्व व्यवस्थापन**

- अर्थ मन्त्रालयको पूर्व सहमति विना कुनै पनि निकायले थप आर्थिक दायित्व सिर्जना नगर्ने।
- बहुबर्षीय स्वीकृति प्राप्त आयोजनामा बाहेक चालु आर्थिक वर्षको दायित्व आगामी आर्थिक वर्षमा नसार्ने।
- आयोजनाको बहुवर्षीय ठेक्का सहमतिसम्बन्धी मापदण्डभित्र परेका आयोजना/कार्यक्रम, राष्ट्रिय प्राथमिकताका कार्यक्रम तथा विपद् व्यवस्थापनका लागि तत्काल शुरुवात गर्नुपर्ने कार्यक्रम बाहेक कुनै पनि आयोजना तथा कार्यक्रमलाई स्रोत सहमति माग नगर्ने, उपलब्ध नगराउने।
- वार्षिक स्वीकृत कार्यक्रमका लागि विनियोजित रकम तोकिएको समयभित्र खर्च नभएमा वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा त्यस्तो रकम अनिवार्य रूपमा २०८१ चैत्र १५ गतेभित्र समर्पण गर्ने। सो रकम सिर्जित दायित्व फरफारक गर्न उपयोग गर्ने।

### ८.१.२ अन्तर्राष्ट्रिय सहायतातर्फ

- विकास सहायतालाई राष्ट्रिय आवश्यकता र प्राथमिकताका आधारमा उच्च प्रतिफल प्राप्त हुने रणनीतिक तथा ठूला आयोजनामा परिचालन गर्ने।
- सबै प्रकारका विकास सहायतालाई राष्ट्रिय बजेट प्रणालीमा समावेश गरी पारदर्शी बनाउने। कार्यान्वयन निकायको क्षमता अभिवृद्धि गरी परामर्शदाता प्रतिको निर्भरता हटाउने।
- विकास सहायताका नविन तथा बैकल्पिक उपकरणको प्रयोग गरी विकास वित्त परिचालन बढाउने। मुलत: निजी पुँजी आकर्षित हुने गरी आयोजना कार्यान्वयन तथा वित्त परिचालन ढाँचा निर्धारण गर्न जोड दिने।
- बजेटरी सहायता प्राप्तिका लागि निर्दिष्ट गरिएका पूर्व कार्यहरू (Prior Actions) सम्पादन गरी निर्धारित समयभित्र नै सबै रकम प्राप्त गर्ने व्यवस्था मिलाउने। बजेटरी सहायताको रकम तथा नतिजामा आधारित सहायताको रकम उच्च प्रतिफलयुक्त पूर्वाधार आयोजनामा केन्द्रित गर्ने। यस्तो रकम एअरमार्क गरी अर्को आर्थिक वर्षमा खर्च गर्न मिल्ने व्यवस्था मिलाउने।
- वैदेशिक सहायतामा सञ्चालन गर्न सम्भाव्य आयोजनाको सूची सबै बिषयगत मन्त्रालयले तयार गरी अर्थ मन्त्रालयमा उपलव्ध गराउने। सोही आधारमा विकास साझेदारसँग समन्वय गरी पाइपलाईन आयोजना निर्धारण गर्ने। सहायता रकमको प्रकृतिसँग मेल खाने खालका आयोजना मात्र प्रस्ताव गर्ने। आयोजना कार्यान्वयनको पूर्व तयारी पूरा गरेपछि मात्र सहायता सम्झौता

गर्ने। विकास साझेदारको सहमतिमा खरिद प्रक्रिया अग्रिम रुपमा शुरु गरी समयमै आयोजना सम्पन्न गर्ने व्यवस्था मिलाउने।

- आयोजनाहरूको सोधभर्ना रकम समयमै प्राप्त गर्नका लागि सम्बन्धित आयोजनाका पदाधिकारी र विकास साझेदार बिच समन्वय र सहजीकरण गर्ने।
- द्विपक्षीय तथा बहुपक्षीय वैदेशिक सहायताको प्रतिवद्धता अनुरूप प्राप्त नहुँदा स्रोतान्तर गरी बजेट व्यवस्थापन गर्नुपर्ने अवस्था सिर्जना हुने भएकोले बजेटमा समावेश भए अनुरूपको स्रोत परिचालन गर्न आयोजनाको समयवद्ध कार्यान्वयन तथा सोधभर्ना प्राप्तिमा जोड दिने।
- वैदेशिक सहायता समावेश भएका सशर्त अनुदानका कार्यक्रमको हकमा अन्य विषयका अतिरिक्त वित्तीय सम्झौता र आयोजना कार्यान्वयन निर्देशिकामा भएका व्यवस्थाहरू अनिवार्य रुपमा पालना गर्नुपर्ने व्यवस्था मिलाउने।
- वैदेशिक सहायताबाट सञ्चालित आयोजनाको लागि नेपाल सरकारले व्यहोर्नु पर्ने समपूरक कोष (Counterpart Fund) मा पर्याप्त बजेट विनियोजन प्रस्ताव गर्ने।
- सम्झौतामा कर छुट सुविधा उपलव्ध गराउने प्रावधान रहेका आयोजनाको मास्टर लिष्ट स्वीकृत गर्दा आयोजनाको कार्य सञ्चालनसँग असम्बन्धित, महङ्गा र अनावश्यक सवारी साधन एवम् सामाग्री समावेश नगर्ने/नगराउने।

### ८.१.३ राजस्व व्यवस्थापनतर्फ

#### (१) कर राजस्वतर्फ

- खुला सीमाको कारण हुन सक्ने राजस्व चुहावट नियन्त्रण गर्न भन्सार प्रशासन, सुरक्षा निकाय, क्वारेन्टिन लगायत सीमा नाकामा अवस्थित सबै निकायका बिचमा उच्च स्तरको समन्वय कायम गर्ने तथा सूचना आदान प्रदान गर्ने। जोखिम विश्लेषणको आधारमा निकायगत जिम्मेवारी किटान गरी राजस्व चुहावट नियन्त्रण कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्ने।
- राजस्व सङ्कलनको लक्ष्य हासिल गर्न राजस्व प्रणालीलाई थप प्रविधिमैत्री, स्वचालित, पारदर्शी र करदातामैत्री बनाई स्वेच्छिक कर सहभागिता एवम् कर परिपालना अभिवृद्धि गर्ने।
- आन्तरिक कारोवारमा हुन सक्ने राजस्व चुहावट नियन्त्रण गर्न बजार अनुगमन तथा स्थलगत करदाता शिक्षालाई थप प्रभावकारी बनाउने।
- कर परीक्षण तथा अनुसन्धानको कार्यलाई नियमित र गुणस्तरीय बनाई समयमै राजस्व प्राप्त गर्ने व्यवस्था मिलाउने।
- भन्सार र आन्तरिक राजस्व प्रशासन सम्बद्ध निकायहरूको सूचना प्रणाली बिच अन्तर आबद्धता कायम गरी Real-time Data Exchange गर्ने व्यवस्थालाई थप प्रभावकारी बनाउने, सूचना प्रविधिको नियमित रूपमा कार्यात्मक र प्रणालीगत परीक्षण (Functional & System audit) गरी प्रणाली सुरक्षा सुनिश्चित गर्ने।
- असूलउपर गर्नुपर्ने बेरुजू तथा बक्यौता र राजस्व असुलीको कार्य प्राथमिकताका साथ अगाडि बढाउने। सोको कार्य प्रगतिलाई संलग्न कर्मचारीको कार्य सम्पादन मूल्याङ्कनसँग आवद्ध गर्ने।

- राजस्व चुहावट नियन्त्रणका लागि आवश्यक कानूनी सुधार गर्दै जिम्मेवार निकाय बिच प्रभावकारी समन्वय कायम गरी सबै प्रकारका ठगी, छली एवम् चुहावट नियन्त्रण अभियानलाई सशक्त बनाउने।
- कर कानूनहरूको परिपालनास्तर बढाउन करदाता शिक्षा, कर परीक्षण र अनुसन्धान कार्यलाई सूचना प्रविधिमा आधारित बनाउने तथा कर परिपालना बढाउन उद्योग व्यवसायका प्रतिनिधिमूलक संस्थाहरूसँग सहकार्य गर्ने।
- बजेट विनियोजनको माध्यमबाट वा आन्तरिक आम्दानीतर्फको सरकारी रकम विभिन्न कोषहरूमा मौज्दात रहेको वा समयमा फ्रिज नगरेको अवस्थामा सो रकम सञ्चित कोषमा दाखिला गराउने व्यवस्था गर्ने।
- करयोग्य अनौपचारिक आर्थिक क्रियाकलापलाई औपचारिक प्रणालीमा आवद्ध गर्न थप क्रियाशिलता ल्याई कराधार विस्तार गर्ने।
- आन्तरिक राजस्व परिचालन रणनीति कार्यान्वयन गरी कर प्रणालीलाई समय सापेक्ष बनाउने तथा मुलुकको विकास आवश्यकता पूरा गर्न आवश्यक स्रोत व्यवस्थापन गर्ने।
- बिद्युतीय कारोवार तथा अन्तर्राष्ट्रिय रुपमा हुने भुक्तानी कारोवारलाई करको दायरामा ल्याउन आवश्यक संस्थागत प्रबन्ध गर्ने तथा प्राविधिक क्षमता विकास गर्ने।

**(२) गैरकर राजस्वतर्फ**

- गैरकरको दायरा विस्तार गर्ने तथा विद्यमान दरलाई समयसापेक्ष बनाउने।
- रोयल्टी आयको थप सम्भाव्यता अध्ययन गरी कर संरचनामा ल्याउने।
- सरकारले लगानी गरेका निकायबाट प्राप्त हुनुपर्ने सावाँ, ब्याज र लाभांश लगायतका रकम निर्धारित समय भित्रै प्राप्त गर्ने व्यवस्था मिलाउने।
- सरकारी लगानी व्यवस्थापन गरी लगानीको उच्च प्रतिफल प्राप्त गर्ने गरी आवश्यक सबै बिधि अवलम्वन गर्ने।
- सम्बन्धित मन्त्रालयवाट गैरकर राजस्व सङ्कलनको मासिक लक्ष्य तोकी नियमित अनुगमन गर्ने।
- नेपाल सरकारलाई सरकारी बाँकी सरह तिर्न बुझाउन बाँकी रकमको लगत अद्यावधिक गरी असूल उपर गर्न विद्यमान संरचनालाई क्रियाशिल बनाउने।

## ८.२ दीर्घकालमा गर्नुपर्ने कार्य

### ८.२.१ बजेट तर्जुमा

- आयोजना छनौट तथा प्राथमिकीकरण गर्दा आयोजना बैङ्कमा प्रविष्टी भएको, क्षेत्रगत प्राथमिकतामा परेको, लगानीको स्रोत सुनिश्चितता भएको, छोटो समयमा प्रतिफल दिने, आयोजना वर्गीकरण मापदण्ड बमोजिम आयोजनाको सम्पूर्ण पूर्व तयारीका काम सम्पन्न भएका आयोजना मात्र छनौट गर्ने।

- आयोजना कार्यान्वयनमा शिघ्रता ल्याउन, ठेक्का व्यवस्थापनमा देखिएका समस्या समाधान गर्न, सार्वजनिक खरिद कानूनमा सामयिक संशोधन गर्न र अन्तर तह तथा अन्तर निकाय समन्वय कायम गर्न संयन्त्रहरूलाई क्रियाशिल बनाउने। राष्ट्रिय गौरवका आयोजना कार्यान्वयनलाई तिब्रता दिन आवश्यक सहजीकरण तथा समन्वय गर्ने व्यवस्था मिलाउने। वन क्षेत्रको उपयोग, प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन स्वीकृत गर्ने र पुरक मुल्याङ्कन गर्नुपर्ने सम्बन्धी विद्यमान प्रावधान र प्रक्रियालाई सम्बन्धित कानूनमा संशोधन गरी शिघ्र र व्यवहारिक बनाउने।
- जग्गा प्राप्ति प्रक्रिया तथा मुआब्जा निर्धारण कार्यलाई व्यवस्थित गर्न जग्गा प्राप्ति सम्बन्धी कानूनमा सामयिक सुधार गर्ने।
- वित्तीय संरचना (Fiscal Framework) लाई सन्तुलीत बनाउने, सार्वजनिक ऋणको दीगो व्यवस्थापन गर्ने, चालु खर्च बाञ्छित सीमाभित्र राख्ने। संघ, प्रदेश र स्थानीय तहमा कार्यान्वयन गर्ने गरी वित्तीय अनुशासनसम्बन्धी मापदण्ड तर्जुमा गरी कार्यान्वयन गर्ने।
- मन्त्रालयगत बजेट सूचना प्रणालीमा हरेक वर्ष बढ्दै गएका क्रियाकलापहरूलाई स्तरीकरण (Standardized) गरी विनियोजन कुशलता र कार्यान्वयन दक्षता कायम गर्ने।
- अनावश्यक समिति/प्रतिष्ठान/बोर्डहरूको कार्य प्रकृति, कार्य क्षेत्र, कार्य जिम्मेवारी र सान्दर्भिकताका आधारमा एकीकरण, पुनर्संरचना, खारेजी र प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण गर्ने।
- प्रदेश र स्थानीयतहबाट सम्पादन हुनुपर्ने काममा दोहोरो पर्ने गरी संघीय आयोजना/कार्यक्रम सञ्चालन नगर्ने। संघबाट प्रदेश र स्थानीय तहमा हस्तान्तरण हुन बाँकी आयोजना/कार्यक्रमलाई तत् तत् तहमा यथाशीघ्र हस्तान्तरण गर्ने।
- मन्त्रालय/निकायले अनिवार्य दायित्व वापतका खर्च र बहुवर्षीय स्रोतको सहमति प्राप्त आयोजनामा पर्याप्त रकम प्रस्ताव गर्ने।
- आयोजना कार्यान्वयन पूर्व गर्नुपर्ने तयारी पूरा नगरी ठेक्का सम्झौता नगर्ने/नगराउने।
- आयोजना वर्गीकरणको आधार तथा मापदण्ड अनुसार संघीय सरकारका दायित्व र कार्यक्षेत्र भित्रका आयोजना तथा कार्यक्रम मात्र प्रस्ताव गर्ने। राष्ट्रिय आयोजना बैङ्कमा प्रविष्टि गरिएका विकास आयोजना मात्र वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्ने।
- बजेट तर्जुमाका क्रममा एकमुष्ट बजेट विनियोजन भएको अवस्थामा सम्बन्धित निकायहरूबाट समयमै बाँडफाँट गर्ने। प्रदेश तथा स्थानीय तहमार्फत कार्यान्वयन गरिने कार्यक्रम/आयोजनाको लागि बजेट विनियोजन गर्दा नै वित्त हस्तान्तरण प्रस्ताव गर्ने, पछि अख्तियारी दिने व्यवस्था पुनरावलोकन गर्ने।
- सरकारबाट सार्वजनिक संस्थानमा हुने ऋण तथा शेयर लगानी र जमानत दिनु अघि पर्याप्त विश्लेषण गरी आयोजनाको गुणस्तर र आर्थिक प्रतिफलको आधारमा मात्र लगानी गर्ने।

- आयोजनामा हुने लगानीबाट अग्र तथा पृष्ठ सम्बन्धमा बढोत्तरी हुने तथा उत्पादित सामाग्रीको बजार पहुँचमा वृद्धि हुने र नागरिकको दैनिक जीवन यापनको गुणस्तरमा वृद्धि गर्ने गरी मात्र भौतिक पूर्वाधार आयोजनाको छनौट गर्ने।
- सार्वजनिक निजी साझेदारीबाट सञ्चालन गर्न सकिने आयोजनाको पहिचान र विकास गरी नयाँ वित्तीय उपकरणहरूबाट व्यवसायिक सम्भाव्यता भएका सार्वजनिक पूर्वाधार निर्माण गर्ने व्यवस्था मिलाउने।
- प्रत्येक कार्यालयको लागि अलग अलग भवन निर्माण गर्ने हालको ढाँचा परिवर्तन गरी एउटै भवनमा एकभन्दा बढी निकाय रहने गरी व्यवस्था मिलाउने। अनावश्यक रुपमा ठूला सरकारी भवन निर्माण नगर्ने।
- आन्तरिक ऋणको उपयोगलाई थप प्रभावकारी बनाउँदै लैजान यसको विनियोजन आर्थिक सम्भाव्यता भएका ठूला आयोजनामा गर्ने व्यवस्था मिलाउने।
